# जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था



## अध्ययन प्रतिवेदन

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

The Asia Foundation

नेपाल कानून समाज
NEPAL LAW SOCIETY

# जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था

अध्ययन प्रतिवेदन

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

The Asia Foundation

नेपाल कानून समाज
NEPAL LAW SOCIETY

**प्रकाशक** नेपाल कानून समाज
अनामनगर, काठमाडौं, नेपाल
पो.ब.नं. १३२११

**सर्वाधिकार ©** नेपाल कानून समाज

**प्रकाशित** मिति २०६६ जेष्ठ (June 2009)

**प्रकाशन प्रति** १०००

**मुद्रण** वाणी अफसेट मुद्रणालय
टेकु, काठमाण्डौ
४२६००५२

**सहयोग**

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

The Asia Foundation

**यो अध्ययन प्रतिवेदन सम्बन्धित क्षेत्रका सरोकारवालाहरुको राय सुझावको आधारमा तयार पारी संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत् अमेरिकी जनताको सहयोगमा प्रकाशन भएको हो । यस अध्ययन प्रतिवेदनमा समाविष्ट विचार तथा विषयवस्तुका लागि नेपाल कानून समाज जिम्मेवार छ र यसले युएसएआइडी वा अमेरिकी सरकारको दृष्टिकोण प्रतिबिम्बित गर्ने छैन ।**

**अध्ययन समूह**

श्री तिलप्रसाद श्रेष्ठ

श्री ऋषिराम आचार्य

श्री टीकाराम आचार्य

# प्रकाशकीय

राज्यका प्रमुख तीन अङ्गहरुमध्ये न्यायपालिका पनि एउटा महत्वपूर्ण अङ्गको रुपमा रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यका तर्फबाट सम्पादन गरिनुपर्ने न्याय प्रशासनको जिम्मेवारी न्यायपालिकालाई सुम्पिएको छ । संविधानले परिकल्पना गरे बमोजिम न्याय प्रशासनको जिम्मेवारी सक्षमतापूर्वक निर्वाह गरी सम्पूर्ण जनसाधारणको आस्थाको धरोहरका रुपमा स्थापित गर्नु न्यायपालिकाका निम्ति अहिले ठूलो चुनौतीको विषय बनीरहेको छ । कानूनी राज्यको अवधारणालाई साकार पार्ने र संवैधानिक सर्वोच्चताको संरक्षण गर्ने कार्यमा नेपालको न्यायपालिकाले खेली आएको महत्वपूर्ण भूमिकाका बाबजूद न्यायपालिकाबाट प्रवाह हुने सेवाको गुणस्तरीयता र पर्याप्ततालाई लिएर जनस्तरमा विभिन्न प्रकारका असन्तुष्टीहरु व्यक्त भैरहेको पाइन्छ । वास्तवमा मुद्दाको एउटा पक्षका निम्ति राज्यको समग्र शक्ति संरचनामा न्यायपालिकाले खेलेको भूमिका भन्दा न्यायको एउटा उपभोक्ताको रुपमा आफूले प्राप्त गरेको व्यवहार र सेवा महत्वपूर्ण ठानिनु अस्वाभाविक पनि होइन ।

न्याय महङ्गो हुँदै गएको, छिटो छरितो र सर्वसुलभ हुन नसकेको, न्यायिक प्रक्रिया जटिल भएका जस्ता विषयहरु अहिलेको न्यायपालिका प्रति लगाउने गरिएका आक्षेपहरु हुन् । न्याय छिटो छरितो र सर्वसुलभ हुन नसक्नुमा अदालत व्यवस्थापनमा रहेको कमजोरी एउटा कारण हुनसक्दछ तथापि यो भन्दा पनि महत्वपूर्ण कार्यविधि कानूनमा रहेको जटिलता र अव्यावहारिक व्यवस्थाहरु पनि कारणका रुपमा रहेको हुनसक्दछ । वस्तुतः अदालतले कानून जस्तो छ सोही बमोजिमको व्यवस्थालाई कार्यान्वयन गर्ने मात्र हो । कानून जतिसुकै अव्यावहारिक र औचित्यहीन भए पनि कानूनमा भएका स्पष्ट व्यवस्थाहरुलाई छोडेर अर्को अभ्यास प्रचलनमा ल्याउन सक्दैन । न्यायिक कार्यविधि कै कुरा गर्दा पनि आफ्नो कार्यविधि आफै व्यवस्थित गर्ने पूर्ण अधिकार अदालतलाई प्राप्त छैन । यस स्थितिमा मुद्दा प्रवाहको व्यवस्थित अध्ययन गरी यसको अवस्था र यसमा हुनेगरेका ढिलासुस्तीका कारणहरुको खोजि गर्ने प्रयास कमैमात्र भएको पाइन्छ । जिल्ला अदालतमा रहेका मुद्दाहरुका प्रवाहका सम्बन्धमा त यो नै पहिलो अध्ययन हो ।

यो अध्ययन उपत्यकाका तीनवटा जिल्ला अदालतहरुमा रहेका मुद्दाहरुमध्ये नमूनाका रुपमा छनौट गरिएका केही मुद्दाहरुको अध्ययनमा आधारित छ । एउटा मुद्दाको दर्तादेखि फैसला हुँदासम्मको अवधिमा अपनाइने चरणबद्ध कारवाहीलाई आधार बनाएर गरिएको प्रस्तुत अध्ययनमा कारवाहीको प्रत्येक चरणमा लाग्ने गरेको समयावधि, मुद्दा प्रवाह व्यवस्थापनमा रहेका कानूनी, नीतिगत र व्यवस्थापकीय समस्याहरुको पहिचान गरी ती समस्याहरु समाधानका लागि सुझावहरु समेत उल्लेख गरिएको छ । आशा छ भावि व्यवस्थापनको सुधारका लागि यो अध्ययन महत्वपूर्ण पृष्ठपोषण सावित हुनेछ ।

अन्तमा मुद्दा प्रवाह व्यवस्थापनको प्रस्तुत अध्ययनका लागि आर्थिक तथा बौद्धिक सहयोग प्रदान गरेकोमा युएसएड/द एशिया फाउण्डेसन, कानूनको शासन परियोजना र उक्त परियोजनाका प्रमुख श्री गोविन्द दास श्रेष्ठ प्रति हार्दिक धन्यवाद दिन चाहन्छौं । अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा विभिन्न सरोकारवालाहरुसँग अन्तरक्रिया गरी प्रतिवेदन तयार गर्ने सर्वोच्च अदालतका सह-रजिष्ट्रार श्री तिलप्रसाद श्रेष्ठ, उप-सचिवद्वय श्री ऋषिराम आचार्य र श्री टीकाराम आचार्यप्रति नेपाल कानून समाज आभार व्यक्त गर्दछ । अध्ययनका क्रममा महत्वपूर्ण सुझावहरु दिई हौसला प्रदान गर्नुहुने सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री खिलराज रेग्मी एवं रजिष्ट्रार डा. रामकृष्ण तिमल्सेनाप्रति हार्दिक आभार व्यक्त गर्दछौं । अध्ययनको शुरुदेखि अन्तिम चरणसम्म निरन्तर सहयोग गर्नुहुने नेपाल कानून समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधान लगायत समाजका अन्य पदाधिकारी प्रति पनि आभारी छु । तथ्याङ्क सङ्कलनका लागि मिसिल र जनशक्ति उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला अदालतका स्रेस्तेदारहरु क्रमशः श्री गोपाल बाँस्तोला, श्री ऋषिराम निरौला र श्री नवराज दाहाललाई हार्दिक धन्यवाद दिन चाहन्छौं । कम्प्युटर टाइपमा सहयोग गर्नुहुने श्री भवानी कायष्ठ, श्री नारायण प्रसाद आचार्य र श्री रेखा उपाध्याय पनि धन्यवादका पात्र हुनुहुन्छ ।

धन्यवाद्

२०६६ आषाढ

कुसुम श्रेष्ठ
अध्यक्ष
नेपाल कानून समाज

## विषयसूची

### परिच्छेद १
# प्रारम्भिक


१.१ पृष्ठभूमि १

१.२ अध्ययनको आवश्यकता र महत्व २

१.३ पूर्व अध्ययनको समीक्षा ४

१.३.१ उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ ४

१.३.२ शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४० ४

१.३.३ उच्चस्तरीय अदालत व्यवस्थापन समिति, २०५४ ५

१.३.४ सर्वोच्च अदालतमा रहेका मुद्दा समय मै फछ्र्यौटका लागि..... ५

१.३.५ लैङ्गिक समानता र न्यायाधीश विषयक अध्ययन, २०५६ (२०००) ५

१.३.६ न्याय सम्पादनमा अदालतको भूमिका र प्रभावकारीता विषयक..... ६

१.३.७ अदालत सुदृढीकरण सुझाव समिति, २०५८ ६

१.३.८ सर्वोच्च अदालतमा परेका मुद्दाहरुमा छिटो छरितो कारवाही किनारा गर्न..... ६

१.३.९ न्यायपालिकाको रणनीतिक योजना, २०६१ ६

१.३.१० न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४ ७

१.४ अध्ययनको उद्देश्य ७

१.५ अध्ययनको सीमा र क्षेत्र ८

१.६ अध्ययनमा अपनाइएको विधि ८

१.६.१ सूचना सङ्कलन ८

१.६.२ नमूना छनौट विधि ८

१.६.३ प्रश्नावलीको तयारी र प्रयोग १०


### परिच्छेद २
# मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा


२.१ अवधारणा ११

२.२ मुद्दा प्रवाह व्यवस्थापनको अवधारणागत विकास १२

२.३ मुद्दा प्रवाह व्यवस्थापन सम्बन्धी प्रचलित कानूनी व्यवस्था १३

२.४ मुद्दा प्रवाह स्थितिको विश्लेषणका लागि पहिचान गरिएका कारवाहीका चरणहरु १७

**परिच्छेद ३**

# मुद्दा प्रवाह स्थितिको विश्लेषण

३.१ म्याद जारी तथा म्याद तामेलीको स्थिति २०
३.१.१ प्रतिवादीका नाममा म्याद जारी गर्न लागेको अवधि २१
३.१.२ प्रतिवादीका नाममा म्याद तामेल गर्न लागेको अवधि २२
३.१.३ म्याद बदर भए नभएको विवरण २३
३.१.४ म्याद बदर भएको पटकको विवरण २५
३.१.५ म्याद बदर भएकोमा सोको कारण २६
३.१.६ पुनः म्याद जारी भएकोमा तामेल गर्न लागेको थप अवधि २७
३.१.७ अभियोगपत्रसाथ प्रतिवादी उपस्थित गराए नगराएको विवरण २८
३.१.८ पुर्पक्षको लागि थुनामा वा तारेखमा रहेको विवरण २९
३.२ प्रतिउत्तरपत्र दर्ता एवं प्रतिवादीको उपस्थिति ३०
३.२.१ फिरादपत्र दर्ता मितिबाट प्रतिउत्तरपत्र पर्न लागेको अवधि ३०
३.२.२ अभियोगपत्र दर्ता मितिबाट प्रतिवादी उपस्थित हुन लागेको अवधि ३१
३.२.३ म्याद तामेल मितिबाट प्रतिउत्तरपत्र पर्न लागेको अवधि ३३
३.२.४ म्याद तामेल मितिबाट प्रतिवादी उपस्थित हुन लागेको अवधि ३४
३.३ प्रमाण मुकरर पेशी (प्रारम्भिक सुनवाइ) ३५
३.३.१ प्रतिउत्तर परेपछि साधारण तारेख दिए नदिएको विवरण ३५
३.३.२ साधारण तारेख दिएकोमा सो सम्बन्धी पटकको विवरण ३६
३.३.३ प्रतिउत्तरपत्र परेपछि पहिलो पेशी चढ्न लागेको अवधि ३७
३.३.४ प्रमाण मुकरर पेशी (प्रारम्भिक सुनवाइ) मा फैसला भए नभएको विवरण ३८
३.४. प्रमाण बुझ्ने आदेश र सो को कार्यान्वयन ४०
३.४.१ प्रतिउत्तरपत्र परेपछि पहिलो प्रमाण मुकरर आदेश हुन लागेको अवधि ४१
३.४.२ प्रमाण मुकरर आदेश कार्यान्वयन हुन लागेको अवधि ४१
३.४.३ प्रमाण बुझ्नका लागि आदेश भएको पटकको विवरण ४४
३.४.४ अ.वं. ११५ नं. को प्रयोग भए नभएको विवरण ४५
३.५ फैसलाका लागि पेशी चढेको विवरण र फैसला ४६
३.५.१ प्रमाण बुझ्ने काम सम्पन्न भएपछि पेशी चढे नचढेको विवरण ४७
३.५.२ साधारण तारेख दिएकोमा सो को पटकको विवरण ४७

३.५.३ फैसला हुनका लागि जम्मा पेशी चढेको पटकको विवरण ४८
३.५.४ हेर्न नभ्याइ इजलाशबाट फर्किएको पटक ५०
३.५.५ कानून व्यवसायीले पेशी स्थगित गराएको पटक ५१
३.५.६ मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि ५३
३.५.७ प्रतिउत्तरपत्र परेको वा पर्ने अवस्था पुगेको मितिबाट फैसला हुन..... ५४
३.५.८ फैसलाको परिणाम ५६
३.६ मुद्दा प्रवाहसँग सम्बन्धित अन्य पक्षहरु ५८
३.६.१ कानून व्यवसायीको प्रतिनिधित्व ५८
३.६.२ वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व ५९
३.६.३ मुद्दाको आन्तरिक निरिक्षण भए नभएको विवरण ६०
३.६.४ समय तालिका निर्माण गरे नगरेको विवरण ६०
३.६.५ मुल्तवी रहे नरहेको विवरण ६१
३.६.६ अ.वं. १७ नं. बमोजिमको निवेदन परे नपरेको विवरण ६२
३.६.७ तायदाती फाराम दुरुस्त रहे नरहेको विवरण ६३
३.६.८ तारेख तोक्दा कारण जनाए नजनाएको विवरण ६४
३.६.९ म्यादभित्र फैसला गर्न नसकेकोमा माथिल्लो अदालतमा जाहेर गरे..... ६५

**परिच्छेद ४**

# मुद्दा प्रवाह स्थितिको विश्लेषणबाट देखिएको नतिजा

४.१ म्याद जारी गर्न लागेको अवधिको नतिजा ६७
४.२ म्याद तामेल गर्न लागेको अवधिको नतिजा ६७
४.३ म्याद बदर सम्बन्धी अध्ययनको नतिजा ६८
४.४ म्याद बदर हुनाको कारण सम्बन्धी नतिजा ६८
४.५ पुनः म्याद जारी र तामेली गर्नुपर्दा लागेको अवधिको नतिजा ६८
४.६ अभियोगपत्रसाथ प्रतिवादी उपस्थित गराएको र पूर्पक्षमा रहेको सम्बन्धी अध्ययन..... ६९
४.७ फिराद दर्ता भएको मितिले प्रतिउत्तरपत्र दर्ता हुन लागेको अवधिको नतिजा ६९
४.८ प्रतिवादी उपस्थित हुन लागेको अवधिको नतिजा ६९
४.९ म्याद तामेल भएको मितिले प्रतिउत्तरपत्र दर्ता हुन/प्रतिवादी उपस्थित हुन..... ६९
४.१० प्रतिवादी चुक्ता भएपछि साधारण तारिख दिए नदिएको विषयको नतिजा ७०
४.११ प्रतिउत्तरपत्र दर्ता मितिले पहिलो पेशी चढ्न लागेको अवधिको नतिजा ७०

४.१२ प्रथम पेशी (प्रारम्भिक सुनवाई) मा मुद्दा फैसला भए नभएको नतिजा ७०
४.१३ प्रमाण बुझ्न भएका आदेश सम्बन्धी कारवाहीको नतिजा ७०
४.१४ प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि पेशी चढे नचढेको विषयको नतिजा ७१
४.१५ फैसलाका लागि पेशी चढेको विवरणको नतिजा ७१
४.१६ कानून व्यवसायीबाट स्थगित गराइएको विवरणको नतिजा ७१
४.१७ फैसला हुन लागेको अवधिको नतिजा ७२
४.१८ मुद्दाको प्रकृतिगत आधारमा फैसला हुन लागेकोअवधिको नतिजा ७२
४.१९ मुद्दाको प्रकृतिगत आधारमा फैसला हुन लागेको अवधिको जिल्लागत नतिजा ७४
४.२० देवानी र फौजदारी आधारमा फैसला हुन लागेको अवधिको नतिजा ७७
४.२१ फैसलाको परिणाम सम्बन्धी व्यहोराको नतिजा ७९
४.२२ मुद्दा प्रवाहसँग सम्बन्धित अन्य पक्षहरुको नतिजा ७९
४.२३ मुद्दा प्रवाह विश्लेषणको समष्टिगत नतिजा ८०

**परिच्छेद ५**

# समस्या र समाधान

५.१ समस्याहरु ८२
  ५.१.१ व्यवस्थापकीय समस्या ८३
  ५.१.२ पद्धतिगत समस्या ८८
  ५.१.३ नीतिगत समस्या ९०
  ५.१.४.समन्वयात्मक समस्या ९१
५.२ समस्या समाधानका लागि सुझावहरु ९२
  ५.२.१ नीतिगत तहमा गर्नुपर्ने सुधारहरु ९२
  ५.२.२ कानूनी तहमा गर्नुपर्ने सुधारहरु ९३
  ५.२.३ व्यवस्थापकीय तहमा गर्नुपर्ने सुधारहरु ९४
  ५.२.४ क्षमता विकास ९६
  ५.२.५ विविध ९६

**परिच्छेद ६**

# सुझाव कार्यान्वयन योजना

६.१ नीतिगत तहमा गर्नुपर्ने सुधारको कार्ययोजना ९७
६.२ कानूनी तहमा गर्नुपर्ने सुधारहरुको कार्ययोजना ९८

६.३ व्यवस्थापकीय तहमा गर्नुपर्ने सुधारहरुको कार्ययोजना ९९
६.३.१ मुद्दा व्यवस्थापन प्रभावकारी बनाउने कार्ययोजना ९९
६.३.२ मुद्दा व्यवस्थापनमा गर्नुपर्ने अन्य सुधारको कार्ययोजना १००
६.३.३ अन्य सुझावहरुको कार्ययोजना १०२

**तालिकाहरु**

तालिका नं. १ प्रतिवादीको नाममा म्याद जारी गर्न लागेको अवधिको विवरण २१
तालिका नं. २ प्रतिवादीका नाममा म्याद तामेल गर्न लागेको अवधिको विवरण २२
तालिका नं. ३ तामेली म्याद बदर भए नभएको विवरण २४
तालिका नं. ४ म्याद बदर भएको पटकको विवरण २५
तालिका नं. ५ः म्याद बदर भएकोमा सो को कारणको विवरण २६
तालिका नं. ६ पुनः म्याद जारी भएको र तामेल गर्दा लागेको अवधिको विवरण २७
तालिका नं. ७ अभियोगपत्रसाथ प्रतिवादी उपस्थित गराए नगाराएको विवरण २८
तालिका नं. ८ पूर्पक्षको लागि प्रतिवादीलाई थुनामा वा तारेखमा राखिएको विवरण २९
तालिका नं. ९ फिरादपत्र दर्ता मितिबाट प्रतिउत्तरपत्र पर्न लागेको अवधिको विवरण ३०
तालिका नं. १० अभियोगपत्र दर्ता मितिबाट प्रतिवादी उपस्थित हुन लागेको अवधिको..... ३२
तालिका नं. ११ म्याद तामेल भएको मितिबाट प्रतिउत्तरपत्र पर्न लागेको अवधिको विवरण ३३
तालिका नं. १२ म्याद तामेल भएको मितिबाट प्रतिवादी उपस्थित हुन लागेको..... ३४
तालिका नं. १३ प्रतिउत्तर परेको अथवा पर्ने अवस्था नाघेपछि साधारण तारेख दिए..... ३६
तालिका नं. १४ साधारण तारेख दिएकोमा सो सम्बन्धी पटकको विवरण ३६
तालिका नं. १५ प्रतिउत्तरपत्र दर्ता मितिबाट पहिलो पेशी चढ्न लागेको अवधिको विवरण ३७
तालिका नं. १६ प्रथम पेशीमा मुद्दा फैसला भए नभएको विवरण ३९
तालिका नं. १७ प्रतिउत्तर परेपछि पहिलो प्रमाण मुकरर आदेश हुन लागेको..... ४१
तालिका नं. १८ प्रमाण मुकरर आदेश कार्यान्वयनका लागि कारवाही शुरु..... ४२
तालिका नं. १९ प्रमाण मुकरर आदेशानुसारको काम सम्पन्न गर्न लागेको..... ४२
तालिका नं. २० प्रमाण बुझ्नका लागि आदेश भएको पटकको विवरण ४४
तालिका नं. २१ साक्षी बुझ्नका लागि अ.वं. ११५ नं. को प्रयोग भए नभएको विवरण ४६
तालिका नं. २२ आदेश कार्यान्वयनपछि साधारण तारिख दिए नदिएको विवरण ४७
तालिका नं. २३ साधारण तारेख दिइएकोमा सो को पटकको विवरण ४८
तालिका नं. २४ फैसला हुनका लागि जम्मा पेशी चढेको पटकको विवरण ४९

तालिका नं. २५ इजलाशबाट मुद्दा हेर्न नभ्याई फर्किएको पटकको विवरण ५०
तालिका नं. २६ वादी पक्षका कानून व्यवसायीबाट पेशी स्थगित गराएको विवरण ५१
तालिका नं. २७ प्रतिवादी पक्षका कानून व्यवसायीबाट पेशी स्थगित गराएको विवरण ५२
तालिका नं. २८ दुबैतर्फका कानून व्यवसायीले पेशी स्थगित गराउँदा व्यतित भएको ..... ५२
तालिका नं. २९ मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधिको विवरण ५३
तालिका नं. ३० प्रतिउत्तर परेको वा पर्ने अवस्था पुगेको मितिबाट फैसला हुन..... ५५
तालिका नं. ३१ फैसलाको परिणाम सम्बन्धी विवरण ५७
तालिका नं. ३२ मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्वको स्थिति ५८
तालिका नं. ३३ वैतनिक कानून व्यवसायीबाट प्रतिनिधित्व भएको मुद्दाको विवरण ५९
तालिका नं. ३४ मिसिलको आन्तरिक निरीक्षण भए नभएको विवरण ६०
तालिका नं. ३५ मुद्दामा समय तालिका निर्माण गरे नगरेको विवरण ६१
तालिका नं. ३६ मुल्तवी रहेको मुद्दाको विवरण ६२
तालिका नं. ३७ अ.वं. १७ नं. बमोजिमको निवेदन परे नपरेको विवरण ६२
तालिका नं. ३८ अ.वं. १७ नं. बमोजिमको निवेदन परेको कारणबाट व्यतित भएको ..... ६३
तालिका नं. ३९ तायदाती फाराम दुरुस्त रहे नरहेको विवरण ६४
तालिका नं. ४० मुद्दामा तारिख तोक्दा कारण जनाए नजनाएको विवरण ६५
तालिका नं. ४१ म्यादभित्र फैसला गर्न नसकेकोमा माथिल्लो तहमा जाहेर गरे ..... ६६
तालिका नं. ४२ प्रकृतिगत आधारमा मुद्दा फैसला हुन लागेको अवधिको नतिजा ७२
तालिका नं. ४३ काठमाण्डौ जिल्ला अदालतमा फैसला हुन लागेको अवधिको नतिजा ७४
तालिका नं. ४४ ललितपुर जिल्ला अदालतमा फैसला हुन लागेको अवधिको नतिजा ७५
तालिका नं. ४५ भक्तपुर जिल्ला अदालतमा फैसला हुन लागेको अवधिको नतिजा ७६
तालिका नं. ४६ देवानी मुद्दामा फैसला हुन लागेको अवधिको नतिजा ७७
तालिका नं. ४७ सरकारवादी फौजदारी मुद्दामा फैसला हुन लागेको अवधिको नतिजा ७८
तालिका नं. ४८ दुनियाँवादी फौजदारी मुद्दामा फैसला हुन लागेको अवधिको नतिजा ७८

**अनुसूचीहरु**

अनुसूची १ : मुद्दामा सम्पादन गर्नुपर्ने कार्यहरुका समयगत मापदण्ड १०३
अनुसूची २ : दुनियाँवादी देवानी र फौजदारी मुद्दाका लागि तयार गरिएका प्रश्नावली १०५
अनुसूची ३ : सरकारवादी फौजदारी मुद्दाका लागि तयार गरिएका प्रश्नावली १०८
अनुसूची ४ : प्रश्नावली भर्ने निर्देशिका १११

# कार्यकारी सारांश

न्याय प्रशासन अदालतको एउटा मूलभूत कार्य हो । आफ्नो स्थापना कालको प्रारम्भ देखि नै अदालतले यो कार्य नियमित रुपमा गरी आएको छ । संवैधानिक सर्वोच्चताको संरक्षण गरी कानूनी राज्यको अवधारणा साकार पार्न तथा नागरिकका हक अधिकारहरुको संरक्षण गर्न अदालतले महत्वपूर्ण भूमिका खेली आएको पनि छ । अदालतबाट निभाइएका यी महत्वपूर्ण भूमिकाका बाबजूद अदालतबाटै प्रवाह हुने सेवाको विषयलाई लिएर विभिन्न प्रकारका असन्तुष्टीहरु व्यक्त हुने गरेको पनि पाइन्छ । तीमध्येको एउटा असन्तुष्टी अदालतको मुद्दा प्रवाह व्यवस्थापनको पक्षसँग पनि सम्बन्धित रहेको पाइन्छ । प्रस्तुत अध्ययन मुद्दा प्रवाहको यही पक्षमा केन्द्रित रहेर उपत्यकाका तीनवटा जिल्ला अदालतहरुका मुद्दाहरुका सन्दर्भमा गरिएको हो । प्रस्तुत अध्ययनमा छ वटा परिच्छेद राखिएका छन् । पहिलो परिच्छेदमा अध्ययनका सन्दर्भमा प्रारम्भिक विषयहरु उल्लेख गरिएका छन् । दोस्रो परिच्छेदमा मुद्दा प्रवाह व्यवस्थापनको अवधारणागत पक्षमा प्रकाश पारिएको छ भने तेस्रो परिच्छेदमा मुद्दा प्रवाह स्थितिको विश्लेषण गरिएको छ । यसैगरी चौथो परिच्छेदमा मुद्दा प्रवाह स्थितिको विश्लेषणबाट देखिएको नतिजा प्रस्तुत गरिएको छ र पाँचौ परिच्छेदमा समस्या र समाधानका उपायहरु प्रस्तुत गरिएका छन् । अन्तमा छैठौं परिच्छेदमा सुझाव कार्यान्वयनका लागि कार्ययोजना प्रस्तुत गरिएको छ ।

### १. प्रारम्भिक

न्याय प्रशासन राज्यको एउटा प्रमुख कार्य भए पनि राज्यले यो कार्य न्यायपालिका मार्फत सम्पादन गर्दछ । प्रचलित संविधानले न्याय सम्बन्धी सम्पूर्ण अधिकार न्यापालिकालाई प्रदान गरेको छ । प्रचलित संविधान र कानूनद्वारा सुम्पिएको यो जिम्मेवारी सक्षमतापूर्वक निर्वाह गर्न न्यायपालिकाबाट विभिन्न प्रयासहरु भइरहेको पनि छ तर यी प्रयासहरुका बाबजूद न्याय प्रशासनको सक्षमता र प्रभावकारीतामा अपेक्षित सुधार हुन नसकेको महशुश गरिएको छ । न्यायपालिका प्रतिको बढ्दो जनआकांक्षाको तुलनामा न्यायिक काम कारवाहीलाई वाञ्छित सुधारको गतिमा अगाडि बढाउन नसकिएको स्थिति अनुभव गरिएको छ । खास गरेर न्याय प्रवाहको कार्यमा हुने गरेको ढिलाई र यसले जनसाधारणमा पार्ने नकारात्मक प्रभावको विषयप्रति अहिले गम्भीर सरोकार व्यक्त भईरहेको पाइन्छ ।

न्याय प्रवाहमा ढिलाई विभिन्न कारणले भएको हुनसक्दछ । न्याय सम्पादनको कार्य स्वयंमा बढी प्रक्रियामुखी भएकोले यसको प्रकृतिगत स्वभावका कारणले पनि मुद्दाको फछ्र्यौटमा निश्चित समय लाग्ने नै हुन्छ । यस अतिरिक्त कतिपय ढिलाई हामीले अवलम्बन गरेको पद्धतिमा अन्तरनिहित चरित्रका कारणले भएको हुनसक्दछ भने अन्य कतिपय ढिलाई

व्यवस्थापनको कमजोरीको कारणले भएको हुनसक्दछ । नेपालको न्यायिक क्षेत्रमा सैद्धान्तिक र नीतिगत पक्षमा केन्द्रित रहेर यस अघि धेरै अध्ययनहरु भएका पाइए पनि मुद्दाको मिसिलभित्र प्रवेश गरेर मुद्दाको प्रवाह अध्ययन गर्ने र ढिलासुस्तीको स्थिति एवं त्यसका कारणहरुको पहिचान गर्ने प्रयास भएको पाइदैन । यिनै पृष्ठभूमिमा मुद्दा प्रवाह अध्ययनको आवश्यकता महसुस गरी प्रस्तुत अध्ययन गरिएको हो ।

अध्ययनका क्रममा विगतमा गरिएका निम्नानुसारका अध्ययन प्रतिवेदनहरुको पनि समीक्षा गरिएको छ-

१. उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८
२. शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०
३. उच्चस्तरीय अदालत व्यवस्थापन समितिको प्रतिवेदन, २०५५
४. सर्वोच्च अदालतमा रहेका मुद्दा समय मै फछ्र्यौटका लागि David C. Steelman को प्रतिवेदन, २०५६
५. लैङ्गिक न्याय र न्यायाधीश विषयक अध्ययन प्रतिवेदन, २०५६
६. न्याय सम्पादनमा अदालतको भूमिका र प्रभावकारीता विषयक जनअभिमत सर्वेक्षण, २०५८
७. अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८
८. सर्वोच्च अदालतमा परेका मुद्दाहरुमा छिटोछरितो कारवाही किनारा गर्न अपनाउनुपर्ने उपाय सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन, २०६०
९. न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना, २०६१
१०. न्यायपालिका प्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य शुरु तहका अदालतमा मुद्दा फैसला हुन लाग्ने समयावधि पत्ता लगाउने, पद्धतिगत ढिलाई र व्यवस्थापकीय ढिलाईको स्थिति यकिन गर्ने लगायत मुद्दा प्रवाहमा प्रभाव पार्ने तत्वहरु पहिचान गर्ने र ढिलाई न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने सुझावहरु सिफारिश गर्नु रहेको थियो । अध्ययनका लागि काठमाण्डौ, ललितपुर र भक्तपुरका १४९७ थान मुद्दाका मिसिलहरु नमूनाका रुपमा छनौट गरिएको थियो ।

## २. मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा

मुद्दा प्रवाह व्यवस्थापनका सम्बन्धमा विभिन्न परिभाषाहरु पाइन्छन् । प्रस्तुत अध्ययनको प्रयोजनका लागि मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा अन्तर्गत मुद्दाको दर्तादेखि फैसला हुँदासम्म बीचमा अपनाइने कारवाहीको प्रत्येक अवस्था र समयको व्यवस्थापनलाई लिइएको छ । मुद्दा प्रवाह व्यवस्थापन न्यायिक ढिलाईलाई कम गरी छिटो छरितो र गुणस्तरीय सेवा प्रदान गर्ने उपायका रुपमा विकसित एउटा अवधारणा भएकाले आजकल यसले समग्र अदालत व्यवस्थापनको केन्द्रीय विषयवस्तुका रुपमा मान्यता प्राप्त गरेको छ । किनभने अदालतबाट प्रदान गरिने सेवाको स्तरियता मुद्दाको कारवाही मार्फत अभिव्यक्त हुने हो र मुद्दा प्रवाह व्यवस्थापनले अदालतबाट प्रदान गरिने सेवाको यही पक्षमा जोड दिन्छ ।

### ३. मुद्दा प्रवाह स्थितिको विश्लेषण

प्रस्तुत प्रतिवेदनको परिच्छेद ३ मा मुद्दा प्रवाह स्थितिको विश्लेषण गरिएको छ । मुद्दा प्रवाह स्थितिको विश्लेषण गर्न कारवाहीका खास चरणहरुको पहिचान गर्नुपर्ने भएकाले सर्वप्रथम स्थिति विश्लेषणको प्रयोजनका लागि ती चरणहरुको पहिचान गरिएको छ र कारवाहीका यिनै चरणहरुमा आधारित रहेर मुद्दा प्रवाह स्थितिको विश्लेषण गरिएको छ । प्रस्तुत विश्लेषणबाट मुद्दा प्रवाहका सम्बन्धमा देहायको स्थिति देखिएको छः-

- मुद्दा दर्ता भएको मितिले प्रतिवादीका नाममा ३ दिनभित्र म्याद जारी भएको मुद्दा संख्या ४९ प्रतिशत रहेको छ भने ५१ प्रतिशत मुद्दामा म्याद जारी हुन ३ दिनभन्दा बढी अवधि लागेको पाइएको छ । यी मध्ये १६ प्रतिशत मुद्दामा म्याद जारी हुन १५ दिन भन्दा बढी लागेको छ ।
- जम्मा १९ प्रतिशत मुद्दामा १५ दिनभित्र प्रतिवादीका नाममा म्याद तामेल भएको पाइएको छ ।
- तामेल भएका म्यादमध्ये १२ प्रतिशत म्यादहरु कुनै न कुनै कारणले कम्तिमा एकपटक बदर हुने गरेको पाइन्छ ।
- म्याद बदर भएकामध्ये ८४ प्रतिशत म्यादहरु लेखिएको वतनमा घरद्वार मानिस फेला नपरी टाँस गरेको कारणले बदर भएको पाइन्छ ।
- अभियोगपत्रका साथ ७८ प्रतिशत सरकारवादी फौजदारी मुद्दामा प्रतिवादी उपस्थित गराएको पाइन्छ ।
- म्याद तामेल भएको मितिबाट जम्मा २१ प्रतिशत मुद्दामा मात्र १ महिनाभित्र प्रतिउत्तरपत्र परेको पाइन्छ । ७९ प्रतिशत मुद्दामा गुज्रेको म्याद थमाएर प्रतिउत्तरपत्र परेको पाइन्छ ।
- प्रतिउत्तर परेको वा पर्ने अवस्था पुगेपछि मुद्दामा साधारण तारिख नदिई पेशी चढाउनुपर्ने २१ प्रतिशत मुद्दामा साधारण तारिख नै दिने गरेको पाइन्छ ।
- प्रतिउत्तरदर्ता मितिबाट ३८ प्रतिशत मुद्दाहरु १ महिनाभित्रै पेशी चढेका छन् तर ३३ प्रतिशत मुद्दाहरु पेशी चढ्न २ महिनाभन्दा बढी अवधि लागेको पाइन्छ ।
- १५ प्रतिशत मुद्दाहरु प्रथम पेशी वा सो भन्दा अगावै टुङ्गिने गर्छन् ।
- प्रतिउत्तर परेपछि ३९ प्रतिशत मुद्दामा १ महिनाभित्रै प्रमाण मुकरर भएको पाइन्छ भने ३० प्रतिशत मुद्दामा २ महिनाभन्दा बढी अवधि लागेको पाइएको छ ।
- प्रमाण बुझ्नका लागि ६० प्रतिशत मुद्दामा १ भन्दा बढी पटक आदेश हुने गरेको पाइन्छ ।
- सरकारवादी मुद्दाहरुमध्ये २० प्रतिशत मुद्दामा साक्षी बुझ्न अ.वं. ११५ नं. को प्रयोग भएको पाइन्छ ।
- प्रमाण बुझ्ने आदेश कार्यान्वयन भईसकेपछि पनि १४ प्रतिशत मुद्दामा पेशी तारेख नदिई साधारण तारिख दिने गरेको पाइन्छ ।

- ५४ प्रतिशत मुद्दाहरु ३ पटक पेशी चढ्दा फैसला भएको पाइन्छ भने १८ प्रतिशत मुद्दाहरु फैसला हुन ५ भन्दा बढी पटक पेशी चढ्नु परेको स्थिति देखिन्छ ।
- ३७ प्रतिशत मुद्दामा १ भन्दा बढी पटकसम्म पेशी चढेका मुद्दाहरु इजलाशबाट हेर्न नभ्याई फर्कने गरेको पाइन्छ ।
- कानून व्यवसायीबाट पेशी स्थगित गराउँदा केही मुद्दामा ३ महिना भन्दा बढी अवधि व्यतित हुने गरेको पाइन्छ ।
- वादी पक्षबाट ७३ प्रतिशत र प्रतिवादी पक्षबाट ५९ प्रतिशत मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्व हुने गरेको पाइन्छ ।
- कुनै पनि मुद्दामा मिसिलको आन्तरिक निरीक्षण हुने गरेको पाइएन ।
- जिल्ला अदालत नियमावली, २०५२ को नियम ८५ख बमोजिम बनाउनुपर्ने समय तालिका कुनै मुद्दामा पनि बनाएको पाइएन ।
- तारिख तोक्दा ३७ प्रतिशत मुद्दामा कारण जनाएको पाइएन ।
- म्यादभित्र मुद्दा फैसला गर्न नसकेकोमा जाहेर गर्नुपर्ने अ.वं. १५ नं. को व्यवस्था कुनै मुद्दामा पनि प्रयोग गरिएको पाइएन ।

### ४. मुद्दा प्रवाह स्थितिको विश्लेषणबाट देखिएको नतिजा

मुद्दा प्रवाहको समग्र स्थितिको विश्लेषण गर्दा देहायको स्थिति देखिएको छः

- ५० प्रतिशत मुद्दाहरु मुद्दा दर्ता भएको मितिले १ वर्षभित्र फैसला भएको पाइन्छ ।
- २४ प्रतिशत मुद्दाहरु फैसला हुन दर्ता भएको मितिले २ वर्षभन्दा बढी अवधि लागेको पाइन्छ ।
- प्रतिवादी परेको वा पर्ने अवस्था नाघेको मितिले ६२ प्रतिशत मुद्दाहरु १ वर्षभित्रै फैसला भएको पाइन्छ ।
- सरदर दिनको हिसावमा दर्ता मितिबाट मुद्दा फैसला हुन ४५७ दिन तथा प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिबाट ३७५ दिन लागेको पाइन्छ ।

### ५. समस्या र समाधान

उपत्यकाका तीनवटा जिल्ला अदालतहरुका मुद्दा प्रवाह अध्ययनबाट एउटा मुद्दा फैसला हुन मुद्दा दर्ता भएको मितिले सरदर ४५७ दिन र प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिको सरदर ३७५ दिन लागेको पाइन्छ । मुलुकी ऐन अ.वं. १४ नं. ले तोकेको म्यादभित्र फैसला भएको मुद्दा संख्या हेर्दा ६२ प्रतिशत मुद्दाहरु म्याद भित्र फैसला भएका पाइन्छन् । यसमा देखिएका समस्या र समाधानका उपायहरु परिच्छेद ५ मा प्रस्तुत गरिएको छ जसको सारांश देहाय अनुसार उल्लेख गरिएको छ :-

### ५.१ समस्याहरु

#### ५.१.१ व्यवस्थापकीय समस्या

- मुद्दा फछ्र्यौटका लागि समयगत मापदण्ड र समय तालिका निर्धारण गरी व्यवस्थित प्रक्रिया अपनाउन नसकिएको
- विभिन्न कारवाही सम्पादन गर्न ऐन नियम बमोजिम तोकिएको समयसीमाको पालना हुन नसकेको
- म्याद तामेली लगायत विभिन्न कारवाहीको समय मै अनुगमन र निरिक्षण हुन नसकेको
- प्रारम्भिक सुनुवाई कै बखत हेर्नुपर्ने प्रश्नहरुमा सो बखत नहेरी पछि विचार गर्ने गरी सार्ने प्रक्रियाले निरन्तरता पाइरहेको
- एकैपटक आदेश गर्न सकिने विषयहरुमा पटक-पटक आदेश गर्ने गरिएको
- इजलाशबाट भएका आदेशहरुको कार्यान्वयन समयमा हुने नगरेको
- म्यादभित्र फैसला हुन नसकेका मुद्दाहरुका हकमा माथिल्लो तहको अदालतमा कारण सहित जाहेर गर्नुपर्ने र माथिल्लो तहको अदालतबाट अनुगमन गर्नुपर्ने कानूनी व्यवस्थाको पालना हुन नसकेको

#### ५.१.२ पद्धतिगत समस्या

- यातायात र सञ्चारको क्षेत्रमा विकास नभएको अवस्थामा गरिएका म्याद सम्बन्धी व्यवस्थामा समयानुकूल पुनरावलोकन हुन नसकेको
- अंश मुद्दामा तायदाती लिने लगायतका कार्यविधिमा रहेको जटिलतालाई सरलीकरण गर्नेतर्फ सार्थक प्रयास हुन नसकेको
- म्याद तारिख थाम्ने व्यवस्था अव्यावहारिक रहेको
- कार्यविधिगत विषयमा रहेका विरोधाभासपूर्ण व्यवस्थाहरु परिमार्जन हुन नसकेको

#### ५.१.३ नीतिगत समस्या

- टिपोट किताव खडा गर्ने व्यवस्था लागू नभएको,
- म्याद तारिख थाम्ने व्यवस्थाको प्रयोग अधिकारको रुपमा हुने गरेको
- म्याद तामेली प्रक्रियामा सुधारका निम्ति वैज्ञानिक नीति अवलम्बन गर्न नसकिएको
- विदेशीका नाउँमा म्याद तामेल गर्न हालसम्म पनि नियम बन्न नसकेको
- मेलमिलाप प्रक्रियालाई संस्थागत गर्न नसकिएको
- कोर्ट फि निर्धारण वैज्ञानिक आधारमा हुन नसकेको

### ५.१.४ समन्वयात्मक समस्या

- न्याय सम्पादनको कार्य छिटोछरितो र प्रभावकारी बनाउन अदालतको एक्लो प्रयासबाट मात्र सम्भव नहुने सन्दर्भमा न्यायिक कार्यसँग सरोकार राख्ने अन्य निकायहरुसँग पर्याप्त सहयोग र समन्वय जुटाउन नसकिएको

## ५.२ सुझावहरु

### ५.२.१ नीतिगत तहमा गर्नुपर्ने सुधारहरु

- मुद्दाका जटिलता र प्रकृतिका आधारमा मुद्दाहरुलाई वर्गीकरण गरी फरक व्यवस्थापन पद्धति (Differentiated case management system) सूत्रपात गर्ने
- मुद्दा फछ्र्यौटका लागि समयगत मापदण्ड निर्धारण गरी समयबद्ध कार्यतालिकाका आधारमा मुद्दाको प्रवाह अगाडि बढाउने प्रणाली विकास गर्ने
- प्रत्येक अदालत र न्यायाधीशका लागि कार्य सम्पादन मापदण्ड बनाई लागू गर्ने
- कोर्ट फि प्रणालीलाई वैज्ञानिक बनाउने
- विवाद समाधानको वैकल्पिक उपायको रुपमा मेलमिलाप पद्धतिलाई संस्थागत गराउने
- टिपोट किताव सम्बन्धी व्यवस्था लागू गर्ने
- म्याद तामेलीको कार्यलाई सरल र प्रभावकारी बनाउन पूर्व म्याद तामेली, निजीस्तरबाट म्याद तामेली गराउने वा स्थानीय निकायका माध्यमबाट म्याद तामेल गराउनेमध्येको उपयुक्त विकल्प अपनाउने
- वर्तमान तारिख प्रणालीमा सुधार गर्ने

### ५.२.२ कानूनी तहमा गर्नुपर्ने सुधारहरु

- प्रतिवादीलाई दिइने म्याद सम्बन्धी व्यवस्थामा यातायात र सञ्चारको क्षेत्रमा भएको हालको विकासलाई ध्यानमा राखी समयानुकूल सुधार गर्ने
- अंश मुद्दामा तायदाती लिने लगायतका कार्यविधि सरलीकरण गर्ने
- मुद्दा फिर्ता लिंदा जरिवाना हुने व्यवस्था संशोधन गर्ने
- म्याद तारिख थाम्ने वर्तमान व्यवस्थालाई व्यावहारिक बनाउने
- मुद्दा स्थगित सम्बन्धी व्यवस्थालाई संशोधन गरी स्पष्ट गराउने
- कार्यविधि सम्बन्धी व्यवस्थामा रहेका विरोधाभासहरु हटाउने

### ५.२.३ व्यवस्थापन तहमा गर्नुपर्ने सुधारहरु

- मुद्दा प्रवाह व्यवस्थापनको आधुनिक अवधारणालाई आत्मसात गरी व्यवस्थित कार्यप्रणाली अपनाउने
- मुद्दामा अपनाइने चरणबद्ध कारवाहीहरु मौजुदा ऐन नियमले तोकेको समयसीमा भित्र सम्पादन गर्न समयगत मापदण्ड बनाइ लागू गर्ने

- ○ तोकिएको समयगत मापदण्ड अनुसार काम भए नभएको अनुगमन गर्न प्रभावकारी संयन्त्र बनाउने
- ○ मापदण्डगत लक्ष्य पूरा गरे नगरेको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने
- ○ म्याद तामेली अभिलेख राख्ने गर्ने
- ○ प्रमाण बुझ्ने लगायत एकैपटक गर्न सकिने आदेशहरु एकैपटक गर्ने प्रणालीको विकास गर्ने
- ○ प्रारम्भिक सुनुवाईको व्यवस्थालाई प्रभावकारी बनाउने
- ○ पेशी व्यवस्थापनलाई पूर्वानुमानयोग्य बनाउने
- ○ बहशका लागि समय व्यवस्थापन गरी स्थगित गराउन पाउने नियमावलीको व्यवस्था कडाईका साथ लागू गर्ने
- ○ म्यादभित्र फैसला हुन नसकेका मुद्दाहरुका हकमा माथिल्लो अदालतमा जाहेर गर्नुपर्ने अ.वं. १५ नं. को व्यवस्थालाई कार्यान्वयनमा ल्याउने ।

## ६. सुझाव कार्यान्वयनका लागि कार्ययोजना

प्रस्तुत प्रतिवेदनको परिच्छेद-६ मा सुझाव कार्यान्वयनका लागि कार्ययोजना प्रस्तुत गरिएको छ । प्रस्तावित कार्ययोजना परिच्छेद-५ मा उल्लिखित सुझावहरुलाई केन्द्रविन्दुमा राखी तयार पारिएको छ ।

❮❯

## १
## परिच्छेद

# प्रारम्भिक

### १.१ पृष्ठभूमि

न्याय प्रशासन राज्यको एउटा प्रमुख कार्य हो । राज्यले न्याय प्रशासनको यो कार्य न्यायपालिका मार्फत सम्पादन गर्दछ । नेपालको अन्तरिम संविधान, २०६३ ले नेपालको न्याय सम्बन्धी सम्पूर्ण अधिकार न्यायिक निकायहरुलाई प्रदान गर्नुका साथै स्वतन्त्र र सक्षम न्यापालिकाको परिकल्पना समेत गरेको छ । निश्चिय नै संविधानद्वारा सुम्पिएको यो गहन दायित्व पूरा गर्ने जिम्मेवारी न्यापालिकाको हो । प्रचलित संविधान र कानूनद्वारा सुम्पिएको जिम्मेवारी पूरा गर्नका लागि न्यायपालिकाबाट प्रयासहरु नभएका पनि होइनन् । विभिन्न प्रयासहरुको बाबजुद न्याय प्रशासनको सक्षमता र प्रभावकारीतामा अपेक्षित सुधारहरु हुन नसकेको महसुस गरिएको छ । अक्सर विभिन्न क्षेत्रबाट न्यायिक सेवाको गुणस्तरीयता र पर्याप्ततालाई लिएर विभिन्न प्रश्नहरु उठ्ने गरेका पाइन्छन् । कतिपय अध्ययनहरुले त न्याय प्रशासन प्रतिको वितृष्णाका कारण न्यायालयमा अउनुपर्ने उपभोक्ताहरु या त अन्याय सहेरै बसेका या त न्यायालयको सट्टा अन्यत्रै जाने गरेको तथ्य उजागर गरेका छन् ।[१]

न्यायपालिकाको मूलभूत शक्ति भनेको यसप्रतिको जनआस्था हो । भनिन्छ- न्यायपालिकाको सर्वोत्कृष्टता यसलाई प्रदान गरिएको अख्तियारीको आधारमा होइन, यसप्रति जनसाधारणले व्यक्त गर्ने विश्वासको आधारमा परिक्षण गर्ने गरिन्छ ।[२] न्यायपालिकाप्रतिको जनसाधारणको विश्वास यसबाट प्रवाह हुने सेवा र काम कारवाहीमा निर्भर गर्दछ । सेवाग्राहीहरु प्रतिको न्यायपालिकाको दृष्टिकोण र व्यवहार एवं तिनीहरुलाई प्रदान गरिने सेवा प्रतिको जवाफदेहिताको स्तर कस्तो छ भन्ने कुराले न्यायपालिका प्रतिको जनसाधारणको दृष्टिकोण बन्ने हो । वर्तमान अवस्थामा न्यायपालिका प्रतिको जनआस्थाको स्थितिका बारेमा वैज्ञानिक अध्ययन नभएको हुँदा यस्तै छ भनेर यकीन गर्न सकिंदैन तर बेलावखत सञ्चार माध्यमहरुमा छापिने अभिव्यक्ति एवं प्रतिक्रियाहरुलाई आधार मान्ने हो भने न्यायपालिका

---

[१] नेपाल कानून समाजद्वारा गरिएको एउटा अध्ययनले मुद्दामामिलाको सामना गर्नुपर्दा यसको छिनोफानोका लागि १५ प्रतिशतले मात्र अदालती संयन्त्रको उपयोग गरेको पाइएको छ - "न्यायसम्पादनमा अदालतको भूमिका र प्रभावकारीता विषयक जनअभिमत सर्वेक्षण, २०५९ पृ. १०१, नेपाल कानून समाज, काठमाण्डौ ।

[२] Strategic plan of the Nepali Judiciary 2004-2008, p. 31, Supreme Court of Nepal.

प्रतिको जनआस्था अपेक्षा गरिएको स्तरमा नरहेको तथ्य बुझ्न सकिन्छ । यसैले न्यायपालिका प्रतिको जनआस्था वृद्धिको प्रश्न आजको यक्ष प्रश्न हो ।

मुलुकमा देखा परेको द्रुततर राजनीतिक परिवर्तनले न्यायपालिकाका चुनौतीहरुलाई थप गम्भीर बनाएको छ । नयाँ कानूनहरुको निर्माण, नवीनतम हक अधिकारहरुको सिर्जना र उपचारको व्यवस्थाले[३] अदालतहरुमा मुद्दाको चाप बढ्ने प्रवृत्ति देखिएको छ भने नयाँ राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक क्षेत्रमा जस्तै न्यायपालिका प्रतिको जनआकाङ्क्षामा पनि व्यापक रुपले वृद्धि भएको छ । तर बढ्दो जनकांङ्क्षाको तुलनामा न्यायिक काम कारवाहीलाई वाञ्छित गतिमा अगाडि बढाउन नसकिएको स्थिति एकातिर छ भने अर्कोतिर तिनका कारणहरुको पहिचान गर्ने र तद्अनुरुप सुधारका प्रयासहरुलाई अवलम्बन गर्ने प्रवृत्ति पनि कमै देखिन्छ । वास्तवमा न्यायिक काम कारवाहीका विषयमा अध्ययन अनुसन्धानले कमैमात्र प्राथमिकता पाउने गरेको पाइन्छ । प्रस्तुत अध्ययन यिनै पृष्ठभूमिमा रहेर गरिएको सानो प्रयास हो ।

### १.२ अध्ययनको आवश्यकता र महत्व

मनासिव समयभित्र न्याय पाउनु प्रत्येक व्यक्तिको मानव अधिकारको रुपमा स्थापित भइसकेको छ ।[४] हुन पनि ढिलो न्याय दिनु न्याय नदिनु बराबर मानिन्छ । न्याय प्रवाहमा हुने ढिलाइले सम्बन्धित पक्षको समय, स्रोत र साधनको अनावश्यक खर्च हुने मात्र होइन, न्यायको उद्देश्य स्वयं नै पनि पराजित हुनपुग्दछ । त्यसो त न्यायिक कार्यको प्रकृति आफैमा बढी प्रक्रियामुखी छ । न्याय सम्पादनको कार्य स्वच्छ सुनवाईको सिद्धान्तमा आधारित हुनुपर्ने तथ्य आमरुपमा स्वीकारिएको मान्यता हो । स्वच्छ सुनुवाईको एउटा आधारभूत सिद्धान्त के रहेको छ भने निष्कर्ष जतिसुकै सही भए पनि यदि उक्त कारवाहीमा प्रक्रियागत त्रुटी भएको रहेछ भने त्यस्तो त्रुटीले निष्कर्षलाई अमान्य तुल्याउँछ । त्यसैले न्यायिक प्रक्रियामा निर्णयकर्ताको व्यक्तिगत ठम्याई, दृष्टिकोण वा निष्कर्षले खासै अर्थ राख्दैन जबसम्म उनका यी निष्कर्षहरु वस्तुगत आधारमा आधारित हुँदैनन् । न्यायको यो मान्यता "न्याय गरेर मात्र हुँदैन गरेको जस्तो देखिनु पनि पर्दछ" भन्ने कहावतमा आधारित छ । अर्थात न्यायिक प्रक्रिया "साधनले साध्यको औचित्य प्रमाणित गर्दछ"[५] भन्ने मान्यतामा आधारित छ । तर यसको अर्थ प्रक्रिया पूरा गर्ने नाममा जतिसुकै समय लगाए पनि क्षम्य हुने भन्ने चांहि होइन । समयको अन्तरालले न्यायको औचित्यलाई समाप्त पार्दछ ।[६] त्यसैले आजकल कानूनको प्रक्रियाले यसको उद्देश्यलाई पराजित गर्नु हुँदैन भन्ने मान्यताको पनि विकास भएको छ । वस्तुतः छिटोछरितो न्याय आजको समयको माग हो । न्यायालयले विना अनुचित विलम्ब न्याय प्रवाह गरेर जनसाधारणका अगाडि समय मै न्याय प्रदान गर्नसक्ने निकायको रुपमा आफूलाई प्रमाणित गराउने विषय विश्वका अधिकांश न्यायपालिकाहरुका निम्ति चुनौती बनेको छ ।

---

३ नयाँ कानूनहरुको संख्या बढ्ने र अधिकार तथा उपचारहरुको व्यवस्था थपिने यो स्थितिलाई Harry Jones ले कानून विस्फोटन (Law Explosion) को संज्ञा दिएका छन्- A handbook on Case flow Management 2004-2008, p. 1, Philippine Judicial Academy, 2003.

४ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९ र १४ ।

५ Means justify the ends.

६ Justice is lost with the passage of time- Case flow Management : The Heart of Court Management in the New Millennium, David C. Steelman, p. xviii, 2000

नेपालको न्यायपालिकाका निम्ति यो चुनौती अझ गम्भीर छ । मुद्दाको कामकारवाहीमा ढिलासुस्तीलाई नेपाली न्यायपालिकाको विशेषताका रुपमा चित्रण गर्ने गरेको पाइन्छ । वास्तवमा एउटा मुद्दाको कारवाही टुङ्गिन कति समयावधि लाग्ने हो सो को जवाफ निश्चिततापूर्वक दिन सकिने स्थिति छैन । तर यसका साथसाथै कति समय सम्मको विलम्बलाई "ढिलाई" मानिने हो सो को परिभाषा पनि गरिएको छैन । अमेरिकी बार एसोसियशनले ढिलाईलाई मुद्दाको कारवाहीका लागि मनासिव रुपमा आवश्यक पर्ने भन्दा बढी समय लगाउनु[७] भनेर परिभाषित गरेको छ । नेपालमा प्राय ढिलासुस्तीको कुरा उठीरहने गरे पनि कति ढिलो ढिलो हो र कति छिटो छिटो हो ? कति समयभित्र फैसला गर्दा उचित समयभित्र न्याय दिइएको हुन्छ ? सो को स्पष्ट मापदण्ड निर्धारण भएको पाइदैन । साथै ढिलासुस्ती पद्धतिगत कारणले भएको छ वा अन्य कारणले ? कुनै मुद्दाको कारवाहीमा ढिलाई हुनुको मतलव अदालतको मात्र जिम्मेवारी छ वा अरु निकाय वा पदाधिकारीको पनि ? यी पक्षहरुमा कुनै अध्ययन भएको पाइदैन । अझ मुख्यतः कानूनी प्रक्रिया पूरा गर्न लाग्ने समयावधि र फैसला गर्नुपर्ने समयावधिका बीच सन्तुलन कायम गर्ने विवेकसङ्गत आधारको विकास पनि हुन सकेको छैन । वास्तवमा मुद्दा प्रवाहको अवस्थाका बारेमा अध्ययन गर्नुपर्ने आवश्यकता यसै सन्दर्भमा महसुस गरिएको हो ।

मुद्दाको काम कारवाहीलाई छिटो छरितो तुल्याउने उपायहरुको पहिचान गर्ने उद्देश्यले यस अघि पनि अध्ययनहरु हुँदै नभएका होइनन् । तर हालसम्मका ती अध्ययनहरु बढी सैद्धान्तिक र नीतिगत पक्षमा केन्द्रित रहेको पाइन्छ । जस्तै अदालतको तह कति हुनुपर्ने, कुन कुन तहका अदालतको क्षेत्राधिकार कति हुने, जनशक्ति कति राख्ने आदि । न्यायपालिकासम्मको जनताको पहुँचलाई सुनिश्चित गर्न र अदालतको समस्त व्यवस्थापन सुधारका लागि यी अध्ययनबाट दिइएका सुझावहरु निश्चय नै महत्वपूर्ण छन् । अदालती संरचनामा सुधार, न्यायाधीशको संख्यामा वृद्धि तथा कार्यविधिगत नियमहरुमा परिवर्तन गरेर मुद्दाको गतिलाई निर्धारण गर्न सकिन्छ भन्ने सोच राखिएको थियो । अहिले आएर विस्तारै यो सोचाइमा परिवर्तन आएको छ । अदालती संरचना, स्रोत साधन एवं कार्यविधिगत नियमहरुको सुधारमा मात्र जोड दिनुको बदला ढिलाई न्यूनिकरणका लागि मुद्दाको दर्ता देखि फैसला नहुँदासम्मको बीचमा अपनाइने वास्तविक कारवाहीमा सुधारमा ध्यान दिनु आजको आवश्यकता हो । मुद्दाको कारवाहीमा गरिने प्रगतिबाट मात्र मुद्दाको आयुलाई छोट्याउन सकिन्छ भन्ने मान्यता यसले राखेको छ । मुद्दा प्रवाहको अध्ययन मुद्दाको कारवाहीमा अपनाइने यिनै चरणबद्ध प्रक्रियाको अध्ययनसँग सम्बन्धित छ । एउटा मुद्दाको दर्तादेखि फैसला नहुँदा सम्मका बीचमा अपनाइने कारवाहीका विभिन्न चरणहरुमध्ये कहांनिर कति ढिलो हुँदो रहेछ र ढिलाई भएको भए के कारणले हुँदो रहेछ सो को वास्तविक स्थिति पत्ता लगाउन मुद्दा प्रवाह अध्ययन महत्वपूर्ण उपाय मानिन्छ । प्रस्तुत अध्ययन यसै सन्दर्भमा गरिएको छ ।

नेपालमा यो भन्दा पहिले एक पटक सर्वोच्च अदालतमा रहेका मुद्दाका सन्दर्भमा राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मुद्दा प्रवाह अध्ययन गराइएको पाइए पनि जिल्ला अदालत तहमा रहेका मुद्दाका सन्दर्भमा यो भन्दा पहिले यस प्रकारको अध्ययन भएको पाइदैन । साथै जिल्ला अदालतहरुमध्ये मुद्दा संख्याको चाप, जटिलता र ढिलासुस्तीको आरोपका हिसावले

[७] The American Bar Association defines delay as any elapsed time other than reasonably required for – Case Flow Management Guide, p. 2, Michigan State Court Administrative Office, 2003.

उपत्यकाका अदालतहरु बढी जोखिममा रहेका पाइन्छन् । यिनै तथ्यहरुलाई ध्यानमा राखेर जिल्ला तहको मुद्दा प्रवाहको पहिलो अध्ययन काठमाण्डौ उपत्यका स्थित जिल्ला अदालतहरुबाट प्रारम्भ गरिएको हो ।

### १.३ पूर्व अध्ययनको समीक्षा

अदालत व्यवस्थापनमा सुधार गरी न्याय सम्पादनको कार्यलाई छिटो छरितो र प्रभावकारी तुल्याउने उद्देश्यले यस भन्दा अगाडि पनि सरकारी एवं गैरसरकारी तहमा धेरै अध्ययन अनुसन्धानहरु भएका पाइन्छन् । ती अध्ययनहरु औल्याइएका विषयहरुलाई संक्षेपमा निम्नानुसार उल्लेख गरिन्छः-

#### १.३.१ उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८

नेपाल अधिराज्यभर बढ्दै गएको मुद्दामामिलाको फछ्र्यौट बढी दक्षता र तत्परता साथ छिटोछरितो सम्पादन हुनसक्ने आवश्यक उपायहरु पत्ता लगाउन संवत २०२७ साल श्रावण २८ गते तत्कालीन श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको अध्यक्षतामा ६ सदस्यीय उच्च स्तरीय न्यायिक सुधार आयोग गठन भएको थियो । उक्त आयोगले मुद्दाको फछ्र्यौटलाई छिटोछरितो तुल्याउन देहायको सुझावहरु दिएको थियो-

- सानातिना मुद्दाहरुको कारबाहीको लागि संक्षिप्त कार्यविधि ऐन बनाइ लागू गर्ने
- मुद्दाहरुमा एकीकृत सुनवाई (Consolidated Hearing) प्रणाली लागू गर्ने
- बहसको समय आधा घण्टा निर्धारण गर्ने
- टिपोट किताव बनाउने व्यवस्था गर्ने
- म्याद तामेली प्रक्रियामा सुधार गर्ने

#### १.३.२ शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०

नेपाल अधिराज्यमा न्याय निष्पक्ष, सरल र सर्वसुलभ गराउन प्रचलित न्याय व्यवस्था तथा कार्यपद्धतिमा के कस्तो सुधार गर्न आवश्यक छ सो सम्बन्धमा यथार्थ अध्ययन गरी सुझाव प्रतिवेदन पेश गर्न तत्कालीन श्री ५ महाराजाधिराजबाट २०३९ साल असोज १ गते सरदार श्री ईश्वरीराज मिश्रको अध्यक्षतामा ५ सदस्यीय आयोग गठन गरिएको थयो । आयोगले न्यायिक कार्यप्रणालीमा गरिनुपर्ने सुधारको विषयलाई लिएर व्यापक सुझावहरु प्रस्तुत गरेको छ । तीमध्ये मुद्दाको कार्यप्रणालीलाई लिएर प्रस्तुत केही सुझावहरु देहाय अनुसार छन्:

- संक्षिप्त कार्यविधि ऐनलाई उद्देश्यमूलक ढङ्गमा लागू गराउन विशेष व्यवस्था गर्ने- प्रकरण ४.३१
- सबैप्रकारका रिट निवेदन सुन्ने अधिकार क्षेत्रीय अदालतलाई दिई सर्वोच्च अदालतको कार्यबोझ कम गराउने- प्रकरण ४.४२(घ)
- रिट निवेदन सम्बन्धी छुट्टै कार्यविधि ऐनको तर्जुमा हुनुपर्ने- प्रकरण ७.१३.९
- जिल्ला अदालतले गरेका सबै निर्णय उपर अञ्चल अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्ने र सुरु फैसला सदर भएमा निश्चित बिगो दण्ड जरिवानासम्मका मुद्दामा सोही फैसला अन्तिम हुनेगरी पुनरावेदन नलाग्ने व्यवस्था गर्ने- प्रकरण ४.३८
- म्याद तामेली प्रक्रियामा सुधार हुनुपर्ने- प्रकरण ७.२.४

### १.३.३ उच्चस्तरीय अदालत व्यवस्थापन समिति, २०५४

अदालत व्यवस्थापनका विविध पक्षमा विस्तृत अध्ययन गरी सुझाव प्रतिवेदन पेशगर्न २०५४ सालमा सर्वोच्च अदालतका तत्कालीन माननीय न्यायाधीश श्री केशव प्रसाद उपाध्यायको अध्यक्षतामा एक उच्चस्तरीय अदालत व्यवस्थापन समिति गठन भएको थियो । उक्त समितिले २०५५ सालमा प्रस्तुत गरेको सुझाव प्रतिवेदनमा मुख्यतः देहायका कुराहरु उल्लेख गरिएका थिए-

- राजस्व न्यायाधिकरण र प्रशासकीय अदालतको वर्तमान स्वरुपलाई परिवर्तन गरी राजस्व तथा प्रशासकीय पुनरावेदन अदालत गठन गर्ने,
- विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्ने
- मुद्दाको प्रकृति अनुसार फाँट विभाजन गरी समान प्रकृतिका मुद्दाहरु एउटै इजलाशमा पेश हुने व्यवस्था गर्ने
- कार्यविधि कानूनमा सरलीकरण गर्ने
- न्यायिक आचारसंहिता तयार गरी लागू गर्नुपर्ने
- न्यायाधीशहरुलाई कानूनी शिक्षा प्रदान गर्न न्यायिक प्रतिष्ठान स्थापना गर्ने
- कार्यबोझको आधारमा न्यायाधीश र कर्मचारीको दरबन्दीको व्यवस्था हुनुपर्ने
- न्याय सम्पादन छिटो छरितो बनाउन कानून व्यवसायीको भूमिका प्रभावकारी बनाउने

### १.३.४ सर्वोच्च अदालतमा रहेका मुद्दा समय मै फछ्यौंटका लागि David C. Steelman ले दिएको प्रतिवेदन, २०५६ (Feb. 2000)

सर्वोच्च अदालतमा रहेका मुद्दाहरु समय मै फछ्यौंटका लागि उपायहरु सुझाउने उद्देश्यले USAID ले २०५६ सालमा अमेरिका स्थित National Center for State Courts का David C. Steelman र Timothy F. Fautsko लाई परामर्शदाता नियुक्त गरी अध्ययन गराएको पाइन्छ । उक्त अध्ययनबाट अन्य कुराहरुका अतिरिक्त देहायका सुझावहरु दिइएको पाइन्छः-

- न्यायपालिकाका निम्ती शिक्षा र तालिमको व्यवस्था
- मुद्दा दर्तादेखि फैसला नहुँदासम्मका सम्पूर्ण कारवाही अदालतको नियन्त्रणमा हुनुपर्ने
- मुद्दा फछ्यौंटको लक्ष्य र समयगत मापदण्ड तोकिनुपर्ने
- रणनीतिक योजना बनाई कार्यान्वयन गरिनुपर्ने

### १.३.५ लैङ्गिक समानता र न्यायाधीश विषयक अध्ययन, २०५६ (२०००)

प्रो. पब्लिकद्वारा गराइएको उक्त अध्ययन विशेषत लैङ्गिक विषयसँग सम्बन्धित भए पनि यसले लैङ्गिक समानताप्रति न्याय प्रणाली र न्यायाधीशहरुको धारणा उजागर गर्नुका अतिरिक्त न्यायमा महिलाहरुको पहुँच अभिवृद्धिका लागि गर्नुपर्ने सुधारका केही क्षेत्रहरुको पनि पहिचान गरेको छ ।

### १.३.६ न्याय सम्पादनमा अदालतको भूमिका र प्रभावकारीता विषयक जनअभिमत सर्वेक्षण, २०५८

नेपाल कानून समाजद्वारा २०५८ सालमा गरिएको उक्त सर्वेक्षणको नतिजा प्रतिवेदन २०५९ सालमा प्रकाशन गरिएको थियो । प्रतिवेदनले मुद्दामामिलाको छिनोफानोका लागि १५ प्रतिशत जनताले अदालती संयन्त्रको उपयोग गरेको दर्शाउनुका अतिरिक्त अदालतलाई समयमै मुद्दा किनारा गर्न सक्ने निकायका रुपमा सुदृढीकरण गर्नुपर्ने सुझाव दिएको छ ।

### १.३.७ अदालत सुदृढीकरण सुझाव समिति, २०५८

अदालत सुदृढीकरणका विविध पक्षमा अध्ययन गरी प्रतिवेदन तयार गर्न २०५८ सालमा न्याय परिषदका तत्कालीन सचिव श्री काशीराज दाहालको अध्यक्षतामा सरकारद्वारा अदालत सुदृढीकरण सुझाव समिति गठन गरेको थियो । उक्त समितिले न्याय व्यवस्थालाई प्रभावकारी बनाइ शान्ति र विकासको अभिष्ट पूरा गर्न देहायको पक्षमा सुधार गर्नुपर्ने सुझाव दिएको पाइन्छ-

- कार्यविधि कानूनमा सरलीकरण
- अदालतको क्षेत्राधिकार सम्बन्धमा पुनर्विचार गरी सुधार गर्नुपर्ने
- न्यायिक र प्रशासकीय कार्यको विशिष्टीकरणको लागि सुधार गर्नुपर्ने
- पुनरावेदन अदालतको संरचनात्मक एवं संख्यात्मक पक्षमा सुधार हुनुपर्ने
- न्यायिक प्रशिक्षण सम्बन्धी संस्थाको व्यवस्था हुनुपर्ने ।

### १.३.८ सर्वोच्च अदालतमा परेका मुद्दाहरुमा छिटो छरितो कारवाही किनारा गर्न अपनाउनु पर्ने उपाय सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन, २०६०

सर्वोच्च अदालतमा परेका मुद्दाहरुमा छिटो छरितो कारवाही किनारा गर्न अपनाउनुपर्ने उपाय सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न २०६० सालमा सर्वोच्च अदालतले माननीय न्यायाधीश श्री खिलराज रेग्मीको संयोजकत्वमा एउटा समिति गठन गरेको थियो, यो समितिले देहायका सुझावहरु दिएको पाइन्छः-

- प्रशासकीय अदालतको क्षेत्राधिकार बढाउने,
- कार्यबोझको आधारमा दरबन्दी व्यवस्थापन गर्ने
- अनुगमन र निरिक्षणलाई प्रभावकारी बनाउने
- मुद्दालाई विषयगत आधारमा वर्गीकरण गरी कजलिष्ट व्यवस्थापन गर्ने
- Lead lawyer concept लागू गर्ने
- टिपोट किताव सम्बन्धी व्यवस्था लागू गर्ने

### १.३.९ न्यायपालिकाको रणनीतिक योजना, २०६१

नेपालको न्यायपालिकाको इतिहासमा पहिलोपल्ट २०६१ सालमा पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी लागू गरिएको छ । योजनाले न्यायपालिकाको समग्र विकास र सुधारको लागि न्यायपालिकाबाट सम्पादन गरिने नियमित कार्यहरुको अतिरिक्त केही अन्य रणनीतिक

उपायहरु पनि पहिचान गरेको छ । खास गरेर मुद्दा फछ्र्यौटमा शिघ्रता ल्याउन देहायका उपायहरु अवलम्बन गर्ने प्रतिबद्धता व्यक्त गरेको छः-

- मुद्दाहरुलाई २ वर्ष भित्र र रिटहरुलाई १ वर्षभित्र फछ्र्यौट गर्ने स्थिति सिर्जना गर्ने
- मुद्दाको बक्यौतालाई ५० देखि ७५ प्रतिशत सम्म कम गर्ने
- फैसला कार्यान्वयनको क्षमता बढाउने
- अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउने
- अदालत व्यवस्थापनको क्षमता अभिवृद्धि गर्ने
- न्यायप्रणालीमा मेलमिलाप प्रक्रियालाई सुदृढ गर्ने
- मुद्दा व्यवस्थापन पद्धतिलाई प्रभावकारी तुल्याउने

### १.३.१० न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४

न्यायपालिकामा देखिएका समस्याहरुको अध्ययन गरी यसप्रतिको जनआस्था अभिवृद्धि गर्ने उपायहरुका बारेमा अध्ययन गर्ने उद्देश्यले सर्वोच्च अदालत बार एशोसियसनद्वारा २०६३ सालमा वरिष्ठ अधिवक्ता श्रीहरि अर्यालको संयोजकत्वमा न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समिति गठन गरिएको थियो । समितिले न्यायपालिकाप्रति जनआस्था अभिवृद्धिका लागि अन्य कुराहरुका अतिरिक्त मुद्दा व्यवस्थापन सम्बन्धमा पनि केही सुझावहरु प्रस्तुत गरेको छ । ती मध्ये मुख्य केही सुझावहरु देहाय अनुसार छन्:-

- फौजदारी तथा देवानी कार्यविधि सम्बन्धी कानूनमा व्यापक सुधार गरी समयसापेक्ष छुट्टै संहिता बनाउनुपर्ने
- म्याद तामेली सम्बन्धी व्यवस्थामा सुधार गर्नुपर्ने
- मुद्दा फछ्र्यौटका सम्बन्धमा निश्चित मापदण्ड बनाइ कार्यान्वयन गरिनुपर्ने
- पेशी भन्दा अगावै वहसनोट पेश गर्ने र यस्तो स्थितिमा पेशी हटाउन नपाउने गरिनुपर्ने
- वहस व्यवस्थापनका लागि पेशी हटाउने प्रवृत्तिमा रोक लगाउने
- न्याय सम्पादनका क्रममा गरिने सम्पूर्ण कार्यहरु समयसारिणीद्वारा व्यवस्थित हुनुपर्ने
- तारिखप्रथा क्रमशः हटाउँदै लग्नुपर्ने
- पेशी प्रथा वैज्ञानिक हुनुपर्ने
- मुद्दा व्यवस्थापनका लागि न्यायाधीशहरुलाई समूहकृत गर्ने ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य जिल्ला अदालतहरुमा मुद्दा प्रवाहको वास्तविक स्थिति पत्ता लगाउनु हो । मुद्दा प्रवाह भन्नाले एउटा मुद्दा दर्ता भएदेखि सो को फैसला हुने अवस्था सम्म पुग्दाका बीचमा अपनाइने चरणबद्ध कारवाहीको अवस्थालाई बुझिन्छ । बुँदागत रुपमा यो अध्ययनको उद्देश्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः-

- जिल्ला अदालत तहमा मुद्दामा फैसला गर्न लाग्ने गरेको समयावधि पत्ता लगाउने
- ढिलाई हुने गरेकोमा ढिलाईका कारक तत्वहरु पहिचान गर्ने
- पद्धतिगत ढिलाई (System delay) र व्यवस्थापकीय ढिलाई (Managerial delay) को स्थिति यकिन गर्ने
- मुद्दा प्रवाहमा प्रभाव पार्ने तत्वहरु पहिचान गर्ने
- ढिलाई न्यूनिकरणका लागि अवलम्बन गर्नुपर्ने उपायहरु सिफारिश गर्ने ।

### १.५ अध्ययनको सीमा र क्षेत्र

प्रस्तुत अध्ययन जिल्ला अदालतहरुमा रहेका मुद्दाहरुका सम्बन्धमा केन्द्रित रहेको छ । जिल्ला अदालतहरु मध्ये पनि उपत्यका भित्रका काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला अदालतहरुमा मात्र यो अध्ययनमा समेटिएको छ। अध्ययनका लागि यी ३ वटै जिल्ला अदालतहरुका जम्मा १५०० थान मुद्दाहरु नमूनाका रुपमा लिइएका छन् । जिल्लाको छनौट र मुद्दाको संख्या अनुसन्धानकर्ताहरु स्वयंले निर्धारण गरेको नभई प्राप्त कार्यादेशमा आधारित रहेको छ । अध्ययनमा समाविष्ट सबै जिल्ला अदालतहरुको तथ्याङ्क सङ्कलनमा एकरुपता होस र तिनीहरु बीचको मुद्दाको प्रवाहगत प्रवृत्तिलाई तुलनात्मक रुपले विश्लेषण गर्न सकियोस् भन्ने उद्देश्यले सबै अदालतहरुबाट आ.ब. २०६४/०६५ को अवधि भित्र फैसला भएका मुद्दाहरुलाई यस अध्ययनमा समावेश गरिएको छ । समय सीमाका हिसावले प्रस्तुत अध्ययनका लागि ३ महिना तोकिएको थियो ।

### १.६ अध्ययनमा अपनाइएको विधि

प्रस्तुत अध्ययनमा अपनाइएको विधिलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ-

#### १.६.१ सूचना सङ्कलन

जिल्ला अदालतहरुमा रहेका मुद्दाको प्रवाह अवस्थाका बारेमा यस अघि कुनै अध्ययन भएको पाइदैन । प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने सबै सूचनाहरु प्राथमिक स्रोतबाट सङ्कलन गरिएका छन् । सूचनाको स्रोतको रुपमा नमूना छनौटमा परेका मुद्दाका मिसिलहरुलाई प्रयोग गरिएको थियो ।

#### १.६.२ नमूना छनौट विधि

उपत्यकाका तीनवटा जिल्ला अदालतहरुमा रहेका मुद्दाहरुको मुद्दा प्रवाह अध्ययन गर्ने क्रममा सर्वप्रथमतः तीनैवटा जिल्ला अदालतहरुबाट आ.व. २०६४/०६५ मा फैसला भएका जम्मा मुद्दाहरुको लगत सङ्कलन गरिएको थियो । यसरी सङ्कलन गर्दा यी तीनवटा अदालतहरुमा फैसला भएका मुद्दाहरुको संख्या देहाय अनुसार रहेको पाइयो-

## आ.व. २०६४/०६५ मा फैसला भएको मुद्दाको सङ्ख्यात्मक विवरण

| क्र.सं. | अदालत | फैसला भएको संख्या | कैफियत |
|---|---|---|---|
| १. | काठमाण्डौ जिल्ला अदालत | ३४१६ | |
| २. | ललितपुर जिल्ला अदालत | १०८२ | |
| ३. | भक्तपुर जिल्ला अदालत | ६२७ | |
| | **जम्मा** | **५१२५** | |

प्रस्तुत अध्ययनमा जम्मा १५०० मुद्दाहरुको अध्ययन गर्ने लक्ष्य सबै अदालतका मुद्दाहरुको समानुपातिक रुपमा प्रतिनिधित्व हुन सकोस् भन्ने उद्देश्यले सबै अदालतको जम्मा फैसला संख्या (५१२५) लाई नमूनामा छनौट गरिने संख्या (१५००) ले भाग गर्दा हुन आउने अनुपात (३.४२) संख्याले पुनः सम्बन्धित अदालतबाट फैसला भएको संख्यालाई भाग गर्दा हुन आउने बराबरको संख्या छनौट गरिएको थियो । यो सूत्र अनुसार छनौट गर्दा देहायका अदालतबाट देहायको संख्यामा छनौट हुने देखिए:-

## विभिन्न अदालतबाट नमूना छनौट गरिने मुद्दाको संख्यात्मक विवरण

| क्र.सं. | अदालत | जम्मा मुद्दा संख्या | छनौट गरिने संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | काठमाण्डौ जिल्ला अदालत | ३४१६ | ९९९ | |
| २. | ललितपुर जिल्ला अदालत | १०८२ | ३१६ | |
| ३. | भक्तपुर जिल्ला अदालत | ६२७ | १८३ | |
| | **जम्मा** | **५१२५** | **१४९८**[#] | |

अध्ययनलाई प्रभावकारी बनाउन अनुसन्धान समूहसँग दुईवटा चुनौतीहरु थिए- छनौट विधिलाई पूर्वाग्रहबाट मुक्त (Bias Free) कसरी तुल्याउने र प्रकृतिगत हिसावले मुद्दाहरु विभिन्न प्रकृतिका भएकाले तिनको प्रतिनिधित्व कसरी गराउने ? यसका लागि सम्बन्धित अदालतमा दर्ता भएको अभिलेख दर्ता नम्बरको सहयोगमा सर्वप्रथम कुन दर्ता नम्बरका मुद्दा छान्ने हो सो को यकिन गरिएको थियो । यसोगर्दा सम्बन्धित अदालतको जम्मा मुद्दा संख्यालाई सोही अदालतबाट छनौट गरिने संख्याले भाग गर्दा हुन आउने भागफल ३.४२ को अनुपातमा पर्न आउने दर्ता नम्बरका मुद्दाहरु छनौट गर्ने सूत्र प्रयोग गरिएको थियो । भागफलको अनुपात दशमलव संख्यामा आएको स्थितिमा ०.५ सम्मलाई तल्लो अङ्क र ०.५ भन्दा माथिकोलाई माथिल्लो अङ्क मानेर छनौट गरिएको थियो । प्रकृतिगत हिसावले प्रतिनिधित्व हुन सकोस भन्नका लागि सर्वोच्च अदालतबाट प्रकाशित हुने बार्षिक प्रतिवेदनमा गरिएको वर्गीकरणलाई आधार मानी जम्मा २५ वटा प्रकृतिका मुद्दाहरु समावेश हुने प्रबन्ध गरिएको छ ।

---

[#] जम्मा मुद्दा संख्या ५१२५ लाई १५०० ले भाग गर्दा ३.४२ को अनुपात कायम गरी सोही अनुपात अनुसार जिल्लागत आधारमा मुद्दा संख्या छनोट गर्दा जम्मा १४९८ कायम हुन आएको हो । भक्तपुर जिल्ला अदालतको १८३ थान मुद्दा नमुना छनौट भई हेरिनुपर्नेमा १ थान मुद्दामा भरिएको प्रश्नावली त्रुटीयुक्त भएकाले त्यसलाई बदर गरी जम्मा १८२ थान हेरिएको मुद्दा संख्या कायम गरिएको छ । यसरी जम्मा अध्ययन गरिएका मुद्दा संख्या १४९७ कायम भएका छन् ।

### १.६.३ प्रश्नावलीको तयारी र प्रयोग

प्रस्तुत अध्ययन अन्तर्गत आवश्यक पर्ने सूचनाहरुको सङ्कलनका लागि प्रश्नावलीको तरिका अपनाइएको थियो । मुद्दाको फौजदारी र देवानी प्रकृतिलाई ध्यानमा राखेर प्रश्नावली पनि सोही बमोजिम तयार गरिएको थियो । प्रस्तुत अध्ययन मूलतः मिसिलबाट देखिएका तथ्यहरुको सङ्कलनमा केन्द्रित रहेको हुँदा बन्द प्रश्नावली (Closed Questionaires) मा आधारित छ । प्रश्नावलीलाई अन्तिम रुप दिनुभन्दा पहिले अदालतका अधिकृतहरु र नेपाल कानून समाजका पदाधिकारीहरुसँग छलफल गरिएको थियो भने प्रश्नावली भर्ने प्रक्रिया शुरु गर्नु भन्दा अगाडि सूचना सङ्कलकहरुलाई भेला गराई प्रश्नावलीले चाहेको सूचना र भर्ने तरिकाका बारेमा संक्षिप्त अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।[८]

[८] प्रश्नावली र सो भर्ने निर्देशिका अनुसूची २, ३ र ४ मा दिइएको छ।

# २
## परिच्छेद

# मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा

### २.१ अवधारणा

सामान्य अर्थमा मुद्दा प्रवाह व्यवस्थापन भन्नाले अदालतमा दायर गरिएका सबै मुद्दाहरुको कारवाहीको प्रगतिका बारेमा गरिने अदालती सुपरिवेक्षण भन्ने बुझिन्छ ।[९] यस अवधारणा अन्तर्गत मुद्दाको दर्तादेखि फैसला हुँदा सम्मका बीचमा अपनाइने कारवाहीको प्रत्येक अवस्था र समयको व्यवस्थापनको विषय समावेश हुन्छ । यसले मुद्दाको फछ्र्यौट डिसमिस, खारेजी वा अन्य कुन प्रकारले भयो भन्ने कुरामा भन्दा पनि मुद्दा फछ्र्यौटको तहमा पुऱ्याउन र फछ्र्यौट गर्न आवश्यक प्रक्रियाको व्यवस्थापन सही ढङ्गबाट भयो कि भएन भन्ने कुरामा सरोकार राख्दछ । यस अर्थमा मुद्दा प्रवाह व्यवस्थापनको कार्य प्रशासनिक प्रकृतिको देखिन्छ, मुद्दाको फैसला के भयो अथवा अमुक कानूनको व्याख्या के गरियो भन्ने पक्षमा यसले खासै वास्ता गर्दैन ।[१०] मुद्दा व्यवस्थापनका अर्का विज्ञ Mark Segal भन्छन्- "Case management is the full range of processes and procedures used by courts to advance, monitor and control the progress of cases from initiation through final disposition.[११] मुद्दा प्रवाह व्यवस्थापनले-

- अदालती कारवाहीमा पारदर्शिता ल्याउँछ
- न्यायिक काम कारवाहीलाई पूर्वानुमानयोग्य (predictable) बनाउँछ
- न्यायिक प्रक्रियालाई गुणस्तरीय तुल्याउँछ
- मुद्दाको कारवाहीलाई समयगत मापदण्डमा आधारित तुल्याउँछ
- कारवाहीमा हुनसक्ने अनावश्यक ढिलाईलाई न्यूनीकरण गर्न मद्दत गर्छ ।

---

[९] Case flow Management is the court supervision of the case progress of all cases filed in that court- Case Flow Management Guide, p. 1, State Court Administrative Office, Michigan, 2003

[१०] Ibid

[११] Case Management Implementation Manual, P. 2, Prepared by Mark Segal, 2008.

- अदालती स्रोत र साधनको समुचित परिचालनमा जोड दिन्छ
- न्यायिक काम कारवाहीलाई जवाफेही र उत्तरदायित्वपूर्ण बनाउँछ ।

## २.२ मुद्दा प्रवाह व्यवस्थापनको अवधारणागत विकास

बेलायती दार्शनिक विलियम ग्ल्याडस्टोनले उन्नाइसौं शताब्दीमा भनेका थिए- "ढिलो न्याय दिनु न्यायको इन्कारी हो ।" वास्तवमा न्यायमा ढिलाई आज संसारभरका न्यायपालिकाले खेप्नु परेको आक्षेप हो । के विकसित के विकासोन्मुख सबै मुलुकमा न्यायिक ढिलाई प्रति उत्तिकै चासो र सरोकारहरु व्यक्त भएका पाइन्छन् । अमेरिका जस्तो विकासको उच्चतम शिखरमा पुगेको मुलुकका निम्ति पनि न्याय प्रणालीमा ढिलाई न्यूनिकरण प्रमुख चुनौतीको विषय बन्दै आएको छ । अमेरिकी न्यायिक सुधार अभियानका पिताका रुपमा मानिने रस्को पाउण्डले सन् १९०६ मा अमेरिकी बार एशोसियसनलाई सम्बोधन गर्ने क्रममा "न्याय प्रशासन प्रति जनअसन्तुष्टीका कारणहरु" विषयक प्रवचन दिंदै भनेका थिए - "आमजनधारणा अदालतहरु असक्षम छन् भन्ने रहेको छ ।"[१२] रस्को पाउण्डको अमेरिकी न्याय प्रणाली प्रति बिसौं शताब्दीको प्रारम्भतिर व्यक्त यो विचारले अमेरिकी मात्र होइन, अन्यत्रका न्याय प्रशासन प्रतिको जनधारणालाई समेत प्रतिविम्बित गर्दछ र केही अपवादात्मक अवस्थामा बाहेक यो स्थिति हालसम्म पनि कायमै रहेको छ । नोभाक र सोमरलटको निष्कर्ष छ - "A long standing criticism of American courts is that litigation takes too long and costs too much. Recent studies document the public's perception that high costs and excessive delays hinder access to the courts, result in unfair advantages to certain litigants, and interfere with the equal distribution of justice. This perception is not illusory. Congestion in our courts causes palpable injury to litigants, the public and the justice system itself.[१३]

नेपालमा मुद्दा फछ्र्यौटमा लाग्ने गरेको समयावधि र न्यायपालिका प्रतिको जनधारणालाई लिएर ठोस वैज्ञानिक अध्ययन भएको नपाइए पनि आम सञ्चारका माध्यम मार्फत प्रसार हुने गरेका प्रतिक्रिया र छिटपुट रुपमा भएका अनुसन्धान प्रतिवेदनहरुलाई आधार मान्दा नेपालको न्यायिक सेवाको स्थिति अझ थप गम्भीर चुनौतीहरुका बीच गुज्रीरहेको पाइन्छ ।

मुद्दा प्रवाह व्यवस्थापन न्यायिक ढिलाईलाई कम गरी छिटो छरितो र गुणस्तरीय सेवा प्रदान गर्ने उपायका रुपमा विकसित एउटा अवधारणा हो । यद्यपी न्यायिक सुधार प्रयासहरुको प्रारम्भ सन् १९०६ मा रस्को पाउण्डले अमेरिकी बार एशोसियसनलाई सम्बोधन गर्ने क्रममा दिएको प्रवचनबाट भएको मानिन्छ तर न्यायिक सुधारका लागि गरिएका विभिन्न प्रयासहरु मध्ये मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा सन् १९७० को दशकदेखि मात्र आत्मसात गरिएको पाइन्छ । अमेरिकी सन्दर्भलाई लिएर डेभिड सि. स्टिलमेन लेख्छन्- "The principles of case-flow management were first articulated and tested in the

---

[१२] David C. Steelman, Case-flow management, p. xii, National Center for State Courts, 2000.

[१३] R. Novak and D. Somerlot, Delay on Appeal : A Process for Identifying Causes and Cures, 1990.

1970s and 1980s.[१४] वास्तवमा १९७० को दशकसम्मको न्यायिक सुधारका प्रयासहरु अदालती संरचना, अदालती स्रोत र साधन तथा कार्यविधिगत नियमहरुको सुधार र परिमार्जनमा बढी केन्द्रित रहेको पाइन्छ । त्यतिवेला विश्वास के गरिएको थियो भने मुद्दाको गति (pace of litigation) ढिलो वा छिटो भन्ने कुरा अदालतलाई प्राप्त स्रोत र साधन तथा कार्यविधिगत नियमहरुले निर्धारण गर्दछन् । सन् १९७० को दशकपछि अदालत व्यवस्थापनले एउटा छुट्टै पेशाको रुपमा मान्यता प्राप्त गरेको मात्र होइन की मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा भित्र मुद्दाको दर्ता देखि फैसला सम्मका कारवाहीमा हुने प्रगतिका वास्तविक प्रक्रिया (The actual process of how cases progress from filling to disposition) लाई समेट्न थालियो ।

वास्तवमा मुद्दा प्रवाह व्यवस्थापन भित्र ती सबै कारवाहीहरु पर्दछन् जुन एउटा मुद्दाको दर्ता देखि फैसला नभएसम्मका बीचमा अपनाइने कारवाहीका विभिन्न अवस्थाहरुलाई अदालतले अनुगमन र नियन्त्रण गर्नुपर्दछ ता कि समय मै न्याय दिइएको कुराको सुनिश्चत गर्न सकियोस् । मुद्दा प्रवाह व्यवस्थापनको मुख्य उद्देश्य न्यायिक काम कारवाहीमा हुने ढिलाईलाई कम गर्नु हो । हामीले न्यायिक सुधारका जति प्रयासहरु गरे पनि जबसम्म अदालती काम कारवाहीमा हुने ढिलाईलाई न्युनिकरण गर्नसक्दैनौं र मुद्दाका पक्षहरुलाई समय मै न्याय पाएको अनुभूति दिलाउन सक्दैनौं तबसम्म ती सुधार प्रयासहरुको कुनै अर्थ रहँदैन । किनभने न्यायिक निकायको सक्षमता र प्रभावकारीता धेरै हदसम्म यो कति छिटो छरितो छ र चुस्त छ भन्ने कुरामा निर्भर रहेको हुन्छ । ढिलाई न्यूनिकरणको महत्वमा जोड दिंदै प्रा. Ernest Friesen भन्छन्- Justice is lost with the passage of time..... no matter how you look at it, whether it's civil or a criminal matter, delay undermines the very purposes of courts.

मुद्दा प्रवाह व्यवस्थापनको यही महत्वका कारण आजकल यसले समग्र अदालत व्यवस्थापनको केन्द्रीय विषयवस्तुका रुपमा मान्यता प्राप्त गरेको छ । मुद्दा प्रवाह व्यवस्थापनको पक्षलाई पर सारेर अदालत व्यवस्थापनको परिकल्पना गर्न सकिंदैन । हामीले अदालती संगठनका बारेमा त्यतिबेला मात्र पूर्णरुपमा बुझ्दछौं जतिवेला त्यहाँको मुद्दा प्रवाह व्यवस्थापनको बारेमा बुझ्न सक्दछौं । किनभने अदालतबाट प्रदान गरिने सेवाको स्तरीयता मुद्दाको कारवाही मार्फत अभिव्यक्त हुने हो र मुद्दा प्रवाह व्यवस्थापनले अदालतबाट प्रदान गरिने सेवाको यही पक्षमा जोड दिएको हुन्छ । फेरि एक पटक प्रा. Ernest Friesen को शब्दमा - "We study caseflow management because caseflow management is the way get rid of the waiting time, (by) which we control delay, (and by) which we enhance the purposes of courts. Caseflow management is what we're about in controling delay."

### २.३ मुद्दा प्रवाह व्यवस्थापन सम्बन्धी प्रचलित कानूनी व्यवस्था

मुद्दा प्रवाह व्यवस्थापन अन्तर्गत मुद्दाको दर्तादेखि फैसला नहुँदा सम्मका बीचमा अपनाइने कारवाहीको विभिन्न चरणमा गरिने प्रगतिलाई बुझिन्छ । त्यसैले मुद्दाको कारवाहीको गति कुन ढङ्गमा अगाडि बढीरहेको छ र प्रक्रिया कति व्यवस्थित छ भन्ने कुराले मुद्दा प्रवाह

---

[१४] Supra note 12

व्यवस्थापनको प्रभावकारीतालाई इङ्गित गरेको हुन्छ । मुद्दा प्रवाह व्यवस्थापन प्रभावकारी हुनु भनेको अर्को अर्थमा अदालतको जवाफदेहिता र उत्तरदायित्वमा वृद्धि हुनु हो । यसबाट न्यायको गुणस्तरीयतामा पनि वृद्धि हुनुको साथै न्यायिक काम कारवाहीहरु पूर्वानुमान योग्य तुल्याउन मद्दत गर्दछ । यसले न्यायिक कामकारवाहीलाई अर्काले धकेल्दा मात्र धकेलिने प्रक्रियाको रुपमा नभई आन्तरिक रुपमा स्वचालित हुने स्वभाविक पद्धतिको स्थापनामा जोड दिन्छ ।

मुद्दा प्रवाह व्यवस्थापनका सन्दर्भमा नेपालमा निश्चित पद्धतिको विकास भइसकेको छैन । तर यसो भन्दैमा यस सम्बन्धी कुनै कानूनी प्रावधान नै नभएको पनि होइन । मुद्दाको दर्तादेखि फैसला नहुँदा सम्मको बीचमा अपनाइने विभिन्न कारवाहीहरुका निम्ति कानूनले निश्चित समय सीमा तोकेको छ । कस्तो कार्यविधि अपनाइने मुद्दा हो र कुन तह (शुरु वा पुनरावेदन) को अदालतमा दायर हुने मुद्दा हो भन्ने आधारमा ती मुद्दाको कारवाहीमा लागू हुने समयसीमा सम्बन्धी कानूनी व्यवस्थाहरु फरक छन् । प्रस्तुत अध्ययन शुरु तह (जिल्ला अदालत) को क्षेत्राधिकार अन्तर्गत दायर हुने मुद्दाहरुका सन्दर्भमा गरिने हुँदा तिनै मुद्दासँग सम्बन्धित कानूनी व्यवस्थाहरु यहाँ उल्लेख गरिएकोछः-

- अड्डाले कानून बमोजिम आफूले गर्नुपर्ने काम कारवाही तोकिएको समयमा गर्नुपर्छ, ढिलो गर्न हुँदैन

  \- अ.वं. १३ नं.

- शुरु मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एकवर्ष भित्र फैसला गर्नुपर्छ

  \- अ.व. १४ नं.

- तोकिएको म्यादमा फैसला गर्न अड्कने मनासिव माफिकको कारण परी आएमा अड्काउको व्यहोरा लेखी आफ्नो पुनरावेदन सुन्ने अड्डामा म्याद भित्रै जाहेर गर्नुपर्छ । त्यस्तो जाहेरी आएमा सो माथिल्लो तहबाट जाँच्दा पनि अड्काउ मनासिव ठहरे मनासिव माफिकको म्याद थप दिइ फैसला गर्न लाउनुपर्छ

  \- अ.व. १५ नं.

- पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतमा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको थाहा पाएमा आवश्यकता अनुसार बुझी म्याद नघाएको देखिए कानून बमोजिम गर्नु गर्न लाउनु पर्छ

  \- अ.व. १७ नं.

- फिरादपत्र दर्ता भएपछि प्रतिवादीले पाउने दिन ३० र बाटाका म्याद समेत अन्जाम गरी बादीलाई भरसक प्रतिवादी पर्ने दिनको तारेख तोक्ने, तारेख मिलेन भने पनि प्रतिवादी हाजिर भएपछि दुबैथरीलाई एकैदिनको मिलान हुनेगरी तोक्नुपर्छ

  \- अ.व. ५१ नं.

○ मुद्दामा झगडियाले म्याद तारेख गुजारेमा पनि थमाई पाउने म्यादसम्म फैसला गर्न हुँदैन

- अ.व. ५५ नं.

○ कुनै मुद्दामा आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा म्याद तारिख गुज्रेमा एकैपटक वा तीन पटकसम्म गरी बढीमा ३० दिनसम्मको गुज्रेको म्याद तारिख थामिन सक्दछ

- अ.व. ५९ नं.

○ अ.वं ६२ र १७५ नं बमोजिम थामिने कुरामा सोही नम्बरमा लेखिए बमोजिम हुन्छ

- अ.व. ५९ नं.

○ म्याद र तारिख गुजारेको पटक हिसाव गर्दा म्याद र तारिखको छुट्टाछुट्टै हिसाव गर्नुपर्छ

- अ.वं. ६० नं.

○ ऐनले झिकाउनुपर्ने झगडिया र प्रमाणको मानिसलाई झिकाउनु पर्दा आफ्नै अड्डाबाट तामेल गराउनु पर्नेमा १० दिनभित्र जारी गरी तामेल समेत गरी र अरु अड्डाबाट तामेल गराउनु पर्नेमा ३ दिन भित्र पठाइसक्नुपर्छ

- अ.व. ९३ नं.

○ वारेण्ट जारी हुने मुद्दामा ७ दिने वारेण्ट र ७० दिने म्याद पुर्जी तथा अरु मुद्दामा बाटाका म्याद बाहेक ३० दिनको म्याद दिई समाह्वान वा इतलायनामा जारी गर्नुपर्छ

- अ.वं ९४ नं.

○ बाटाका म्यादको हिसाव गर्दा यातायात सेवा चलेको ठाउँमा वास्तविक लागेको दिन र नचलेको ठाउँमा ४ कोशको १ दिनका दरले हिसाव गर्नुपर्छ

- अ.व. ९५ नं.

○ थुनामा राखिएको कुनै अभियुक्तको हकमा प्रमाण बुझ्न पहिलो पटक तोकिएको तारिखको मितिले १ वर्षभित्र मुद्दाको किनारा नभएमा त्यस्तो अभियुक्तलाई धरौट वा जमानत लिई थुनाबाट छोडी कारवाही गर्नुपर्छ

- अ.वं. १२३ नं.

○ प्रमाण बुझ्नलाई प्रतिउत्तर परेको वा पर्ने अवस्था गुज्रेको मितिले ७ दिनदेखि बढ्ता मनासिव माफिकको कारणले बाहेक ढिला गर्न हुँदैन

- अ.व. १४० नं.

- अड्डाले बुझ्नुपर्ने ठहराएको प्रमाण बुझीसकेपछि छलफल गर्न तारेख तोकिएकोमा सो तारिखको दिन दुबैथरीलाई राखी छलफल गराई उसैदिन फैसला गर्नुपर्छ

  - अ.व. १८५ नं.

- फैसला भईसकेपछि मनासिव कारणले बाहेक फैसला लेख्न ७ दिन भन्दा बढी ढिला गर्न हुँदैन

  - अ.वं. १८५ नं.

- मुद्दामा प्रमाण बुझ्ने कार्यविधि पूरा भइसकेकोमा पक्षले तारिखमा बस्न नचाहेमा पछि सूचना पाएका बखत हाजिर हुनेगरी तारिख छुटाइदिनुपर्छ

  - अ.व. १८५ नं.

- फिरादपत्र दर्ता भएपछि प्रतिवादीलाई समाह्वान वा इतलायनामा पठाउने आदेश उसैदिन गरी म्याद तामेल गराउनका लागि तीन दिन भित्र सम्बन्धित फाँटमा पठाउनुपर्छ

  - जिल्ला अदालत नियमावली, २०५२ को नियम २२(१)

- म्याद तामेल गर्ने कर्मचारीले सो म्याद तामेल गर्न बुझिलिएको मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र तामेल गरी तामेली प्रतिवेदन पेश गर्नुपर्छ

  - ऐ.ऐ. नियम २२(२)

- वादी प्रतिवादीलाई तारिख तोक्दा सो तोकिएको तारिखको दिन गरिने कामको व्यहोरा खुलाई मिति र समय उल्लेख गरी तारिख तोक्नुपर्छ

  - ऐ.ऐ. नियम २३ ख(१)

- मुद्दाको बहस सुनुवाईको प्रारम्भमा इजलासले त्यस मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरुमा सिमित रही बहस गर्न दुबैपक्षका कानून व्यवसायीलाई निर्देशन दिन सक्नेछ

  - ऐ.ऐ. नियम ३३(१)

- मुद्दाको प्रकृति र विषयवस्तु हेरी इजलाशले बहसको समय तोक्न सक्नेछ । यसरी समय तोकिएकोमा तोकिएको समयभित्र सीमित भई कानून व्यवसायीले बहस गर्नुपर्नेछ

  - ऐ.ऐ. नियम ३३(२)

- दैनिक पेशी सूचीमा चढेको कुनै पनि मुद्दा तारिख गुजारी थाम्न पाउने म्याद बाँकी भएको भन्ने समेत कुनै कारणले पनि सो सूचीबाट हटाइने छैन र पक्ष, वारिस वा कानून व्यवसायी हाजिर नभए पनि मुद्दा स्थगित हुनेछैन

  - ऐ.ऐ. नियम ३५(१)

- अदालतलाई विश्वास हुने कुनै मनासिब कारण देखाई पक्ष वा कानून व्यवसायीले निवेदनपत्र दिएमा अदालतले बढीमा २ पटकसम्म मुद्दाको सुनुवाई स्थगित गर्न सक्नेछ

  - ऐ.ऐ. नियम ३५ (२)

- प्राथमिकता प्राप्त मुद्दा, एकैपक्षको एकभन्दा बढी कानून व्यवसायी रहेको मुद्दा, हेर्दाहेर्दैको मुद्दा, दुईपटक पेशी स्थगित भइसकेको मुद्दा र प्रचलित कानून बमोजिम फैसला गर्नुपर्ने समयावधि नाघेको मुद्दाको सुनुवाई स्थगित हुन सक्नेछैन

  - ऐ.ऐ. नियम ३५(३)

- मुद्दाको सुनुवाई गर्दा सम्बन्धित पक्षको भनाई र कानून व्यवसायीहरुको बहस समाप्त भएपछि इजलाशबाट सोही दिन निर्णय सुनाउनुपर्नेछ

  - ऐ.ऐ. नियम ४६(१)

- पहिलो पटक इजलाशमा मुद्दा पेश भएको अवस्थामा थप प्रमाण बुझ्नी रहनुपर्ने नदेखिएमा सोही पेशी कै दिन मुद्दा किनारा गर्न सकिने छ

  - ऐ.ऐ. नियम ४६(क)

- कुनै मुद्दा अदालतमा दर्ता भए पछि सो मुद्दामा विभिन्न कारवाहीका लागि लाग्ने समयको अन्दाज गरी मुद्दैपिच्छे कार्यतालिका निर्धारण गरी मिसिल सामेल राख्नुपर्दछ

  - ऐ.ऐ. नियम ८५(ख)

- न्यायाधीश वा स्रेष्तेदारले वर्षमा कम्तिमा २ पटक मिसिलको आन्तरिक निरिक्षण गर्नुपर्नेछ
  - ऐ.ऐ. नियम ९३(ख)

- कुनै मुद्दा मेलमिलाप गराउन उपयुक्त देखिएमा एकै पटक वा पटक-पटक गरी बढीमा ३ महिनासम्मको समय प्रदान गरी मेलमिलापमा पठाउन सकिनेछ

  - ऐ.ऐ. निमय ३२(ग)

## २.४ मुद्दा प्रवाह स्थितिको विश्लेषणका लागि पहिचान गरिएका कारवाहीका चरणहरु

मुद्दा प्रवाह व्यवस्थापन भन्नाले एउटा मुद्दा दर्ता भएपछि उक्त मुद्दालाई फैसला हुने अवस्थासम्म पुऱ्याउन अपनाइनुपर्ने कारवाहीका सम्पूर्ण अवस्थालाई बुझिन्छ। कसैकसैले मुद्दा प्रवाह व्यवस्थापनको अवधारणाभित्र फैसला भइसकेपछि गरिने कार्यान्वयनको चरणलाई पनि समावेश गर्ने गरेको पाइन्छ तर कतिपय अवस्थामा कार्यान्वयनको कारवाही अदालतको आफ्नो नियन्त्रणमा मात्र नरहने स्थितिले गर्दा धेरैले फैसला सम्मको अवस्थालाई मात्र मुद्दा प्रवाह व्यवस्थापनको परिभाषाभित्र समेट्ने गरेको पाइन्छ । प्रस्तुत अध्ययन पनि मुद्दा प्रवाह व्यवस्थापनको यही परिभाषामा आधारित रहेर गरिएको छ ।

कानूनलाई सारवान कानून र कार्यविधि कानून गरी दुई किसिमबाट विभाजन गर्ने सर्वमान्य प्रचलन रही आएको छ। सारवान कानून नागरिकहरुको हक अधिकारको व्यवस्था गर्ने कानून हो । कसैलाई कुनै विषयमा हक अधिकार प्राप्त छ वा छैन र कति अधिकार प्राप्त छ भन्ने कुरा सारवान कानूनको विषय हो । कार्यविधि कानून उपचारको प्रक्रियासँग सम्बन्धित कानून

हो । सारवान कानूनद्वारा प्रदान गरिएका हक अधिकारहरु कसैले हनन् गरेमा त्यस्ता अधिकारहरु सम्बन्धित व्यक्तिलाई पुनर्स्थापन गराइदिन निश्चित प्रक्रिया र कार्यविधिको अवलम्बन गर्नुपर्ने हुन्छ । प्रक्रिया र कार्यविधिको यो विषय कार्यविधि कानूनसँग सम्बन्धित छ । त्यसैले कार्यविधि कानूनलाई कारवाहीको कानून (law of Actions) पनि भनिन्छ । मुद्दा प्रवाह व्यवस्थापन कार्यविधि कानूनको सही प्रयोगको पक्षसँग सम्बन्धित छ । त्यसैले सारवान कानूनको प्रयोग सही ढङ्गमा भयो वा भएन अथवा मुद्दामा सही इन्साफ पऱ्यो वा परेन भन्ने विषय मुद्दा प्रवाह अध्ययनको विषय हुँदैन तर पनि कार्यविधि कानूनको प्रयोग सही ढङ्गबाट भयो भने त्यसले सारवान कानूनको सही प्रयोग गराउन सहज प्रदान गर्दछ भन्ने मान्यताका सन्दर्भमा मुद्दा प्रवाह अध्ययनको महत्व प्रष्ट हुन्छ । सही मुद्दा प्रवाह व्यवस्थापनले न्यायको गुणस्तरियता वृद्धि गराउन मद्दत गर्छ भनेर भनिएको पनि यसै कारणले हो ।

कार्यविधि कानूनका सामान्यतया पाँचवटा चरणहरु हुन्छन्-

क) समाह्वान

ख) अभिवचन

ग) प्रमाण

घ) निर्णय र

ङ) कार्यान्वयन

न्यायिक प्रक्रियामा समाह्वानको उद्देश्य मुद्दाको विषयवस्तुसँग सरोकार राख्ने सबै पक्षलाई उपस्थित हुने मौका प्रदान गर्नु हो । अभिवचनको चरणमा पक्षहरुलाई मुद्दाको विषयवस्तुसँग सम्बन्धित विवादित तथ्य र कानूनको विषयमा आफ्नो भनाइ राख्ने मौका दिइन्छ । प्रमाण एक किसिमको कारवाही हो जसमा पक्षहरुले आ-आफ्नो दावी, भनाइ र अडानहरु प्रमाणित गर्न आफुसँग भएका आधार, बुँदा र सूचनाहरु प्रस्तुत गर्दछन् । निर्णयले स्वाभाविक रुपमा फैसलालाई जनाउँछ । फैसला मुद्दाको कारवाहीमा अदालती निष्कर्ष हो जुन यो भन्दा अगाडिका चरणमा प्रस्तुत गरिएका दावी र भनाई एवं बुझिएका प्रमाणहरुको न्यायिक मूल्याङ्कनमा आधारित हुन्छ । कार्यान्वयनले अदालतबाट भएको फैसलाको सही कार्यान्वयनलाई बुझाउँछ । हुन पनि जबसम्म फैसलाले पाउने ठहरेको कुरा सम्बन्धित पक्षले पाउँदैन तबसम्म उसले सही अर्थमा न्याय पाएको अनुभूति गर्नसक्दैन । मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा भित्र माथि भनिए जस्तै कसैकसैले कार्यान्वयनको कारवाहीलाई पनि समेटेको अवस्था पाइने भए पनि प्रस्तुत अध्ययनमा कार्यान्वयनको कारवाहीलाई समेटिएको छैन । यस दृष्टिले प्रस्तुत अध्ययनमा कार्यविधि कानूनका पाँचमध्ये चारवटा चरणहरुलाई समेटिएको पाउन सकिन्छ ।

सामान्यतया हरेक मुद्दाको कारवाहीमा कार्यविधि कानूनका यी सबै चरणहरु प्रयोगमा आउने गर्दछन् । यसैले मुद्दा प्रवाह स्थितिको विश्लेषणका लागि पनि यिनै कारवाहीका चरणहरुलाई आधार मान्नु बढी औचित्यपूर्ण हुने ठानिएको छ । तर मुद्दा प्रवाहका हिसावले कार्यविधि कानूनको एउटा चरण भित्रै पनि विभिन्न कारवाहीहरु हुने हुनाले मुद्दा प्रवाह स्थिति विश्लेषणलाई बढी वोधगम्य र यथार्थपरक बनाउने उद्देश्यले प्रस्तुत अध्ययनमा कारवाहीका निम्न चरणहरुलाई आधार बनाइएको छ-

१) म्याद जारी तथा म्याद तामेलीको स्थिति

२) प्रतिउत्तर दर्ता एवं प्रतिवादीको उपस्थिति

३) प्रमाण मुकरर पेशी (प्रारम्भिक सुनुवाइ)

४) प्रमाण बुझ्ने आदेश र सो को कार्यान्वयन

५) फैसला हुनका लागि पेशी चढेको विवरण र फैसला

यी माथि उल्लिखित चरणहरुका अतिरिक्त मुद्दा प्रवाह व्यवस्थापनमा प्रभाव पार्ने अन्य पक्षहरुलाई पनि प्रस्तुत अध्ययनमा समेटिएको छ । अध्ययनमा समेटिएका ती अन्य पक्षहरु निम्नानुसार छन्-

१) कानून व्यवसायीको प्रतिनिधित्व

२) वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व

३) कानून व्यवसायीहरुबाट पेशी स्थगित गराएको विवरण

४) मुद्दाको आन्तरिक निरिक्षण

५) मुद्दाको कार्यतालिकाको निर्माण

६) मुल्तवी

७) अ.वं. १७ नं. बमोजिमको निवेदन

८) तायदाती फाराम

९) तारेख तोक्नुको कारण र उपस्थिति

१०) समयावधि भित्र फैसला नभएको विवरण र माथिल्लो अदालतको अनुमति

# ३
## परिच्छेद

# मुद्दा प्रवाह स्थितिको विश्लेषण

### ३.१ म्याद जारी तथा म्याद तामेलीको स्थिति

कुनै पनि मुद्दाको प्रारम्भ फिरादपत्र[१५]को दर्ताबाट हुन्छ । फिरादपत्र दर्ता भएपछि मात्र कुनै पनि मुद्दामा अदालतको संलग्नता कायम हुन आउँछ । मुद्दा प्रवाह स्थितिको अध्ययन गर्दा फिरादपत्र दर्ता भएपछि उक्त मुद्दामा अवलम्बन गर्नुपर्ने अन्य कार्यविधिहरु पूरा गर्नका लागि अदालतले अपनाएको सक्रियताको स्थितिलाई आधार बनाइन्छ । फिरादपत्र दर्ता भएपछि सो मुद्दामा अपनाइने पहिलो कारबाहीको रुपमा अदालतबाट फिरादपत्रमा विपक्षी बनाइएका प्रतिवादीलाई म्याद[१६] जारी गरी तामेल गरिन्छ । प्रतिवादीको नाममा म्याद जारी गर्नुको मुख्य उद्देश्य निज उपर लागेको आरोपका बारेमा जानकारी गराउनु र सो सम्बन्धमा निजलाई सफाइको मौका दिनु हो । न्यायिक प्रक्रियाको सो कारवाही सबै पक्षलाई सुनुवाइको मौका दिइनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तमा आधारित छ । कसैलाई सुनुवाइको मौका नदिई एकतर्फी कारवाही गरिन्छ भने फैसला जतिसुकै न्यायपूर्ण किन नहोस् प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरेको भन्ने आधारमा त्यस्तो फैसला बदरभागी हुन्छ । त्यसैले कसैका नाउँमा फिरादपत्र दर्ता हुन्छ भने फिरादपत्रमा विपक्षी बनाइएका प्रतिवादीलाई म्याद जारी गरी पठाउनु अनिवार्य हुन्छ ।

यस सम्बन्धी प्रचलित नेपाल कानूनलाई हेर्दा फिरादपत्र दर्ता भएपछि बाटाका म्याद बाहेक ३० दिनको म्याद दिई फौजदारी मुद्दा भए समाह्वान र देवानी मुद्दा भए इतलायनामा जारी गर्नुपर्ने व्यवस्था छ ।[१७] यसैगरी वारेण्ट जारी हुने मुद्दा भए ७ दिने वारेण्ट र ७० दिने म्यादी

---

[१५] फिरादपत्र भन्नाले कसैले कसैलाई अन्याय गरेमा यो यति सजायँ गरीपाउँ वा निजबाट यो यति दिलाई भराई पाउँ भनी अदालतमा दायर गरिने नालेसलाई बुझिन्छ । संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दामा उजुरी र सरकारवादी हुने फौजदारी मुद्दामा अभियोगपत्र शब्दावली प्रयोग हुने गरेको छ ।

[१६] जसको नाउँमा फिराद परेको हो उसलाई सो मुद्दाको सम्बन्धमा आफ्नो भनाई राख्न आउनु भनी अदालतबाट पठाइने सूचना । यस्तो सूचनालाई फौजदारी मुद्दामा समाह्वान र देवानी मुद्दामा इतलायनामा भनिन्छ ।

[१७] मु.ऐ.अ.व. ९४ नं.

पूर्जी जारी गर्नुपर्ने व्यवस्था छ ।[१८] यस्तो समाह्वान, इतलायनामा, वारेण्ट वा म्यादी पूर्जी पठाउनु पर्दा स्रेस्तेदारले फिरादपत्र दर्ता भएको दिन आदेश गरी म्याद तामेल गराउनका लागि ३ दिन भित्र सम्बन्धित फाँटमा पठाउनुपर्छ ।[१९] म्याद तामेल गर्ने कर्मचारीले पनि सो म्याद तामेल गर्न बुझी लिएको मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र तामेल गरी तामेली प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ ।[२०] यिनै कानूनी व्यवस्थाको सन्दर्भमा उपत्यकाका ३ वटा जिल्ला अदालतहरुमा म्याद जारी गर्न र तामेल हुन लाग्ने गरेको समयावधिलाई प्रस्तुत अध्ययनमा समेटिएको थियो ।

यस अतिरिक्त तामेल भएका म्याद बदर भए नभएको विवरण, बदर भएकोमा बदर भएको पटकको विवरण, बदर हुनुको कारण, पुनः म्याद जारी गर्नुपरेकोमा त्यसरी जारी गर्नुपरेको कारण, लागेको थप अवधि तथा अभियोगपत्रसाथ प्रतिवादी उपस्थित गराए नगराएको आदि पक्षहरुमा पनि अध्ययनलाई केन्द्रित गराइएको थियो । यी विवरणहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ-

### ३.१.१ प्रतिवादीका नाममा म्याद जारी गर्न लागेको अवधि

फिरादपत्र तथा अभियोगपत्र दर्ता भएपछि प्रतिवादीका नाममा म्याद जारी गर्ने आदेश उसै दिन गरी ३ दिन भित्र सम्बन्धित फाँटमा बुझाउनुपर्ने कानूनी व्यवस्था रहेको विषयमा माथि प्रकाश पारी सकिएको छ । कानूनले यसरी ३ दिनभित्र म्याद जारी गर्न निर्देश गरी राखेको परिप्रेक्ष्यमा हाल जिल्ला अदालतहरुमा प्रतिवादीका नाममा ३ दिनभित्र म्याद जारी हुन सकेको छ वा छैन भन्ने विषयलाई प्रस्तुत अध्ययनमा समेटिएको थियो । म्याद जारी गर्न लागेको समयावधिको विवरण देहायको तालिकामा देखाइएको छ-

**तालिका नं. १**

**प्रतिवादीको नाममा म्याद जारी गर्न लागेको अवधिको विवरण**

| जिल्ला | मुद्दा संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ३ दिन भित्र | | ४-७ दिन | | ८-१५ दिन | | १५दिन भन्दा बढी | |
| काजिअ | ७९४ | ३१० | ३९% | १०५ | १४% | १८५ | २३% | १९४ | २४% |
| लपुजिअ | २९० | १७३ | ६०% | ५७ | २०% | ५१ | १७% | ९ | ३% |
| भपुजिअ | १७१ | १३० | ७६% | २४ | १४% | १५ | ९% | २ | १% |
| **जम्मा** | **१२५५**[२१] | **६१३** | **४९%** | **१८६** | **१५%** | **२५१** | **२०%** | **२०५** | **१६%** |

उपर्युक्त तालिकामा उल्लेख भए अनुसार अध्ययनमा परेका मुद्दाहरु मध्ये जम्मा १२५५ थान मुद्दाहरुमा प्रतिवादीका नाममा म्याद जारी गर्नुपर्ने स्थिति रहेकोमा ३ दिनभित्र म्याद जारी

[१८] ऐ.ऐ.

[१९] जिल्ला अदालत नियमावली, २०५२ को नियम २२(१)

[२०] ऐ नियम २२(२)

[२१] अध्ययनमा समेटिएका जम्मा १४९७ थान मुद्दाहरुमध्ये २४२ थान सरकारवादी फौजदारी मुद्दाहरुमा प्रतिवादीहरुलाई अभियोगपत्रसाथै उपस्थित गराइएको हुँदा निजहरुको हकमा म्याद जारी गर्न नपरेको कारण प्रस्तुत तालिकामा प्रतिवादीका नाममा म्याद जारी गरिएका जम्मा १२५५ थान मुद्दाहरु मात्र उल्लेख गरिएका छन् ।

भएका मुद्दाहरु ६१३ थान अर्थात ४९% मात्र रहेको छ । मुद्दा दर्ता भएको मितिले ३ दिनभित्र म्याद जारी गर्नुपर्ने जिल्ला अदालत नियमावली, २०५२ को नियम २२(१) को व्यवस्थालाई आधार भन्दा ५०% भन्दा बढी मुद्दामा नियमले तोकेको अवधिभित्र म्याद जारी हुन नसकेको देखिन्छ । मिति २०६२।२।१० मा दर्ता भएको एउटा मुद्दामा त म्याद जारी गर्न ६ महिनाभन्दा बढी लागेको पनि देखिएको छ ।[२२]

जिल्लागत आधारमा हेर्दा नियमले तोकेको अवधि भित्र म्याद जारी गरेको हिसावले सबैभन्दा राम्रो स्थिति भक्तपुर जिल्ला अदालतको देखिएको छ भने काठमाण्डौ जिल्ला अदालतको स्थिति तुलनात्मक रुपले पछाडि छ । भक्तपुर जिल्ला अदालतमा ७६% मुद्दामा ३ दिनभित्रै म्याद जारी भएको स्थिति देखिएको छ भने ललितपुर जिल्ला अदालत र काठमाण्डौ जिल्ला अदालतमा ३ दिनभित्र म्याद जारी भएकोसंख्या क्रमश ६० र ३९% रहेको छ । काठमाण्डौ जिल्ला अदालतमा २४% मुद्दामा म्याद जारी हुन १५ दिनभन्दा बढी लागेको अवस्था देखिन्छ ।

### ३.१.२ प्रतिवादीका नाममा म्याद तामेल गर्न लागेको अवधि

मुद्दाको कारवाहीमा प्रतिवादीका नाममा म्याद जारी गर्ने कार्य सम्पन्न भएपछि म्याद तामेल गर्ने कार्य गरिन्छ । म्याद तामेलीको कार्यका लागि हरेक अदालतमा तामेलदार कर्मचारीहरु रहेका हुन्छन् । नियमानुसार म्याद तामेल गर्ने कर्मचारीले आफुले म्याद बुझेपछि बाटाका म्याद बाहेक १५ दिनभित्र तामेल गरिसक्नुपर्ने व्यवस्था छ । यही व्यवस्थाको परिप्रेक्ष्यमा जिल्ला अदालतहरुमा म्याद तामेलीको स्थितिलाई अध्ययन गरिएको थियो । अध्ययनबाट देखिए अनुसार प्रतिवादीका नाममा म्याद तामेल गर्न लागेको अवधिको विवरण देहायको तालिकामा देखाइएको छ-

**तालिका नं. २**

**प्रतिवादीका नाममा म्याद तामेल गर्न लागेको अवधिको विवरण**


| जिल्ला | मुद्दा संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५ दिन सम्म | | १ महिना सम्म | | २ महिना सम्म | | २ महिना भन्दा बढी | |
| काजिअ | ७९४ | १५९ | २१% | १७५ | २३% | २३० | २८% | २३० | २८% |
| लपुजिअ | २९० | ५८ | २०% | ६१ | २१% | ७९ | २७% | ९२ | ३२% |
| भपुजिअ | १७१ | १८ | ११% | ३६ | २२% | ५६ | ३२% | ६१ | ३५% |
| **जम्मा** | **१२५५** | **२३५** | **१९%** | **२७२** | **२१%** | **३६५** | **२९%** | **३८३** | **३१%** |

उपर्युक्त तालिकालाई अध्ययन गर्दा अध्ययन गरिएका जम्मा १४९७ थान मुद्दा मध्ये जम्मा १२५५ थान मुद्दामा म्याद जारी गरिएकोमा २३५ थान अर्थात १९% मुद्दामा १५ दिनभित्र म्याद तामेल हुन सकेको देखिन्छ । म्याद तामेल गर्नका लागि तामेलदार कर्मचारीले म्याद बुझी लिएको १५ दिनभित्र म्याद तामेल गर्नुपर्ने व्यवस्था रहेको सन्दर्भमा सो व्यवस्थासँग तुलना गर्दा ८०% भन्दा बढी मुद्दामा म्याद तामेल हुन १५ दिन भन्दा बढी लागेको स्थिति देखिन्छ । त्यसो त एउटै मुद्दामा एक भन्दा बढी प्रतिवादीहरु हुनसक्ने हुँदा प्रस्तुत तालिकामा

[२२] सीता कार्की समेत वि. उदय बहादुर कार्की भएको २०६२ सालको मु. नं. १०७६ को जालसाजी मुद्दा, काठमाण्डौ जिल्ला अदालत, मिति २०६२।२।१० मा फिरादपत्र दर्ता भएकोमा मिति २०६२।८।२६ मा मात्र म्याद जारी गरिएको पाइएको छ ।

प्रतिवादीहरु मध्ये सबैलाई म्याद तामेल भईसकेको मुद्दालाई आधार मानेर यो तथ्याङ्क राखिएको छ । म्याद तामेल भएका जम्मा मुद्दामध्ये ३८३ थान अर्थात ३१% मुद्दामा म्याद तामेल हुन २ महिनाभन्दा बढी अवधि लागेको अवस्था देखिन्छ ।[२३] बेइलाकाको अड्डा मार्फत म्याद तामेल गर्नुपर्दा बढी समय लाग्नु स्वाभाविक हुन जान्छ ।[२४] तर आफ्नै अड्डाबाट तामेल गर्नुपर्नेमा पनि लामो समय लागेको अवस्थालाई भने सन्तोषजनक मान्न सकिँदैन ।

जिल्लागत आधारमा हेर्दा म्याद तामेल गर्न लागेको अवधिका हिसावले अध्ययन गरिएका तीनवटै जिल्ला अदालतहरुमा स्थिति करिव समान जस्तो देखिएको छ । तोकिएको म्यादभित्र म्याद तामेली गरिएको संख्या भक्तपुर जिल्ला अदालतमा जम्मा ११% रहेको तुलनामा काठमाण्डौ जिल्ला अदालतमा २१% रहेकाले केही राम्रो स्थिति देखिएको छ तर त्यही अदालतमा पनि २८% मुद्दामा २ महिनाभन्दा बढी अवधि लागेको देखिएको छ । ललितपुर जिल्ला अदालतको स्थिति काठमाण्डौ जिल्ला अदालत सरह समान रहेको छ । म्याद तामेल गर्दा लागेको अवधिलाई तलको चार्टमा देखाइएको छ ।




### ३.१.३ म्याद बदर भए नभएको विवरण

अदालतबाट जारी हुने म्याद सम्बन्धित व्यक्तिले प्राप्त गरेको सुनिश्चितता गर्न सकियोस् भन्ने उद्देश्यले म्याद तामेल गर्दा अपनाउनुपर्ने कार्यविधिका बारेमा कानूनले नै स्पष्ट व्यवस्था गरेको पाइन्छ । जस्तो म्याद तामेल गर्दा सम्बन्धित व्यक्ति चिने जहाँ फेला परे पनि बुझाउन हुने व्यवस्था छ भने सम्बन्धित व्यक्ति फेला नपरे वा नचिने निजको ठेगानामा गई बुझी घर डेरा पत्ता लगाई मानिस चिनी सम्बन्धित व्यक्ति भेट भए निजैलाई, निज भेट नभए

[२३] आशमाया साहु वि. कृष्णबहादुर साहु, २०६२ सालको मु.नं. ४१६, भक्तपुर जिल्ला अदालत, मुद्दाः जालसाजीमा मिति २०६३।८।२० मा म्याद जारी भएकोमा करिव ७ महिनापछि मिति २०६४।३।१५ मा मात्र म्याद तामेल भएको पाइन्छ ।

[२४] सानुकान्छा खत्री वि. राजेन्द्रनाथ पन्त समेत भएको ०६३ सालको मु. नं. ५६३२, काठमाण्डौ जिल्ला अदालतको लिखत बदर मुद्दामा काठमाण्डौ जिल्ला अदालतबाट म्याद तामेलीका लागि मिति २०६३।१२।७ मा धादिङ जिल्ला अदालतमा पठाइएकोमा ८ महिनापछि मिति २०६४।८।८ मा मात्र म्याद तामेल हुन सकेको पाइन्छ ।

एकाघरका उमेर पुगेका कसैलाई दिई र निजहरु पनि भेट भएन वा भए पनि बुझी लिएन भने उसको घर डेराको ढोकामा टाँसी तामेल गर्नुपर्ने व्यवस्था छ ।[२५] यसरी तामेल गर्दा स्थानीय निकायका सचिव र अरु दुइजना भलाद्मी रोहवरमा राख्नुपर्ने व्यवस्था समेत कानूनले गरेको छ ।[२६] अक्सर मुद्दाको कारवाहीमा ढिला हुनुमा म्याद रितपूर्वक तामेल नहुनु र पुनः म्याद जारी गर्दा बढी समय लाग्ने गरेको विषयलाई उल्लेख गर्ने गरिन्छ । त्यसैले म्याद बदर हुने संख्या कति हुँदो रहेछ भन्ने कुरा पनि प्रस्तुत अध्ययनमा चासोको विषय रहेको थियो । तामेली म्याद बदर भए नभएको विवरण देहायको तालिकामा देखाइएको छ-

**तालिका नं. ३**
**तामेली म्याद बदर भए नभएको विवरण**

| जिल्ला | मुद्दा संख्या | बदर भएको | | बदर नभएको | |
|---|---|---|---|---|---|
| काजिअ | ७९४ | १०४ | १४% | ६९० | ८६% |
| लपुजिअ | २९० | २७ | ९% | २६३ | ९१% |
| भपुजिअ | १७१ | २५ | १५% | १४६ | ८५% |
| **जम्मा** | **१२५५** | **१५६** | **१२%** | **१०९९** | **८८%** |

नोट- अध्ययन गरिएका जम्मा १४९७ थान मुद्दा मध्ये १२५५ थान मुद्दामा मात्र म्याद जारी गरिएको स्थिति हुँदा सोही संख्यालाई आधार मानिएको ।

प्रस्तुत तालिकाबाट म्याद तामेल भएका जम्मा मुद्दा संख्या १२५५ मध्ये १५६ थान अर्थात १२% मुद्दामा मात्र तामेली म्याद बदर भएको पाइन्छ । यसमा धेरै प्रतिवादी भएका मुद्दामा एउटा प्रतिवादीका हकमा मात्र बदर भएको स्थिति पनि समावेश गरिएको हुँदा वास्तविक प्रतिवादीको नाउँको म्याद बदर संख्याको अनुपातमा मुद्दा संख्या केही बढी देखिएको हुनसक्दछ ।

जिल्लागत दृष्टिकोणबाट विश्लेषण गर्दा काठमाण्डौ जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतमा केही बढी मुद्दा (क्रमशः १४ र १५%) मा म्याद बदर भएको पाइन्छ भने ललितपुर जिल्ला अदालतमा तुलनात्मक रुपले केही कम मुद्दामा (९%) म्यादहरु बदर भएको पाइन्छ । म्याद बदर हुने मुद्दाको प्रकृतिलाई विचार गर्दा अक्सर लिखत बदर, निर्णय बदर, जालसाजी जस्ता मुद्दाहरुमा बढी बदर हुने गरेको पाइन्छ ।[२७] त्यसैगरी अभियोगपत्र साथ अभियुक्तहरु उपस्थित नगराइएका मुद्दाहरुमा पनि प्रायः म्यादहरु वेपत्ते तामेल भई आउने हुँदा बढी बदर हुने गरेको पाइन्छ ।[२८]

---

[२५] मु.ऐ.अ.वं. ११० नं.

[२६] ऐ.ऐ.

[२७] आईति तामाङ्ग वि. सावित्री घिमिरे समेत, ०६३ सालको मु.नं. २५९४ मुद्दा जालसाजी, काठमाण्डौ जिल्ला अदालत । राम बहादुर कार्की वि. कृष्ण बहादुर कार्की समेत, ०६१ सालको मु.नं. १४९९, मुद्दाः जालसाजी, काठमाण्डौ जिल्ला अदालत । रामेश्वरी प्रजापति वि. रत्नसिं सुवाल समेत, ०६२ सालको मु.नं. २८५५, मुद्दाः शे.व. बदर, काठमाण्डौ जिल्ला अदालत । नन्ददेवी खड्गी वि. श्रावणकुमार जोशी समेत, ०६३ सालको मु.नं. ५८२५, मुद्दाः लिखत बदर, काठमाण्डौ जिल्ला अदालत । हरिकृष्ण खड्गी वि. गीता मानन्धर समेत, ०६३ सालको मु.नं. २७१४, मुद्दाः जालसाजी, काठमाण्डौ जिल्ला अदालत । धन कुमारी खड्का वि. चन्द्र प्रसाद श्रेष्ठ समेत, ०६१ सालको मु.नं., १९८३, मुद्दाः जालसाजी, काठमाण्डौ जिल्ला अदालत

[२८] नेपाल सरकार वि. विकास कटुवाल समेत ०६१ सालको मु.नं. १४७४, मुद्दाः ज्यान, काठमाण्डौ जिल्ला अदालत- यस मुद्दामा म्याद तामेल हुन २ वर्ष लागेको थियो ।

**म्याद तामेली मै १५ महिना व्यतित**

*मिति २०६१।३।२५ मा फिराद दर्ता भएकोमा सो को १२ दिन पछि अर्थात मिति २०६१।४।६ मा म्याद जारी भएको, सो म्याद तामेलदारले बुझि लिएर दुई महिना पछि मिति २०६१।६।५ मा तामेल भई आउँदा ०६१।९।८ मा अर्थात तामेल भएको ३ महिनापछि बदर भएको, त्यसपछि मिति २०६१।९।१२ मा जारी भई मिति २०६२।२।२५ मा तामेल भएकोमा त्यो म्याद पनि बदर भएर गोरखापत्रमा मिति २०६२।६।५ मा सूचना प्रकाशन भई म्याद तामेल भएको पाईएको छ । यस मुद्दामा म्याद तामेल हुन मात्र १ वर्ष ३ महिना व्यतित भएको देखियो । (धन कुमारी खड्का वि. चन्द्र श्रेष्ठ समेत, जालसाजी, २०६३ सालको मु.नं. १९८३ काठमाण्डौ जिल्ला अदालत)*

### ३.१.४ म्याद बदर भएको पटकको विवरण

आफू विरुद्ध लागेको आरोप थाहा पाउनु र त्यसको प्रतिवाद गर्ने मौका पाउनु प्राकृतिक न्यायको आधारभूत सिद्धान्त हो । निष्कर्ष जतिसुकै सही र उचित भए पनि प्राकृतिक न्यायको यो सिद्धान्तलाई अवलम्बन गरिएको छैन भने त्यो फैसलाले मान्यता पाउने स्थिति रहँदैन । आफू विरुद्ध लागेको आरोपका बारे जानकारी दिने र प्रतिवादको मौका उपलब्ध गराउने प्रमुख माध्यम भनेको रितपूर्वक म्याद तामेल गर्नु हो । त्यसैले कुनै व्यक्तिका नाउँमा जारी भएको म्याद कानूनले निर्धारण गरे बमोजिमको पूरा रित पुऱ्याइ तामेल भएको हुनुपर्छ । जबसम्म तामेल भएको म्याद रितपूर्वक तामेल भएको देखिंदैन तबसम्म उक्त म्याद बदर भइरहन्छ । यस सम्बन्धमा कानूनमा भनिएकोछ[२९]- “समाह्वान वा इतलायनामाको तामेली आएपछि स्रेस्तेदारले रितपूर्वक तामेल भएको छ वा छैन हेरी आवश्यक भए फाँटवालाको प्रतिवेदन समेत लिई रितपूर्वक वा वेरितको जाँची वेरितको देखिए बदर गरी पुनः रितपूर्वक तामेल गर्न लगाइ रितपूर्वकको तामेलीप्रति मिसिल साथ राखी पेश गर्नुपर्दछ ।” त्यसैले प्रस्तुत अध्ययनमा बदर भएका म्यादहरुमध्ये कतिपटक सम्म बदर गर्नुपर्ने अवस्था पर्दोरहेछ भनेर पनि हेरिएको थियो । म्याद बदर भएको पटकको विवरण देहायको तालिकामा देखाइएको छ-

**तालिका नं. ४**
**म्याद बदर भएको पटकको विवरण**

| जिल्ला | मुद्दा संख्या | पटक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ पटक | | २-३ पटक | | ४-५ पटक | | ५ भन्दा बढी पटक | |
| काजिअ | १०४ | ८७ | ८४% | १७ | १६% | | | | |
| लपुजिअ | २७ | २३ | ८५% | ४ | १५% | | | | |
| भपुजिअ | २५ | २५ | १००% | | | | | | |
| **जम्मा** | **१५६** | **१३५** | **८७%** | **२१** | **१३%** | | | | |

नोट- जम्मा म्याद जारी गरिएका १२५५ मध्ये १५६ थान मुद्दामा मात्र म्याद बदर भएको स्थिति हुँदा सोही संख्यालाई आधार मानिएको ।

[२९] जिल्ला अदालत नियमावली, २०५५ को नियम २३

तालिकामा देखाइए अनुसार म्याद बदर मुद्दा संख्या १५६ मध्ये २१ थान अर्थात १३% मुद्दामा मात्र १ पटक भन्दा बढी म्याद बदर गर्नु परेको स्थिति देखिन्छ। कुनै पनि मुद्दामा ३ पटक भन्दा बढी म्याद बदर गर्नु नपरेको स्थिति छ।

जिल्लागत आधारमा हेर्दा भक्तपुर जिल्ला अदालतमा कुनैपनि मुद्दामा १ पटक भन्दा बढी म्याद बदर गर्न नपरेको पाइयो भने काठमाण्डौ र ललितपुर जिल्ला अदालतमा क्रमशः १६ र १५% मुद्दामा १ पटक भन्दा बढी पटक म्याद बदर गरेको पाइयो।

### ३.१.५ म्याद बदर भएकोमा सोको कारण

म्याद विभिन्न कारणले बदर हुने गर्दछ। सुनुवाइको मौका नदिइ फैसला गर्न नहुने प्राकृतिक न्यायको आधारभूत सिद्धान्तलाई परिपालना गर्न एवं म्याद तामेली सम्बन्धी कानूनी व्यवस्थाको अक्षरसः पालना भएको सुनिश्चितताका लागि सम्बन्धित व्यक्तिले म्याद पाएको कुरामा अलिकति पनि शङ्काको स्थिति उत्पन्न भए त्यस्तो म्याद बदर गर्ने परिपाटी छ। प्रस्तुत अध्ययनमा म्याद बदर हुने कारणहरु पनि पहिचान गर्ने प्रयास गरिएको थियो। म्याद बदर हुनुका कारणहरुलाई देहायको तालिकामा प्रस्तुत गरिएकोछ-

**तालिका नं. ५**
**म्याद बदर भएकोमा सो को कारणको विवरण**

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| लेखिएको वतनमा घरद्वार मानिस फेला नपरेको | १३१ | ८४% |
| स्थानीय निकायको प्रतिनिधि रोहवरमा नराखेको | ६ | ४% |
| अर्को वडाको व्यक्ती साछी राखेको | ६ | ४% |
| गाविस, न.पा.मा बुझाउनुपर्ने म्याद नबुझाएको | १० | ६% |
| अन्य कारण | ३ | २% |
| **जम्मा** | **१५६** | **१००%** |

नोट- जम्मा बदर भएका म्याद संख्या १५६ हुँदा सोही संख्यालाई आधार मानिएको।

म्याद बदर भएकोमा म्याद बदर हुनुको कारण विश्लेषण गर्दा सबैभन्दा बढी प्रतिशत लेखिएको वतनमा घरद्वार मानिस फेला नपरेको कारणबाट बदर भएको पाइन्छ। खास गरेर यो समस्या सरकारवादी फौजदारी मुद्दामा बढी देखिएको छ। मौकामा पक्राउ नपरि फरार अभियुक्तका हकमा हचुवा किसिमले वतन उल्लेख भई अभियोगपत्र दायर हुने र उल्लेखित वतनमा म्याद तामेल गर्न पठाउँदा सम्बन्धित मानिस फेला नपरेको भनि सार्वजनिक ठाउँमा टाँस गरि तामेल भई आउने गरेको पाइन्छ। यसरी फरारी प्रतिवादीका हकमा म्याद बेपत्ते तामेल भई आएकोमा किटानी वतन खुलाउन सम्बन्धित सरकारी वकिल कार्यालयलाई पटक-पटक पत्राचार गर्नुपर्दा मुद्दाको कारवाही लामो समयसम्म अगाडि बढ्न नसकेको पाइन्छ।[३०]

[३०] कृष्ण प्रसाद सिल्पकारको जाहेरीले नेपाल सरकार वि. फूल बहादुर वमजन, ०६४ को मु.नं. ७५, मुद्दाः चोरी, भक्तपुर जिल्ला अदालत। राम प्रसाद त्यातको जाहेरीले नेपाल सरकार वि. लुरे तामाङ्ग, ०६३ सालको मु.नं. १३५, मुद्दाः नकवजनी चोरी, भक्तपुर जिल्ला अदालत। नेपाल सरकार वि. गंगाराम पुन समेत, ०६३ सालको मु.नं. १६०७, मुद्दाः लागु औषध, काठमाण्डौ जिल्ला अदालत। नेपाल सरकार वि. देवी कुमार श्रेष्ठ, ०६३ सालको मु.नं. १८३०, मुद्दाः लागु औषध, काठमाण्डौ जिल्ला

### ३.१.६ पुनः म्याद जारी भएकोमा तामेल गर्न लागेको थप अवधि

म्याद जुनसुकै कारणले बदर भए पनि पुनः म्याद जारी नगरी मुद्दाको कारवाही अगाडि बढाउन सकिदैन । कानूनले निर्धारण गरे बमोजिमको रित नपुगे सम्म जतिपटक तामेल गरिएको भए पनि रितपूर्वक तामेल नभएको म्याद बदर गर्नुपर्छ र पुनः तामेल गर्नुपर्ने हुन्छ । मुद्दाको कारवाहीमा ढिलाई हुनुको धेरै कारणहरु मध्ये केही मुद्दाहरुका हकमा पुनः म्याद जारी गर्नुपर्ने स्थिति र त्यसो गर्दा लाग्ने थप अवधिलाई पनि एउटा कारणको रुपमा औंल्याउने गरिन्छ । तर कति प्रतिशत मुद्दामा पुनः म्याद जारी गर्नुपर्ने हुन्छ र यसले थप कति अवधि व्यतित गराउँछ भन्ने कुरा अध्ययनको विषय रहेको थियो । त्यसैले अध्ययनमा समावेश भएका जिल्ला अदालतहरुमा यो पक्षलाई पनि हेरिएको थियो । पुनः म्याद जारी गरिएको र तामेल गर्न लागेको थप अवधिको विवरण देहायको तालिकामा दिइएको छ-

**तालिका नं. ६**

**पुनः म्याद जारी भएको र तामेल गर्दा लागेको अवधिको विवरण**

| जिल्ला | संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५ दिन सम्म | | १ महिना सम्म | | २ महिना सम्म | | २ महिना भन्दा बढी | |
| काजिअ | १०१ | २७ | २७% | १७ | १७% | ११ | ११% | ४६ | ४५% |
| लपुजिअ | २७ | ० | ०% | ३ | ११ | १० | ३७% | १४ | ५२% |
| भपुजिअ | २३ | ७ | ३०% | ८ | ३५% | ८ | ३५% | | |
| **जम्मा** | **१५१** | **३४** | **२२%** | **२८** | **१९%** | **२९** | **१९%** | **६०** | **४०%** |

नोटः १. का.जि.अ. मा जम्मा १०४ थान मुद्दामा म्याद बदर भएकोमा सोही संख्यामा पुन जारी हुनुपर्नेमा ३ थान मुद्दामा वतन खुली नआएको कारण पुनः तामेल हुन नसकेको हुँदा प्रस्तुत तालिकामा १०१ थान मात्र उल्लेख हुन गएको ।

२. भ.पु.जि.अ. मा २५ थान मुद्दामा म्याद बदर भएकोमा सोही संख्यामा पुनः म्याद जारी हुनुपर्नेमा २ थान मुद्दामा वतन खुल्न नसकी पुनः म्याद तामेल हुन नसकेको हुँदा प्रस्तुत तालिकामा २३ थान मात्र उल्लेख हुन गएको ।

एकपटक तामेल गरेको म्याद बदर गरि पुनः जारि वा तामेल गर्नुपर्दा थप समयवधि व्यतित हुनु स्वभाविकै हो । प्रस्तुत तालिकाबाट ४०% मुद्दामा पुनः म्याद तामेल गर्नु परेको कारणबाट २ महिना भन्दा बढी अवधि ब्यतित हुन गएको पाइन्छ । पुनः म्याद तामेल गरिएको मध्ये २२% मुद्दामा कम्तिमा पनि १५ दिन थप अवधि ब्यतित हुन गएको पाइन्छ ।

जिल्लागत हिसावले ललितपुर जिल्ला अदालतमा सबैभन्दा बढी प्रतिशत (५२%) मुद्दामा २ महिना भन्दा बढी अवधि व्यतित भएको पाइन्छ । भक्तपुर जिल्ला अदालतमा पुन म्याद तामेल गर्नुपर्दा २ महिना बढी अवधि लागेको पाइएन ।

अदालत । नेपाल सरकार वि. प्रकाश अधिकारी, २०६२ सालको मु.नं. १५९२, मुद्दाः चोरी, काठमाण्डौ जिल्ला अदालत, यस मुद्दामा वतन खुलाउनकै लागि करिव २ वर्ष सम्म पत्राचार भएको पाइएको छ ।

### ३.१.७ अभियोगपत्रसाथ प्रतिवादी उपस्थित गराए नगराएको विवरण

सरकारवादी हुने फौजदारी मुद्दामा[३१] अपराध भएको कुराको सूचना वा जाहेरी प्राप्त हुनासाथ सम्बन्धित प्रहरी कर्मचारीले यथाशीघ्र अपराधसँग सम्बन्धित प्रमाण लोप वा नाश हुन नदिने र अपराधीलाई पनि भाग्न उम्कन नपाउने व्यवस्था गर्नुपर्ने हुन्छ[३२] । कुनै अपराधी भाग्ने उम्कने सम्भावना भयो वा कुनै व्यक्ति अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नुपर्ने मनासिव कारण भएमा प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई पक्राउ गरी थुनामा राख्न सक्दछ ।[३३] यसरी कुनै व्यक्तिलाई पक्राउ गरी थुनामा राखेर अनुसन्धान गरिएकोमा त्यस्तो व्यक्तिउपर मुद्दा चल्ने देखिएमा सरकारी वकीलले थुनुवा सहित अदालतमा अभियोगपत्र दायर गर्नुपर्ने व्यवस्था छ ।[३४] यसरी अभियोगपत्र साथ थुनुवा उपस्थित गराइएको मुद्दामा प्रतिवादीका नाममा म्याद जारी गर्नुपर्ने अवस्था पर्दैन । जुन मुद्दामा अभियुक्त पक्राउ पर्न नसकी फरार रहेको हुन्छ र अभियोगपत्रका साथ त्यस्ता अभियुक्तहरुलाई अदालतमा दाखिल गरिएको हुँदैन त्यस्ता मुद्दाका अभियुक्तहरुलाई मात्र अवस्था अनुसार समाह्वान, वारेण्ट वा म्यादपूर्जी जारी गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययनमा सरकारवादी फौजदारी मुद्दाहरुमध्ये कति मुद्दामा अभियुक्तहरु अभियोगपत्रका साथ दाखिल गरिन्छन् र कति अभियुक्तहरु फरारी अवस्थामा रहन्छन् भन्ने पक्षलाई पनि ध्यान दिइएको थियो । सरकारवादी फौजदारी मुद्दामा अभियोगपत्रका साथ प्रतिवादीहरु उपस्थित गराए नगराएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ :-

**तालिका नं. ७**
**अभियोगपत्रसाथ प्रतिवादी उपस्थित गराए नगराएको विवरण**

| जिल्ला | मुद्दा संख्या | गराएको | | नगराएको | |
|---|---|---|---|---|---|
| काजिअ | २६५ | २०५ | ७७% | ६० | २३% |
| लपुजिअ | २८ | २६ | ९३% | २ | ७% |
| भपुजिअ | १७ | ११ | ६५% | ६ | ३५% |
| **जम्मा** | **३१०** | **२४२** | **७८%** | **६८** | **२२%** |

नोटः नमूनामा परेका १४९७ मध्ये सरकारवादी फौजदारी मुद्दाको संख्या जम्मा ३१० रहेकाले सोही संख्यालाई आधार मानिएको ।

अभियोगपत्रसाथ प्रतिवादी उपस्थित गराए नगराएको कुराले पनि मुद्दाको कारवाही ढिलो वा छिटो हुने विषयमा प्रभाव पार्दछ । अभियोगपत्र साथ प्रतिवादी उपस्थित गराएकोमा प्रतिवादीका नाममा म्याद जारि गर्नुपर्दैन । अभियोगपत्र दायर हुनासाथ प्रतिवादीको वयान लिई प्रमाण बुझ्ने लगायतका मुद्दाको अरु कारवाही अगाडि बढिहाल्छ । अभियोगपत्रसाथ उपस्थित नगराइएका प्रतिवादीका हकमा म्याद जारिगर्ने, तामेल गर्ने, रितपूर्वक तामेल नभए बदर गरि पुनः जारि गर्ने स्थिति आउने हुनाले स्वाभाविक रुपमा अभियोग पत्रसाथ प्रतिवादी

---

[३१] सरकारवादी हुने फौजदारी मुद्दा भन्नाले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची- १ मा उल्लिखित मुद्दाहरु सम्झनुपर्छ ।

[३२] सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ४ ।

[३३] ऐ. दफा ४, १४

[३४] ऐ. दफा १८(१)

उपस्थित गराइएका मुद्दाको तुलनामा बढी समय लाग्ने हुन्छ । यस दृष्टिकोणबाट अध्ययन गरिएका मुद्दाहरुको स्थिति हेर्दा सरकारवादी फौजदारी मुद्दाको संख्या जम्मा ३१० रहेकोमा २४२ थान अर्थात ७८% मुद्दामा अभियोग पत्रसाथ प्रतिवादी उपस्थित गराएको पाइयो । केवल ६८ थान् अर्थात २२% मुद्दामा मात्र अभियुक्त फरार रहने गरेको देखियो ।

जिल्लागत रुपमा हेर्दा अभियोगपत्र साथ प्रतिवादी उपस्थित गराइएको संख्या सबै भन्दा बढी ललितपुर जिल्ला अदालतमा ९३% रहेको पाइयो भने काठमाण्डौ र भक्तपुर जिल्ला अदालतमा यो संख्या क्रमशः ७७ र ६५% रहेको पाइयो ।

### ३.१.८ पूर्पक्षको लागि थुनामा वा तारेखमा रहेको विवरण

सरकारवादी फौजदारी मुद्दामा अभियोगपत्र दायर गरिएपछि अभियोगपत्रका साथ अभियुक्त उपस्थित गराइएको छ भने सर्वप्रथम त्यस्ता अभियुक्तलाई कसरी पूर्पक्ष गर्ने भन्ने प्रश्न उपस्थित हुन्छ । मुद्दाको अवस्था अनुसार कुनै मुद्दाको अभियुक्तलाई थुनामा राखेर मुद्दाको पूर्पक्ष गरिन्छ भने कुनै मुद्दाको अभियुक्तलाई धरौट लिएर वा नलिएर तारेखमा राखी पूर्पक्ष गरिन्छ । जस्तो सरकारवादी भई चलेको तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुनसक्ने अपराधका अभियुक्त र त्यस्तो अपराधको उद्योग, दुरुत्साहन वा षड्यन्त्र गरेको मतियारलाई तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने वा त्यस्तो प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अन्यथा प्रमाणित नभएसम्म त्यस्तो मुद्दाका अभियुक्तलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्ने व्यवस्था छ ।[३५] नेपालमा स्थायी बसोबास नभएको कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट ६ महिना वा सोभन्दा बढी कैदको सजायँ हुनसक्ने अपराधको कसुरदार हो भन्ने विश्वास गर्नसकिने कुनै मनासिव आधार भएमा निजलाई पनि थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्ने व्यवस्था छ । यस बाहेक अरु मुद्दाका अभियुक्तहरुलाई धरौट लिएर वा नलिएर तारेखमा राख्न सकिने व्यवस्थाछ ।[३६] थुनछेक सम्बन्धी यो व्यवस्थाको परिप्रेक्ष्यमा अभियोगपत्रका साथ उपस्थित गराइएका अभियुक्तहरुमध्ये कति प्रतिवादीहरु पूर्पक्षका लागि थुनामा वा तारेखमा बसेका रहेछन् भन्ने विषयलाई पनि प्रस्तुत अध्ययनमा समेटिएको थियो । अध्ययनबाट देखिए अनुसार पूर्पक्षको लागि थुनामा वा तारेखमा रहेको विवरण देहायको तालिकामा दिइएको छ-

**तालिका नं. ८**

**पूर्पक्षको लागि प्रतिवादीलाई थुनामा वा तारेखमा राखिएको विवरण**

| जिल्ला | मुद्दा संख्या | थुनामा भएको | | तारेखमा भएको | |
|---|---|---|---|---|---|
| काजिअ | २०५ | १३९ | ६८% | ६६ | ३२% |
| लपुजिअ | २६ | १५ | ५८% | ११ | ४२% |
| भपुजिअ | ११ | ६ | ५५% | ५ | ४५% |
| **जम्मा** | **२४२** | **१६०** | **६६%** | **८२** | **३४%** |

नोटः अभियोगपत्रसाथ अभियुक्त उपस्थित गराइएको संख्या जम्मा २४२ रहेकोले सोही संख्यालाई आधारमानी उल्लेख गरिएको ।

[३५] मुलुकी ऐन, अ.व. ११८ नं.

[३६] ऐ.ऐ.

पुर्पक्षका लागि अभियुक्त थुनामा वा तारेखमा रहेको कुराले मुद्दाको प्रवाहमा निजको उपस्थितिको प्रत्याभूतिको कारण केहि फरक पर्नसक्दछ । साथै थुनुवाको मुद्दाले कारवाहीमा प्राथमिकता पाउने व्यवस्था पनि छ ।[३७] यस हिसावले प्रस्तुत तालिकाको विश्लेषण गर्दा अभियोगपत्रसाथ अभियुक्त उपस्थित गराइएका मुद्दा संख्या २४२ थान मध्ये १६० थान अर्थात ६६% मुद्दामा अभियुक्त पुर्पक्षको लागि थुनामा रहेको पाइयो भने जम्मा ३४% मुद्दामा अभियुक्त तारेखमा रहने गरेको पाइयो ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यो विषयमा कुनै जिल्लामा पनि उल्लेखनीय भिन्नता पाइएन । सबै भन्दा बढी थुनामा राखिएको संख्या काठमाण्डौ जिल्ला अदालतमा ६८% रहेको छ भने ललितपुर र भक्तपुर जिल्ला अदालतमा क्रमश: ५८ र ५५% रहेको छ ।

## ३.२ प्रतिउत्तरपत्र दर्ता एवं प्रतिवादीको उपस्थिति

फिरादपत्र तथा अभियोगपत्र दर्ता भएपछि पहिलो कारवाहीका रुपमा प्रतिवादीलाई म्याद जारी गरिने कुरा माथि उल्लेख भइसकेको छ । प्रतिवादीले पनि आफूले म्याद पाइसकेपछि म्यादमा तोकिएको अवधि भित्र सम्बन्धित अदालतमा प्रतिउत्तरपत्र दर्ता गराउन जानुपर्छ । तर सरकारवादी फौजदारी मुद्दामा भने प्रतिउत्तरपत्रको सट्टा प्रतिवादी आफै उपस्थित भई वयान दिनुपर्ने व्यवस्था छ । प्रतिउत्तरपत्र नपरी एवं प्रतिउत्तरपर्ने अथवा प्रतिवादी उपस्थित हुने अवधि भुक्तान नभई मुद्दाको अरु कारवाही अगाडी बढ्नसक्दैन । यसैले मुद्दाको कारवाही छिटोछरितो हुने वा ढिलो हुने भन्ने कुरा प्रतिउत्तरपत्रको दर्ता एवं प्रतिवादीको उपस्थिति कति छिटो वा ढिलो हुन्छ भन्ने कुरामा पनि निर्भर गर्दछ ।

### ३.२.१ फिरादपत्र दर्ता मितिबाट प्रतिउत्तरपत्र पर्न लागेको अवधि

यद्यपि प्रतिउत्तरपत्र प्रतिवादीलाई म्याद प्राप्त भएको मितिले उक्त म्यादमा तोकिएको अवधिभित्र दिनुपर्ने विषय हो । तथापि प्रस्तुत अध्ययनमा फिरादपत्र दर्ता मितिबाट प्रतिउत्तरपत्र दर्ता हुन कति अवधि लाग्दोरहेछ भन्ने कुरालाई पनि अध्ययनको विषय बनाइएको थियो । अध्ययनबाट देखिए अनुसार फिरादपत्र दर्ता मितिबाट प्रतिउत्तरपत्र दर्ता हुन लागेको अवधिको विवरण देहायको तालिकामा देखाइए अनुसार रहेको छ-

**तालिका नं. ९**

**फिरादपत्र दर्ता मितिबाट प्रतिउत्तरपत्र पर्न लागेको अवधिको विवरण**


| जिल्ला | मुद्दा संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | डेढ महिना सम्म | | २ महिना सम्म | | ३ महिना सम्म | | ३ महिना भन्दा बढी | |
| काजिअ | ७३४ | ७६ | १०% | ४५ | ६% | १९२ | २७% | ४२१ | ५७% |
| लपुजिअ | २८८ | ४२ | १५% | १४ | ५% | ६० | २०% | १७२ | ६०% |
| भपुजिअ | १६५ | १५ | ९% | १८ | ११% | ३१ | १९% | १०१ | ६१% |
| **जम्मा** | **११८७** | **१३३** | **१२%** | **७७** | **७%** | **२८३** | **२३%** | **६९४** | **५८%** |

[३७] मुलुकी ऐन अ.बं. ११ नं., जिल्ला अदालत नियमावली, २०५२ को नियम ३१(२)

नोट- अध्ययनमा समावेश भएका १४९७ थान मुद्दाहरुमध्ये ३१० थान सरकारवादी हुने फौजदारी मुद्दा रहेकाले प्रतिउत्तरपत्र पर्ने प्रकृतिका ११८७ थान मुद्दाहरु मात्र प्रस्तुत तालिकामा उल्लेख गरिएको ।

फिरादपत्र दर्ता मितिबाट १५ दिन भित्र म्याद तामेल गर्नुपर्ने र प्रतिउत्तरपत्र फिराउन ३० दिनको म्याद दिइने हुँदा सामान्य अवस्थामा फिरादपत्र दर्ता भएको मितिबाट डेढमहिना भित्र प्रतिउत्तरपत्र दर्ता गराउनु पर्ने हुन्छ । तर पक्षको काबु बाहिरको परिस्थिति परेमा थप ३० दिन म्याद पाउन सक्ने भएको र म्याद तामेल गर्न ढिला भएमा पनि प्रतिउत्तरपत्र दर्ता हुन डेढ महिना भन्दा लामो समय पनि लाग्नसक्ने हुन्छ । यो दृष्टिकोणबाट प्रस्तुत तालिकाको विश्लेषण गर्दा जम्मा १३३ थान अर्थात १२% मुद्दामा मात्र डेढ महिना भित्र प्रतिउत्तरपत्र दर्ता हुन आएको देखिन्छ । अधिकांश मुद्दा (५८%) मा प्रतिउत्तरपत्र दर्ता हुन ३ महिना भन्दा बढी अवधि लागेको देखिन्छ ।

जिल्लागत हिसावले हेर्दा पनि यो प्रवृतिमा खासै केही फरक देखिदैन । डेढ महिनासम्म प्रतिउत्तर पर्न आएको संख्या सबैभन्दा बढी ललितपुर जिल्ला अदालतमा १५% रहेको छ भने सबैभन्दा कम भक्तपुर जिल्ला अदालतमा ९% रहेको छ । सबैभन्दा बढी र घटीका बीच जम्मा ६% मात्रको अन्तर रहेको पाइन्छ । यसैगरि ३ महिना भन्दा बढी अवधि लागेको संख्या हेर्दा पनि सबैभन्दा बढी भक्तपुर जिल्ला अदालत र सबैभन्दा घटी काठमाण्डौ जिल्ला अदालत बीच ४% को मात्र अन्तर रहेको छ । माथिको तालिकाको तथ्याङ्कलाई तलको चार्टमा देखाइएको छ ।




### ३.२.२ अभियोगपत्र दर्ता मितिबाट प्रतिवादी उपस्थित हुन लागेको अवधि

सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानको क्रममा पक्राउ परेका अभियुक्तहरुलाई अभियोगपत्र साथै अदालतमा उपस्थित गराइने हुँदा निजहरुका हकमा म्याद जारी गर्नुपर्ने अवस्था पर्दैन । त्यसैले अभियोगपत्रसाथ उपस्थित गराइएका प्रतिवादीहरुको उपस्थितिलाई देहायको तालिकामा उही दिन उपस्थित भएको महलमा देखाइएको छ । अभियोगपत्र साथ

**-३१-**

उपस्थित नगराइएका अभियुक्तहरुका हकमा अन्य मुद्दामा जस्तै म्याद (अवस्था अनुसार समाह्वान, वारेण्ट, म्यादपूर्जी) जारी गर्नुपर्ने हुन्छ र अभियुक्तहरु पनि आफूलाई प्राप्त म्यादमा तोकिएको अवधि भित्र आफै उपस्थित हुन वा पक्राउ परी वयान दिन आउनुपर्ने हुन्छ । यद्यपी यस्ता मुद्दामा पनि प्रतिवादी दिन मौका दिन हुने भए सातदिनसम्मको म्याद दिन सकिने व्यवस्था रहेको छ ।[३८] तर व्यवहारमा प्रतिवादी उपस्थित हुन आएपछि वयान नै लिने प्रचलन रहेको छ । सरकारवादी फौजदारी मुद्दामा अभियोगपत्र दर्ता मितिबाट प्रतिवादी उपस्थित हुन लागेको अवधिको विवरण देहायको तालिकामा दिइएको छ-

**तालिका नं. १०**
**अभियोगपत्र दर्ता मितिबाट प्रतिवादी उपस्थित हुन लागेको अवधिको विवरण**

| जिल्ला | मुद्दा संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | उहि दिन | | डेढ महिना सम्म | | ३ महिना सम्म | | ३ महिना भन्दा बढी | |
| काजिअ | २६५ | २०५ | ७७% | ५ | २% | १३ | ५% | ४२ | १६% |
| लपुजिअ | २८ | २६ | ९३% | ० | ० | ० | ० | २ | ७% |
| भपुजिअ | १७ | ८ | ४७% | ० | ० | ५ | २९% | ४ | २४% |
| **जम्मा** | **३१०** | **२३९** | **७७%** | **५** | **२%** | **१८** | **६%** | **४८** | **१५%** |

नोट- १. अध्ययनमा समाविष्ट १४९७ मध्ये ३१० थान मात्र सरकारवादी फौजदारी मुद्दा भएकोले प्रस्तुत तालिकामा सोही संख्यालाई आधार मानिएको ।
२. तालिका नं. ७ मा अभियोगपत्रसाथ अभियुक्त उपस्थित गराइएको मुद्दा संख्या २४२ उल्लेख भएकोले प्रस्तुत तालिकामा उही दिन उपस्थित भएको संख्यामा पनि २४२ हुनुपर्ने मा ती मध्ये ३ थानमा आंशिक प्रतिवादी मात्र उपस्थित गराएको स्थिति हुँदा २३९ उल्लेख हुन गएको ।

प्रस्तुत विवरण प्रकरण नं. ३.१.७ संग पनि सम्बन्धित रहेको छ । सरकारवादी फौजदारी मुद्दामा पक्राउमा परेका अभियुक्तहरु अभियोगपत्र साथै उपस्थित गराइन्छ । पक्राउ नपरि फरार रहेका अभियुक्तहरुको हकमा अवस्था अनुसार वारेण्ट, म्याद पुर्जी वा समाह्वान जारि गरिन्छ र तोकिएको म्याद भित्र पक्राउ परि वा आफैं हाजिर हुन आउनु पर्ने हुन्छ । अध्ययन गरिएका मुद्दाहरुमा यो स्थितिलाई हेर्दा जम्मा सरकारवादी फौजदारी मुद्दाहरु ३१० थान मध्ये २३९ वटा मुद्दाका अभियुक्तहरु पक्राउमा परि अभियोगपत्र साथै उपस्थित गराइएको हुँदा उहि दिन उपस्थित गराइएको महलमा सबैभन्दा बढी ७७% रहेको छ । उहि दिन उपस्थित नगराइएका बाँकि मुद्दा ६८ थान मध्ये ४८ थान अर्थात १५ प्रतिशत मुद्दामा प्रतिवादी चुक्ता हुन ३ महिना भन्दा बढी लागेको छ ।

जिल्लागत रुपमा हेर्दा अभियोगपत्र साथ अभियुक्त उपस्थित नगराइएको संख्या काठमाण्डौ जिल्ला अदालतमा ६० थान मुद्दा रहेकोमा ४२ थान अर्थात १६% मुद्दामा प्रतिवादी चुक्ता हुन ३ महिना भन्दा बढी लागेको देखिएको छ । भक्तपुर र ललितपुर जिल्ला अदालतको स्थिति तुलनात्मक रुपमा राम्रो रहेको छ ।

[३८] मुलुकी ऐन अ.वं. १२७ नं.

### ३.२.३ म्याद तामेल मितिबाट प्रतिउत्तरपत्र पर्न लागेको अवधि

कुनै पनि मुद्दामा प्रतिउत्तरपत्र दर्ता गराउनुपर्ने अवधि म्याद तामेल भएको मितिबाटै गणना हुने विषय हो । वारेण्ट जारी हुने बाहेकका सामान्य कार्यविधि अपनाइने अन्य मुद्दामा प्रतिवादीका नाममा फौजदारी मुद्दामा समाह्वान र देवानी मुद्दामा इतलायनामा बाटाका म्याद बाहेक ३० दिनको म्याद दिई जारी गरिने व्यवस्था छ ।[३९] यस अतिरिक्त कुनै मुद्दामा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा म्याद गुज्रन गएमा बढीमा ३० दिनसम्मको गुज्रेको म्याद थामिन सक्ने व्यवस्था पनि रहेको छ ।[४०] यसैले म्याद तामेल भएको मितिबाट थमाइपाउने म्याद सहित ६० दिनभित्र जुनसुकै समयमा प्रतिवादीले प्रतिउत्तरपत्र दर्ता गराउन पाउने हुन्छ । प्रस्तुत अध्ययनमा प्रतिवादीहरुले प्रतिउत्तरपत्र दर्ता गराउने समयगत प्रवृत्तिलाई पनि अध्ययन गरिएको थियो । म्याद तामेल मितिबाट प्रतिउत्तरपत्र पर्न लागेको अवधिको विवरण देहायको तालिकामा प्रस्तुत गरिएकोछ-

**तालिका नं. ११**

**म्याद तामेल भएको मितिबाट प्रतिउत्तरपत्र पर्न लागेको अवधिको विवरण**

| जिल्ला | मुद्दा संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५ दिन सम्म | | १ महिना सम्म | | डेढ महिना सम्म | | २ महिना सम्म | |
| काजिअ | ७३४ | ६२ | ८% | ९० | १२% | ९४ | १३% | ४८८ | ६७% |
| लपुजिअ | २८८ | ३९ | १४% | २१ | ७% | ६० | २०% | १६८ | ५८% |
| भपुजिअ | १६५ | १९ | १२% | २१ | १३% | ३७ | २२% | ८८ | ५३% |
| **जम्मा** | **११८७** | **१२०** | **१०%** | **१३२** | **११%** | **१९१** | **१६%** | **७४४** | **६३%** |

नोट- सरकारवादी फौजदारी मुद्दा संख्या ३१० बाहेकका ११८७ थान (देवानी र दुनियाँवादी फौजदारी) मुद्दा मात्र प्रतिउत्तरपर्ने प्रकृतिको मुद्दा हुँदा सोही संख्यालाई आधार मानिएको ।

म्याद तामेल मितिबाट प्रतिउत्तर फिराउन ३० दिन म्याद पाइने र पक्षको काबु भन्दा बाहिरको परिस्थिति परेमा अर्को ३० दिन थमाउन पाइने व्यवस्थाका सम्बन्धमा माथि उल्लेख गरिसकिएको छ । प्रस्तुत तालिकाको अध्ययनबाट १५ दिन भित्र प्रतिउत्तर चुक्ता भएको मुद्दा संख्या जम्मा १०% मात्र रहेको देखिएको छ । थाम्न पाउने म्याद सुविधाको उपयोग नगरि १ महिना भित्र प्रतिउत्तर चुक्ता भएको मुद्दा संख्या २१% रहेको छ । अधिकांश (६३%) मुद्दामा प्रतिउत्तर चुक्ता हुन डेढ महिना भन्दा बढी लाग्ने देखिएको छ ।

जिल्लागत रुपमा तुलना गर्दा काठमाण्डौ जिल्ला अदालतको केही बढी मुद्दा (६७%) मा प्रतिउत्तर चुक्ता हुन डेढ महिनाभन्दा बढी लागेको पाइएको छ भने ललितपुर र भक्तपुर जिल्ला अदालतमा प्रतिउत्तर चुक्ता हुन डेढ महिना भन्दा बढी अवधि लागेको संख्या क्रमश ५८ र ५३% रहेको छ ।

[३९] ऐ. अ.ब. ९४ नं.

[४०] ऐ. अ.वं. ५९ नं.

### ३.२.४ म्याद तामेल मितिबाट प्रतिवादी उपस्थित हुन लागेको अवधि

अभियोगपत्र दर्ता मितिबाट प्रतिवादी उपस्थित हुन लागेको अवधिको बारेमा माथि प्रकरण नं. ३.२.२ मा उल्लेख गरिसकिएको छ । प्रतिवादी उपस्थित हुनुपर्ने स्थिति सरकारवादी फौजदारी मुद्दामा लागू हुन्छ । दुनियाँवादी फौजदारी मुद्दा र देवानी मुद्दामा प्रतिवादी उपस्थित हुनुपर्ने अनिवार्यता रहदैन । यी प्रकृतिका मुद्दामा प्रतिउत्तरपत्र दर्ता गराए पुग्ने हुँदा सो प्रयोजनका लागि प्रतिवादी स्वयं वा निजले वारेसद्वारा दर्ता गर्न पठाउन सक्दछ । प्रतिवादी उपस्थित हुनुपर्ने अवधि मुद्दाको प्रकृति अनुसार फरक-फरक हुन्छ । जस्तो वारेण्ट जारी हुने मुद्दा रहेछ भने प्रतिवादी ७७ दिन (वारेण्ट ७ दिन र म्यादीपूर्जीको म्याद ७० दिन) भित्र उपस्थित हुनुपर्ने हुन्छ[४१] भने अन्य सरकारवादी फौजदारी मुद्दामा ३० दिनभित्र उपस्थित हुनुपर्ने हुन्छ ।[४२] आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा कुनै मुद्दामा म्याद गुज्रेमा ३० दिनसम्मको गुज्रेको म्याद थामिन सक्ने व्यवस्था यी मुद्दाहरुका हकमा समेत आकर्षित हुने देखिन्छ । सरकारवादी फौजदारी मुद्दामा म्याद तामेल भएको मितिले प्रतिवादी उपस्थित हुन लागेको अवधिको विवरण देहायको तालिकामा देखाइएको छ-

**तालिका नं. १२**

**म्याद तामेल भएको मितिबाट प्रतिवादी उपस्थित हुन लागेको अवधीको विवरण**

| जिल्ला | मुद्दा संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ३० दिन सम्म | | ६० दिन सम्म | | १०० दिन सम्म | | १०० दिन भन्दा बढी | |
| काजिअ | ६० | ९ | १५% | १२ | २०% | ८ | १३% | ३१ | ५२% |
| लपुजिअ | २ | | | | | | | २ | १००% |
| भपुजिअ | ६ | ० | ० | ० | ० | ४ | ६७% | २ | ३३% |
| **जम्मा** | **६८** | **९** | **१३%** | **१२** | **१८%** | **१२** | **१८%** | **३५** | **५१%** |

नोट- सरकारवादी फौजदारी मुद्दा संख्या ३१० मध्ये २४२ थान मुद्दामा प्रतिवादीलाई अभियोगपत्रका साथ उपस्थित गराएको र जम्मा ६८ थान मुद्दामा मात्र म्याद तामेल गरिएको स्थिति हुँदा सोही संख्यालाई आधार मानी उल्लेख गरिएको ।

प्रस्तुत तालिकाबाट प्रतिवादी उपस्थित हुनुपर्ने प्रकृतिका मुद्दाहरुको संख्या जम्मा ६८ थान देखिएको छ । नमुनामा परेका जम्मा १४९७ थान मध्ये सरकारवादी फौजदारी मुद्दाको संख्या ३१० थान रहेको र ती मध्ये पनि म्यादमा हाजिर हुनुपर्ने मुद्दाहरु ६८ थान रहेका थिए । यस अनुसार म्याद तामेल भएको मितिले ३० दिन सम्ममा प्रतिवादी हाजिर भएको मुद्दा संख्या १३% पाइए भने ५१% मुद्दामा प्रतिवादी हाजिर हुन १०० दिन भन्दा बढी अवधि लागेको पाइन्छ ।

जिल्लागत आधारमा हेर्दा ललितपुर जिल्ला अदालतमा सबै मुद्दामा प्रतिवादी हाजिर हुन १०० दिन भन्दा बढी अवधि लागेको पाइन्छ भने भक्तपुर जिल्ला अदालतमा प्रतिवादी हाजिर हुन १०० दिन भन्दा बढी अवधि लागेको मुद्दाको संख्या ३३% रहेको छ । काठमाण्डौ जिल्ला अदालतमा १५% मुद्दामा ३० दिन भित्रै प्रतिवादी हाजिर भएको देखिन्छ । २०% मुद्दामा ६०

---

[४१] मुलुकी ऐन अ.वं. ९४ नं.

[४२] ऐ.ऐ.

दिन भित्र, १३% मुद्दामा १०० दिन भित्र र ५२% मुद्दामा १०० दिन भन्दा बढी अवधि लागेको पाइन्छ ।

### ३.३ प्रमाण मुकरर पेशी (प्रारम्भिक सुनवाइ)

कुनै पनि मुद्दामा मुद्दा दर्ता भएपछि म्याद तामेली भई तामेली म्यादको अवधि भित्र प्रतिउत्तरपत्र परेमा वा प्रतिवादी उपस्थित हुन आएमा त्यसपछि प्रमाण मुकररको कारवाही शुरु हुन्छ । मुद्दाको कारवाही कति छिटो छरितो हुने भन्ने कुरा प्रमाण मुकरर आदेश गर्न लाग्ने समयावधि र त्यस्तो आदेशको प्रकृतिमा पनि भर पर्दछ । कानून अनुसार फिरादपत्र दर्ता भएपछि प्रतिवादीले पाउने दिन ३० र बाटाका म्याद समेत अन्जाम गरी वादीलाई भरसक प्रतिवादी पर्ने दिनको तारेख तोक्नुपर्ने व्यवस्था छ ।[४३] सो तारेख र प्रतिउत्तर परेको तारेख मिलेन भने प्रतिउत्तर परेपछि वादीले जुन दिनको तारेख लिएको छ प्रतिवादीलाई पनि सोही दिनको तारेख तोकी त्यसपछि दुबै थरलाई एकै दिनको तारेख मिलाई तोक्नुपर्छ ।[४४] दुबै थरको तारेख मिलान भएपछि मुद्दा पेशीमा चढाउनुपर्ने हुन्छ । तर व्यवस्थापकीय कमजोरीका कारण दुबै पक्षहरुको तारेख मिलान भईसकेपछि पनि मुद्दालाई पेशीमा नचढाई बारम्बार साधारण तारेख दिइरहने गरेको पाइन्छ । यसो गर्नु भनेको मुद्दाको कारवाही अनावश्यक रुपमा लम्बिनु हो । त्यसैले प्रतिवादी परेको वा पर्ने अवस्था नाघेपछि मुद्दा पेशीमा गयो वा गएन, गएन भने कतिपटकसम्म साधारण तारेख दिइयो , पेशी जानुपर्नेमा साधारण तारेख दिंदा कति अवधि व्यतित भयो भन्ने जस्ता प्रश्नहरुमा अध्ययनलाई केन्द्रित गराइएको थियो ।

#### ३.३.१ प्रतिउत्तर परेपछि साधारण तारेख दिए नदिएको विवरण

मुद्दाको कुनै पनि पक्षलाई तारेख दिंदा यो काम गर्नलाई यस टाइममा यस अड्डामा हाजिर हुन आउनु भनी तारेख तोक्नुपर्ने व्यवस्था छ ।[४५] कानूनमा यस्तो व्यवस्था गर्नुको उद्देश्य विना कारण पक्षहरुलाई तारेख दिएर हैरानीमा पार्ने प्रवृत्तिलाई निरुत्साहित तुल्याउनु हो । हुन पनि विना काम र कारण पनि पक्षहरुलाई तारेख दिइरहने र अदालतमा हाजिर गराइरहने हो भने यस्तो प्रवृत्तिबाट पक्षहरुको मुद्दाको लागत बढ्ने मात्र नभई मुद्दाको कारवाहीमा अनावश्यक तवरले विलम्ब हुन जानुको साथै अन्ततोगत्वा अदालत प्रतिको जनआस्था मै प्रतिकूल प्रभाव पर्न जाने हुन्छ । प्रतिउत्तर परेपछि वा पर्ने अवस्था नाघेपछि दुबैथर पक्षको तारेख मिलान नभएसम्म साधारण तारेख दिनु तर्कसंगत नै होला तर दुबै थरको तारेख मिलान भएपछि पनि पेशी तारेख नदिई साधारण तारेख दिइन्छ भने यस्तो कारवाहीलाई उचित मान्न सकिंदैन । त्यसैले प्रतिउत्तर परेपछि अथवा पर्ने अवस्था नाघेपछि साधारण तारेख दिने गरेको छ छैन भन्ने कुरालाई पनि प्रस्तुत अध्ययनमा समेटिएको थियो । साधारण तारेख दिए नदिएको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ-

---

[४३] ऐ. ५१ नं.

[४४] ऐ.ऐ.

[४५] ऐ. ४८ नं. र जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ख

### तालिका नं. १३

### प्रतिउत्तर परेको अथवा पर्ने अवस्था नाघेपछि साधारण तारेख दिए नदिएको विवरण

| जिल्ला | जम्मा संख्या | साधारण तारिख दिएको | | पेशी तारिख दिएको | |
|---|---|---|---|---|---|
| काजिअ | ९९९ | १९९ | २०% | ८०० | ८०% |
| लपुजिअ | ३१६ | ७२ | २३% | २४४ | ७७% |
| भपुजिअ | १८२ | ४० | २२% | १४२ | ७८% |
| **जम्मा** | **१४९७** | **३११** | **२१%** | **११८६** | **७९%** |

प्रस्तुत तालिकाको विश्लेषण गर्दा अध्ययन गरिएका १४९७ थान मुद्दा मध्ये प्रतिवादी चुक्ता भईसके पछि पनि २१% मुद्दामा पेशी तारिख दिनुपर्नेमा साधारण तारिख दिने गरेको पाइन्छ । तर ७९% मुद्दामा भने पेशी तारिख नै दिने गरेको पाइयो ।

जिल्लागत हिसाबले हेर्दा पनि औसत यो प्रतिशतमा खासै कम वेशी देखिएन । सबैभन्दा बढी साधारण तारिख दिइएको संख्या ललितपुर जिल्ला अदालतमा २३% र सबैभन्दा कम साधारण तारिख दिइएको संख्या काठमाण्डौ जिल्ला अदालतमा २०% का बीच जम्मा ३% मात्र फरक रहेको छ ।

### ३.३.२ साधारण तारेख दिएकोमा सो सम्बन्धी पटकको विवरण

मुद्दामा प्रतिउत्तरपत्र परेको वा पर्ने अवस्था नाघेपछि पेशी तारेख नदिई साधारण तारेख दिनु भनेको कार्यविधिगत हिसाबले बेरुजु मानिन्छ । यसरी साधारण तारेख दिइएकोमा एकपटक भन्दा बढी पटक दिइएको छ भने वेरुजुको स्थिति झन् गम्भीर मान्नुपर्दछ । साधारण तारेख दिइएकोमा सो सम्बन्धी पटकको विवरण देहायको तालिकामा दिइएको छ-

### तालिका नं. १४

### साधारण तारेख दिएकोमा सो सम्बन्धी पटकको विवरण

| जिल्ला | मुद्दा संख्या | पटक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ पटक | | २-३ पटक | | ४-५ पटक | | ५ भन्दा बढी पटक | |
| काजिअ | १९९ | ९४ | ४७% | ७१ | ३६% | २२ | ११% | १२ | ६% |
| लपुजिअ | ७२ | ३४ | ४७% | २८ | ३९% | ७ | १०% | ३ | ४% |
| भपुजिअ | ४० | २५ | ६३% | १० | २५% | २ | ५% | ३ | ७% |
| **जम्मा** | **३११** | **१५३** | **४९%** | **१०९** | **३५%** | **३१** | **१०%** | **१८** | **६%** |

नोट- प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेपछि साधारण तारेख दिइएका मुद्दा संख्या जम्मा ३११ रहेकाले सोही संख्यालाई आधार मानिएको ।

प्रतिवादी चुक्ता भएपछी पेशी तारिख नदिइ एकपटक पनि साधारण तारिख दिनु भनेको व्यवस्थापकीय बेरुजु हो । पेशी तारिख दिनु पर्नेमा साधारण तारिख दिएको विवरण तालिका नं. १३ मा उल्लेख भईसकेकै छ । साधारण तारिख दिएको मध्ये पनि कतिपटक सम्म साधारण तारिख दिने गरिएको रहेछ भनेर विश्लेषण गर्दा ४९% मुद्दामा एक पटकमात्र दिएको देखिन्छ भने २ देखि ३ पटक सम्म दिइएको संख्या ३५%, ४ देखि ५ पटक दिइएको संख्या

१०% र ५ पटक भन्दा बढी पटक सम्म साधारण तारिख दिइएको संख्या ६% रहेको पाइएको छ । कुनै मुद्दामा प्रतिवादी चुक्ता भएपछि पनि १७ पटक सम्म साधारण तारिख दिइएको र सो कारणले मात्र १४ महिना व्यतित भएको पनि पाइयो ।[४६] यसैगरि अर्को एउटा मुद्दामा पनि १७ पटक सम्म साधारण तारिख दिई १८ महिना व्यतित भएको[४७] र अर्को एउटा मुद्दामा ११ पटक सम्म साधारण तारिख दिई त्यसपछि मात्र पेशी चढेको पाइएको छ ।[४८]

जिल्लागत हिसावले हेर्दा १ पटकमात्र साधारण तारिख दिइएको संख्या भक्तपुर जिल्ला अदालतमा सबैभन्दा बढी ६३% र सबैभन्दा कम काठमाण्डौ र ललितपुर दुबै जिल्ला अदालतहरुमा ४७ प्रतिशत रहेको पाइएको छ । काठमाण्डौ र ललितपुर दुबै जिल्ला अदालतहरुमा ५० प्रतिशत भन्दा बढी मुद्दामा १ भन्दा बढी पटक साधारण तारिख दिने गरेको पाइन्छ ।

### ३.३.३ प्रतिउत्तरपत्र परेपछि पहिलो पेशी चढ्न लागेको अवधि

प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेपछि कार्यविधिगत हिसावले मुद्दामा साधारण तारेख निदिई पेशी तारेख दिनुपर्ने विषयमा यस अगाडि नै प्रकाश पारी सकिएको छ । पेशी तारेख नै दिएकोमा पनि प्रतिउत्तरपत्र परेको मितिबाट पहिलो पेशी चढ्न कति समय लाग्ने गरेको छ भन्ने विषयलाई पनि अध्ययनमा समेटिएको थियो । अध्ययनले बताए अनुसार प्रतिउत्तरपत्र दर्ता भएको मितिबाट पहिलो पेशी चढ्न लागेको अवधिको विवरण तलको तालिकामा दिइएको छ-

**तालिका नं. १५**

**प्रतिउत्तरपत्र दर्ता मितिबाट पहिलो पेशी चढ्न लागेको अवधिको विवरण**

| जिल्ला | मुद्दा संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ महिना सम्म | | डेढ महिना सम्म | | २ महिना सम्म | | २ महिना भन्दा बढी | |
| काजिअ | ७३४ | २५९ | ३५% | १२७ | १७% | ६६ | ९% | २८२ | ३९% |
| लपुजिअ | २८८ | ११८ | ४१% | ६८ | २३% | ३६ | १३% | ६६ | २३% |
| भपुजिअ | १६५ | ७४ | ४५% | १४ | ८% | २४ | १५% | ५३ | ३२% |
| **जम्मा** | **११८७** | **४५१** | **३८%** | **२०९** | **१८%** | **१२६** | **११%** | **४०१** | **३३%** |

नोट- प्रतिउत्तरपत्र पर्ने प्रकृति (देवानी र दुनियाँवादी फौजदारी) का मुद्दा संख्या ११८७ रहेकाले सोही संख्यालाई आधार मानी उल्लेख गरिएको ।

प्रतिउत्तर दर्ता भएपछि साधारण तारिख दिए नदिएको वा दिएकोमा कति पटक दिएको भन्ने वारेमा यस अघिका तालिकाहरुमा उल्लेख गरिसकिएको छ । प्रस्तुत तालिका प्रतिउत्तर परेपछि पहिलो पेशी चढ्न लागेको अवधि संग सम्बन्धित छ । अवधिका हिसावले विश्लेषण गर्दा जम्मा ३८ प्रतिशत मुद्दामा प्रतिउत्तर परेको मितिले १ महिना भित्र पेशी चढेको पाइयो


[४६] नन्ददेवी बज्राचार्य वि. भुवनरत्न बज्राचार्य ०६० सालको मुद्दा नं ४०२४ को लिखतबदर मुद्दा, काठमाण्डौ जिल्ला अदालतमा मिति २०६०/११/२६ मा प्रतिवादी चुक्ता भएकोमा १७ पटक साधारण तारिख दिएपछि मिति २०६२/३/३० मा मात्र पेशी तारिख दिइएको ।

[४७] जोगमाया महर्जन वि. मुचुया महर्जन ०६० सालको मुद्दा नं १५६१ मुद्दा : लिखत बदर हक कायम, ललितपुर जिल्ला अदालत

[४८] श्याम श्रेष्ठ वि. रामकृष्ण श्रेष्ठ समेत, २०६३ सालको मुद्दा नं. ४३८ मद्दाः जालसाजी, भक्तपुर जिल्ला अदालत

भने ३३% मुद्दामा प्रतिउत्तर परेपछि पनि पेशी चढ्न २ महिनाभन्दा बढी अवधि लागेको पाइन्छ । जिल्लागत हिसावले हेर्दा प्रतिउत्तर परेको मितिले पेशी चढ्न काठमाण्डौ जिल्ला अदालतमा सबैभन्दा ढिला हुने गरेको पाइन्छ । प्रस्तुत तालिकाबाट देखिए अनुसार काठमाण्डौ जिल्ला अदालतमा जम्मा ३५% मुद्दामा मात्र १ महिनाभित्रै पेशी चढेको पाइन्छ भने ३९% मुद्दामा पेशी चढ्न २ महिनाभन्दा बढी अवधि लागेको पाइन्छ (भक्तपुर र ललितपुर जिल्ला अदालतमा १ महिनाभित्र पेशी चढेको मुद्दा संख्या क्रमशः ४५ र ४१ प्रतिशत रहेको छ भने २ महिना भन्दा बढी अवधि लागेको मुद्दा संख्या क्रमशः ३२ र २३ प्रतिशत रहेको पाइएको छ । यसलाई तलको चार्टमा देखाइएको छ ।

**प्रतिउत्तर दर्ता मितिबाट पहिलो पेशी चढ्न लागेको अवधि**




### ३.३.४ प्रमाण मुकरर पेशी (प्रारम्भिक सुनवाइ) मा फैसला भए नभएको विवरण

प्रतिउत्तर परी वा सो सरहको वयान भएपछि पहिलो पटक पेश भएको मुद्दामा सामान्यतया प्रमाण बुझ्ने आदेश गरिन्छ । यसैले यो प्रथम पेशीलाई प्रमाण मुकरर पेशी पनि भन्ने गरिन्छ । कानून अनुसार प्रमाण बुझ्नलाई प्रतिउत्तर परेकोमा प्रतिउत्तर दर्ता भएको मितिले र प्रतिउत्तर नपरी एकतर्फी हुने भएकोमा सो तारेख गुज्रेको मितिले मनासिव माफिकको कारणले देखि बाहेक ७ दिनभन्दा बढी ढिला गर्न हुँदैन ।[४९] तर सरकारवादी मुद्दामा सरजमिनमा गई तुरुन्त बुझ्नुपर्ने बाहेक देवानी मुद्दामा प्रतिवादीहरुको प्रतिउत्तर परिनसकी वा प्रतिउत्तरपत्र नलाग्ने अवस्था पुगीनसकी र फौजदारी मुद्दामा बयान वा प्रतिउत्तर लिई नसकी वा सो नलाग्ने अवस्था पुगी नसकी प्रमाण बुझ्न हुँदैन भन्ने पनि व्यवस्था छ ।[५०] प्रतिउत्तर परी वा सो सरहको बयान भएपछि पेश भएको मुद्दामा दाखिल भएका लिखत र प्रमाण हेरी छलफल गरी के कति कुरामा निर्णय दिनुपर्ने हो आदेशमा उल्लेख गरी त्यसको

[४९] मुलुकी ऐन, अ.वं. १४० नं.
[५०] ऐ. अ.वं. १३७ नं.

लागि कुन कुन प्रमाण बुझ्नुपर्ने हो प्रष्ट गरी मुलुकी ऐन अदालती बन्दोवस्त महलको १८४क नं. को अधिनमा रही प्रमाण बुझ्ने आदेश गर्नुपर्छ ।[५१] अ.वं. १८४क नं. मा उल्लेख भए अनुसार प्रतिउत्तरपत्र परी झगडियाहरुको उपस्थितिको निमित्त तोकिएको तारेखमा दुबै पक्षको रोहवरमा फिरादपत्र र प्रतिउत्तरपत्र तथा दाखिल भएको सबै लिखत हेरी देखाई वादी प्रतिवादीसँग आवश्यक कुरा सोधपुछ समेत गरी त्यसबाट दुबै थरको कुरा आंशिक वा पुर्णरुपमा नमिलेको देखिन आएमा जुन जुन कुरा नमिली इन्साफ गरी ठहराउनुपर्ने हो सो कुराहरु र त्यस सम्बन्धमा बुझ्नुपर्ने प्रमाणहरु स्पष्ट खोली पर्चा खडा गरी सबुद प्रमाण झिकाउन आदेश दिई सबुद प्रमाण बुझ्ने तारेख समेत तोक्नुपर्छ भन्ने व्यवस्था छ ।

तर दुबै थरलाई राखी छलफल गराउँदा दुबै थरको कुरा मिलेको देखिन आएमा भने तुरुन्त निर्णय सुनाउनुपर्ने व्यवस्था छ ।[५२] यस सम्बन्धमा जिल्ला अदालत नियमावलीमा भनिएको छ "पहिलो पटक इजलासमा मुद्दा पेश भएको अवस्थामा अभियोग दावी प्रमाणित हुने सम्मको आधार र प्रमाण प्रस्तुत हुन आएको नदेखिएमा वा हदम्याद, हकदैया, अदालतको अधिकारक्षेत्र भएको नदेखिएमा वा थप प्रमाण बुझी रहनु पर्ने नदेखिएमा सोही पेशी कै दिन त्यस्तो मुद्दा किनारा गर्न सकिनेछ" ।[५३] यसैगरी कुनै मुद्दामा आफ्नो दावी जिकिर पुऱ्याउन सक्दिन भनी कागज गरिदियो र मुद्दा फिर्ता लियो[५४] अथवा प्रतिउत्तरपत्र पर्नासाथ दुबैपक्षले मिलापत्र गरे[५५] भने पनि मुद्दामा थप प्रमाण बुझ्ने आदेश नै नगरी पहिलो पेशीमा मुद्दा किनारा लाग्न सक्दछ । त्यसैले पहिलो पेशी मै मुद्दा किनारा लागेको संख्या पनि प्रस्तुत अध्ययनको एउटा विषयका रुपमा विचार गरिएको थियो । प्रथम पेशीमा फैसला भए नभएको मुद्दाको संख्यात्मक विवरण देहायको तालिकामा देखाइएको छ-

**तालिका नं. १६**

**प्रथम पेशीमा मुद्दा फैसला भए नभएको विवरण**

| जिल्ला | जम्मा संख्या | फैसला भएको | | फैसला नभएको | |
|---|---|---|---|---|---|
| काजिअ | ९९९ | १२५ | १३% | ८७४ | ८७% |
| लपुजिअ | ३१६ | ७२ | २३% | २४४ | ७७% |
| भपुजिअ | १८२ | ३४ | १९% | १४८ | ८१% |
| **जम्मा** | **१४९७** | **२३१** | **१५%** | **१२६६** | **८५%** |

प्रस्तुत तालिकाबाट प्रथम पेशीमा फैसला भएका मुद्दा संख्या १५ प्रतिशत रहेको छ । मुद्दा व्यवस्थापनका दृष्टिले प्रथम पेशीमा मुद्दा फैसला भएको यो संख्या उत्साहवर्धक मान्नु पर्दछ । प्रथम पेशीमा मुद्दा फैसला हुनु भन्नुको अर्थ मुद्दामा अन्य प्रमाणहरु बुझिरहन नपर्ने अवस्था हो । यसले गर्दा पक्षहरु बारम्बार तारिखमा उपस्थिति हुन पनि नपर्ने हुन्छ । यसरी फैसला हुँदा समयगत हिसाबले छिटो छरितो हुने मात्र नभई खर्चका हिसावले पनि कम लागत मात्र

[५१] जिल्ला अदालत नियमावली, २०५२ को नियम २४


[५२] मुलुकी ऐन, अ.वं. १८४क नं.

[५३] जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६क

[५४] मुलुकी ऐन अ.वं. ९२ नं.

[५५] ऐ. १८२ नं., जिला अदालत नियमावली, २०५२ को नियम ३२(४)

लाग्ने हुन्छ । प्रथम पेशीमा फैसला भएको यो संख्यामा प्रतिवादीले अदालत मै उपस्थित भइ म्याद बुझेर मिलापत्र भएका, मु.ऐ. अ.व. ९२ नं. बमोजिम फिर्ता लिइएका मुद्दाहरु समेत समावेश गरिएका छन् ।




जिल्लागत आधारमा हेर्दा प्रथम पेशीमा मुद्दा फैसला भएको संख्या सबैभन्दा बढी २३ प्रतिशत ललितपुर जिल्ला अदालतमा पाइयो भने भक्तपुर र काठमाण्डौ जिल्ला अदालतमा यो संख्या क्रमशः १९ र १३ प्रतिशत रहेको छ । यो हिसावले ललितपुर जिल्ला अदालतको तथ्याङक उत्साहवर्धक देखिन्छ ।

### ३.४. प्रमाण बुझ्ने आदेश र सो को कार्यान्वयन

मुद्दामा प्रतिउत्तरपत्र परिसकेपछि अथवा सरकारवादी फौजदारी मुद्दा भए अभियुक्त हाजिर भई बयान दिइसकेपछि प्रमाण बुझ्ने चरण शुरु हुन्छ । यद्यपी पहिलो पेशीको छलफल मै दुबैथरको कुरा मिल्यो अथवा मुद्दा फिर्ता लियो वा मिलापत्र गरे भने थप प्रमाण नबुझीकनै सोही अवस्थामा मुद्दा किनारा लाग्नसक्ने स्थिति छँदैछ तर दुबैथरको कुरा मिलेन, पक्षहरु आ-आफ्नै दावी र जिकीरमा अडिग रहे भने अदालतले जुन जुन विषयमा इन्साफ गर्नुपर्ने हो सो विषयका सम्बन्धमा बुझ्नुपर्ने प्रमाणहरु स्पष्ट खोली ती प्रमाणहरु बुझ्ने आदेश गर्नुपर्ने हुन्छ । अक्सर के भन्ने गरिन्छ भने एकैपटक आदेश गर्न सकिने विषयहरुमा पनि पटक-पटक आदेश गरिन्छ, गरिएका आदेशहरुको कार्यान्वयन ठीक समयमा हुँदैनन् र यसले गर्दा पनि मुद्दाको समस्त कारवाही प्रभावित हुने गरेको छ । यही समस्यालाई दृष्टिगत गरेर न्याय परिषद् ऐन, २०४७ को दफा ४क (२) को खण्ड (ख) र (ज) मा मुद्दामा एकैपटक गर्नुपर्ने वा गर्न सकिने आदेशहरु एकैपटक नगर्ने तथा प्रमाण बुझ्ने आदेश गर्दा ठहर गर्नुपर्ने देखिएको तथ्य वा प्रश्नहरु के के हुन् र कुन कुन प्रमाणहरु बुझ्नुपर्ने देखिन्छन् भन्ने कुराहरु नखुलाई केवल प्रमाण बुझ्ने भनेर मात्र आदेश गरेको विषयलाई न्यायाधीशको कार्यक्षमता मूल्याङ्कन गर्ने आधारका रुपमा उल्लेख पनि गरिएको छ । त्यसैले प्रमाण बुझ्ने आदेश र सो को कार्यान्वयन स्थितिलाई पनि प्रस्तुत अध्ययनमा समेट्ने प्रयास गरिएको छ ।

### ३.४.१ प्रतिउत्तरपत्र परेपछि पहिलो प्रमाण मुकरर आदेश हुन लागेको अवधि

प्रतिउत्तर परेपछि अथवा सरकारवादी फौजदारी मुद्दामा अभियुक्तको वयान भएपछि प्रमाण मुकररका लागि पेशी चढ्न अङ्ग पुगेको मानिन्छ । तर कतिपय मुद्दामा यसरी अङ्ग पुगिसकेपछि पनि पेशी नचढाई साधारण तारेख दिने गरेको पाइन्छ भने कतिपय मुद्दामा पेशी चढेकैमा पनि पालो नआएर वा अन्य कारणले प्रमाण मुकरर आदेश हुन लामो समय लागेको हुनसक्दछ । पेशी चढाउनुपर्ने मुद्दा नचढाई साधारण तारेख दिइनु वा पेशी चढेकोमा पनि धेरैपटक नभ्याएर वा अन्य कारणले प्रमाण मुकरर हुन नसकी मुद्दा त्यसै इजलाशबाट फिर्ता हुनु स्पष्टतः व्यवस्थापकीय समस्या हो । त्यसैले प्रस्तुत अध्ययनमा प्रतिउत्तर परेपछि प्रमाण मुकरर हुन लाग्ने गरेको समयावधि पत्ता लगाउने प्रयास गरिएको थियो । अध्ययनबाट पहिलो प्रमाण मुकरर हुन लागेको अवधि देहाय अनुसार रहेको देखिएको छ-

**तालिका नं. १७**

**प्रतिउत्तर परेपछि पहिलो प्रमाण मुकरर आदेश हुन लागेको अवधिको विवरण**

| जिल्ला | मुद्दा संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ महिना सम्म | | डेढ महिना सम्म | | २ महिना सम्म | | २ महिना भन्दा बढी | |
| काजिअ | ८७४ | ३६९ | ४२% | १३५ | १५% | १०४ | १२% | २६६ | ३१% |
| लपुजिअ | २४४ | ८५ | ३५% | ५७ | २३% | ४१ | १७% | ६१ | २५% |
| भपुजिअ | १४८ | ३९ | २७% | १९ | १३% | ३७ | २५% | ५३ | ३६% |
| **जम्मा** | **१२६६** | **४९३** | **३९%** | **२११** | **१७%** | **१८२** | **१४%** | **३८०** | **३०%** |

नोट- अध्ययनमा परेका जम्मा १४९७ थान मुद्दामध्ये २३१ थान मुद्दाहरु प्रमाण मुकरर नै नभई पहिलो पेशीमा फैसला भएको हुँदा बाँकी १२६६ थान मुद्दामात्र उल्लेख हुन गएको ।

प्रस्तुत तालिकाको विश्लेषण गर्दा प्रतिउत्तर दर्ता/चुक्तापछि पहिलो प्रमाण मुकरर आदेश ३९ प्रतिशत मुद्दामा १ महिना भित्रै भएको पाइन्छ भने ३० प्रतिशत मुद्दामा २ महिनाभन्दा बढी अवधि लागेको पाइन्छ ।

यो कारवाहीमा जिल्लागत तथ्याङ्क विश्लेषण गर्दा तुलनात्मक रुपमा काठमाण्डौ जिल्ला अदालतको स्थिति राम्रो रहेको पाइन्छ । काठमाण्डौ जिल्ला अदालतमा ४२ प्रतिशत मुद्दामा प्रतिउत्तर दर्ता भएको मितिले १ महिना भित्र प्रमाण मुकरर आदेश भएको पाइयो । एक महिनाभित्रै प्रमाण मुकरर भएका मुद्दा संख्या ललितपुर जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतमा क्रमशः ३५ र २७ प्रतिशत रहेको छ । यसैगरी काठमाण्डौ जिल्ला अदालतमा प्रतिउत्तर दर्ता भएको मितिले प्रमाण मुकरर आदेश हुन २ महिना भन्दा बढी अवधि लागेको संख्या ३१ प्रतिशत रहेको पाइयो भने ललितपुर र भक्तपुर जिल्ला अदालतमा प्रमाण मुकररका लागि २ महिनाभन्दा बढी अवधि लागेको संख्या क्रमश २५ र ३६ प्रतिशत रहेको छ।

### ३.४.२ प्रमाण मुकरर आदेश कार्यान्वयन हुन लागेको अवधि

मुद्दा इजलाशमा पेश भै प्रमाणहरु बुझ्न पत्राचार वा अन्य आवश्यक कारवाही गर्ने कर्तव्य सम्बन्धित फाँटको हुन्छ । यस्ता ओदशहरु कार्यान्वयनका लागि निश्चित समयावधि कानूनमा नतोकिएको भएपनि यथाशक्य चाँडो कार्यान्वयन गर्नुपर्ने हुन्छ । वास्तवमा प्रमाण बुझ्ने आदेशहरुको कार्यान्वयन जति छिटो हुन्छ मुद्दाको फछ्र्यौट पनि त्यति नै छिटो हुन्छ । तर कतिपय मुद्दामा यसप्रकारको पत्राचार हुनै पनि लामो समय लाग्ने गरेको गुनासाहरु सुन्ने

गरिन्छ । त्यसैले प्रमाण मुकररको आदेश भएपछि सो को कार्यान्वयनको लागि कारवाही शुरु गर्न लागेको अवधि र आदेशानुसारको काम सम्पन्न हुन लागेको अवधि पनि यसमा अध्ययन गरिएको थियो । यस सम्बन्धी अध्ययनबाट देखिएको विवरण देहायको तालिकाहरुमा देखाइएको छ-

### तालिका नं. १८

### प्रमाण मुकरर आदेश कार्यान्वयनका लागि कारवाही शुरु गर्न लागेको अवधिको विवरण

| जिल्ला | मुद्दा संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | उहि दिन | | ३ दिन सम्म | | ७ दिन सम्म | | ७ दिन भन्दा बढी | |
| काजिअ | ८७४ | ३०९ | ३५% | २१२ | २४% | ८६ | १०% | २६७ | ३१% |
| लपुजिअ | २४४ | ९३ | ३८% | ५२ | २१% | २२ | ९% | ७७ | ३२% |
| भपुजिअ | १४८ | ४७ | ३२% | ४० | २७% | १६ | ११% | ४५ | ३०% |
| **जम्मा** | **१२६६** | **४४९** | **३६%** | **३०४** | **२३%** | **१२४** | **१०%** | **३८९** | **३१%** |

नोट- जम्मा १४९७ थान मुद्दामध्ये १२६६ थान मुद्दामा मात्र प्रमाण मुकरर आदेश भएकाले सोही संख्यालाई आधार मानी उल्लेख गरिएको ।

प्रमाण मुकरर आदेश भएपछि उक्त आदेश कार्यान्वयनका लागि कारबाही शुरु गर्न लागेको अवधिका सम्बन्धमा प्रस्तुत तालिका अध्ययन गर्दा ३६ प्रतिशत मुद्दामा उही दिन कारवाही शुरु भएको पाइन्छ जुन ज्यादै उत्साहवर्धक हो । आदेश कार्यान्वयनका लागि पत्राचार आदि गर्नुपर्दा सामान्यतया ३ दिनभित्रै गर्नुपर्ने कुरालाई आधार मान्दा पनि ५९ प्रतिशत मुद्दामा ३ दिनभित्रै आदेश कार्यान्वयनका लागि कारवाही शुरु भएको पाइन्छ । तर ४१ प्रतिशत मुद्दामा भने ३ दिनभन्दा बढी समयावधि लागेको पाइन्छ ।

जिल्लागत हिसावले हेर्दा सबै अदालतमा काम कारबाहीहरु औसतमा उस्तै देखिन्छ । आदेश कार्यान्वयनका लागि उही दिन कारबाही शुरु भएको मुद्दाको संख्या ललितपुर जिल्ला अदालतमा सबैभन्दा बढी ३८ प्रतिशत रहेको छ भने काठमाण्डौ र भक्तपुर जिल्ला अदालतमा यो प्रतिशत क्रमश ३५ र ३२ रहेको छ । ३ दिन, ७ दिन र ७ दिनभन्दा बढी अवधि लागेको संख्या पनि तीन वटै अदालतहरुमा उस्तै रहेको छ ।

### तालिका नं. १९

### प्रमाण मुकरर आदेशानुसारको काम सम्पन्न गर्न लागेको अवधिको विवरण

| जिल्ला | मुद्दा संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५ दिन सम्म | | १ महिना सम्म | | डेड महिना सम्म | | डेड महिना भन्दा बढी | |
| काजिअ | ८७४ | ७८ | ९% | १७८ | २०% | १६२ | १९% | ४५६ | ५२% |
| लपुजिअ | २४४ | २५ | १०% | ४२ | १७% | २६ | ११% | १५१ | ६२% |
| भपुजिअ | १४८ | १० | ७% | १९ | १३% | १३ | ९% | १०६ | ७१% |
| **जम्मा** | **१२६६** | **११३** | **९%** | **२३९** | **१९%** | **२०१** | **१६%** | **७१३** | **५६%** |

नोट- तालिका नं. १८ मा जस्तै प्रस्तुत तालिकामा पनि प्रमाण मुकरर आदेश भएका १२६६ थान मुद्दाहरुमात्र समावेश गरिएको ।

अक्सर के देखिन्छ भने प्रमाण मुकरर आदेश भएपछि सो को कार्यान्वयनका लागि समय मै कारवाही शुरु भए पनि सो अनुसारको काम सम्पन्न हुन लामो समय लाग्ने गरेको सुनिन्छ । आदेश कार्यान्वयनको काम सम्पन्न नभएसम्म मुद्दा इजलाश समक्ष पेश गरिंदैन । यसैले आदेश कार्यान्वयनको काम सम्पन्न हुन लाग्ने समयावधिको अध्ययन गर्दा जम्मा ९ प्रतिशत मुद्दामा १५ दिन भित्र सम्पन्न भएको पाइन्छ भने १९ प्रतिशत मुद्दामा १ महिना, १६ प्रतिशत मुद्दामा डेढ महिना र ५६ प्रतिशत मुद्दामा डेढ महिनाभन्दा बढी अवधि लागेको पाइन्छ ।


अदालतबाट भएका आदेश कार्यान्वयन गर्न लामो अवधि लाग्नुको पछाडि केही कारणहरु प्रष्ट देखिएका छन् । इजलाशबाट हुनुपर्ने आदेशहरु एकैपटक हुनु उत्साहवर्धक मानिए पनि कार्यान्वयनको चरणमा कतिपय आदेशहरु एकैपटक कार्यान्वयन गर्न नमिली एउटा आदेश कार्यान्वयन भएपछि मात्र अर्को आदेश कार्यान्वयन गर्नुपर्ने स्थिति हुन्छ । अन्य कतिपय अवस्थामा अदालतबाट आदेश कार्यान्वयका लागि समय मै कारवाही हुँदा हुँदै पनि सरोकारवाला अरु निकायहरुबाट अपेक्षित सक्रियता नअपनाइंदा यस कार्यमा ढिलाई हुन गएको पाइन्छ । जस्तोः साक्षी उपस्थित गराउन अनुरोध गरिएकोमा सरकारी पक्षबाट तोकिएको समयमा साक्षी उपस्थित गराउन नसक्ने, माग गरिएका लिखत प्रमाणहरु समयमा नपठाउने, पक्षहरुको सहयोगको अभावमा नापनक्सा लगायतका कार्यहरु समयमा सम्पन्न नहुने आदि अवस्थाहरु पर्ने गरेको देखिन्छ । उदाहरणका लागि अध्ययन गरिएका मुद्दामध्ये एउटा मुद्दामा विवादित लिखत परिक्षणका लागि विशेषज्ञकहां पठाउने आदेश भएकोमा सो कार्यका लागि लाग्ने दस्तुर दाखिल गराउन, लिखत विशेषज्ञकहां पठाइ सो को परीक्षण प्रतिवेदन प्राप्त गर्न र त्यसपछि विशेषज्ञको वकपत्र गराउन लामो समय लाग्ने गरेको दृष्टान्त भेटिएको छ ।[५६] अंश मुद्दामा प्रतिवादीबाट बण्डा गर्नुपर्ने सम्पत्तिको तायदाती पेश गराउने आदेश भएपछि सो को कार्यान्वयनमा लामो अवधि व्यतित हुने गरेको पाइन्छ । आदेश भएपछि प्रतिवादीले तारिख गुजार्ने, त्यसपछि प्रतिवादीका नाममा पक्राउ पूर्जी जारी हुने, पक्राउ भई नआउँदा वादीबाट तायदाती पेश गराउनुपर्ने, सो उपर उजुर गर्न प्रतिवादीका नाममा ३५ दिने सूचना जारी गर्नुपर्ने, त्यसपछि दाखिल भएको सम्पत्तिको कोर्ट फि दाखिल गराउनुपर्ने लगायतका लामो प्रक्रिया पूरा गर्नुपर्ने कारणले धेरै समय बित्ने गरेको पाइएको छ ।[५७] सम्पन्न गर्न लागेको अवधिको विवरणलाई तलको चार्टमा देखाइएको छ ।

---

[५६] सन्तुमाया महर्जन वि. मचाम महर्जन, मुद्दा नक्सापास बदर, ०५९ सालको मुद्दा नं. ४५०२ काठमाण्डौ जिल्ला अदालत । प्रस्तुत मुद्दामा आदेश कार्यान्वयन गर्न २ वर्ष लागेको र फैसला हुन ५ वर्ष लागेको पाइयो ।

[५७] रिचा मानन्धर वि. मनोज मानन्धर, मुद्दा अंश, ०६३ सालको मुद्दा नं. ४९५९, काठमाण्डौ जिल्ला अदालत । मोहनमाया वि. हरि प्रसाद मुद्दा अंश, ०६३ सालको मुद्दा नं. १०५६, भक्तपुर जिल्ला अदालत

**प्रमाण मुकरर आदेशानुसारको काम सम्पन्न गर्न लागेको अवधि**




जिल्लागत हिसावले ललितपुर जिल्ला अदालतमा १५ दिनभित्र आदेश कार्यान्वयन भएको संख्या १० प्रतिशत छ भने काठमाण्डौ र भक्तपुर जिल्ला अदालतमा यो प्रतिशत क्रमशः ९ र ७ रहेको छ । डेढ महिनाभन्दा बढी अवधि लाग्नेमा पनि भक्तपुर जिल्ला अदालतमा ७१ प्रतिशत रहेको छ र ललितपुर तथा काठमाण्डौ जिल्ला अदालतमा यो प्रतिशत क्रमशः ६२ र ५२ रहेको छ ।

### ३.४.३ प्रमाण बुझ्नका लागि आदेश भएको पटकको विवरण

एकैपटक गर्न सकिने र गर्नुपर्ने आदेशहरु एकैपटक नगरी मुद्दा अनावश्यक रुपमा लम्बिन गएमा सम्बन्धित न्यायाधीशको कार्यक्षमता माथि प्रश्न उठ्सक्ने विषय हो । यस सम्बन्धी न्याय परिषद् ऐन, २०४७ को दफा ४क(२) को खण्ड (ख) र (ज) मा भएको व्यवस्था माथि उल्लेख गरी सकिएको छ । कतिपय मुद्दामा सबै प्रमाणहरु बुझ्ने आदेश एकैपटक गर्न नमिल्ने अथवा नसकिने पनि हुनसक्दछ । त्यसैले प्रमाण बुझ्ने आदेश धेरैपटक गर्नुको अर्थ सबै अनावश्यक नै हो भन्न मिल्दैन तर यस सम्बन्धमा गुनासो नै नरहेको पनि होइन । भएका आदेशहरु आवश्यक वा अनावश्यक के हुन् भनेर परीक्षण गर्ने विषय प्रस्तुत अध्ययनको क्षेत्र भित्र पर्दैन । तथापि यस्ता आदेशहरु कतिपटकसम्म हुँदोरहछ भन्ने कुरालाई अध्ययनको विषय बनाइएको थियो । अध्ययनबाट देखिए अनुसार प्रमाण बुझ्नका लागि आदेश भएको पटकको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका नं. २०**

**प्रमाण बुझ्नका लागि आदेश भएको पटकको विवरण**

| जिल्ला | मुद्दा संख्या | पटक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ पटक | | २-३ पटक | | ४-५ पटक | | ५ भन्दा बढी पटक | |
| काजिअ | ८७४ | ३८२ | ४४% | ३७५ | ४३% | ९३ | ११% | २४ | २% |
| लपुजिअ | २४४ | ८९ | ३६% | १०३ | ४२% | २५ | १०% | २७ | १२% |
| भपुजिअ | १४८ | ३१ | २१% | ९३ | ६३% | १७ | ११% | ७ | ५% |
| **जम्मा** | **१२६६** | **५०२** | **४०%** | **५७१** | **४५%** | **१३५** | **१०%** | **५८** | **५%** |

नोटः अध्ययन गरिएका जम्मा १४९७ थान मुद्दाहरुमध्ये १२६६ थान मुद्दामा मात्र प्रमाण बुझ्ने आदेश गरिएको हुँदा सोही संख्यालाई आधार मानिएको ।

प्रस्तुत तालिकाको विश्लेषण गर्दा जम्मा १२६६ थान मुद्दामा प्रमाण बुझ्ने आदेश भएकोमा ४० प्रतिशत मुद्दामा १ पटक मात्र प्रमाण बुझ्ने आदेश भई फैसला भएको पाइन्छ । यसैगरी ४५ प्रतिशत मुद्दामा २ वा ३ पटकसम्म प्रमाण बुझ्ने आदेश भएको पाइन्छ भने १० प्रतिशत मुद्दामा ४ वा ५ पटकसम्म र ५ प्रतिशत मुद्दामा ५ भन्दा बढी पटक प्रमाण बुझ्ने आदेश भएको पाइन्छ ।

जिल्लागत हिसावले सबैभन्दा बढी ४४ प्रतिशत मुद्दामा काठमाण्डौ जिल्ला अदालतमा १ पटकमात्र प्रमाण बुझ्ने आदेश भएको पाइन्छ भने ललितपुर र भक्तपुर जिल्ला अदालतमा क्रमश ३६ र २१ प्रतिशत मुद्दामा १ पटक मात्र प्रमाण बुझ्ने आदेश भएको पाइन्छ । ललितपुर जिल्ला अदालतमा १२ प्रतिशत मुद्दामा ५ भन्दा बढी पटकसम्म प्रमाण बुझ्ने आदेश भएको पाइन्छ ।

### ३.४.४ अ.वं. ११५ नं. को प्रयोग भए नभएको विवरण

मुलुकी ऐन, अ.वं. ११५ नं. को व्यवस्था नबुझी नहुने साक्षीका हकमा अदालतबाटै म्याद जारी गरी बुझिने व्यवस्था हो । प्रमाण ऐन, २०३१ लागू भएपछि वादीले प्रमाण पुऱ्याउनुपर्ने विषय र प्रतिवादीले प्रमाण पुऱ्याउनुपर्ने विषय स्पष्ट गरिएको छ ।[५८] साक्षी बकपत्र गराउँदा पनि साक्षी जुन पक्षको हो सोही पक्षले निजसँग सोधपुछ गर्ने र अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्नसक्ने व्यवस्था छ ।[५९] वादी प्रतिवादीमा लेखिएका साक्षीहरुलाई अदालतले तोकेको तारिखमा उपस्थित गराउने जिम्मा पनि पक्षहरु स्वयंको हुन्छ ।[६०] यद्यपि पूर्पक्षका लागि थुनामा रहेका अभियुक्तले अड्डैबाट बुझी पाउन निवेदन दिन पाउने व्यवस्था छ । थुनामा रहेका अभियुक्तले यसरी निवेदन दिएमा बाहेक अन्य अवस्थामा कुनै पक्षले आफ्नो साक्षी उपस्थित गराउन नसकेमा त्यस्तो साक्षीलाई पछि बुझिदैन ।[६१] तर अ.वं. ११५ नं. को व्यवस्था यी अरु व्यवस्थाहरुको अपवादात्मक व्यवस्था हो । मुलुकी ऐन अ.वं. ११५ नं. मा भनिएको छ- "प्रमाण बुझ्न तोकिएको तारेखमा हाजिर नभएका साक्षीलाई वातिल गर्नुपर्छ । तर नेपाल सरकार वादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीका सम्बन्धमा समाह्वान जारी गरी बुझ्न हुन्छ...." यसरी समाह्वान जारी गर्दा पनि हाजिर नहुने साक्षीलाई अवस्था अनुसार जरिवाना वा कैद नै पनि हुनसक्ने व्यवस्था छ । प्रमाण ऐन, २०३१ लागू भएपछि अ.वं. ११५ नं. को प्रयोग विस्तारै कम हुँदै गएको छ तर पूर्ण रुपमा समाप्त भईसकेको चाहि छैन । यसैले अध्ययनमा परेका अदालतहरुमा अ.वं. ११५ नं. को प्रयोगको स्थितिलाई पनि अध्ययनमा समेटिएको थियो । अध्ययनबाट देखिए अनुसार यी अदालतहरुमा अ.वं. ११५ नं. को प्रयोगको स्थिति देहायको तालिकामा प्रस्तुत गरिएको छः

---

[५८] प्रमाण ऐन, २०३१ को दफा २५, २६, २७

[५९] ऐ. दफा ५०(१)

[६०] मुलुकी ऐन, अ.वं. १४४ नं.

[६१] ऐ.ऐ.

**तालिका नं. २१**

**साक्षी बुझ्नका लागि अ.वं. ११५ नं. को प्रयोग भए नभएको विवरण**

| जिल्ला | जम्मा संख्या | प्रयोग भएको | | प्रयोग नभएको | |
|---|---|---|---|---|---|
| काजिअ | २६५ | ५५ | २१% | २१० | ७९% |
| लपुजिअ | २८ | ६ | २१% | २२ | ७९% |
| भपुजिअ | १७ | २ | १२% | १५ | ८८% |
| **जम्मा** | **३१०** | **६३** | **२०%** | **२४७** | **८०%** |

नोटः अ.वं. ११५ नं. प्रयोग हुनसक्ने प्रकृतिका मुद्दा ३१० थान मात्र भएकोले सोही संख्यालाई आधार मानिएको ।

अध्ययन गरिएका अदालतहरुमा अ.वं. ११५ नं. को प्रयोगको स्थितिलाई हेर्दा जम्मा २० प्रतिशत मुद्दामा मात्र यो व्यवस्था प्रयोग भएको पाइन्छ । अध्ययन गरिएका मुद्दाहरुमध्ये ८० प्रतिशत मुद्दामा अ.वं. ११५ नं. को प्रयोग नभएको वा गर्नु नपरेको स्थिति देखिन्छ ।

जिल्लागत हिसावमा हेर्दा काठमाण्डौ जिल्ला अदालतमा तुलनात्मक रुपले केही बढी अर्थात २२ प्रतिशत मुद्दामा अ.वं. ११५ नं. को व्यवस्था प्रयोग भएको पाइन्छ भने भक्तपुर जिल्ला अदालतमा सबैभन्दा कम अर्थात १२ प्रतिशत मुद्दामा मात्र यो व्यवस्था प्रयोग भएको पाइन्छ । ललितपुर जिल्ला अदालतमा यो संख्या २१ प्रतिशत रहेको छ ।

### ३.५ फैसलाका लागि पेशी चढेको विवरण र फैसला

मुद्दाको कारवाहीमा फैसला कारवाहीको अन्तिम अवस्था हो । मुद्दाका पक्षहरुको हारजीतको स्थिति फैसलाबाट स्पष्ट हुन्छ । जिल्ला अदालतमा परेका मुद्दाहरु फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एक वर्षभित्र फैसला गनुपर्ने व्यवस्था छ ।[६२] तर बुझ्नुपर्ने प्रमाण बुझीसकेपछि फैसला गर्ने म्याद बाँकी भए पनि मुद्दा फैसला गर्नलाई ३५ दिन भन्दा ढिलो गर्न नपाइने व्यवस्था छ ।[६३] तोकिएको म्यादभित्र फैसला गर्न अड्कने मनासिव माफिकको कारण परी आएमा अड्काउको व्यहोरा लेखी आफ्नो पुनरावेदन सुन्ने अड्डामा म्यादभित्रै जाहेर गर्नुपर्छ । सो अड्डाले जाँच्दा पनि अड्काउ मनासिव ठहरी एक महिनासम्म म्याद थप दिनुपर्ने देखिएमा एकपटकलाई आफैले दिइ र त्यसभन्दा बढी म्याद थप दिनुपर्नेमा आफू भन्दा माथिल्लो तहमा जाहेर गर्नुपर्ने र माथिल्लो तहबाट पनि मनासिव माफिकको म्याद थप दिइ सो म्यादमा फैसला गर्न लाउनुपर्ने व्यवस्था पनि छ ।[६४] यसैले मुद्दामा फैसला कानूनले तोकेको समयावधि भित्र हुनसकेको छ वा छैन, समयावधि भित्र हुन नसकेकोमा अ.वं. १५ नं. बमोजिमको प्रक्रिया अपनाउने गरिएको छ वा छैन, पेशी कतिपटक चढ्ने गरेको छ आदि पक्षहरुमा जिज्ञासा उठ्नु स्वाभाविक देखिन्छ । यिनै सन्दर्भलाई ध्यानमा राखेर उपत्यकाका जिल्ला अदालतहरुमा फैसलाका लागि पेशी चढेको र फैसला सम्बन्धी अन्य विषयमा जानकारी हासिल गर्ने उद्देश्यले प्रस्तुत अध्ययन अन्तर्गत सूचना सङ्कलन गर्ने

[६२] ऐ. १४ नं.

[६३] ऐ. ऐ.

[६४] ऐ. १५ नं.

प्रयास गरिएको थियो । यस सम्बन्धी सूचनाहरुलाई विभिन्न शीर्षकमा वर्गीकरण गरेर प्रस्तुत गरिएको छ ।

### ३.५.१ प्रमाण बुझ्ने काम सम्पन्न भएपछि पेशी चढे नचढेको विवरण

मुलुकी ऐन अ.वं. १८४क नं. तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम २४ बमोजिम प्रमाण बुझ्न भएका आदेशानुसारका सबै प्रमाण बुझ्ने कार्य सकिएपछि मुद्दा इजलाश समक्ष पेश गनुपर्ने हुन्छ । मुद्दा इजलाशमा पेश नभइ उक्त मुद्दामा फैसला हुँदैन । त्यसैले इजलाशको आदेश अनुसारको काम सम्पन्न भएपछि पनि मुद्दा पेशीमा नचढाई साधारण तारेख दिइएको स्थिति छ भने स्पष्टतः यो व्यवस्थापकीय कमजोरी मान्नुपर्ने हुन्छ । यस्तो प्रक्रियाले मुद्दा अनावश्यक रुपमा लम्बिन गई कारवाहीमा ढिलाई बढ्ने हुन्छ । त्यसैले प्रस्तुत अध्ययनमा प्रमाण बुझ्ने काम सम्पन्न भएपछि मुद्दा पेशीमा चढे नचढेको विषयलाई पनि हेर्ने प्रयास गरिएको थियो । प्रमाण बुझ्ने काम सम्पन्न भएपछि मुद्दा पेशीमा चढे नचढेको विवरण देहायको तालिकामा देखाइएको छः

**तालिका नं. २२**

**आदेश कार्यान्वयनपछि साधारण तारिख दिए नदिएको विवरण**

| जिल्ला | जम्मा संख्या | पेशी चढाएको | | साधारण तारिख दिएको | |
|---|---|---|---|---|---|
| काजिअ | ८७४ | ७५० | ८६% | १२४ | १४% |
| लपुजिअ | २४४ | २१६ | ८९% | २८ | ११% |
| भपुजिअ | १४८ | १२४ | ८४% | २४ | १६% |
| **जम्मा** | **१२६६** | **१०९०** | **८६%** | **१७६** | **१४%** |

नोटः पहिलो पेशी मै फैसला भएका २३१ बाहेक प्रमाण बुझ्न आदेश गरिएका मुद्दा संख्या १२६६ भएकाले सोही संख्यालाई आधार मानी उल्लेख गरिएको ।

प्रमाण बुझ्ने काम सम्पन्न भएपछि मुद्दा पेशीमा चढे नचढेको विषयमा प्रस्तुत तथ्याङ्क विश्लेषण गर्दा ८६ प्रतिशत मुद्दामा प्रमाण बुझ्ने काम सम्पन्न भएपछि मुद्दामा साधारण तारिख नदिई पेशीमा चढेको पाइन्छ जुन राम्रो स्थिति मान्न सकिन्छ । केवल १४ प्रतिशत मुद्दामा साधारण तारिख दिइएको पाइन्छ ।

जिल्लागत स्थिति हेर्दा पनि अध्ययन गरिएका सबै अदालतहरुमा स्थिति उस्तै देखिन्छ । सबैभन्दा बढी र कम संख्याको तुलना गर्दा केवल ५ प्रतिशतको अन्तर रहेको पाइन्छ ।

### ३.५.२ साधारण तारेख दिएकोमा सो को पटकको विवरण

प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि मुद्दा पेशीमा चढाउन अङ्ग पुगेको मानिन्छ । यसरी पेशीमा चढाउन अङ्ग पुगेका मुद्दामा पेशी नचढाई साधारण तारेख दिइन्छ भने त्यस्ता मुद्दामा समय मै इजलासको ध्यान पुग्न नसक्ने भई फैसला हुनमा ढिलाई हुनु पनि स्वाभाविकै हुन्छ । पेशीमा चढ्नुपर्ने मुद्दालाई पटक-पटक साधारण तारेख नै दिइराखिन्छ भने ढिलाइ अझ बढ्दै जान्छ । त्यसैले ढिलाईका विभिन्न कारणहरुको खोजी गर्ने सिलसिलामा प्रमाण बुझ्ने कार्य सम्पन्न भइसके पछिको यो चरणमा पेशी दिनुपर्नेमा पेशी नदिइ कति पटक सम्म साधारण

तारेख दिइने गर्दोरहेछ सो पक्षलाई पनि प्रस्तुत अध्ययनमा समेटिएको थियो । साधारण तारेख दिइएकोमा सो सम्बन्धी पटकको विवरण देहायको तालिकामा देखाइएको छः

**तालिका नं. २३**

**साधारण तारेख दिइएकोमा सो को पटकको विवरण**

| जिल्ला | मुद्दा संख्या | पटक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ पटक | | २-३ पटक | | ४-५ पटक | | ५ भन्दा बढी पटक | |
| काजिअ | १२४ | ८३ | ६६% | २८ | २३% | ६ | ५% | ७ | ६% |
| लपुजिअ | २८ | १८ | ६४% | ६ | २१% | ३ | ११% | १ | ४% |
| भपुजिअ | २४ | १५ | ६३% | ६ | २५% | ३ | १२% | | |
| **जम्मा** | **१७६** | **११६** | **६६%** | **४०** | **२३%** | **१२** | **७%** | **८** | **४%** |

नोटः प्रमाण बुझ्ने आदेश भएका जम्मा १२६६ थान मुद्दामध्ये प्रमाण बुझ्ने काम सम्पन्न भएपछि पनि साधारण तारेख दिइएका मुद्दाहरुको संख्या १७६ थान भएकाले सोही संख्यालाई आधार मानी उल्लेख गरिएको ।

प्रमाण बुझ्ने काम सम्पन्न भएपछि पेशी वा साधारण तारिख दिएको विवरण तालिका नं. २२ मा दिइएकै छ । उक्त तालिकाबाट केवल १४ प्रतिशत मुद्दामा साधारण तारिख दिएको पाइए पनि साधारण तारिख दिइएका मुद्दाहरुमा कति पटक सम्म दिने गरिएको छ भनेर पनि अध्ययन गरिएको थियो । यसरी हेर्दा प्रस्तुत तालिकाबाट ६६ प्रतिशत मुद्दामा १ पटक मात्र साधारण तारिख दिएको पाइएको छ भने केही मुद्दा (४%) मा ५ भन्दा बढी पटकसम्म साधारण तारिख दिइरहेको पाइएको छ ।

जिल्लागत आधारमा हेर्दा कुनै पनि जिल्लामा औसत स्थिति भन्दा खासै फरक स्थिति रहेको पाइदैन । काठमाण्डौ जिल्ला अदालतमा १ पटक मात्र साधारण तारिख दिइएको संख्या ६६ प्रतिशत रहेको छ भने ललितपुर र भक्तपुर जिल्ला अदालतमा यो संख्या ६४ र ६३ प्रतिशत रहेको छ । यसैगरी ५ भन्दा बढी पटक साधारण तारिख दिइएको संख्या काठमाण्डौ जिल्ला अदालतमा ६ प्रतिशत र ललितपुर जिल्ला अदालतमा ४ प्रतिशत रहेको छ । भक्तपुर जिल्ला अदालतमा यो संख्या शुन्य रहेको छ । यी मध्ये केही मुद्दामा ८ पटकसम्म साधारण तारिख दिएको र सो कारणले मुद्दाको कारवाहीमा ८ महिना व्यतित भएको[६५] तथा केही मुद्दामा अङ्क नपुगी पेशी तारिख दिएको र पछि पुनः साधारण तारिख दिइएको[६६] पनि पाइएको छ ।

### ३.५.३ फैसला हुनका लागि जम्मा पेशी चढेको पटकको विवरण

एउटा मुद्दा दर्ता भएपछि विभिन्न कारणले मुद्दाहरु पटक-पटक इजलाश समक्ष पेश गर्नुपर्ने आवश्यकता पर्छ । मुद्दाको दर्ता र सामान्य पत्राचार मात्र शाखा एवं फाँटबाट हुने गर्दछ । मुद्दाको इन्साफसँग सम्बन्धित आधारभूत विषयवस्तुहरुमा के गर्ने र के नगर्ने भन्ने कुराहरु इजलाशको आदेशद्वारा व्यवस्थित हुने विषयहरु हुन् । मुद्दामा इन्साफ दिनुपर्ने विषयवस्तुहरु के के छन्, यी विषयहरुमा इन्साफ दिन बुझ्नुपर्ने प्रमाणहरु के के हुनसक्छन्, बुझिएका

[६५] श्री खडका के.सी. वि. मदन कुमार के.सी. समेत, मुद्दा अंश, ०६२ सालको मुद्दा नं. ३७८७, काठमाण्डौ जिल्ला अदालत ।

[६६] प्रकाश महर्जन वि. हिरानारायण डंगोल, मुद्दा जालसाजी, ०६३ सालको मुद्दा नं. १८६७, काठमाण्डौ जिल्ला अदालत

प्रमाणहरुको मूल्याङ्कन कसरी गर्ने र के फैसला गर्ने भन्ने जस्ता सबै विषयहरु इजलाशबाट विचार हुने विषयहरु हुन् । यसका लागि मुद्दा इजलाश समक्ष पेश हुनुपर्ने हुन्छ र मुद्दाको प्रकृति तथा सम्बन्धित इजलाशको व्यवस्थापकीय क्षमताका आधारमा यस्तो पेशीको संख्या घटी वा बढी हुने गर्दछ । मुद्दा दर्ता भएपछि फैसला हुँदासम्मका बीचमा एउटा मुद्दा कति पटकसम्म पेशी चढ्नुपर्ने स्थिति पर्दोरहेछ यो विषयमा पनि प्रस्तुत अध्ययनलाई केन्द्रित गरिएको थियो । फैसला हुनका लागि जम्मा पेशी चढेको पटकको विवरण देहायको तालिकामा देखाइए अनुसार रहेको छ-


**तालिका नं. २४**

**फैसला हुनका लागि जम्मा पेशी चढेको पटकको विवरण**

| **जिल्ला** | **मुद्दा संख्या** | **पटक** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **१-३ पटक** | | **४-५ पटक** | | **६-८ पटक** | | **८ भन्दा बढी पटक** | |
| काजिअ | ९९९ | ५७५ | ५८% | २५८ | २६% | ११० | ११% | ५६ | ५% |
| लपुजिअ | ३१६ | १६५ | ५२% | ९५ | ३०% | १९ | ६% | ३७ | १२% |
| भपुजिअ | १८२ | ७५ | ४१% | ६८ | ३७% | ३४ | १९% | ५ | ३% |
| **जम्मा** | **१४९७** | **८१५** | **५४%** | **४२१** | **२८%** | **१६३** | **११%** | **९८** | **७%** |

एउटा मुद्दा फैसला हुनका लागि कतिपटकसम्म पेशी चढ्दो रहेछ भनेर प्रस्तुत तालिका विश्लेषण गर्दा ५४ प्रतिशत मुद्दाहरु ३ पटकसम्म पेशी चढ्दा फैसला भएको स्थिति पाइएको छ भने केही मुद्दाहरु (७%) भने ८ भन्दा बढी पटकसम्म पेशी चढ्नु परेको स्थिति पनि देखिन्छ । यसलाई तलको चार्टमा देखाइएको छ ।

**फैसला हुनका लागि जम्मा पेशी चढेको पटकको विवरण**



जिल्लागत आधारमा हेर्दा काठमाण्डौ जिल्ला अदालतमा ५८ प्रतिशत मुद्दामा ३ पटकसम्मको पेशीमा फैसला भएको देखिएको छ भने ललितपुर र भक्तपुर जिल्ला अदालतहरुमा यो संख्या क्रमशः ५२ र ४१ प्रतिशत रहेको छ । तर ललितपुर जिल्ला अदालतमा तुलनात्मक रुपले बढी अर्थात १२ प्रतिशत मुद्दामा ८ भन्दा बढी पटक पेशी चढेको स्थिति देखिन्छ ।

### ३.५.४ हेर्न नभ्याइ इजलाशबाट फर्किएको पटक

मुद्दामा अङ्ग पुगीसकेपछि पनि पेशी नचढाइनु एक प्रकारको समस्या छ भने पेशी चढेकैमा पनि पेशीको दिन तोकिए बमोजिमको कारवाही हुन नसक्नु अर्को समस्या छ । खास गरेर इजलाशबाट एकदिनमा हेर्न सकिने भन्दा बढी मुद्दा राखियो भने ती मुद्दाहरु पालो नआएर अथवा हेर्न नभ्याएर त्यसै फाँटमा फर्किने र पुनः अर्को पटक पेशीमा चढाउनुपर्ने अभ्यास कायम रही आएको छ । मुद्दाहरु कति पटकसम्म पेशी चढाउने र कुन पटकमा पालो आउँछ सो कुराको निश्चिततापूर्वक जवाफ दिन सकिने अवस्था छैन । कुनै मुद्दामा पहिलो पटक मै पालो आउने र फैसला हुनसक्ने स्थिति छ भने कुनै मुद्दामा पटक-पटक पालो नआइ त्यसै फर्कने स्थिति छ । यो स्पष्टतः व्यवस्थापकीय समस्या हो । अझ कतिपय मुद्दाहरु एकपटक पेशी चढ्दा एउटा क्रममा परेको हुन्छ भने अर्को पटक पेशी चढ्दा क्रममा अझ तल पर्ने गरेको पनि पाइन्छ । मुद्दा पेशी चढेकोमा हेर्न नभ्याई इजलाशबाट फर्किएको पटकको विवरण देहायको तालिकामा दिइएको छः-

**तालिका नं. २५**

**इजलाशबाट मुद्दा हेर्न नभ्याई फर्किएको पटकको विवरण**

| जिल्ला | मुद्दा संख्या | पटक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ पटक | | २ पटक | | ३-४ पटक | | ४ भन्दा बढी पटक | |
| काजिअ | २०० | १३८ | ६९% | ३५ | १८% | १६ | ८% | ११ | ५% |
| लपुजिअ | ७४ | ३५ | ४७% | १६ | २२% | १० | १४% | १३ | १८% |
| भपुजिअ | ४७ | ३० | ६४% | १२ | २६% | २ | ४% | ३ | ६% |
| **जम्मा** | **३२१** | **२०३** | **६३%** | **६३** | **२०%** | **२८** | **९%** | **२७** | **८%** |

नोटः अध्ययन गरिएका १४९७ थान मुद्दामध्ये हेर्न नभ्याई फर्किएका मुद्दा संख्या जम्मा ३२१ थान रहेकाले सोही संख्या लाई आधार मानिएको ।

प्रस्तुत तालिकाबाट इजलाशबाट हेर्न नभ्याई फर्किएका मध्ये ६३ प्रतिशत मुद्दा १ पटकमात्र फर्केको स्थिति देखिन्छ भने अर्को २० प्रतिशत मुद्दामा २ पटक, अर्को ९ प्रतिशत मुद्दामा ४ पटक र ८ प्रतिशत मुद्दामा ४ भन्दा बढी पटक इजलाशबाट हेर्न नभ्याई फर्केको देखिन्छ ।

जिल्लागत हिसावमा हेर्दा १ पटकमात्र हेर्न नभ्याई फर्कने मुद्दाको संख्या काठमाण्डौ जिल्ला अदालतमा ६९ प्रतिशत रहेको पाइयो भने यो संख्या ललितपुर र भक्तपुर जिल्ला अदालतमा क्रमशः ४७ र ६४ प्रतिशत रहेको पाइयो । इजलाशबाट ४ भन्दा बढी पटक हेर्न नभ्याई फर्केका मुद्दा संख्या तुलनात्मक रुपले ललितपुर जिल्ला अदालतमा बढी अर्थात १८ प्रतिशत रहेको पाइयो । यी ३ वटा अदालतहरुको तुलना गर्दा ललितपुर जिल्ला अदालतमा धेरैपटक हेर्न नभ्याई इजलाशबाट फर्केको पाइयो ।

### ३.५.५ कानून व्यवसायीले पेशी स्थगित गराएको पटक

सामान्यतया पेशी चढेका मुद्दाहरु जुन कामका लागि पेशी चढेका हुन् सो दिन सो काम हुनुपर्छ भन्ने मान्यता राखिन्छ । कानून अनुसार तोकिएको समयमा तारेखमा हाजिर हुनुपर्ने झगडिया हाजिर भएन भने पनि अदालतले पर्खिरहनु पर्दैन, कानून बमोजिम मुद्दाको कारवाही गर्नुपर्दछ भन्ने व्यवस्था छ ।[६७] दैनिक पेशी सूचमिा चढेका मुद्दाहरु तारेख गुजारी थाम्न पाउने म्याद बाँकी भएको भन्ने समेत कुनै कारणले पनि सो सूचीबाट हटाइने छैन र इजलाशबाट खोजेको बखत पक्ष, वारिस वा कानून व्यवसायी हाजिर नभए पनि मुद्दा स्थगित हुने छैन, ठहरे बमोजिम फैसला हुनेछ भन्ने व्यवस्था पनि रहेको छ ।[६८] तर यसप्रकारको व्यवस्था भए तापनि मुद्दाको सुनुवाई प्रारम्भ हुनुभन्दा पहिले आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा अदालतमा उपस्थित हुन नसक्ने कुराको अदालतलाई विश्वास हुने कुनै मनासिव कारण देखाइ मुद्दाको पक्ष वा कानून व्यवसायीले निवेदनपत्र दिएमा अदालतले बढीमा दुई पटकसम्म मुद्दाको सुनुवाई स्थगित गर्नसक्ने व्यवस्था पनि छ ।[६९] केही खास अवस्थाको मुद्दामा भने यो व्यवस्था लागु हुँदैन । यसरी केही अवस्थामा मुद्दाको सुनवाई स्थागित गर्नै नसकिने र अन्य केही अवस्थामा बढीमा दुईपटकसम्म मात्र स्थगित गर्न सकिने व्यवस्था भए पनि कानून व्यवसायीबाट यो सुविधाको प्रयोग कानूनले दिएको भन्दा बढी पटकका लागि हुने गरेको कुरा सुन्नमा आउने गरेको पाइन्छ र मुद्दाको फछ्र्यौटमा ढिलाई हुनुमा यो पनि एउटा कारण रहेको मान्ने गरिन्छ । तर यथार्थ के छ ? यो विषयलाई पनि अध्ययनमा समेटिएको थियो । वादी पक्षको कानून व्यावसायीले स्थगित गराएको विवरण, प्रतिवादी पक्षको कानून व्यवसायीले स्थगित गराएको विवरण र दुबैपक्षका कानून व्यवसायीले स्थागित गराएको विवरण भिन्ना-भिन्नै रुपमा देहायको तालिकामा देखाइएको छः

**तालिका नं. २६**

**वादी पक्षका कानून व्यवसायीबाट पेशी स्थगित गराएको विवरण**

| जिल्ला | मुद्दा संख्या | पटक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ पटक | | २ पटक | | ३-४ पटक | | ४ भन्दा बढी पटक | |
| काजिअ | १६६ | १०० | ६०% | ३९ | २४% | २५ | १५% | २ | १% |
| लपुजिअ | ५२ | ३६ | ६९% | १० | १९% | ६ | १२% | | |
| भपुजिअ | ४९ | ३९ | ८०% | ८ | १६% | २ | ४% | | |
| **जम्मा** | **२६७** | **१७५** | **६६%** | **५७** | **२१%** | **३३** | **१२%** | **२** | **१%** |

नोटः अध्ययन गरिएका १४९७ थान मध्ये २३१ थान मुद्दा पहिलो पेशी मै फैसला भएको हुँदा यी मुद्दामा पेशी स्थगित हुने स्थिति नहुने, बाँकी १२६६ थान मध्ये वादी पक्षको कानून व्यावसायीबाट स्थगित गराइएको संख्या जम्मा २६७ थान रहेकोले सोही संख्यालाई आधार मानिएको ।

प्रस्तुत तालिकामा देखाइए अनुसार वादी पक्षका कानून व्यवसायीबाट पेशी स्थगित गराइएका मुद्दाहरुको संख्या विश्लेषण गर्दा १ पटकमात्र पेशी स्थगित गराइएको संख्या ६६ प्रतिशत

[६७] मु.ऐ.अ.वं. ६४ नं.

[६८] जिल्ला अदालत नियमावली, २०५२ को नियम ३५(१)

[६९] ऐ. नियम ३५(२)

रहेको पाइन्छ भने अरु २१ प्रतिशत मुद्दामा २ पटक पेशी स्थगित गराइएको पाइन्छ । नियमानुसार २ पटकसम्म पेशी स्थगित गराउन पाइने व्यवस्थालाई आधार मान्दा करिव ८७ प्रतिशत मुद्दा यही व्यवस्थाको परिधिभित्र रहेको पाइन्छ । तर नियमावलीमा २ पटकसम्म स्थगित गराउन पाइने सुविधा मुद्दाका प्रत्येक पक्षलाई प्राप्त हुने हो वा होइन भन्ने सम्बन्धमा स्पष्ट छैन ।

जिल्लागत हिसावमा हेर्दा २ पटक पेशी स्थगित गराइएको मुद्दा संख्या काठमाण्डौ जिल्ला अदालतमा ८४ प्रतिशत, ललितपुर जिल्ला अदालतमा ८८ प्रतिशत र भक्तपुर जिल्ला अदालतमा ९६ प्रतिशत रहेको छ।

**तालिका नं. २७**

**प्रतिवादी पक्षका कानून व्यवसायीबाट पेशी स्थगित गराएको विवरण**

| जिल्ला | संख्या | पटक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ पटक | | २ पटक | | ३-४ पटक | | ४ भन्दा बढी पटक | |
| काजिअ | १४२ | ९६ | ६८% | ४१ | २९% | ५ | ३% | | |
| लपुजिअ | ४० | २४ | ६०% | ७ | १८% | ९ | २२% | | |
| भपुजिअ | ३७ | २८ | ७८% | ७ | १९% | १ | २% | | |
| **जम्मा** | **२२६** | **१५३** | **६८%** | **५९** | **२६%** | **१४** | **६%** | | |

नोटः अध्ययन गरिएका १४९७ थान मुद्दा मध्ये २३१ थान मुद्दा पहिलो पेशी मै फैसला भएका हुँदा यी मुद्दामा पेशी स्थगित हुने स्थिति नहुने, बाँकी १२६६ थान मुद्दा मध्ये प्रतिवादी पक्षका कानून व्यवासायीबाट स्थगित गराइएको संख्या जम्मा २२६ थान रहेकोले सोही संख्यालाई आधार मानिएको ।

प्रस्तुत तालिकाको विश्लेषण गर्दा प्रतिवादी पक्षका कानून व्यवसायीबाट १ पटक मात्र पेशी स्थगित गराइएका मुद्दाको संख्या ६८ प्रतिशत रहेको छ। यो संख्या वादी पक्षका कानून व्यवसायीबाट स्थगित गराइएको संख्या (६६ प्रतिशत) सँग करिव समान रहेको छ। थप २६ प्रतिशत मुद्दाहरु २ पटक र अर्को ६ प्रतिशत मुद्दाहरु ३ देखि ४ पटकसम्म स्थगित गराइएको पाइएको छ।

जिल्लागत हिसावमा विश्लेषण गर्दा प्रतिवादी पक्षका कानून व्यवसायीबाट १ पटकमात्र पेशी स्थगित गराइएको मुद्दा संख्या सबैभन्दा बढी भक्तपुर जिल्ला अदालतमा ७८ प्रतिशत रहेको पाइन्छ भने काठमाण्डौ र ललितपुर जिल्ला अदालतमा यो संख्या क्रमशः ६८ र ६० प्रतिशत रहेको छ । यी कुनै पनि अदालतमा प्रतिवादीका कानून व्यवसायीबाट ४ भन्दा बढी पटक स्थगित गराइएको पाइएन ।

**तालिका नं. २८**

**दुबैतर्फका कानून व्यवसायीले पेशी स्थगित गराउँदा व्यतित भएको अवधिको विवरण**

| जिल्ला | संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ महिना सम्म | | २ महिना सम्म | | ३ महिना सम्म | | ३ महिना भन्दा बढी | |
| काजिअ | २३७ | १६२ | ६८% | ४७ | २०% | ८ | ३% | २० | ९% |
| लपुजिअ | ६५ | ४३ | ६६% | २० | ३१% | २ | ३% | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भपुजिअ | ५७ | ४२ | ७४% | १४ | २५% | | | १ | १% |
| **जम्मा** | **३५९** | **२४७** | **६९%** | **८१** | **२३%** | **१०** | **३%** | **२१** | **५%** |

नोटः अध्ययन गरिएका १४९७ थान मुद्दा मध्ये २३१ थान मुद्दा पहिलो पेशी मै फैसला भएकाले पेशी स्थगित हुने स्थिति नहुने, बाँकी १२६६ थानमध्ये वादीपक्षबाट २६७ र प्रतिवादीपक्षबाट २२६ थान मुद्दामा स्थगित गराएको विवरण तालिका नं. २७ र २८ मा देखाइएकोले प्रस्तुत तालिकामा ती दुबै योग बराबर हुनुपर्ने जस्तो देखिए पनि एउटै मुद्दामा पनि वादी प्रतिवादी दुबैले स्थगित गराएको स्थिति हुँदा संख्या फरक परी ३५९ कायम भएको ।

दुबैतर्फका कानून व्यवसायीबाट पेशी स्थगित गराइएको कारण व्यतित हुन गएको अवधिको विश्लेषण गर्दा ६९ प्रतिशत मुद्दामा १ महिना, थप २३ प्रतिशत मुद्दामा २ महिना, थप ३ प्रतिशत मुद्दामा ३ महिना र ५ प्रतिशत मुद्दामा ३ महिना भन्दा बढी अवधि व्यतित भएको पाइन्छ ।

जिल्लागत हिसावमा सबैभन्दा बढी ललितपुर जिल्ला अदालतमा ३१ प्रतिशत मुद्दामा २ महिना अवधि व्यतित भएको पाइन्छ । काठमाण्डौ जिल्ला अदालतमा ९ प्रतिशत मुद्दामा ३ महिना भन्दा बढी अवधि व्यतित भएको पाइन्छ ।

### ३.५.६ मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि

एउटा मुद्दा दर्ता भएपछि यति अवधि सम्ममा फैसला हुनुपर्छ भनेर सामान्य कार्यविधि अपनाइने मुद्दाका हकमा कानूनी व्यवस्था भएको पाइदैन ।[७०] तथापि कुनै पनि मुद्दाको कारवाही दर्तापछि सुरु हुने र फैसलापछि अन्त्य हुने भएकोले मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधिलाई अध्ययनको विषय बनाइएको थियो । मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधिको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. २९**

**मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधिको विवरण**


| जिल्ला | संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ६ महिना सम्म | | १ वर्ष सम्म | | २ वर्ष सम्म | | २ वर्ष भन्दा बढी | |
| काजिअ | ९९९ | २३१ | २३% | २८४ | २९% | २४२ | २४% | २४२ | २४% |
| लपुजिअ | ३१६ | १०० | ३२% | ६२ | २०% | ७६ | २४% | ७८ | २४% |
| भपुजिअ | १८२ | ३४ | १९% | ४२ | २३% | ६७ | ३७% | ३९ | २१% |
| **जम्मा** | **१४९७** | **३६५** | **२४%** | **३८८** | **२६%** | **३८५** | **२६%** | **३५९** | **२४%** |

मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधिको दृष्टिकोणबाट यी ३ वटा अदालतहरुको समग्र स्थिति अध्ययन गर्दा २४ प्रतिशत मुद्दाहरु ६ महिना भित्रै फैसला भएको पाइयो भने थप २६ प्रतिशत सहित जम्मा ५० प्रतिशत मुद्दाहरु भएको पाइयो १ वर्ष सम्ममा फैसला भएको पाइयो । बाँकी ५० प्रतिशत मुद्दाहरु फैसला हुन १ वर्षभन्दा बढी अवधि लागेको

[७०] विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाइने मुद्दामा सोही ऐनको दफा १६(१) अनुसार मुद्दा दायर भएको मितिले सामान्यतया ६ महिनाभित्र मुद्दाको किनारा गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ ।

पाइन्छ र यी मध्ये पनि २४ प्रतिशत मुद्दाहरु फैसला हुन २ वर्ष भन्दा बढी अवधि लागेको पाइएको छ । यसलाई तलको चार्टमा पनि हेर्न सकिन्छ ।

**मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि**




जिल्लागत आधारमा विश्लेषण गर्दा ६ महिना भित्र मुद्दा फैसला भएको संख्या सबैभन्दा बढी ललितपुर जिल्ला अदालतमा ३२ प्रतिशत रहेको छ भने काठमाण्डौ र भक्तपुर जिल्ला अदालतमा ६ महिना भित्र फैसला भएका मुद्दाको संख्या क्रमशः २३ र १९ प्रतिशत रहेको छ । यी अदालतहरुमध्ये १ वर्ष सम्ममा मुद्दा फैसला भएको संख्या हेर्दा काठमाण्डौ जिल्ला अदालतमा ५२ प्रतिशत, भक्तपुर जिल्ला अदालतमा ४२ प्रतिशत र ललितपुर जिल्ला अदालतमा ५२ प्रतिशत रहेको छ । काठमणडौ र ललितपुर जिल्ला अदालतमा फैसला हुन २ वर्षभन्दा बढी अवधि लागेको संख्या २४/२४ प्रतिशत रहेको छ भने भक्तपुरमा यो संख्या २१ प्रतिशत रहेको छ ।

### ३.५.७ प्रतिउत्तरपत्र परेको वा पर्ने अवस्था पुगेको मितिबाट फैसला हुन लागेको अवधि

मुद्दाको कारवाही दर्ता भएकै मितिबाट शुरु हुने भए पनि मुद्दा किनारा गर्नुपर्ने अवधि तोक्दा कानूनले प्रतिउत्तरपत्र परेको वा पर्ने अवस्था पुगेको मितिलाई आधार मानेको छ । जस्तो संक्षिप्त कार्यावधि अपनाइने मुद्दामा प्रतिउत्तर दाखिल भएको वा प्रतिवादीको वयान नभएकोमा सो हुने म्याद भुक्तानी भएको मितिले ९० दिनभित्र मुद्दा किनारा गर्नुपर्ने व्यवस्था छ ।[७१] यसैगरी सामान्य कार्यविधि अपनाइने मुद्दामा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट १ वर्षभित्र फैसला गर्नुपर्ने व्यवस्था छ ।[७२] प्रस्तुत अध्ययनमा सामान्य कार्यविधि अपनाइने मुद्दालाई आधार मानी फैसला हुन लागेको अवधिलाई अध्ययन गरिएको थियो । अध्ययनबाट देखिए अनुसारको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ-

[७१] संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा १०(१)

[७२] मु. ऐ. अ. वं. १४ नं.

### तालिका नं. ३०

### प्रतिउत्तर परेको वा पर्ने अवस्था पुगेको मितिबाट फैसला हुन लागेको अवधिको विवरण

| जिल्ला | संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ६ महिना सम्म | | १ वर्ष सम्म | | २ वर्ष सम्म | | २ वर्ष भन्दा बढी | |
| काजिअ | ९९९ | ३७२ | ३७% | २३८ | २४% | १९५ | २०% | १९४ | १९% |
| लपुजिअ | ३१६ | १४० | ४४% | ५७ | १८% | ६३ | २०% | ५६ | १८% |
| भपुजिअ | १८२ | ६५ | ३६% | ५० | २७% | ४५ | २५% | २२ | १२% |
| **जम्मा** | **१४९७** | **५७७** | **३९%** | **३४५** | **२३%** | **३०३** | **२०%** | **२७२** | **१८%** |

प्रतिवादी परेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको अवधिको विश्लेषण गर्दा ३९ प्रतिशत मुद्दाहरु ६ महिनाभित्र फैसला भएको देखिन्छ भने थप २३ प्रतिशत मुद्दाहरु १ वर्षभित्र फैसला भएको देखिएको छ । यसरी हेर्दा प्रतिवादी परेको वा पर्ने अवस्था नाघेको मितिले १ वर्षभित्र फैसला भएका कुल मुद्दा संख्या ६२ प्रतिशत रहेको छ । बाँकी ३८ प्रतिशत मुद्दाहरु फैसला हुन १ वर्ष भन्दा बढी अवधि लागेको छ र यी मध्ये पनि १८ प्रतिशत मुद्दाहरु फैसला हुन २ वर्ष भन्दा बढी अवधि लागेको देखिएको छ । प्रस्तुत विश्लेषणबाट पहिलो वर्ष मुद्दा फछ्र्यौटमा जति तदारुकता देखाइन्छ १ वर्ष नाघेपछि ती मुद्दाको फछ्र्यौटमा त्यति तदारुखता नदेखाएको बुझ्नुपर्ने स्थिति छ ।

जिल्लागत हिसावले विश्लेषण गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था नाघेको मितिले ६ महिनाभित्र फैसला भएका मुद्दा संख्या सबैभन्दा बढी ललितपुर जिल्ला अदालतमा ४४ प्रतिशत रहेको देखिन्छ भने काठमाण्डौ र भक्तपुर जिल्ला अदालतमा करिव उस्तै क्रमशः ३७ र ३६ प्रतिशत रहेको पाइन्छ । प्रतिवादी परेको वा पर्ने अवस्था नाघेको मितिले १ वर्ष भित्र मुद्दा फैसला भएको संख्यालाई हेर्दा सबै अदालतहरुमा उस्तै चित्र देखिन्छ । जस्तो काठमाण्डौ जिल्ला अदालतमा ६१ प्रतिशत, ललितपुर जिल्ला अदालतमा ६२ प्रतिशत र भक्तपुर जिल्ला अदालतमा ६३ प्रतिशत रहेको छ । फैसला हुन २ वर्ष नाघेको संख्या काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला अदालतमा क्रमशः १९, १८ र १२ प्रतिशत रहेको छ ।

**मुद्दाको छिटो छरितो कारवाहीको नमूना**

मिति २०६४।१।२१ मा फिराद दर्ता भएकोमा २०६४।२।३ मा म्याद तामेली हुन सकेको, ०६४।३।२७ मा प्रतिउत्तर परिसकेपछि तारेख जोडाई ०६४।४।२८ मा पहिलो पेशी चढेको, सो तोकिएकै पेशीमा २ वटा काम सम्पन्न गर्ने निर्देश गरी आदेश हुँदा सोही दिन कार्यान्वियन शुरु भएको, करिव २ महिनामा आदेश कार्यान्वियन गरी सकेर पेशी हुँदा पुनः अर्को आदेश समेत भएको, त्यसको समेत कार्यान्वयन गरी पेशी तोकिदा स्थगित गराइएको ३ पटक, हेर्न नभ्याई फर्केको १ पटक समेत ७ पटक पेशी चढ्दापनि दर्ता भएको मितिले १ वर्ष १६ दिन र प्रतिउत्तर परेको मितिले १० महिना १८ दिनमा फैसला भएको पाइएको छ ।

*प्रकाश वहादुर वि. सावित्री श्रेष्ठ,* मुद्दाः लिखत बदर ०६४ सालको मु.नं. ६०६३, काठमाण्डौ जिल्ला अदालत

प्रस्तुत अध्ययनबाट केही प्रकृतिका मुद्दाहरुको कारवाही चाडो टुङ्गिने गरेको र केहीमा बढी समय लाग्ने गरेको पाइयो । मुद्दाको प्रकृति अनुसार यसो हुनु पनि स्वाभाविक नै हो । हक कायम, निर्णय बदर, अंश, जग्गा खिचोला, लिखत बदर र जालसाजी आदी मुद्दाहरुमा तुलनात्मक रुपले धेरै समय लाग्ने गरेको पाइएको छ । नाता कायम, सम्बन्ध विच्छेद, सवारी

ज्यान, साविती भएका चोरी, करकाप, करार, गाली वेइज्जती जस्ता मुद्दाहरु चाडो किनारा हुने गरेको पाइयो । सबै प्रतिवादीहरु अभियोगपत्र साथ उपस्थित गराइएका, प्रतिवादीको संख्या कम भएका मुद्दाहरु पनि चाडो किनारा हुने देखिएको छ । फरारी अभियुक्तहरु भएका मुद्दामा प्रतिवादीको नाममा म्याद जारी हुन र सो म्याद अनुसार प्रतिवादी हाजीर हुन वा सो अवधि गुज्रिन बढी समय लाग्ने गरेको कारण यस्ता मुद्दाको समग्र कारवाही प्रभावित हुने गरेको पाइयो ।[७३] कतिपय मुद्दाहरुमा म्याद तामेल भई प्रतिवादी चुक्ता हुन धेरै समय लागे तापनि त्यसपछि चाडो फैसला भएको देखिन्छ ।[७४] यसले मुद्दाको कारवाहीमा म्याद तामेली प्रकृयाले असर पारेको स्पष्टै देखाउछ । वादीले देखाएको प्रतिवादीको वतनमा म्याद पठाउदा बेपत्ते तामेल भई आउने, त्यसपछि वतन किटान गर्ने सम्बन्धमा पत्राचार गर्दा स्पष्ट र वास्तविक वतन खुलाई सरकारी वकिलबाट जवाफ नआउने कारणले समग्र मुद्दा नै प्रभावीत हुने गरेको छ ।[७५] राष्ट्रिय स्तरका पत्रिकाबाट म्याद सूचना तामेल गर्नु पर्ने परिस्थिति आई त्यस प्रकृयाबाट म्याद तामेली सम्पन्न गर्दा पनि बढि समय व्यतित हुने गरेको पाइयो ।[७६] धेरै संख्यामा लगाउ मुद्दा हुँदा आदेशको कारवाही सम्पन्न गरी पेशी चढाउन पनि बढि समय लाग्ने र ती मुद्दाहरुमा फैसला हुन पनि बढी समय लाग्ने गरेको पाइएको छ ।[७७]

### ३.५.८ फैसलाको परिणाम

पक्षहरुले मुद्दा गर्नुको खास कारण हुन्छ । कुनैपक्षले कानूनद्वारा आफूलाई प्राप्त हक अधिकारमा अर्को पक्षबाट आघात पुग्न गएको वा आफूले पाउनुपर्ने कुराहरु अर्को पक्षबाट नपाएको वा फौजदारी कानूनको उलंघन गरेको जस्ता अवस्थाहरु परेमा यो यति दिलाई भराई पाउँ वा यो यति दण्ड सजायं गरी पाउँ भन्ने दावी लिएर मुद्दा गरिएको हुन्छ । मुद्दामा माग गरिए अनुसारको दावी पुग्ने वा नपुग्ने भन्ने कुरा अदालतले दुबै पक्षको प्रमाण बुझेर ठहर गर्ने विषय हो । त्यसैले प्रस्तुत अध्ययनमा दावी पुग्ने र नपुग्ने गरी भएको फैसलाको

---

[७३] कृष्ण प्रसाद सिल्पकारको जाहेरीले नेपाल सरकार वि. फूल बहादुर वमजन, २०६४ को मु.नं. ७५, मुद्दाः चोरी, भक्तपुर जिल्ला अदालत । राम प्रसाद त्यातको जाहेरीले नेपाल सरकार वि. लुरे तामाङ्ग, ०६३ सालको मु.नं. १३५, मुद्दाः नकवजनी चोरी, भक्तपुर जिल्ला अदालत । नेपाल सरकार वि. गंगाराम पुन समेत, ०६३ सालको मु.नं. १६०७, मुद्दाः लागु औषध, काठमाण्डौ जिल्ला अदालत । नेपाल सरकार वि. देवी कुमार श्रेष्ठ, ०६३ सालको मु.नं. १८३०, मुद्दाः लागु औषध, काठमाण्डौ जिल्ला अदालत । नेपाल सरकार वि. विकास कटुवाल समेत, २०६१ सालको मु.नं. १४७४, मुद्दाः ज्यान, काठमाण्डौ जिल्ला अदालत

[७४] सानुकान्छा खत्री वि. राजेन्द्रनाथ पन्त, ०६३ सालको मु.नं. ५६३२, मुद्दाः लिखत बदर, काठमाण्डौ जिल्ला अदालत । यो मुद्दामा म्याद तामेल हुन ८ महिना लागेपनि प्रतिउत्तर परेपछि ३ महिनामै फैसला भएको । आतिशा राउत क्षेत्री वि. लक्ष्मण प्रसाद समेत, ०६३ सालको मुनं. १६२५, मुद्दाः जालसाजी, काठमाण्डौ जिल्ला अदालत, यो मुद्दामा १ वर्ष भन्दा वढी म्याद तामेल हुन लागेको त्यसपछि २ वर्षमा फैसला भएको । नन्द देवी खड्गी वि. श्रवण कुमार जोशी, ०६३ सालको मु.नं. ५८२५, मुद्दाः लिखत बदर, काठमाण्डौ जिल्ला अदालतमा प्रतिउत्तर चुक्ता हुन ९ महिना लागे पनि त्यसपछि ३ महिनामै फैसला भएको ।

[७५] नेपाल सरकार वि. गंगाराम पुन समेत, ०६३ सालको मु.नं. १६०७, मुद्दाः लागु औषध, काठमाण्डौ जिल्ला अदालत, नेपाल सरकार वि. देवी कुमार श्रेष्ठ, ०६३ सालको मु.नं. १८३०, मुद्दाः लागु औषध, काठमाण्डौ जिल्ला अदालत

[७६] धन कुमारी खड्का वि. चन्द्र श्रेष्ठ समेत, ०६१ सालको मु.नं. १९८३, मुद्दाः जालसाजी, काठमाण्डौ जिल्ला अदालत । योगमाया वि. गौतमलाल लामा, ०६२ सालको मु.नं. १७३१, मुद्दाः जालसाजी, भक्तपुर जिल्ला अदालत, नन्ददेवी खड्गी वि. श्रवण कुमार जोशी, ०६३ सालको म.नं. ५८२५, मुद्दाः लिखत बदर काठमाण्डौ जिल्ला अदालत ।

[७७] हरि बहादुर महत वि. कृष्ण प्रसाद कोइराला, ०६२ सालको मु.नं.१६३३, मुद्दाः जालसाजी, काठमाण्डौ जिल्ला अदालत, यसमा लिखत बदर समेत १० वटा लगाउका मुद्दाहरु फैसला हुन करिव ३ वर्ष लागेको । सोनाम छिरिङ्ग वि. पाल्देन शेर्पा समेत, ०६२ सालको मु.नं. २२५२, मुद्दाः जालसाजी, काठमाण्डौ जिल्ला अदालत, यसमा अंश लिखत बदर समेत २३ वटा लगाउका मुद्दा फैसला हुन करिव अढाई वर्ष लागेको । भिष्म जंग अधिकारी वि. रविन जंग अधिकारी समेत, ०६१ सालको मु.नं. ५३०७, मुद्दाः लिखत दर्ता बदर, काठमाण्डौ जिल्ला अदालत, यो समेत ३० वटा लगाउका मुद्दा रहेका र ३ वर्षमा फैसला भएको । सन्तुमाया, महर्जन वि. मचाम महर्जन, ०५९ सालको मु.नं. २०८०, मुद्दाः जालसाजी, काठमाण्डौ जिल्ला अदालत यो समेत ४ थान मुद्दा ५ वर्षमा फैसला भएको । निर्मला थापा वी. देवी दाहाल समेत, ०६१ सालको मु.नं. १२०९, मुद्दाः जालसाजी, काठमाण्डौ जिल्ला अदालत, योसमेत लगाउका १५ थान मुद्दा रहेकोमा साढे तीन वर्षमा फैसला भएको ।

संख्यालाई पनि अध्ययनको विषय बनाइएको थियो। अध्ययन गरिएका मुद्दाहरु मध्ये दावी पुग्ने र दावी नपुग्ने गरी भएका फैसलाको संख्यात्मक विवरण देहायको तालिकामा देखाइएको छः

**तालिका नं. ३१**


**फैसलाको परिणाम सम्बन्धी विवरण**

| जिल्ला | जम्मा संख्या | वादी दावी पुग्ने | | दावी नपुग्ने | |
|---|---|---|---|---|---|
| काजिअ | ९९९ | ५५४ | ५५% | ४४५ | ४५% |
| लपुजिअ | ३१६ | १८० | ५७% | १३६ | ४३% |
| भपुजिअ | १८२ | ७५ | ४१% | १०७ | ५९% |
| **जम्मा** | **१४९७** | **८०९** | **५४%** | **६८८** | **४६%** |

नोटः मिलापत्रको परिणाम हेरी वादी पक्षले केही लिने, पाउने गरी मिलापत्र भएका मुद्दालाई वादी दावी पुग्ने महलमा र वादीले पूरै दावी छाडी मिलापत्र भएका मुद्दालाई दावी नपुग्ने महलमा समावेश गरिएको छ। त्यस्तै मुद्दाफिर्ता लिएकोलाई दावी नपुग्ने महलमा समावेश गरिएको छ।

यो तालिकाको अध्ययनबाट दावी पुग्ने र दावी नपुग्ने गरी फैसला भएका मुद्दाको संख्या करिव बराबर छ। अध्ययन गरिएका मुद्दामध्ये ५४ प्रतिशत मुद्दामा वादी दावी पुग्ने गरी फैसला भएको पाइएको छ भने ४६ प्रतिशत मुद्दामा वादी दावी नपुग्ने गरी फैसला भएको पाइएको छ। यसलाई तलको चार्टमा पनि हेर्न सकिन्छ।

**फैसलाको परिणाम**




जिल्लागत हिसावले विश्लेषण गर्दा पनि फैसलाको परिणामको स्थिति त्यति भिन्न देखिएको छैन। ललितपुर र भक्तपुर जिल्ला अदालतमा दावी पुग्ने र दावी नपुग्ने गरी फैसला भएका मुद्दा संख्याका बीच केही फरक स्थिति पाइए पनि काठमाण्डौ जिल्ला अदालतमा स्थिति खास फरक छैन। ललितपुर जिल्ला अदालतमा दावी पुग्ने गरी फैसला भएको संख्या ५७ प्रतिशत र दावी नपुग्ने गरी फैसला भएको संख्या ४३ प्रतिशत छ। भक्तपुर जिल्ला अदालतमा दावी पुग्ने गरी फैसला भएको संख्या ४१ प्रतिशत मात्र छ भने दावी नपुग्ने गरी फैसला भएको

संख्या ५९ प्रतिशत छ । काठमाण्डौ जिल्ला अदालतमा ५५ प्रतिशत मुद्दामा दावी पुग्ने गरी र ४५ प्रतिशत मुद्दामा दावी नपुग्ने गरी फैसला भएको पाइन्छ ।

### ३.६ मुद्दा प्रवाहसँग सम्बन्धित अन्य पक्षहरु

माथि उल्लिखित मुद्दाका कारवाहीसँग सम्बन्धित विभिन्न विषयहरुका अतिरिक्त मुद्दाका प्रवाहमा अन्य केही पक्षहरु पनि महत्वपूर्ण हुन्छन् । मुद्दाको कारवाही छिटो वा ढिलो हुनमा यी विभिन्न पक्षहरुले पनि महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । त्यसैले मुद्दा प्रवाहसँग सम्बन्धित देखिएका अन्य पक्षहरुमा पनि अध्ययनलाई केन्द्रित गराइएको थियो । यी विभिन्न पक्षहरुलाई भिन्न भिन्न शीर्षकमा छुट्याइ देहाय अनुसार उल्लेख गरिएको छः

#### ३.६.१ कानून व्यवसायीको प्रतिनिधित्व

अदालतमा मुद्दाको सही प्रस्तुती र प्रतिनिधित्वका लागि पक्षहरुलाई कानून व्यवसायीको सहयोग अति महत्वपूर्ण हुन्छ । मुद्दामा अवलम्बन गरिने कार्यविधिमा बढ्दै गएको जटिलताको फलस्वरुप एउटा सामान्य नागरिकले कानून व्यवसायीको सहयोग विना अदालतमा प्रवेश गर्न असंम्भव जस्तै हुन गएको छ । हदम्यादको विषय, हकदैयाको विषय, क्षेत्राधिकारको विषय ज्यादै जटिलतम बन्दै आएका छन् । कानून व्यवसायीको प्रतिनिधित्व मुद्दाका पक्षहरुका निम्ति मात्र होइन अदालत कै लागि पनि सहयोगी सिद्ध भएको छ । त्यसैले यस अध्ययनमा मुद्दामा कानून व्यवसायकिो प्रतिनिधित्वको स्थितिलाई पनि हेर्ने प्रयास गरिएको थियो । अध्ययनमा समावेश भएका मुद्दाहरुमा कानून व्यवसायीको प्रतिनिधित्वको स्थिति देहायको तालिकामा देखाइएको छः

**तालिका नं. ३२**

**मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्वको स्थिति**

| जिल्ला | संख्या | वादी पक्ष | | | | प्रतिवादी पक्ष | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राखेको | | नराखेको | | राखेको | | नराखेको | |
| काजिअ | ९९९ | ७५० | ७५% | २४९ | २५% | ५८१ | ५८% | ४१८ | ४२% |
| लपुजिअ | ३१६ | २०४ | ६५% | ११२ | ३५% | १७५ | ५६% | १४१ | ४४% |
| भपुजिअ | १८२ | १३८ | ७६% | ४४ | २४% | १२४ | ६८% | ५८ | ३२% |
| **जम्मा** | **१४९७** | **१०९२** | **७३%** | **४०५** | **२७%** | **८८०** | **५९%** | **६१७** | **४१%** |

प्रस्तुत तालिकाबाट कम्तिमा ५९ प्रतिशत मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्व हुने गरेको पाइन्छ । अध्ययन गरिएका मुद्दाहरुमध्ये वादीपक्षबाट कानून व्यवसायी नियुक्त गरिएका मुद्दा संख्या ७३ प्रतिशत रहेको छ भने वादीपक्षबाट कानून व्यवसायी नियुक्त नगरिएका मुद्दा संख्या २७ प्रतिशत रहेको छ । प्रतिवादी पक्षबाट कानून व्यवसायी नियुक्त गरिएको मुद्दा संख्या ५९ प्रतिशत रहेको छ भने कानून व्यवसायी नियुक्त नगरिएको मुद्दा संख्या ४१ प्रतिशत रहेको छ ।

जिल्लागत दृष्टिकोणबाट हेर्दा वादीपक्षबाट कानून व्यवसायी नियुक्त गरिएको मुद्दा संख्या सबैभन्दा बढी भक्तपुर जिल्ला अदालतमा ७६ प्रतिशत र कानून व्यवसायी नियुक्त नगरिएको मुद्दा संख्या सबैभन्दा बढी ललितपुर जिल्ला अदालतमा ३५ प्रतिशत रहेको छ । यसैगरी

प्रतिवादी पक्षबाट कानून व्यवसायी नियुक्त गरिएको संख्या सबैभन्दा बढी भक्तपुर जिल्ला अदालतमा ६८ प्रतिशत रहेको छ भने कानून व्यवसायी नियुक्त नगरिएको संख्या सबैभन्दा बढी ललितपुर जिल्ला अदालत मै ४४ प्रतिशत रहेको छ ।

### ३.६.२ वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व

वर्तमान सन्दर्भमा मुद्दामा कानून व्यवसायीद्वारा प्रतिनिधित्व गराइ पाउने विषयले व्यक्तिको मानव अधिकारको रुपमा मान्यता प्राप्त गरी सकेको छ । कानून व्यवसायीको प्रतिनिधित्व विना गरिने मुद्दाको सुनवाईलाई स्वच्छ सुनवाईको सिद्धान्त अनुकूल भएको मानिदैन । त्यसैले संविधान मै पनि आफूले रोजेको कानून व्यवसायीसँग रायपरामर्श लिने र निज मार्फत प्रतिनिधित्व गराइपाउने विषयलाई मौलिक हकको रुपमा मान्यता दिने गरिएको छ । समर्थ पक्षले आफै कानून व्यवसायीलाई नियुक्त गर्न सक्लान्, तर असमर्थ पक्षलाई राज्यको तर्फबाट नै कानून व्यवसायीको व्यवस्था गरिएको हुन्छ । अन्य मुलुकमा सार्वजनिक प्रतिरक्षा प्रणाली (Public Defender System) को छुट्टै व्यवस्था राज्यले गरेको हुन्छ । हामीकहाँ कानूनी सहायताको व्यवस्था रहेको छ । यस अतिरिक्त अदालत भित्रै पनि एउटा कानूनी सहायता शाखा रहने र वैतनिक कानून व्यवसायीले सो शाखामा रही कार्य गर्ने व्यवस्था छ ।[७८] कानून व्यवसायी नियुक्त गर्न नसकेका असहाय, अशक्त, नाबालक वा आर्थिक रुपमा विपन्न वा थुनुवा मानिस पक्ष भएका मुद्दामा निजहरुको तर्फबाट कानूनी प्रतिनिधित्व गर्न निजहरुको अनुरोधमा वा अदालत स्वयंले आवश्यक देखेमा वैतनिक कानून व्यवसायी नियुक्त गर्नसक्ने व्यवस्था छ ।[७९] यही व्यवस्थाको पृष्ठभूमिमा रहेर वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व भएका मुद्दाहरुको अध्ययन गरिएको थियो । वैतनिक कानून व्यवसायीबाट प्रतिनिधित्व गरिएका मुद्दाहरुको संख्यात्मक विवरण देहायको तालिकामा देखाइएको छः

**तालिका नं. ३३**
**वैतनिक कानून व्यावसायीबाट प्रतिनिधित्व भएको मुद्दाको विवरण**

| क.सं. | जिल्ला | संख्या | वादी पक्षका तर्फबाट | | | | संख्या | प्रतिवादी पक्षका तर्फबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | भएको | | नभएको | | | भएको | | नभएको | |
| १ | काठमाण्डौ | २४९ | ८ | ३% | २४१ | ९७% | ४१८ | १५ | ४% | ४०३ | ९६% |
| २ | ललितपुर | ११२ | ६ | ५% | १०६ | ९५% | १४१ | १२ | ९% | १२९ | ९१% |
| ३ | भक्तपुर | ४४ | ७ | १६% | ३७ | ८४% | ५८ | ९ | १६% | ४९ | ८४% |
| | **जम्मा** | **४०५** | **२१** | **५.१८%** | **३८४** | **९४.८२%** | **६१७** | **३६** | **५.८३%** | **५८१** | **९४.१७%** |

नोटः यो तालिकामा अध्यनको लागि जम्मा मुद्दा संख्या १४९७ छानिएकामा वादी पक्षबाट कानून व्यवसायी नराखिएका मुद्दा संख्या ४०५ र प्रतिवादी पक्षबाट कानून व्यवसायी नराखिएका मुद्दा संख्या ६१७ लाई आधार मानी उल्लेख गरिएको छ ।

उपर्युक्त तालिकाबाट वादी पक्षबाट वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व भएको मुद्दा संख्या ५.१८ प्रतिशत रहेको देखिएको छ भने प्रतिवादी पक्षबाट वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व भएको मुद्दा संख्या ५.८३ प्रतिशत रहेको देखिएको छ । यो तथ्याङ्कलाई आधार

[७८] जिल्ला अदालत नियमावली, २०५२ को नियम ९५क

[७९] ऐ. नियम ९६

मान्दा यी ३ वटा अदालतमा आ.वं. ०६४/०६५ मा जम्मा मुद्दा ५१२५ थान फैसला भएकोमा वादी पक्षबाट २७ प्रतिशत मुद्दा (१३८३ थान) मा कानून व्यवसायी नराखिएको हुँदा यी मध्ये ५.१८ प्रतिशत मुद्दामा वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व भएको मान्दा जम्मा ७१ थान मुद्दामा वादीपक्षबाट प्रतिनिधित्व भएको पाइन्छ । यसैगरी प्रतिवादी पक्षबाट ४१ प्रतिशत मुद्दा (२१०१ थान) मा कानून व्यवसायी नराखिएको हुँदा यी मध्ये ५.८३ प्रतिशत मुद्दामा वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व भएको मान्दा जम्मा १२२ थान मुद्दामा प्रतिवादी पक्षबाट वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व भएको पाइन्छ । यसप्रकार कूल १९३ थान मुद्दामा वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व रहेको पाइन्छ ।

### ३.६.३ मुद्दाको आन्तरिक निरिक्षण भए नभएको विवरण

मुद्दामा गरिनुपर्ने कारवाही ठीक समयमा भएको छ वा छैन भनेर थाहा पाउने र नभएको भए गर्न लगाउने एउटा सशक्त माध्यम निरीक्षण हो । समय-समयमा मिसिलको निरीक्षण गर्नाले कुनै कारणवश मुद्दाको कुनै कारवाही अगाडि बढाउनमा अड्काउ परेको भए सो अड्काउ फुकाउन र कारवाहीलाई सही दिशामा अगाडि बढाउन मद्दत पुग्दछ । त्यसैले न्यायाधीश वा स्रेस्तेदार वा न्यायाधीशले तोकेको अधिकृतद्वारा वर्षमा कम्तिमा दुईपटक तोकिएको ढाँचामा मिसिलको आन्तरिक निरीक्षण गर्नुपर्ने व्यवस्था जिल्ला अदालत नियमावलीमा गरिएको छ ।[८०] नमूना छनौटमा परेका मिसिलहरुमा नियममा व्यवस्था भए अनुसार निरीक्षण भए नभएको विषयलाई पनि अध्ययनमा समेटिएको थियो । अध्ययनबाट देखिए अनुसार मिसिलको आन्तरिक निरीक्षण भए नभएको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. ३४**
**मिसिलको आन्तरिक निरीक्षण भए नभएको विवरण**

| जिल्ला | जम्मा संख्या | भएको | | नभएको | |
|---|---|---|---|---|---|
| काजिअ | ९९९ | ० | ०% | ९९९ | १००% |
| लपुजिअ | ३१६ | ० | ०% | ३१६ | १००% |
| भपुजिअ | १८३ | ० | ०% | १८३ | १००% |
| **जम्मा** | **१४९७** | **०** | **०%** | **१४९७** | **१००%** |

प्रस्तुत तालिकाको अध्ययन गर्दा आ.व. २०६४/६५ मा फैसला भएका कुनै पनि मुद्दामा मिसिलको आन्तरिक निरीक्षण भएको पाइएन । यो स्थिति कुनै एउटा अदालतको मात्र नभएर अध्ययनमा परेका सबै अदालतहरुको स्थिति समान पाइयो ।

### ३.६.४ समय तालिका निर्माण गरे नगरेको विवरण

मुद्दामा समय तालिकाको निर्माण निरीक्षण र अनुगमनको आधार हो । मुद्दामा हुनुपर्ने कारवाहीहरु ठीक समयमा भए नभएको कुराको निक्र्यौल गर्ने आधार नै समय तालिका हो । समय तालिका भन्नाले मुद्दामा गरिने विभिन्न चरणका कारवाहीमध्ये कुन कुन कारवाही कति कति समयमा गर्ने भनेर निर्माण गरिएको तालिका हो । समय तालिका निर्माण गर्ने व्यवस्था

[८०] ऐ. नियम ९३ख

जिल्ला अदालत नियमावलीमा २०६० सालमा गरिएको चौथो संशोधनपछि सूत्रपात गरिएको हो । नियमावलीमा भनिएको छ- "कुनै मुद्दा अदालतमा दायर भएपछि सो मुद्दामा अभियुक्त वा प्रतिवादीका नाममा वारेण्ट, म्यादीपूर्जी, समाह्वान, इतलायनामा, म्याद वा सूचना जारी गर्ने, तामेल हुने, प्रतिवादी चुक्ता हुने, प्रारम्भिक सुनवाई हुने, साक्षी प्रमाण बुझ्ने, फैसला हुने समेतका समयको अन्दाज गरी मुद्दैपिच्छे, कार्यतालिका निर्धारण गरी मिसिल सामेल गर्नुपर्छ ।[८१] मुद्दामा समय तालिका निर्माण गरे नगरेको विवरण देहायको तालिकामा देखाइएको छ:-

**तालिका नं. ३५**

**मुद्दामा समय तालिका निर्माण गरे नगरेको विवरण**

| जिल्ला | जम्मा संख्या | गरिएको | | नगरिएको | |
|---|---|---|---|---|---|
| काजिअ | ९९९ | ० | ०% | ९९९ | १००% |
| लपुजिअ | ३१६ | ० | ०% | ३१६ | १००% |
| भपुजिअ | १८२ | ० | ० | १८२ | १००% |
| **जम्मा** | **१४९७** | **०** | **०** | **१४९७** | **१००%** |

अध्ययन गरिएका अदालतहरुमा मिसिलको आन्तरिक निरीक्षण जस्तै समय तालिकाको निर्माणका सम्बन्धमा पनि स्थिति निराशाजनक रहेको पाइएको छ । माथि दिइएको तालिकाको अध्ययनबाट कुनै पनि मुद्दामा समय तालिका निर्माण नगरिएको पाइन्छ । सम्बत २०६० सालमा नियमावलीमा गरिएको संशोधनबाट यस सम्बन्धी व्यवस्था सूत्रपात गरिएको भए पनि हालसम्म यसको प्रयोगको स्थिति शून्य रहेको छ ।

### ३.६.५ मुल्तवी रहे नरहेको विवरण

मुल्तवी भन्नाले कारणवश मुद्दाको कारवाही स्थगित राख्ने कार्यलाई बुझिन्छ । वारिस राख्न नपाउने अवस्थाका झगडियाको अर्को अड्डामा पनि मुद्दा परेको रहेछ वा कुनै एक अड्डामा परिरहेको मुद्दाको निर्णय भै नसकी अर्को अड्डामा परेको मुद्दाको निर्णय हुन नसक्ने रहेछ भने त्यस्तो अवस्थामा मुद्दा मुल्तवी रहने व्यवस्था छ ।[८२] यसैगरी वारेण्ट जारी हुने मुद्दाका अभियुक्त फरार रहेछन् भने तिनका हकमा पनि अंश रोक्का भएको २ वर्षसम्म मुद्दा मुल्तवी रहने व्यवस्था छ ।[८३] यसैले मुल्तवी रहने मुद्दाको संख्या कति हुँदो रहेछ भन्ने विषयलाई पनि प्रस्तुत अध्ययनमा समेटिएको थियो । मुल्तवी रहेको मुद्दाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ:

[८१] जिल्ला अदालत नियमावली, २०५२ को नियम ८५ख

[८२] मु. ऐ. अ.वं. १२ नं.

[८३] ऐ. १९० नं.

**तालिका नं. ३६**
**मुल्तवी रहेको मुद्दाको विवरण**

| जिल्ला | जम्मा संख्या | रहेको | | नरहेको | |
|---|---|---|---|---|---|
| काजिअ | ९९९ | ३१ | ३% | ९६८ | ९७% |
| लपुजिअ | ३१६ | १० | ३% | ३०६ | ९७% |
| भपुजिअ | १८२ | १३ | ७% | १६९ | ९३% |
| **जम्मा** | **१४९७** | **५४** | **४%** | **१४१२** | **९६%** |

उपर्युक्त तालिकाको अध्ययनबाट मुल्तवी रहने मुद्दाको संख्या ४ प्रतिशत रहेको छ ।

जिल्लागत आधारमा हेर्दा सबैभन्दा बढी मुल्तवी रहने मुद्दाको संख्या भक्तपुर जिल्ला अदालतमा ७ प्रतिशत पाइयो भने काठमाण्डौ र ललितपुर जिल्ला अदालतमा बराबर संख्या ३ प्रतिशत पाइयो ।

### ३.६.६ अ.वं. १७ नं. बमोजिमको निवेदन परे नपरेको विवरण

मुलुकी ऐन अ.वं. १७ नं. मा पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा वेरित भएको छ भन्ने कुरा झगडियाको निवेदनबाट वा अरु कुनै किसिमसँग थाहा पाएमा आवश्यकता अनुसार सो मुद्दाको मिसिल समेत झिकी कैफियत तलव गरी बुझ्दा म्याद नघाएको वा वेरीत भएको देखिएमा कानून बमोजिम गर्नु गर्न लाउनुपर्छ भन्ने व्यवस्था रहेको छ । यही व्यवस्थालाई आधार मानी जिल्ला अदालतमा परेका मुद्दामा हुने आदेशहरुका विरुद्ध पुनरावेदन अदालत र सर्वोच्च अदालतसम्म पनि निवेदनहरु पर्ने र ती निवेदनहरुको टुङ्गो लागी नआएसम्म जिल्ला अदालतमा परेका मुद्दाहरुको बाँकी कारवाही स्थगित भएको हुन्छ। त्यसैले अ.वं. १७ नं. बमोजिमको निवेदन परे नपरेको र निवेदन परेकोमा सो कारणबाट कति अवधि व्यतित हुन गएको छ यो पक्षलाई पनि अध्ययनको विषय बनाइएको थियो । यस सम्बन्धी विवरणहरु देहायको तालिकाहरुमा प्रस्तुत गरिएको छः

**तालिका नं. ३७**

**अ.वं. १७ नं. बमोजिमको निवेदन परे नपरेको विवरण**

| जिल्ला | जम्मा संख्या | परेको | | नपरेको | |
|---|---|---|---|---|---|
| काजिअ | ९९९ | १८ | २% | ९८१ | ९८% |
| लपुजिअ | ३१६ | ११ | ४ % | ३०५ | ९६% |
| भपुजिअ | १८२ | १४ | ८% | १६८ | ९२% |
| **जम्मा** | **१४९७** | **४३** | **३%** | **१४५४** | **९७%** |

जिल्ला अदालतबाट भएका आदेशहरु उपर मु.ऐ.अ.वं. १७ नं. बमोजिमको निवेदन पर्ने प्रवृत्ति हेर्दा जम्मा ३ प्रतिशत मुद्दामा यसप्रकारको निवेदन पर्ने गरेको पाइयो ।

जिल्लागत आधारमा हेर्दा अ.वं. १७ नं. बमोजिमको निवेदन सबै भन्दा बढी भक्तपुर जिल्ला अदालतको आदेश उपर ८ प्रतिशत परेको पाइन्छ भने ललितपुर र काठमाण्डौं जिल्ला अदालतको आदेश उपर क्रमशः ४ र २ प्रतिशत परेको पाइन्छ ।

**तालिका नं. ३८**

**अ.वं. १७ नं. बमोजिमको निवेदन परेको कारणबाट व्यतित भएको अवधिको विवरण**

| जिल्ला | संख्या | अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ महिना सम्म | | २ महिना सम्म | | ३ महिना सम्म | | ३ महिना भन्दा बढी | |
| काजिअ | १८ | ८ | ४५% | ४ | २२% | ४ | २२% | २ | ११% |
| लपुजिअ | ११ | १ | १०% | ३ | ३०% | ६ | ५०% | १ | १०% |
| भपुजिअ | १४ | ० | ०% | ६ | ४३% | ६ | ४३% | २ | १४% |
| **जम्मा** | **४३** | **९** | **२१%** | **१३** | **३१%** | **१६** | **३६%** | **५** | **१२%** |

नोटः १७ नं. को निवेदन परेका जम्मा मुद्दा संख्यालाई मात्र आधार मानिएको ।

मु. ऐ. अ. वं. १७ नं बमोजिमको निवेदन परेको कारणबाट व्यतित भएको अवधिको विश्लेषण गर्दा २१ प्रतिशत मुद्दामा १ महिना, ३१ प्रतिशत मुद्दामा २ महिना, ३६ प्रतिशत मुद्दामा ३ महिना र १२ प्रतिशत मुद्दामा ३ महिना भन्दा बढी अवधि व्यतित भएको पाइन्छ ।

जिल्लागत हिसावले विश्लेषण गर्दा अ.वं. १७ नं. को निवेदन परेको कारणबाट काठमाण्डौ जिल्ला अदालतको तुलनामा भक्तपुर र ललितपुर जिल्ला अदालत बढी प्रभावित भएको पाइएको छ । भक्तपुर जिल्ला अदालतमा १४ प्रतिशत मुद्दामा ३ महिना भन्दा बढी, ४३ प्रतिशत मुद्दामा ३ महिना र अर्को ४३ प्रतिशत मुद्दामा २ महिना अवधि व्यतित भएको पाइन्छ । ललितपुर जिल्ला अदालतमा १० प्रतिशत मुद्दामा ३ महिना भन्दा बढी, ५० प्रतिशत मुद्दामा ३ महिना र ३० प्रतिशत मुद्दामा २ महिना अवधि व्यतित भएको पाइन्छ जब कि काठमाण्डौ जिल्ला अदालतमा ४५ प्रतिशत मुद्दामा १ महिना मात्र व्यतित भएको पाइन्छ भने २२ प्रतिशत मुद्दामा २ महिना, अर्को २२ प्रतिशत मुद्दामा ३ महिना र ११ प्रतिशत मुद्दामा ३ महिना भन्दा बढी अवधि व्यतित भएको पाइन्छ ।

### ३.६.७ तायदाती फाराम दुरुस्त रहे नरहेको विवरण

तायदाती फाराम भन्नाले एक प्रकारको पञ्जिका जस्तै हो । मुद्दामा दाखिल हुने सबै कागजातलाई दाखिला मितिका क्रममा नम्बर चढाई फाराममा दर्ता गरी मिसिल सामेल राख्नुपर्ने हुन्छ ।[८४] यसको मुख्य उद्देश्य मुद्दामा पेश हुन आएका सम्पूर्ण कागजातहरुको अभिलेख दुरुस्त रहोस् भन्ने हो । तायदाती फाराम राखिएन भने कुनै कागजात पेश भए नभएको पनि थाहा हुननसक्ने र पेश भएको थाहा भएकैमा पनि कुन क्रममा छ भनेर थाहा नहुने हुन्छ । यसैले कागजातको संरक्षण र आवश्यक परेको कागजात छिटो पत्ता लगाउन

[८४] मु. ऐ. अ. वं. २१ नं.

तायदाती फारामको महत्व रहन्छ । तायदाती फाराम दुरुस्त रहे नरहेको विवरण देहायको तालिकामा देखाइएको छः

**तालिका नं. ३९**

**तायदाती फाराम दुरुस्त रहे नरहेको विवरण**

| जिल्ला | जम्मा संख्या | दुरुस्त रहेको | | दुरुस्त नभएको | |
|---|---|---|---|---|---|
| काजिअ | ९९९ | ९५४ | ९६% | ४५ | ४% |
| लपुजिअ | ३१६ | २९२ | ९२% | २४ | ८% |
| भपुजिअ | १८२ | १५० | ८२% | ३२ | १८% |
| **जम्मा** | **१४९७** | **१३९६** | **९३%** | **१०१** | **७%** |

प्रस्तुत तालिकाबाट अध्ययन गरिएका अदालतहरु सबैको समग्रतामा विश्लेषण गर्दा ९३ प्रतिशत मुद्दामा तायदाती फाराम दुरुस्त रहेको पाइएको छ भने ७ प्रतिशत मुद्दामा मिसिल छिनुवा फाँटमा पुग्दा पनि तायदाती फाराम दुरुस्त नरहेको पाइन्छ ।

जिल्लागत हिसावमा हेर्दा तायदाती फाराम दुरुस्त राख्ने कार्यमा भक्तपुर जिल्ला अदालत पछाडि देखिएको छ । उक्त अदालतमा जम्मा ८२ प्रतिशत मुद्दामा मात्र तायदाती फाराम दुरुस्त देखिइ १८ प्रतिशत मुद्दामा तायदाती फाराम दुरुस्त नरहेको देखिन्छ । काठमाण्डौ र ललितपुर जिल्ला अदालतमा भने क्रमश ९६ र ९२ प्रतिशत मिसिलमा तायदाती फाराम दुरुस्त रहेको र क्रमश ४ र ८ प्रतिशत मिसिलमा मात्र तायदाती फाराम दुरुस्त नरहेको पाइन्छ ।

### ३.६.८ तारेख तोक्दा कारण जनाए नजनाएको विवरण

थुनामा राखी पूर्पक्ष गर्नुपर्ने अवस्थामा बाहेक मुद्दाका अरु पक्षलाई तारेखमा राखी पूर्पक्ष गर्नुपर्ने व्यवस्था छ ।[८५] तारिख तोक्दा विना काम र कारण अनावश्यक रुपमा अदालतमा उपस्थित हुन नपरोस् भन्ने उद्देश्यले नमूना बमोजिमको किताव खडा गरी जुन दिन जे काम गर्नलाई तारिख तोकिन्छ तारिख भरपाईमा र झगडियालाई दिइने तारिख पर्चामा समेत सो व्यहोरा जनाई तारिख दिनुपर्ने व्यवस्था छ ।[८६] यसरी तारिख तोकिएकोमा सो दिनमा मुद्दाका पक्षहरु उपस्थित हुन नआए पनि मुद्दामा गर्नुपर्ने कारवाही गर्न रोकिनु नपर्ने व्यवस्था छ । तर कतिपय अवस्थामा तारिख दिंदा कुनै काम र कारण विना नै तारिख दिने गरिएका गुनासाहरु सुन्ने गरिन्छ । यसरी विना काम र कारण तारिख तोक्ने प्रवृत्तिले मुद्दाका पक्षहरुले अनावश्यक रुपमा हैरानी व्यहोर्नुपर्ने र मुद्दाको लागत पनि बढ्नजाने हुन्छ । प्रस्तुत अध्ययनमा त्यसैले तारिख तोक्दा कारण जनाए नजनाएको कुरालाई पनि अध्ययनको विषय बनाइएको थियो । अध्ययनबाट देखिए अनुसार तारिख तोक्दा कारण जनाए नजनाएको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

[८५] ऐ. अ.वं. ४७ नं.


[८६] ऐ. अ. वं. ५३ नं., जिल्ला अदालत नियमावली, ०५२ नं. को नियम २३ख

**तालिका नं. ४०**

**मुद्दामा तारिख तोक्दा कारण जनाए नजनाएको विवरण**

| जिल्ला | जम्मा संख्या | कारण जनाएको | | कारण नजनाएको | |
|---|---|---|---|---|---|
| काजिअ | ९९९ | ६२० | ६२% | ३७९ | ३८% |
| लपुजिअ | ३१६ | १८५ | ५९% | १३१ | ४१% |
| भपुजिअ | १८२ | १४४ | ७९% | ३८ | २१% |
| **जम्मा** | **१४९७** | **९४९** | **६३%** | **५४८** | **३७%** |

तारिख तोक्दा कारण जनाए नजाएको विषयमा अध्ययन गर्दा केवल ६३ प्रतिशत मुद्दामा कारण जनाएर तारिख दिएको पाइन्छ, बाँकी ३७ प्रतिशत मुद्दामा कारण नै नखुलाई तारेख दिने गरेको पाइन्छ। यसलाई तलको चार्टमा प्रस्तुत गरिएको छ।




जिल्लागत हिसावमा हेर्दा सबैभन्दा बढी ललितपुर जिल्ला अदालतमा ४१ प्रतिशत मुद्दामा कारण नजनाई तारिख दिने गरेको पाइयो। कारण नजनाई तारिख दिइएका मुद्दा संख्या काठमाण्डौ र भक्तपुर जिल्ला अदालतमा क्रमशः ३८ र २१ प्रतिशत रहेको छ।

### ३.६.९ म्यादभित्र फैसला गर्न नसकेकोमा माथिल्लो अदालतमा जाहेर गरे नगरेको विवरण

जिल्ला अदालतमा पर्ने शुरु तहको मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट १ वर्षभित्र फैसला गर्नुपर्ने गरी कानूनी व्यवस्था भइरहेको सम्बन्धमा माथि प्रकाश पारी सकिएको छ। यसरी फैसला गर्नुपर्ने म्याद तोकिए पनि कहिले काहीं कुनै कुनै मुद्दामा मनासिव कारण परेरै पनि म्यादभित्र फैसला गर्न नसकिने अवस्था आइपर्न सक्दछ। यो स्थितिलाई पनि ध्यानमा राखेर कानूनमा स्पष्ट व्यवस्था गरिएको छ। यस अनुसार तोकिएको म्यादमा फैसला गर्न अड्कने मुनासिव माफिकको कारण परी आएमा अड्काउको व्यहोरा

लेखी आफ्नो पुनरावेदन सुन्ने अड्डामा म्याद भित्रै जाहेर गर्नुपर्ने र त्यसरी जाहेर भई आएमा माथिल्लो तहको अदातलबाट पनि जाँची अड्काउ मुनासिव ठहरे आवश्यक म्याद थप दिई सो म्यादभित्र फैसला गर्न लाउनुपर्छ भन्ने व्यवस्था रहेको छ ।[८७] तर यो व्यवस्थाको कार्यान्वयन प्राय सुन्य रहेको गुनासो सुन्ने गरिन्छ । त्यसैले यो पक्षमा पनि अध्ययनलाई केन्द्रित गराई यस सम्बन्धी तथ्यलाई उजागर गर्ने प्रयास गरिएको थियो । अध्ययनबाट देखिए अनुसार म्यादभित्र फैसला गर्न नसकेकोमा माथिल्लो तहमा जाहेर गरे नगरेको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. ४१**

**म्यादभित्र फैसला गर्न नसकेकोमा माथिल्लो तहमा जाहेर गरे नगरेको विवरण**

| जिल्ला | जम्मा संख्या | अनुमती लिएको | | अनुमती नलिएको | |
|---|---|---|---|---|---|
| काजिअ | ९९९ | ० | ०% | ९९९ | १००% |
| लपुजिअ | ३१६ | ० | ०% | ३१६ | १००% |
| भपुजिअ | १८२ | ० | ०% | १८२ | १००% |
| **जम्मा** | **१४९७** | **०** | **०%** | **१४९७** | **१००%** |

उपर्युक्त तालिकाको अध्ययनबाट तोकिएको म्यादमा फैसला गर्न अड्काउ परेमा आफ्नो पुनरावेदन सुन्ने अड्डामा जाहेर गरी म्याद थप लिनुपर्ने मु.ऐ. अ.वं. १५ नं. को व्यवस्था विल्कुलै लागू नभएको अवस्था देखिन्छ । प्रस्तुत तालिकाबाट कुनै पनि मुद्दामा सो बमोजिमको कार्यविधि अपनाइ म्याद थपका लागि जाहेर गरेको पाइएन । अध्ययन गरिएका मुद्दाहरुमध्ये तालिका नं. ३० मा देखाइए अनुसार प्रतिवादी परेको वा पर्ने अवस्था नाघेको मितिले १ वर्ष भित्र फैसला हुन नसकेका मुद्दा संख्या ३८ प्रतिशत रहेको पाइए पनि ती कुनै पनि मुद्दामा मु.ऐ. अ.वं. १५ नं. बमोजिमको प्रक्रिया अपनाएको पाइएन ।

❮❯

[८७] मु. ऐ. अ. वं. १५ नं.

# ४

## परिच्छेद

# मुद्दा प्रवाह स्थितिको विश्लेषणबाट देखिएको नतिजा

मुद्दा प्रवाह स्थितिको विश्लेषणका लागि यस भन्दा अगाडिको परिच्छेदमा कारवाहीका केही चरणहरु पहिचान गरिएका छन् । मुद्दा प्रवाह स्थितिको विश्लेषणबाट देखिएको नतिजा प्रस्तुत गर्ने प्रयोजनका लागि पनि तिनै कारवाहीका चरणहरुलाई आधार मानिएको छ ।

### ४.१ म्याद जारी गर्न लागेको अवधिको नतिजा

- ४९ प्रतिशत मुद्दामा फिराद परेको ३ दिनभित्र म्याद जारी भएको पाइन्छ ।
- ५१ प्रतिशत मुद्दामा म्याद जारी हुन ३ दिन भन्दा बढी समय लागेको पाइन्छ ।
- म्याद जारी हुन ३ दिन भन्दा बढी लागेका मध्ये पनि १५ प्रतिशत मुद्दामा ४ देखि ७ दिन, २० प्रतिशत मुद्दामा ८ देखि १५ दिन र १६ प्रतिशत मुद्दामा १५ दिनभन्दा बढी अवधि लागेको पाइन्छ
- फिराद परेको ३ दिनभित्र म्याद जारी गर्नुपर्ने व्यवस्थालाई आधार मान्दा काठमाण्डौ जिल्ला अदालतको कार्यसम्पादन निराशाजनक देखिएको छ । म्याद जारी गरिएका मुद्दामध्ये जम्मा ३९ प्रतिशत मुद्दामा मात्र ३ दिनभित्र म्याद जारी हुन सकेको पाइन्छ भने २४ प्रतिशत मुद्दामा म्याद जारी हुन १५ दिनभन्दा बढी अवधि लागेको देखिन्छ ।

### ४.२ म्याद तामेल गर्न लागेको अवधिको नतिजा

- १९ प्रतिशत मुद्दामा १५ दिनभित्र म्याद तामेल भएको पाइन्छ
- ८१ प्रतिशत मुद्दामा म्याद तामेल हुन १५ दिनभन्दा बढी अवधि लागेको पाइन्छ ।
- म्याद तामेल हुन १५ दिन भन्दा बढी अवधि लागेका मध्ये पनि २० प्रतिशत मुद्दामा १६ दिन देखि १ महिना, २९ प्रतिशत मुद्दामा १ देखि २ महिना र ३१ प्रतिशत मुद्दामा २ महिना भन्दा बढी अवधि लागेको पाइन्छ ।
- म्याद जारी भएको मितिले १५ दिन भित्र म्याद तामेल गर्नुपर्ने व्यवस्थालाई आधार मान्दा अध्ययन गरिएका सबै अदालतहरुको कार्यसम्पादन सन्तोषजनक नरहेको पाइन्छ । करिव ५ भागको १ भाग मुद्दामा मात्र नियमानुसार तोकिएको अवधि भित्र

म्याद तामेल हुन सकेको र यी मध्ये पनि भक्तपुर जिल्ला अदालतमा जम्मा ११ प्रतिशत मुद्दामा मात्र तोकिएको अवधि भित्र म्याद तामेल हुन सकेको पाइन्छ ।

**४.३ म्याद बदर सम्बन्धी अध्ययनको नतिजा**

- १२ प्रतिशत मुद्दामा कुनै न कुनै कारणले एकपटक तामेल भै आएको म्याद बदर भएको पाइन्छ
- बदर भएका म्यादमध्ये केही म्यादहरु (१३ प्रतिशत) २ वा ३ पटक सम्म बदर हुने गर्छ ।
- भक्तपुर जिल्ला अदालतमा १ पटक भन्दा बढी कुनै पनि म्याद बदर भएको स्थिति देखिएन ।

**४.४ म्याद बदर हुनाको कारण सम्बन्धी नतिजा**

- म्याद बदर हुनाका विभिन्न कारणहरुमध्ये अधिकांश म्यादहरु लेखिएको वतनमा प्रतिवादीको घरद्वार वा मानिस फेला नपर्नु देखिएको छ । बदर भएका म्याद मध्ये ८४ प्रतिशत म्यादहरु यही कारणले बदर भएको पाइएको छ ।
- म्याद बदर हुनुको दोस्रो महत्वपूर्ण कारण एकप्रति म्याद स्थानीय निकाय (नगरपालिका वा गाविस) मा बुझाउनुपर्नेमा नबुझाउनु रहेको पाइएको छ । यो कारणले म्याद बदर भएको संख्या ६ प्रतिशत रहेको छ
- स्थानीय निकायको प्रतिनिधि रोहवरमा नराखेको कारण म्याद बदर भएको संख्या ४ प्रतिशत रहेको छ,
- स्थानीय वडाका व्यक्तिलाई साक्षी नराखी अर्कै वडाका व्यक्तिलाई साक्षी राखेको कारण म्याद बदर भएको संख्या ४ प्रतिशत रहेको छ,
- अन्य कारणले म्याद बदर भएको संख्या २ प्रतिशत रहेको छ । यसमा म्याद जारी हुँदाका प्राविधिक त्रुटीहरु पनि समावेश छन् ।

**४.५ पुनः म्याद जारी र तामेली गर्नुपर्दा लागेको अवधिको नतिजा**

- एक पटक तामेल भएको म्याद बदर गरी पुन जारी गरी तामेल गर्नुपर्दा ४० प्रतिशत मुद्दामा २ महिना भन्दा बढी अवधि लागेको पाइन्छ,
- पुनः म्याद जारी र तामेली गर्नुपर्दा १९ प्रतिशत मुद्दामा २ महिना, अर्को १९ प्रतिशत मुद्दामा १ महिना र २२ प्रतिशत मुद्दामा १५ दिन अवधि थप लागेको पाइन्छ,
- अध्ययन गरिएका ३ वटा अदालतहरुमध्ये पुनः म्याद जारी गर्नुपर्दा सबैभन्दा बढी समस्या ललितपुर जिल्ला अदालतलाई परेको देखिन्छ । उक्त अदालतमा ५२ प्रतिशत मुद्दामा २ महिना भन्दा बढी अवधि यही कारणले व्यतित भएको पाइन्छ ।

## ४.६ अभियोगपत्रसाथ प्रतिवादी उपस्थित गराएको र पूर्पक्षमा रहेको सम्बन्धी अध्ययनको नतिजा

- अभियोगपत्र प्रस्तुत गरिएका ७८ प्रतिशत मुद्दामा अभियोगपत्रसाथ अभियुक्त उपस्थित गराएको पाइन्छ,
- २२ प्रतिशत अभियोगपत्रमा अभियुक्तहरु फरार रहेको स्थिति देखिन्छ,
- अभियोगपत्रसाथ उपस्थित गराइएका अभियुक्तहरुमध्ये ६६ प्रतिशत मुद्दाका अभियुक्तहरु पूर्पक्षका लागि थुनामा रहेका पाइन्छन् ।

## ४.७ फिराद दर्ता भएको मितिले प्रतिउत्तरपत्र दर्ता हुन लागेको अवधिको नतिजा

- फिरादपत्र दर्ता भएको मितिले जम्मा १२ प्रतिशत मुद्दामा डेढ महिना भित्र प्रतिउत्तरपत्र दर्ता हुन आएको देखिन्छ,
- थप ७ प्रतिशत मुद्दामा २ महिना भित्र प्रतिउत्तरपत्र दर्ता हुन आएको देखिन्छ,
- ५८ प्रतिशत मुद्दामा प्रतिउत्तरपत्र दर्ता हुन फिरादपत्र दर्ता भएको मितिले ३ महिनाभन्दा बढी अवधि लागेको देखिन्छ,
- फिरादपत्र दर्ता भएपछि म्याद जारी हुन लाग्ने ३ दिन र तामेल हुन लाग्ने १५ दिन तथा प्रतिउत्तर फिराउने म्याद ३० दिनको आधारमा गणना गर्दा करिव डेढ महिना सम्ममा प्रतिउत्तर पर्नुपर्नेमा ८८ प्रतिशत मुद्दामा डेढ महिना भन्दा बढी लागेको देखिंदा म्याद जारी र तामेलीको कार्यमा ढिलाई भएको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.८ प्रतिवादी उपस्थित हुन लागेको अवधिको नतिजा

- ७७ प्रतिशत सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीहरुलाई अभियोगपत्र दायर भएकै दिन अभियोगपत्रका साथ उपस्थित गराइएको पाइन्छ,
- प्रतिवादीहरु फरार रहेका मुद्दामध्ये प्रतिवादी उपस्थित हुन २ प्रतिशत मुद्दामा डेढ महिना, ६ प्रतिशत मुद्दामा ३ महिना र १५ प्रतिशत मुद्दामा ३ महिना भन्दा बढी अवधि लागेको पाइन्छ ।

## ४.९ म्याद तामेल भएको मितिले प्रतिउत्तरपत्र दर्ता हुन/प्रतिवादी उपस्थित हुन लागेको अवधिको नतिजा

- १० प्रतिशत मुद्दामा म्याद तामेल भएको मितिले १५ दिनभित्रै प्रतिउत्तरपत्र दर्ता भएको देखिन्छ,
- थप ११ प्रतिशत मुद्दामा १ महिनाभित्रै प्रतिउत्तरपत्र दर्ता भएको देखिन्छ,
- ७९ प्रतिशत मुद्दामा प्रतिउत्तरपत्र दर्ता हुन १ महिनाभन्दा बढी अवधि लागेको पाइन्छ,
- प्रतिउत्तरपत्र फिराउने म्याद ३० दिन हुने व्यवस्थालाई आधार मान्दा आधिकांश मुद्दा अर्थात ७९ प्रतिशतमा गुज्रेको म्याद थमाई प्रतिउत्तरपत्र दर्ता गराउने गरेको पाइन्छ,
- सरकारवादी फौजदारी मुद्दामा म्याद तामेल भएको मितिले जम्मा १३ प्रतिशत मुद्दामा ३० दिनभित्र प्रतिवादी हाजिर हुन आएको देखिन्छ ।

### ४.१० प्रतिवादी चुक्ता भएपछि साधारण तारिख दिए नदिएको विषयको नतिजा

- प्रतिवादी चुक्ता भएपछि पेशी तारिख दिनुपर्नेमा २१ प्रतिशत मुद्दामा साधारण तारिख नै दिएको पाइयो,
- साधारण तारिख दिइएकोमा पनि ५० प्रतिशत भन्दा बढी मुद्दामा १ पटकभन्दा बढी पटक साधारण तारिख दिएको पाइयो,
- केही मुद्दामा (६ प्रतिशत) ५ भन्दा बढी पटकसम्म साधारण तारिख दिइरहेको पाइयो ।

### ४.११ प्रतिउत्तपत्र दर्ता मितिले पहिलो पेशी चढ्न लागेको अवधिको नतिजा

- ३८ प्रतिशत मुद्दामा प्रतिउत्तरपत्र दर्ता मितिले १ महिनाभित्र पहिलो पेशी चढेको देखिन्छ,
- ३३ प्रतिशत मुद्दामा पहिलो पेशी चढ्न प्रतिउत्तरपत्र दर्ता मितिले २ महिना भन्दा बढी अवधि लागेको पाइन्छ ।

### ४.१२ प्रथम पेशी (प्रारम्भिक सुनवाई) मा मुद्दा फैसला भए नभएको नतिजा

- प्रारम्भिक सुनवाईका बखत १५ प्रतिशत मुद्दाहरु फैसला भएको पाइन्छ,
- जिल्लागत हिसावमा सबैभन्दा बढी ललितपुर जिल्ला अदालतमा २३ प्रतिशत मुद्दा फैसला भएको पाइन्छ,
- प्रारम्भिक सुनवाईको पेशीमा सबैभन्दा कम काठमाण्डौ जिल्ला अदालतमा १३ प्रतिशत मुद्दाहरु फैसला भएको पाइन्छ ।

### ४.१३ प्रमाण बुझ्न भएका आदेश सम्बन्धी कारवाहीको नतिजा

- प्रतिवादी चुक्ता भएपछि ३९ प्रतिशत मुद्दाहरु १ महिनाभित्रै प्रमाण मुकररका लागि पेशी चढेको पाइन्छ भने ३० प्रतिशत मुद्दाहरुमा सोही प्रयोजनका लागि पेशी चढ्न २ महिना भन्दा बढी अवधि लागेको पाइन्छ,
- प्रमाण बुझ्ने आदेश भएपछि ३६ प्रतिशत मुद्दामा उक्त आदेश कार्यान्वयनका लागि उही दिन कारवाही शुरु भएको पाइन्छ,
- प्रमाण बुझ्ने आदेश भएपछि ३१ प्रतिशत मुद्दामा उक्त आदेश कार्यान्वयनका लागि कारवाही शुरु गर्न ७ दिनभन्दा बढी अवधि लागेको पाइन्छ,
- प्रमाण बुझ्ने आदेश कार्यान्वयन सम्पन्न हुन ५६ प्रतिशत मुद्दामा डेढ महिना भन्दा बढी अवधि लागेको पाइन्छ,
- साक्षी प्रमाण बुझ्नका लागि ४० प्रतिशत मुद्दामा एकैपटक आदेश भएको पाइन्छ भने बाँकी मुद्दाहरुमा १ पटक भन्दा बढी पटक आदेश भएको पाइन्छ,
- सरकारवादी फौजदारी मुद्दामा नबुझी नहुने साक्षी बुझ्नका लागि २० प्रतिशत मुद्दामा मु.ऐ. अ.वं. ११५ नं. को व्यवस्था प्रयोग भएको पाइन्छ ।

### ४.१४ प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि पेशी चढे नचढेको विषयको नतिजा

- प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि पनि १४ प्रतिशत मुद्दामा पेशी नचढी साधारण तारिख दिने गरेको पाइन्छ,
- यो प्रवृत्ति अध्ययन गरिएका सबै अदालतहरुमा समान पाइन्छन्,
- पेशी नचढाई साधारण तारिख दिइएकोमा ६६ प्रतिशत मुद्दामा १ पटक मात्र साधारण तारिख दिइएको पाइन्छ भने ३४ प्रतिशत मुद्दामा १ भन्दा बढी पटक साधारण तारिख दिइएको पाइन्छ ।

### ४.१५ फैसलाका लागि पेशी चढेको विवरणको नतिजा

- अध्ययन गरिएका मुद्दाहरुमध्ये ५४ प्रतिशत मुद्दामा ३ पटक सम्म पेशी चढ्दा फैसला भएको पाइन्छ । बाँकी मुद्दा मध्ये २८ प्रतिशत मुद्दामा ५ पटकसम्म, ११ प्रतिशत मुद्दामा ८ पटक सम्म र ७ प्रतिशत मुद्दामा ८ भन्दा बढी पटक पेशी चढ्दा फैसला भएको पाइन्छ,
- अध्ययन गरिएका अदालतहरुमध्ये तुलनात्मक रुपमा ललितपुर जिल्ला अदालतमा केही बढी मुद्दा (१२ प्रतिशत) मा फैसला हुन ८ भन्दा बढी पटक पेशी चढ्नु परेको स्थिति देखिन्छ,
- २१ प्रतिशत मुद्दाहरु पेशी चढेकोमा इजलाशबाट हेर्न नभ्याई फर्कने गरेको पाइन्छ,
- हेर्न नभ्याई इजलाशबाट फर्केका मुद्दाहरुमध्ये ६३ प्रतिशत मुद्दा १ पटकमात्र फर्केको पाइन्छ भने बाँकी मुद्दाहरु मध्ये २० प्रतिशत मुद्दामा २ पटक, ९ प्रतिशत मुद्दामा ३ देखि ४ पटक र ८ प्रतिशत मुद्दामा ४ भन्दा बढी पटक हेर्न नभ्याएको कारण इजलाशबाट फर्कने गरेको पाइन्छ ।

### ४.१६ कानून व्यवसायीबाट स्थगित गराइएको विवरणको नतिजा

- वादीपक्षका कानून व्यवसायीबाट २ पटकसम्म पेशी स्थगित गराइएको मुद्दा संख्या ८७ प्रतिशत रहेको छ, बाँकी १३ प्रतिशत मध्ये १२ प्रतिशत मुद्दामा ३ वा ४ पटक र १ प्रतिशत मुद्दामा ४ भन्दा बढी पटक स्थगित गराइएको पाइन्छ,
- प्रतिवादी पक्षका कानून व्यवसायीबाट २ पटकसम्म पेशी स्थगित गराइएको मुद्दा संख्या ९४ प्रतिशत रहेको छ, बाँकी ६ प्रतिशत मुद्दामा ३ वा ४ पटक पेशी स्थगित गराएको पाइएको छ । प्रतिवादीका कानून व्यवसायीबाट ४ पटक भन्दा बढी पटक पेशी स्थगित गराइएको पाइएन,
- कानून व्यवसायीले स्थगित गराएको कारण ६९ प्रतिशत मुद्दामा १ महिना अवधि व्यतित भएको पाइन्छ, बाँकी मुद्दाहरुमध्ये २३ प्रतिशत मुद्दामा २ महिना, ३ प्रतिशत मुद्दामा ३ महिना र ५ प्रतिशत मुद्दामा ३ महिना भन्दा बढी अवधि व्यतित भएको पाइन्छ ।

**४.१७ फैसला हुन लागेको अवधिको नतिजा**

- २४ प्रतिशत मुद्दाहरु मुद्दा दर्ता भएको मितिले ६ महिनाभित्र फैसला भएको पाइन्छ । थप ६ महिनामा २६ प्रतिशत मुद्दाहरु फैसला भएको पाइन्छ । यस हिसावले हेर्दा ५० प्रतिशत मुद्दाहरु मुद्दा दर्ता भएको मितिले १ वर्ष भित्र फैसला भएको पाइन्छ,
- २४ प्रतिशत मुद्दाहरु फैसला हुन दर्ता भएको मितिले २ वर्ष भन्दा बढी अवधि लागेको पाइन्छ,
- अध्ययन गरिएका अदालतहरुका तुलनात्मक नतिजा हेर्दा मुद्दा दर्ता भएको मितिले भक्तपुर जिल्ला अदालतमा सबैभन्दा कम अर्थात ४२ प्रतिशत मुद्दाहरु मात्र १ वर्षभित्र फैसला भएको पाइन्छ जब कि काठमाण्डौ जिल्ला अदालत र ललितपुर जिल्ला अदालत प्रत्येकमा १ वर्षभित्र फैसला भएका मुद्दाहरुको संख्या ५२ प्रतिशत रहेको छ,
- मुद्दा दर्ता मितिले फैसला हुन २ वर्षभन्दा बढी लागेको संख्या हेर्दा सबै अदालतहरुमा करिव समान स्थिति पाइन्छ । यो संख्या काठमाण्डौ र ललितपुर जिल्ला अदातलमा बराबर अर्थात २४ प्रतिशत र भक्तपुर जिल्ला अदालतमा केही कम अर्थात २१ प्रतिशत रहेको छ,
- प्रतिवादी परेको वा पर्ने अवस्था नाघेको मितिले १ वर्षसम्ममा फैसला भएको मुद्दा संख्या ६२ प्रतिशत रहेको छ । यी मध्ये ३९ प्रतिशत मुद्दाहरु ६ महिना भित्र फैसला भएको पाइएको छ,
- १८ प्रतिशत मुद्दाहरु फैसला हुन भने प्रतिवादी परेको वा पर्ने अवस्था नाघेको मितिले २ वर्षभन्दा बढी अवधि लागेकोपाइन्छ, २० प्रतिशत मुद्दाहरु १ देखि २ वर्षको बीचमा फैसला हुने गरेको पाइएको छ,
- अध्ययन गरिएका अदालतहरुका तुलनात्मक नतिजा अध्ययन गर्दा प्रतिउत्तरपत्र परेको वा पर्ने अवस्था नाघेको मितिले १ वर्षभित्र फैसला भएको मुद्दा संख्या सबै अदालतहरुमा करिव समान रहेको पाइएको छ । यो संख्या काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला अदालतहरुमा क्रमश: ६१, ६२ र ६३ प्रतिशत रहेको छ ।

**४.१८ मुद्दाको प्रकृतिगत आधारमा फैसला हुन लागेकोअवधिको नतिजा**

अध्ययन गरिएका मुद्दाहरुमध्ये प्रकृतिगत आधारमा फैसला हुन लागेको अवधिको नतिजा देहाय अनुसार रहेको पाइन्छ-

**तालिका नं. ४२**

**प्रकृतिगत आधारमा मुद्दा फैसला हुन लागेको अवधिको नतिजा**

| मुद्दाको प्रकृति | जम्मा मुद्दा संख्या | मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि (दिनमा, प्रति मुद्दा सरदर) | प्रतिवादीपरेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको अवधि (दिनमा, प्रति मुद्दा सरदर) |
|---|---|---|---|
| जाली राहदानी | १८ | ३३५ | १४३ |
| किर्ते | ६ | ३६४ | ३३७ |

| मुद्दाको प्रकृति | जम्मा मुद्दा संख्या | मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि (दिनमा, प्रति मुद्दा सरदर) | प्रतिवादीपरेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको अवधि (दिनमा, प्रति मुद्दा सरदर) |
|---|---|---|---|
| चोरी | १३४ | २९२ | २८० |
| ज्यान | २२ | ४९४ | ४६८ |
| सवारी ज्यान | ५४ | २८५ | २३६ |
| वैदेशिक रोजगारी | २० | ५०८ | ४५४ |
| ठगी | ५ | ५१२ | ४६४ |
| लागु औषध | ३५ | ३०७ | २२८ |
| बहुविवाह | ८ | २७९ | २५५ |
| ज्यान मार्ने उद्योग | ४ | १८२ | १८२ |
| करणी | ४ | ३९० | ३६२ |
| कुटपिट/लुटपिट | ८ | ५९० | ४९२ |
| करकाप | ७ | ४१४ | २८४ |
| करार/लेनदेन | ८२ | ३९७ | १९६ |
| गाली बेइजती | २२ | ४९४ | ३९२ |
| जालसाजी | २७९ | ५५७ | ४४० |
| जग्गा खिचोला | १०६ | ५९९ | ४७४ |
| दर्ता बदर | २९ | ४८१ | ३१४ |
| हकसफा | १ | ३८८ | २८७ |
| हक कायम | ७३ | ५६० | ४२९ |
| मोही | १ | ६६२ | ५४१ |
| लिखत बदर | १७१ | ५६८ | ४२९ |
| नामसारी | ३० | ५३८ | ४२४ |
| अंश | १६८ | ४७५ | ३९३ |
| निर्णय बदर | ५८ | ९६७ | ८४९ |
| अपुताली | ६ | ५०३ | २६० |
| जारी | २ | २४४ | १८० |
| नाता कायम /सम्बन्ध विच्छेद | ९७ | १२८ | ७५ |
| माना चामल | १६ | ४४१ | ३३९ |
| विविध | ३१ | ५०० | ३८१ |

**समग्रमा**

अध्ययन गरिएको जम्मा मुद्दा संख्या - १४९७

मुद्दा दर्ता भएको मितिले फैसला हुन लाग्ने सरदर अवधि – ४७७.२५ दिन

प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिले फैसला हुन लाग्ने सरदर अवधि – ३७५.७५ दिन

### ४.१९ मुद्दाको प्रकृतिगत आधारमा फैसला हुन लागेको अवधिको जिल्लागत नतिजा

अध्ययन गरिएका मुद्दाहरुमध्ये प्रकृतिगत आधारमा फैसलाहुन लागेको अवधिको जिल्लागत नतिजा देहाय अनुसार रहेको छः-

**तालिका नं. ४३**

**काठमाण्डौ जिल्ला अदालतमा फैसला हुन लागेको अवधिको नतिजा**

| सि.नं. | मुद्दाको प्रकृति | हेरेको मुद्दा संख्या | मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि (दिनमा) | प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको अवधि (दिनमा) |
|---|---|---|---|---|
| १. | जाली राहदानी | १८ | ३३५ | १४३ |
| २. | करकाप | ३ | ५५३ | ४२२ |
| ३. | करार/लेनदेन | ७६ | ४०२ | १९७ |
| ४. | किर्ते | ७ | ३९१ | ३५९ |
| ५. | गाली बेइज्जती | २० | ५०३ | ४३१ |
| ६. | चोरी | ११२ | ३०३ | २८९ |
| ७. | जालसाजी | २०४ | ५७४ | ४६० |
| ८. | ज्यान | २१ | ४९५ | ४७६ |
| ९. | सवारी ज्यान | ४८ | २९८ | २४२ |
| १०. | वैदेशिक रोजगारी | २० | ५०८ | ४५४ |
| ११. | ठगी | २ | २४२ | २२० |
| १२. | लागु औषध | ३३ | ३३१ | २३४ |
| १३. | जग्गा खिचोला | ८१ | ६१३ | ४९६ |
| १४. | दर्ताबदर | १६ | ३१२ | २०४ |
| १५. | निर्णयबदर | १६ | ७३६ | ६१८ |
| १६. | हककायम | ६४ | ५२६ | ३९३ |
| १७. | मोही निस्काशन | १ | ६६२ | ५४१ |
| १८. | लिखतबदर | ७९ | ६३० | ४८८ |
| १९. | नामसारी | १२ | ६३५ | ५३४ |
| २०. | अंश | ८३ | ५५६ | ५१९ |
| २१. | अपुताली | ६ | ५०३ | २६० |
| २२. | जारी | २ | २४४ | १८० |
| २३. | नाता कायम/सम्बन्ध विच्छेद | ४१ | १४३ | ९० |
| २४. | बहुविवाह | ६ | २३० | १९७ |
| २५. | माना चामल | १२ | ४१७ | ३२९ |
| २६. | विविध | १६ | ४९१ | ३६८ |
| | **जम्मा** | **९९९** | | |

अध्ययन गरिएको जम्मा मुद्दा संख्या : ९९९

मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको सरदर अवधि : ४७६.९७ दिन

प्रतिउत्तर दर्ता/चुक्ता मितिबाट फैसला हुन लागेको सरदर अवधि : ३७९ दिन

**तालिका नं. ४४**

**ललितपुर जिल्ला अदालतमा फैसला हुन लागेको अवधिको नतिजा**

| सि.नं. | मुद्दाको प्रकृति | हेरेको संख्या | मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि (दिनमा) | प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको अवधि (दिनमा) |
|---|---|---|---|---|
| १. | करकाप | १ | ७३५ | ६२१ |
| २. | करणी | १ | १२५ | १२५ |
| ३. | करार | ३ | ३७६ | १८४ |
| ४. | किर्ते | १ | २२८ | २२८ |
| ५. | कुटपीट लुटपीट | ६ | ५८० | ५०२ |
| ६. | गाली बेइज्जती | २ | ४०२ | २०५ |
| ७. | चोरी | १६ | २२४ | २२४ |
| ८. | जालसाजी | १८ | ७१६ | ५६७ |
| ९. | ज्यान.मा.उधोग | ४ | १८२ | १८२ |
| १०. | सवारी ज्यान | २ | १७२ | १७२ |
| ११. | ठगी | १ | ९९७ | ८४० |
| १२. | लागु औषध | २ | २१४ | १३४ |
| १३. | खिचोला | २० | ५९९ | ४३७ |
| १४. | दर्ताबदर | १३ | ६९० | ४५० |
| १५. | निर्णयबदर | ३५ | १०८६ | ९५८ |
| १६. | हककायम | ५ | ८०५ | ७१५ |
| १७. | लिखतबदर | ४६ | ५६९ | ३८९ |
| १८. | नामसारी | १६ | ४८२ | ३५२ |
| १९. | अंश | ५१ | ३९० | २४४ |
| २०. | नाताकायम | ५ | १३४ | ८४ |
| २१. | बहुविवाह | १ | ७८६ | ७८६ |
| २२. | मानाचामल | ३ | ६१९ | ४५१ |
| २३. | सम्बन्ध विच्छेद | ४९ | १२० | ६३ |
| २४. | विविध | १५ | ५१० | ३९५ |
| | **जम्मा संख्या** | **३१६** | | |

जम्मा हेरेको मुद्दाको संख्या : ३१६

मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको सरदर अवधि : ५०३.४१ दिन

प्रतिउत्तर दर्ता प्रतिवादी.चुक्ता मितिबाट फैसला हुन लागेको सरदर अवधि : ३८०.२५ दिन

**तालिका नं. ४५**

**भक्तपुर जिल्ला अदालतमा फैसला हुन लागेको अवधिको नतिजा**

| सि.नं. | मुद्दाको प्रकृति | हेरेको मुद्दा संख्या | मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि (दिनमा) | प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको अवधि (दिनमा) |
|---|---|---|---|---|
| १ | करार | ३ | २८२ | १७१ |
| २ | करकाप | ३ | १६७ | ३४ |
| ३ | कुटपिट/लुटपिट | २ | ६२२ | ४६० |
| ४ | मानाचामल | १ | २०६ | १२४ |
| ५ | नाता कायम | २ | ११८ | ४२ |
| ६ | सवारी ज्यान | ४ | १९६ | १९५ |
| ७ | बहुविवाह | १ | ६८ | ६८ |
| ८ | कर्तव्य ज्यान | १ | ४७४ | ३०१ |
| ९ | करणी | ३ | २७५ | २७५ |
| १० | ठगी | २ | ५४० | ५२० |
| ११ | किर्ते | १ | १३५२ | ११५२ |
| १२ | चोरी | ६ | २८८ | २७१ |
| १३ | हकसफा | १ | ३८८ | २८७ |
| १४ | जग्गा खिचोला | ५ | ३७७ | २७२ |
| १५ | हक कायम | ४ | ७९४ | ६४२ |
| १६ | निर्णय बदर | ७ | ९०८ | ८३६ |
| १७ | नामसारी | २ | ४४१ | ३४० |
| १८ | लिखत बदर | ४६ | ४६० | ३६९ |
| १९ | अंश | ३४ | ४०५ | ३३१ |
| २० | जालसाजी | ५४ | ४२४ | ३०७ |
| | **जम्मा** | **१८२** | | |

अध्ययन गरिएको जम्मा मुद्दा संख्या : १८२

मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको सरदर अवधि : ४३४ दिन

प्रतिउत्तर दर्ता । चुक्ता मितिबाट फैसला हुन लागेको सरदर अवधि : ३४८ दिन

## ४.२० देवानी र फौजदारी आधारमा फैसला हुन लागेको अवधिको नतिजा

अध्ययन गरिएका मुद्दाहरुलाई देवानी र फौजदारी छुट्टयाई यस आधारमा पनि फैसला हुन लागेको अवधिको विश्लेषण गरिएको थियो । देवानी, सरकारवादी फौजदारी र दुनियाँवादी फौजदारी मुद्दाहरुमा फैसला हुन लागेको अवधिको नतिजा देहाय अनुसारको तालिकामा प्रस्तुत गरिएकोछः-

**तालिका नं. ४६**

**देवानी मुद्दामा फैसला हुन लागेको अवधिको नतिजा**

| मुद्दाको प्रकृति | जम्मा मुद्दा संख्या | मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि (दिनमा, प्रति मुद्दा सरदर) | प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको अवधि (दिनमा, प्रति मुद्दा सरदर) |
|---|---|---|---|
| करार/लेनदेन | ८२ | ३९७ | १९६ |
| जग्गा खिचोला | १०६ | ५९९ | ४७४ |
| दर्ता बदर | २९ | ४८१ | ३१४ |
| हकसफा | १ | ३८८ | २८७ |
| हक कायम | ७३ | ५६० | ४२९ |
| मोही | १ | ६६२ | ५४१ |
| लिखत बदर | १७१ | ५६८ | ४२९ |
| नामसारी | ३० | ५३८ | ४२४ |
| अंश | १६८ | ४७५ | ३९३ |
| निर्णय बदर | ५८ | ९६७ | ८४९ |
| अपुताली | ६ | ५०३ | २६० |
| माना चामल | १६ | ४४१ | ३३९ |
| विविध | ३१ | ५०० | ३८१ |

अध्ययन गरिएको जम्मा देवानी मुद्दा संख्या : ७७२

मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको सरदरअवधि : ५५२.६६ दिन

प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको सरदर अवधि : ४२४.४९ दिन

### तालिका नं. ४७

### सरकारवादी फौजदारी मुद्दामा फैसला हुन लागेकोअवधिको नतिजा

| मुद्दाको प्रकृति | जम्मा मुद्दा संख्या | मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि (दिनमा, प्रति मुद्दा सरदर) | प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको अवधि (दिनमा, प्रति मुद्दा सरदर) |
|---|---|---|---|
| जाली राहदानी | १८ | ३३५ | १४३ |
| किर्ते | ६ | ३६४ | ३३७ |
| चोरी | १३४ | २९२ | २८० |
| ज्यान | २२ | ४९४ | ४६८ |
| सवारी ज्यान | ५४ | २८५ | २३६ |
| वैदेशिक रोजगारी | २० | ५०८ | ४५४ |
| ठगी | ५ | ५१२ | ४६४ |
| लागु औषध | ३५ | ३०७ | २२८ |
| बहुविवाह | ८ | २७९ | २५५ |
| ज्या.मा.उ. | ४ | १८२ | १८२ |
| करणी | ४ | ३९० | ३६२ |

अध्ययन गरिएको जम्मा सरकारवादी फौजदारी मुद्दा संख्या : ३१०

मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको सरदर अवधि : ३२७.६९

प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको सरदर अवधिः२८६.२९

### तालिका नं. ४८

### दुनियाँवादी फौजदारी मुद्दामा फैसला हुन लागेको अवधिको नतिजा

| मुद्दाको प्रकृति | जम्मा मुद्दा संख्या | मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधि (दिनमा, प्रति मुद्दा सरदर) | प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको अवधि (दिनमा, प्रति मुद्दा सरदर) |
|---|---|---|---|
| कुटपिट/लुटपिट | ८ | ५९० | ४९२ |
| करकाप | ७ | ४१४ | २८४ |
| गाली बेइजती | २२ | ४९४ | ३९२ |
| जालसाजी | २७९ | ५५७ | ४४० |
| जारी | २ | २४४ | १८० |
| नाता कायम/ सम्बन्ध विच्छेद | ९७ | १२८ | ७५ |

अध्ययन गरिएको जम्मा दुनियाँवादी फौजदारी मुद्दा संख्या : ४१५

मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको सरदर अवधि :४५०.१०

प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिबाट फैसला हुन लागेको सरदर अवधि:३४९.२६

## ४.२१ फैसलाको परिणाम सम्बन्धी व्यहोराको नतिजा

- अध्ययन गरिएका मुद्दाहरु मध्ये ५४ प्रतिशत मुद्दामा वादी दावी पुग्नेगरी फैसला भएको पाइयो
- अध्ययन गरिएका मुद्दाहरु मध्ये ४६ प्रतिशत मुद्दामा वादी दावी नपुग्ने गरी फैसला भएको पाइयो ।
- अदालतहरुको तुलना गर्दा वादी दावी पुग्ने गरी फैसला भएको संख्या ललितपुर जिल्ला अदालतमा ५७ प्रतिशत, काठमाण्डौ जिल्ला अदालतमा ५५ प्रतिशत र भक्तपुर जिल्ला अदालतमा ४१ प्रतिशत रहेको छ । वादी दावी नपुग्ने गरी फैसला भएको संख्या भक्तपुर जिल्ला अदालतमा ५९ प्रतिशत, काठमाण्डौ जिल्ला अदालतमा ४५ प्रतिशत र ललितपुर जिल्ला अदालतमा ४३ प्रतिशत रहेको छ ।

## ४.२२ मुद्दा प्रवाहसँग सम्बन्धित अन्य पक्षहरुको नतिजा

- वादीपक्षबाट कानून व्यवसायी नियुक्त गरिएको मुद्दा संख्या ७३ प्रतिशत रहेको छ भने प्रतिवादी पक्षबाट कानून व्यवसायी नियुक्त गरिएको मुद्दा संख्या ५९ प्रतिशत रहेको छ ।
- कानून व्यवसायी नियुक्त नगरिएका मुद्दा मध्ये वादी पक्षबाट ५.१८ प्रतिशत मुद्दामा र प्रतिवादी पक्षबाट ५.८३ प्रतिशत मुद्दामा वैतनिक कानून व्यवसायीबाट प्रतिनिधित्व भएको पाइन्छ ।
- अध्ययन गरिएका सबै अदालतहरुमा मुद्दाको आन्तरिक निरीक्षणको स्थिति शून्य रहेको पाइन्छ ।
- मुद्दामा समय तालिका निर्माणको स्थिति पनि सबै अदालतहरुमा शून्य रहेको पाइन्छ ।
- मुल्तवी रहने मुद्दाको संख्या अध्ययन गर्दा जम्मा ४ प्रतिशत मुद्दाहरु मुल्तवी रहने गरेको पाइन्छ ।
- मुद्दामा ढिलाई हुनुको एउटा सानो कारण अ.वं. १७ नं. बमोजिमको निवेदन पर्नु पनि मानिन्छ । अ.वं. १७ नं. बमोजिमको निवेदन पर्ने मुद्दाहरुको संख्या ३ प्रतिशत रहेको पाइन्छ ।
- मु.ऐ. अ.वं. १७ नं. बमोजिमको निवेदन परेको कारणबाट २१ प्रतिशत मुद्दामा १ महिना, ३१ प्रतिशत मुद्दामा २ महिना, ३६ प्रतिशत मुद्दामा ३ महिना र १२ प्रतिशत मुद्दामा ३ महिनाभन्दा बढी अवधि व्यतित भएको पाइन्छ ।

- मुद्दाका सबै मिसिलमा तायदाती फाराम दुरुस्त रहनुपर्ने कुरा हो । अध्ययन गरिएका मुद्दाहरुमध्ये ९३ प्रतिशत मिसिलमा तायदाती फाराम दुरुस्त रहेको भए पनि ७ प्रतिशत मिसिलमा तायदाती फाराम दुरुस्त नरहेको पाइयो ।
- ६३ प्रतिशत मुद्दामा तारिख तोक्दा कारण जनाएको पाइएन
- मुद्दा छिन्न ढिलाई भएमा माथिल्लो अदालतबाट थप म्याद लिनु पर्ने व्यवस्था हुँदा हुँदै पनि कुनै पनि मुद्दामा सो व्यवस्था बमोजिम जाहेर गरी थप म्याद लिएको पाइएन ।

### ४.२३ मुद्दा प्रवाह विश्लेषणको समष्टिगत नतिजा

अध्ययन गरिएका मुद्दाहरुमा दर्तादेखि फैसलासम्मका बीचमा अपनाइने विभिन्न चरणका कारवाहीहरुमा लाग्ने गरेको समयावधि समग्रमा देहाय अनुसार रहेको पाइएकोछः-

| | |
|---|---|
| ○ म्यादजारी गर्न ३ दिन भन्दा बढी लाग्ने मुद्दा संख्या | ५१% |
| ○ म्याद तामेल गर्न १५ दिन भन्दा बढी लाग्ने मुद्दा संख्या | ८१% |
| ○ म्याद बदर हुने मुद्दा संख्या | १२% |
| ○ वतन नभेटिएको कारण म्याद बदर हुने मुद्दा संख्या | ८४% |
| ○ फिराद दर्ता भएको मितिले प्रतिवादी चुक्ता हुन डेढ महिना भन्दा बढी समय लाग्ने मुद्दा संख्या | ८८% |
| ○ म्याद तामेल भएको मितिले प्रतिवादी चुक्ताहुन १ महिना सम्म लाग्ने मुद्दा संख्या | २१% |
| ○ म्याद तामेल भएको मितिले प्रतिवादी चुक्ताहुन १ महिना भन्दा बढी समय लाग्ने मुद्दा | ७९% |
| ○ प्रतिवादी चुक्ता मितिले पहिलो पेशी चढ्न एक महिना भन्दा बढी समय लाग्ने मुद्दा संख्या | ६२% |
| ○ अभियोग पत्रसाथ प्रतिवादी उपस्थित गराइने मुद्दा संख्या | ७८% |
| ○ अभियोगपत्रसाथ उपस्थित प्रतिवादीहरुलाई पुर्पक्षको लागि थुनामा राखिएको मुद्दा संख्या | ६६% |
| ○ प्रतिउत्तर परेपछि पनि मुद्दा पेशीमा नचढाई साधारण तारेख दिइने मुद्दा संख्या | २१% |
| ○ पहिलो पेशीसम्ममा फैसला हुने मुद्दा संख्या | १५% |
| ○ आदेश भएकोमा सोही मितिमा कार्यान्वयन शुरु गरिएका मुद्दा संख्या | ३६% |

| | |
|---|---|
| ○ आदेश भएको मितिबाट कार्यान्वयन सम्पन्न गर्न १ महिना भन्दा बढी समय लाग्ने मुद्दा संख्या | ७२% |
| ○ प्रमाण बुझ्न एक पटक भन्दा बढी पटक आदेश भएका मुद्दा संख्या | ६०% |
| ○ फैसला हुन ३ पटक भन्दा बढी पटक पेशी चढेको मुद्दा संख्या | ४६% |
| ○ इजलासबाट हेर्न नभ्याई एक न एक पटक फर्किएका मुद्दा संख्या | २१% |
| ○ इजलासबाट हेर्न नभ्याई १ पटक भन्दा बढी पटक फर्किएका मुद्दा संख्या | ३७% |
| ○ कानून व्यवसायीबाट पेशी स्थगित गराईएका मुद्दा संख्या | २४% |
| ○ कानून व्यवसायीले स्थगित गराउदा १ महिना भन्दा बढी समय व्यतित भएका मुद्दा संख्या | ३१% |
| ○ मुद्दा दर्ता मितिबाट फैसला हुन १ वर्ष भन्दा बढी समयलाग्ने मुद्दा संख्या | ५०% |
| ○ मुद्दा दर्ता मितिबाट फैसला हुन २ वर्ष भन्दा बढी समय लाग्ने मुद्दा संख्या | २४ % |
| ○ प्रतिउत्तर चुक्ता मितिबाट १ वर्ष सम्ममा फैसलाहुने मुद्दा संख्याः | ६२ % |
| ○ प्रतिउत्तर चुक्ता मितिबाट फैसला हुन २ वर्ष भन्दा बढी समय लाग्ने मुद्दा संख्या | १८ % |
| ○ अ.वं. १७ नं. को निवेदन टुंगो लाग्न १ महिना भन्दा बढी समय लाग्ने मुद्दा संख्या | ७९% |
| ○ अ.वं. १४ नं. को म्याद भित्र मुद्दा नछिनिएकोमा माथिल्लो निकायमा जाहेर गरी निकाशा लिएको मुद्दा संख्या | ०% |
| ○ मुद्दा दर्ता मितिबाट फैसला हुन सरदरमा लाग्ने समय | ४७७.२५ दिन |
| ○ प्रतिउत्तर दर्ता । चुक्ता मितिबाट फैसला हुन सरदरमा लाग्ने समय | ३७५.७५ दिन |

# ५
## परिच्छेद

# समस्या र समाधान

### ५.१ समस्याहरु

उपत्यकाका ३ वटा जिल्ला अदालतहरुमा गरिएको मुद्दा प्रवाह अध्ययनबाट एउटा मुद्दा फैसला हुन दर्ता भएको मितिले सालाखाला ४७७.२५ दिन र प्रतिउत्तरपत्र परेको वा पर्ने अवस्था नाघेको मितिले सालाखाला ३७५.७५ दिन लाग्ने गरको पाइएको छ । मुलुकी ऐन, अ.वं. १४ नं. मा "शुरु मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एकवर्ष भित्र फैसला गर्नुपर्छ" भनि उल्लेख भएको व्यवस्थालाई आधार मान्दा सालाखाला हिसावमा मुद्दाहरु फैसला हुन तोकिएको समयावधि भन्दा केही मात्र बढी अवधि लागेको देखिन्छ । तर यो स्थितिले मुद्दा विशेषको वास्तविकतालाई भने चित्रण गर्दैन । खास गरेर केहि मुद्दाहरु वादी पक्षबाट फिर्ता लिने, प्रतिउत्तर परेकोमा पनि प्रतिउत्तर पर्नासाथ मिलापत्र हुने आदि कारणले पहिलो पेशी मै फैसला सरह टुङ्गिने स्थितिले गर्दा मुद्दा फैसला हुन लाग्ने सालाखाला समयावधि घट्न आएको पाइन्छ । प्रस्तुत अध्ययनमा प्रथम पेशी (प्रारम्भिक सुनुवाई) को अवस्थामा फैसला भएका मुद्दाको संख्या १५ प्रतिशत रहेको छ[८८] जुन संख्यात्मक दृष्टिले उल्लेख्य मान्नुपर्दछ र मुद्दा फछ्र्यौटमा लाग्ने सालाखाला समयावधिको निर्धारणमा यसको प्रभाव पनि उल्लेख्य रहेको अनुमान गर्न सकिन्छ । यथार्थमा प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिले मु.ऐ. अ.व. १४ नं. को म्याद भित्र फैसला भएका मुद्दाहरुको संख्या जम्मा ६२ प्रतिशत रहेको छ ।[८९] यस मध्ये पनि प्रारम्भिक सुनुवाईको अवस्थामा टुङ्गिएका १५ प्रतिशतलाई घटाउने हो भने जम्मा ४७ प्रतिशत मुद्दाहरु मात्र म्याद भित्र फैसला भएको पाइन्छ । बाँकी मुद्दाहरुमध्ये २० प्रतिशत मुद्दाहरु फैसला हुन १ देखि २ वर्ष र १८ प्रतिशत मुद्दाहरु फैसला हुन २ वर्ष भन्दा बढी अवधि लागेको पाइएको छ ।[९०]

मुद्दा फछ्र्यौटमा लाग्ने गरेको अवधिको यो स्थिति सामान्य कार्यविधि अपनाइने मुद्दाका सम्बन्धमा गरिएको व्यवस्थालाई आधार मानेर निकालिएको नतिजा हो । संक्षिप्त र विशेष

---

[८८] हेर्नुहोस् तालिका नं. १६

[८९] हेर्नुहोस् तालिका नं. ३०

[९०] हेर्नुहोस् तालिका नं. ३०

अदालत ऐन वमोजिमको कार्यविधिलाई आधार मान्दा नतिजा अरु फरक पनि पर्न सक्छ । तथापि प्रस्तुत अध्ययनमा सामान्य कार्याविधिका व्यवस्थाहरुलाई आधार मानिएका छन् ।

मुद्दा फछ्र्यौटका लागि लाग्ने समयावधि कै कुरा गर्दा माथि उल्लेखित अवधि प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिको आधारमा गरिएको गणनामा आधारित छ । कानूनले मुद्दा फैसला गर्नुपर्ने अवधिको व्यवस्था गर्दा प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको मितिले निश्चित अवधि भित्र गर्नुपर्ने गरि व्यवस्था गरेकाले सो मितिको आधारमा गणना गर्नु स्वभाविक पनि छ । तर मुद्दाका पक्षहरुका निम्ति मुद्दा दर्ता हुनासाथ अदालती कारवाही शुरु हुने र मुद्दाको कारवाहीमा तिनीहरुको संलग्नता शुरु हुने हुनाले प्रतिउत्तर परेपछि कति अवधि भित्र फैसला हुन्छ भन्ने भन्दा पनि मुद्दा दर्ता भएपछि फैसला हुन कति समयावधि लाग्छ भन्ने विषय बढि महत्वपूर्ण हुन्छ । मुद्दा दर्ता मितिबाट फैसला हुन लाग्ने समयावधि अध्ययन गर्दा माथि उल्लेख गरिए झैं सालाखाला ४७७.२५ दिन लाग्ने देखिए पनि जम्मा ५० प्रतिशत मुद्दाहरु मात्र मुद्दा दर्ता मितिबाट १ वर्ष भित्र फैसला भएको पाइन्छ ।[९१] यस मध्ये प्रारम्भिक सुनवाइका बखत फैसला भएका १५ प्रतिशत मुद्दालाई घटाउने हो भने १ वर्ष भित्र फैसला भएको मुद्दाको संख्या ३५ प्रतिशत मात्र हुन आउँछ । वाकि मुद्दाहरु मध्ये २६ प्रतिशत मुद्दाहरु फैसला हुन १ देखि २ वर्ष र २४ प्रतिशत मुद्दाहरु फैसला हुन २ वर्ष भन्दा बढी अवधी लागेको पाईन्छ ।[९२]

माथि उल्लेख गरिए झैं मुद्दा फछ्र्यौटका लागि लाग्ने समयावधिको यो स्थितिलाई विचार गर्दा जिल्ला अदालतको कार्य सम्पादन अपेक्षित स्तरमा नरहेको स्पष्ट हुन आउँछ । एउटा तहको अदालतबाट फैसला हुन पनि २ वर्ष वा सो भन्दा बढी अवधिलाग्ने गरेको परिप्रेक्ष्यमा सो मुद्दाले पुनरावेदन र सर्वोच्च अदालतबाट समेत कारवाही र किनारा हुन अझ थप अवधि लाग्ने हुँदा लामो समय सम्म पक्षहरु मुद्दाकै कारवाहीमा अल्झिनुपर्ने स्थिति छ । यसो गर्दा मुद्दाका पक्षहरुको प्रत्यक्ष र अप्रत्यक्ष लागत कतिपर्छ सो को अध्ययन भइनसकेको भए पनि उल्लेख्य समय, स्रोत र साधन लगाउनु पर्ने निश्चित छ । यसले गर्दा न्याय सम्मको पहुँचको मार्गमा मात्र अवरोध सिर्जना गर्ने नभई पक्षहरुको क्षमतागत सन्तुलन समेत प्रभावित हुन जान्छ र अन्ततोगत्वा समग्र न्याय प्रणाली प्रतिको जनताको आस्था र भरोसामा प्रश्नचिन्ह खडा हुन्छ । आखिर हाम्रा अदालतहरुको कार्य सम्पादनको स्थिति यो स्तरमा रहनुको कारण के हो ? कार्य सम्पादनको स्तर सन्तोषजनक नरहनुमा अदालतको मात्र जिम्मेवारी छ वा अन्य पक्षहरुको पनि जिम्मेवारी छ ? यो स्थिति सिर्जना हुनुका पछाडि समस्याहरु के के छन् ? यी विषयहरुलाई देहायको बुँदामा केलाउने प्रयास गरिएको छ ।

### ५.१.१ व्यवस्थापकीय समस्या

मुद्दामा अवलम्बन गर्नुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्ने कानूनी प्रावधान नै अव्यवाहारिक हुनु, कानून औचित्यहिन हुनु अथवा कानून बमोजिम तोकिएका कार्यविधिहरु कानूनले तोकेकै अवधि भित्र सम्पन्न गर्दा पनि मुद्दाको फछ्र्यौटमा लामो समय लाग्नु व्यवस्थापनको समस्या नभएर पद्धतिगत समस्या हो । तर कानून वमोजिम पूरा गर्नुपर्ने कार्यविधिहरु कानूनद्वारा तोकिएको समयावधि भित्र सम्पन्न गराउन नसकेर कारबाहीमा

[९१] हेर्नुहोस् तालिका नं. २९

[९२] हेर्नुहोस् तालिका नं. २९

हुनजाने ढिलासुस्ती स्पष्टतः व्यवस्थापकीय समस्याहरु हुन् । मुद्दा प्रवाहको व्यवस्थापनमा प्रस्तुत अध्ययनबाट देखिएका व्यवस्थापकीय समस्याहरु देहाय अनुसार छन्-

- फिरादपत्र वा अभियोगपत्र दर्ता भएपछि सो को ३ दिन भित्र म्याद जारि गर्नुपर्ने गरि जिल्ला अदालत नियामावली, २०५२ को नियम २२(१) मा व्यवस्था भए पनि ५० प्रतिशत भन्दा बढी मुद्दामा म्याद जारि हुन ३ दिन भन्दा बढी अवधि लागेको छ ।[९३] कुनै कुनै मुद्दामा त यहि कामको लागि ६ महिना भन्दा बढी पनि लागेको छ ।[९४] यति ठूलो संख्याका म्यादहरु तोकिएको समयावधि भित्र जारि हुननसक्नु स्पष्टत : व्यवस्थापकीय समस्या हो ।

- म्याद जारि भए पछि ती म्यादहरु १५ दिन भित्र सम्बन्धित व्यक्तिका नाममा तामेल गरि सक्नुपर्नेमा प्रस्तुत अध्ययनबाट जम्मा १९ प्रतिशत म्यादहरु मात्र सो अवधि भित्र तामेल हुनसकेको पाइन्छ ।[९५] म्याद तामेल हुनै २ महिना भन्दा बढी अवधी लागेको संख्या पनि ३१ प्रतिशत छ र केही मुद्दाहरुमा ८/९ महिनासम्म पनि यो कार्यमा व्यतित भएको पाइन्छ । खास गरेर बेइलाकाको अड्डामार्फत तामेली गर्नुपर्ने म्यादमा बढी समय लागेको देखिन्छ । वेइलाकाको अड्डाले सामान्य व्यहोरा हेरफेर गरि पुनः तामेल गर्नसक्ने जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ को व्यवस्था प्रयोगमा आएको पाइएन ।

- तामेल भएका म्यादहरु मध्ये १२ प्रतिशत मुद्दामा कम्तिमा पनि एकपटक ती म्यादहरु बदर गर्नु परेको देखिन्छ ।[९६] कुनै कुनै मुद्दामा २ वा ३ पटक सम्म पनि म्याद वदर गर्नु परेको स्थितिले गर्दा मुद्दाको कारबाही अनावश्यक रुपले लम्बिन गएको पाइन्छ । म्याद बदर गर्नु पर्नाको कारण अध्ययन गर्दा अधिकांश म्यादहरु लेखिएको वतनमा घरद्वार मानिस फेला नपरेको कारणबाट बदर भएको पाइन्छ । यसले मुद्दाका पक्षहरुको वतन सही ढङ्गले लेखाएर लिन नसकिएको स्थितिलाई संकेत गरेको छ । प्रत्येक लिखतमा विपक्षी बनाइएका व्यक्तिको नाम थरका अतिरिक्त टोल, मार्ग, टेलिफोन नम्बर, घरडेरामा बसेको भए घरधनीको नाम र घरको ब्लक नं. समेत खुलाउनु पर्ने[९७] नियमावलीमा व्यवस्था भए पनि धेरै मुद्दाहरुमा सो बमोजिमको पूरा वतन खुल्ने गरेको पाइएन । सरकारवादी फौजदारी मुद्दामा त फरारी अभियुक्तका हकमा निजलाई उपस्थित गराउन नसक्नुको उपयुक्त कारण खोलि निजको वतन अभियोगपत्रमा उल्लेख गरेकै वतन हो भन्ने देखिने मनासिव आधार सहित पेश गर्नु पर्ने,[९८] स्पष्ट वतन खुलाई नल्याएको अभियोगपत्र दर्ता गर्न नहुने,[९९] अभियोगपत्रमा खुलाइएको वतन वास्तविक वतन नभएको कारणबाट म्याद तामेल हुन सकेको रहेनछ भने त्यस्ता प्रतिवादीका हकमा मुद्दा तामेलिमा

[९३] हेर्नुहोस् तालिका नं. १

[९४] माथि उल्लेखित पाद टिप्पणी २२

[९५] हेर्नुहोस् तालिका नं. २

[९६] हेर्नुहोस् तालिका नं. ३

[९७] जिल्ला अदालत नियमावली, २०५२ को नियम १४(१)(ख)

[९८] ऐ.ऐ. निमय १९क(२)

[९९] ऐ.ऐ. निमय १९क(३)

राख्न सकिने व्यवस्था[१००] पनि छ । यति हुँदा हुँदै पनि अदालतबाट यी व्यवस्थाहरुको प्रयोग गर्ने गरेको पाइएन । लेखिएको वतनमा म्याद तामेल हुन नसकेमा पटक-पटक प्रतिवादीको वास्तविक वतन खुलाउन भनि सरकारी वकील कार्यालयलाई पत्राचार गर्ने र यहि पत्राचारमा लामो समय व्यतित हुने गरेको अध्ययनबाट देखिएको छ ।

○ म्याद तामेली भई आउनासाथ समय मै म्याद रित वेरित जाँचि वेरितको देखिए बदर गरि तुरुन्त तामेल गर्नुपर्ने कानूनी व्यवस्थाको पनि सही ढङ्गबाट प्रयोग हुन सकेको छैन । म्याद तामेली सम्बन्धी कार्यको अनुगमनका लागि जिल्ला अदालत नियमावली, २०५२ को अनुसूची ११ मा म्याद तामेली सम्बन्धी कार्यको अभिलेख फारामको व्यवस्था गरिए पनि सो फारामको प्रयोग पनि गरिएको पाइँदैन ।

○ प्रतिउत्तर परे पछि अथवा प्रतिउत्तर पर्ने अवस्था नाघेपछि दुबैपक्षको तारिख जोडि पेशी चढाउनु पर्नेमा २१ प्रतिशत मुद्दामा पेशी तारिख नदिई साधारण तारिख दिएको पाइन्छ[१०१] र यसरी साधारण तारिख दिने कार्य ५० प्रतिशत भन्दा बढी मुद्दामा एकपटक भन्दा बढी भएको पाइन्छ[१०२] ।

○ प्रमाण बुझ्नका लागि प्रतिउत्तर परेकोमा सो परेको मितिले र प्रतिउत्तर नपरी एकतर्फी हुने भएकोमा तारिख गुज्रेको मितिले सात दिन देखि बढ्ता मनासिव माफिकको कारणले बाहेक ढिला गर्नहुँदैन भन्ने मु.ऐ. अ.व. १४० नं. मा भएको व्यवस्थालाई ध्यानमा राखी प्रमाण बुझ्ने कार्यमा तदरुकता अपनाइएको पाइएन । प्रस्तुत अध्ययनबाट ३९ प्रतिशत मुद्दामा प्रतिवादी चुक्ता भएको मितिले १ महिना भित्रै प्रमाण बुझ्ने कार्य भएको पाइए पनि ३० प्रतिशत  मुद्दामा २ महिना भन्दा बढी अवधि लागेको पाइन्छ[१०३] ।

○ प्रारम्भिक सुनुवाइको अवस्थामा १५ प्रतिशत मुद्दाहरु फैसला भएको पाइनु[१०४] उत्साहवर्द्धक स्थिति भए पनि जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ मा व्यवस्था भए जस्तो दावी प्रमाणीत हुने सम्मको आधार र प्रमाण प्रस्तुत हुन आएको नदेखिएमा वा हदम्याद, हकदैया, क्षेत्राधिकार क्षेत्रको अभाव जस्ता आधारमा प्रारम्भिक सुनुवाई कै अवस्थामा फैसला गर्न सकिने व्यवस्था वमोजिम यी आधारहरुमा फैसला भएको स्थिति पाइएन ।

○ इजलासबाट प्रमाण बुझ्ने आदेश भएपछि सो आदेश कार्यान्वयनका लागि सकभर आदेश भएकै दिन वा सो दिन नभ्याए ३ दिन सम्ममा कारवाही प्रारम्भ गर्नु पर्नेमा ४१ प्रतिशत मुद्दामा आदेश कार्यान्वयनमा लागि कारवाही थाल्न ३ दिन भन्दा बढी अवधी लागेको पाइन्छ ।[१०५] कतिपय मुद्दामा यो कार्यको लागि १५/२० दिन लागेको अवस्था पनि पाइयो ।

[१००] ऐ.ऐ. निमय १९क(४)
[१०१] हेर्नुहोस् तालिका नं. १३
[१०२] हेर्नुहोस् तालिका नं. १४
[१०३] हेर्नुहोस् तालिका नं. १७
[१०४] हेर्नुहोस् तालिका नं. १६
[१०५] हेर्नुहोस् तालिका नं. १८

- प्रमाण बुझ्ने आदेश भएपछि सो आदेश कार्यान्वयनका लागि चाँडो कारवाही प्रारम्भ हुनु जति आवश्यक छ सो आदेश कार्यान्वयनको काम सम्पन्न हुनु पनि त्यति नै आवश्यक हुन्छ । यस हिसावले हेर्दा ५६ प्रतिशत मुद्दामा डेढ महिना भन्दा बढी अवधि लागेको पाइन्छ ।[१०६] खास गरेर नापनक्शा गर्नुपर्ने प्रकृतिका मुद्दा र अंश मुद्दामा सम्पत्ती तायतादी लिनुपर्ने गरि भएका आदेशहरुको पूरा कार्यान्वयन हुन छ महिनादेखि १ वर्ष सम्म लाग्ने गरेको पाइएको छ ।

- प्रमाण बुझ्न एकैपटक आदेश नगरि पटक-पटक आदेश हुनु अर्को समस्या देखिएको छ । करिव ६० प्रतिशत मुद्दामा प्रमाण बुझ्नका लागि १ पटक भन्दा बढी पटक आदेश भएका छन् र कतिपय मुद्दाहरुमा ५ पटक भन्दा पनि बढी पटक आदेश भएको पाइयो ।[१०७]

- सामान्यतया वादी प्रतिवादीमा लेखिएका साक्षीहरुलाई अड्डाले तोकेको तारिखमा मुद्दाका पक्षहरु आफैले उपस्थित गराउनुपर्छ ।[१०८] तर सरकारवादी हुने मुद्दामा सरकारी पक्षबाट तोकिएको तारिखमा साक्षीहरु उपस्थित गराउन नसक्ने कारणले कतिपय मुद्दाहरुमा अदालत आफैले मु.ऐ.अ.वं. ११५ नं.को प्रयोग गरि साक्षी बुझ्ने गरेको छ । अध्ययनबाट यसरी अ.व. ११५ नं. को व्यवस्था प्रयोग गरेको संख्या २० प्रतिशत देखिएको छ[१०९] । सरकारवादी मुद्दाहरुमा तोकिएको तारिखमा पक्षहरुले साक्षी उपस्थित नगराउने कारणबाट पनि मुद्दाको प्रवाह ढिलो हुन गएको पाइएको छ ।

- प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि ८६ प्रतिशत मुद्दाहरु पेशीमा चढेको पाइनु व्यवस्थापकीय हिसाबले राम्रो नतिजा हो[११०] । तर बाँकि १४ प्रतिशत मुद्दाहरु पेशीमा नचढी साधारण तारिख दिएको पाइन्छ । यो स्थिति पूर्ण सन्तोषजनक मान्न मिल्दैन । अझ केहि मुद्दामा त ४/५ पटक सम्म साधारण तारिख दिइरहने गरेको पनि पाइएको छ । प्रमाण बुझ्ने लगायत इजलासबाट भएका आदेशानुसारको काम सम्पन्न भएपछि मुद्दा पेशीमा चढ्नु भनेको सो पेशीका दिन सबै मुद्दाहरुको सुनुवाई सम्पन्न हुन्छ भन्ने मान्यता हो । पेशीका दिनमा सुनुवाई हुन नसकी इजलासबाट मुद्दा त्यसै फर्कने स्थितिले पेशी व्यवस्थापनमा रहेको कमजोरीलाई संकेत गर्दछ । प्रस्तुत अध्ययनबाट एउटै मुद्दा सुनुवाईका निम्ति पटक-पटक पेशी चढ्नुपरेको[१११] धैरै पटक सम्म इजलासबाट हेर्न नभ्याई फर्किएका वा कानून व्यवासायीबाट स्थगित गराइएको कारण फर्केको देखिन्छ ।[११२] यही कारणले पनि मुद्दाको फछ्र्यौटमा केही समय थप लागेको पाइन्छ ।

- मु.ऐ.अ.व. १४ नं अनुसार शुरु मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था नाघेको मितिले १ वर्ष भित्र फैसला गर्नुपर्ने व्यवस्था भएकोमा प्रस्तुत अध्ययनबाट जम्मा ६२

---

[१०६] हेर्नुहोस् तालिका नं. १९
[१०७] हेर्नुहोस् तालिका नं. २०
[१०८] मु.ऐ. अ.वं. १४४ नं.
[१०९] हेर्नुहोस् तालिका नं. २१
[११०] हेर्नुहोस् तालिका नं. २२
[१११] हेर्नुहोस् तालिका नं. २४
[११२] हेर्नुहोस् तालिका नं. २५, २६, २७, २८

प्रतिशत मुद्दाहरुमा कानूनद्धारा तोकिएको अवधी भित्र फैसला भएको छ । यद्यपि तोकिएको अवधि भित्र फैसला हुन नसक्नुमा कानूनी र अन्य समस्याहरु पनि कारण छन् तर यसको एउटा मूलभूत समस्या व्यवस्थापनको समस्या पनि हो । कुनै एउटा मुद्दामा पनि कानूनले तोकेको अवधि भित्र फैसला गर्नुपर्छ भन्ने दृष्टिकोणले मुद्दामा अपनाउनुपर्ने विभिन्न कारवाहीका लागि योजनाबद्ध ढङ्गबाट कार्यतालिका बनाएर अगाडि बढेको पाइएन ।[११३]

- मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा अनुरुप मुद्दाको कारवाहीलाई अगाडि बढाउने हो भने कम से कम पनि त्यहाँ मुद्दा फछ्र्यौटका लागि लक्ष्य निर्धारण गर्ने, निधारित लक्ष्य हासिल गर्न कार्यतालिका बनाउने र कार्यतालिका बमोजिम कारवाही अगाडि बढे नबढेको कुराको सुपरिवेक्षण र अनुगमन गर्ने विषयलाई आत्मसात गरिएको हुनुपर्छ । अध्ययन गरिएका अदालतहरुमा यी कुनैपनि पक्षलाई प्रयोगमा ल्याई कार्यान्वयन भएको पाइदैन । जस्तो मुद्दा फछ्र्यौटका लागि समय लक्ष्य कानूनले नै तोकेको छ । कारवाहीका लागि समय तालिका बनाउनु पर्ने विषय पनि नियमावली मै व्यवस्था गरिएको छ[११४] । अनुगमन र सुपरिवेक्षण गर्नु पर्ने विषय पनि नियमावलीमा व्यवस्था गरिएको छ[११५] । तर सो बमोजिमको समयतालिका र निरिक्षण अनुगमन एउटामा पनि भएको पाइएन । व्यवस्थापनको अवधारणाले एउटा व्यवस्थित कार्य प्रणालीलाई जनाउँछ भनेर मान्दा सो बमोजिमको व्यवस्थित कार्य प्रणाली मुद्दा प्रवाहमा अपनाइएको पाइएन ।

- व्यवस्थापन जति सुकै चुस्त र प्रभावकारी भए पनि कहिलेकाहिँ विभिन्न कारणले गर्दा शत प्रतिशत नतिजा प्राप्त नहुने अवस्था पनि पर्दछ । मुद्दा फछ्र्यौटका सन्दर्भमा पनि कुनै मनासिव कारण परि तोकिएको समयावधि भित्र मुद्दा फैसला गर्न अड्काउ परेमा माथिल्लो अदालतमा जाहेर गरी अवधि थप लिनुपर्ने व्यवस्था मु.ऐ.अ.व. १५ नं. मा गरिएको छ । तर कानूनको यो व्यवस्था हुँदैनभए सरह एउटा पनि मुद्दामा सो वमोजिमको प्रक्रिया अवलम्बन गर्ने गरिएको छैन[११६] । यसले गर्दा मुद्दाको काम कारवाहीमा अदालतको जिम्मेवारि र उत्तरदायित्वलाई फितलो मात्र तुल्याएको छैन, कारवाहीको पारदर्शितामा पनि प्रश्न चिन्ह लागेको छ ।

- प्रस्तुत अध्ययनबाट मुल्तवी रहने मुद्दाको संख्या ४ प्रतिशत मात्र रहनु[११७] आफैमा ठूलो समस्या नभए पनि मुल्तवी रहेका मुद्दाहरु धेरै लामो समयसम्म मुल्तवी नजगाई रहिरहनु समस्या देखिएको छ[११८] । तारिख तोक्दा कारण जनाउन पर्ने सामान्य कार्यविधि पनि सबै मुद्दामा अवलम्बन हुन सकेको पाइएन भने[११९] मुद्दा फैसला भएर मिसिल छिनुवा फाँटमा पुगीसकेको अवस्थामा पनि ७ प्रतिशत मुद्दामा तायदाति फाराम दुरुस्त रहेको पाइएन[१२०] ।

---

[११३] हेर्नुहोस् तालिका नं. ३५

[११४] जिल्ला अदालत निममावली, २०५२ को नियम ८५ख

[११५] ऐ.ऐ. नियम ७(१)(म) र नियम ९३ख

[११६] हेर्नुहोस् तालिका नं. ४१

[११७] हेर्नुहोस् तालिका नं. ३६

[११८] सावित्री थापा वि. माहिल कुमार थापा, मुद्दा जालसाजी, ०६१ सालको मुद्दा नं. १४९७ काठमाण्डौ जिल्ला अदालत । प्रस्तुत मुद्दा १५ वर्षभन्दा बढी मुल्तवी रहेको पाइएको छ ।

[११९] हेर्नुहोस् तालिका नं. ४०, उक्त तालिका अनुसार ३७ प्रतिशत मुद्दामा कारण नजनाई तारिख तोकेको पाइएको छ ।

[१२०] हेर्नुहोस् तालिका नं. ३९

○ मुद्दामा प्रमाण बुझ्ने समेतको पूरा गर्नुपर्ने कार्यविधि पूरा भईसकेकोमा पक्षले तारिखमा बस्न नचाहेमा पछि अड्डाबाट सूचना पाएका वखत हाजिर हुने गरि कागज गराई तारिख छुटाई दिने गर्नुपर्छ भन्ने मु.ऐ.अ.व. १८५ नं को व्यवस्था एउटा मुद्दामा पनि प्रयोग भएको पाइएन । यसले गर्दा कतिपय मुद्दाहरुमा अनावश्यक रुपमा पक्षहरुले तारिख धाइरहनु पर्ने स्थितिको स्वतः अनुमान गर्न सकिन्छ ।

○ पेशी स्थगित गराउने सम्बन्धी जिल्ला अदालत नियमावलीको व्यवस्थालाई प्रभावकारी तवरबाट प्रयोगमा ल्याउन सकेको पाइँदैन ।

○ वस्तुतः मुद्दा प्रवाह व्यवस्थापन भनेको मुद्दाको दर्ता देखि फैसला सम्मका बीचमा अपनाइने सम्पूर्ण कारवाहीहरु अदालतको नियन्त्रणमा रहनुपर्छ भन्ने हो । मुद्दाको गति अदालत बाहेकअन्य पक्षहरुको नियन्त्रणमा आधारित हुने प्रणालीलाई मुद्दा प्रवाह व्यवस्थापन भन्न सकिन्न । नेपालमा यस दृष्टिबाट हेर्दा हरेक चरणका कारवाहीहरु कुनै न कुनै किसिमले मुद्दाका अरु पक्षहरुबाट प्रभावित भएको पाइन्छ । मुद्दाका अरु पक्षहरुले सहयोग गरे फर्छ्यौट पनि चाँडो हुन्छ । अरु पक्षहरुले लम्ब्याउन चाहे त्यसमा अदालतको नियन्त्रण कमै मात्र प्रभावकारी हुने स्थिति छ ।

### ५.१.२ पद्धतिगत समस्या

मुद्दाको अनुसन्धान, तहकिकात र दायरी एवं सुनुवाई गर्ने सिलसिलामा विभिन्न मुलुकहरुमा विभिन्न पद्धतिहरु प्रचलनमा रहेका छन् । फ्रान्स, जर्मनी लगायतका युरोपियन मुलुकहरुमा अन्वेषणात्मक पद्धती प्रचलनमा रहेको पाइन्छ भने बेलायत, अमेरिका जस्ता कमन ल पद्धतिबाट प्रभावित मुलुकहरुमा अभियोजनात्मक पद्धति प्रचलनमा रहेको पाइन्छ । नेपालमा पनि मूलतः अभियोजनात्मक पद्धति नै प्रचलनमा रहेको पाइन्छ र अदालती कार्यविधि सम्बन्धी कानूनी व्यवस्थाहरु पनि सोही मान्यतामा आधारित रहेर गरिएका छन् । कुनै पनि पद्धति आफैमा पूर्ण नहुने हुँदा जुनसुकै पद्धतीसँग पनि केही समस्याहरु रहनु स्वाभाविकै हुन्छ तर कतिपय विषयहरु केवल कानूनमा रहेको द्विविधा, अव्यवहारिकपना वा यस्तै अरु कारणले सिर्जना भएको स्थिति पनि पाइन्छ । मुद्दा प्रवाह व्यवस्थापनमा देखिएका यी समस्याहरुलाई देहाय अनुसार उल्लेख गरिएको छ-

○ वारेण्ट जारि हुने वाहेकका अन्य मुद्दामा प्रतिवादीको नाउँमा ३० दिनको म्याद दिई समह्वान इतलायनामा जारी गरिने र काबु वाहिरको परिस्थिति परि म्याद गुज्रेमा ३० दिन सम्मको गुज्रेको म्याद थामिन सक्ने व्यवस्था मु.ऐ.अ.व. ९४ र ५९ नं. मा गरिएको छ । यो व्यवस्था यातायातको सुविधा ज्यादै सीमित रहेको बखत गरिएको व्यवस्था हो । अध्ययनबाट म्याद नगुजारी शुरुकै म्यादमा प्रतिउत्तरपत्र दर्ता गर्नेको संख्या जम्मा २१ प्रतिशत देखिन्छ[१२१] भने बाँकि मुद्दाहरुमा गुज्रेको म्याद थमाएर मात्र प्रतिउत्तरपत्र दर्ता गराएको देखिन्छ । यस स्थितिमा यातायात र सञ्चारको क्षेत्रमा भइरहेको हालको प्रगति अनुकुल यी व्यवस्थामा समयानुकुल परिवर्तन हुन नसक्नु एउटा समस्या मान्न सकिन्छ ।

---

[१२१] हेर्नुहोस् तालिका नं. ११

- अंश मुद्दामा अंशवण्डा गर्नुपर्ने सम्पत्तिको तायदाती लिने प्रक्रिया यति लामो छ कि मुद्दाका पक्षहरुले सहयोग गरेको अवस्थामा वाहेक कानून वमोजिमको प्रक्रिया पूरा गर्दा गर्दै मुद्दा फछ्यौंट हुन अ.व. १४ नं. ले तोकेको म्याद नाघ्ने स्थिति छ ।

- मु.ऐ.अ.व. १४ नं. मा मुद्दा फैसला गर्नुपर्ने म्यादको व्यवस्था गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था नाघेको मितिबाट १ वर्ष भित्र गर्नुपर्ने गरि व्यवस्था भएको छ । तर मुद्दाको पेशी सूची तयार गर्दा मुद्दा दर्ता मितिको आधारमा क्रम निर्धारण हुने व्यवस्था छ,[१२२] जुन एक आपसमा नमिलेको पाइन्छ ।

- हाल प्रचलित कानूनी व्यवस्था अनुसार अदालतको मुकाम रहेको ठाउँ नजिकैको पक्ष भए पनि अदालतको मुकामदेखि धेरै टाढाको पक्ष भए पनि प्रतिउत्तरपत्र फिराउने लगायतका म्यादहरु समान अवधिको दिनुपर्ने व्यवस्था छ जुन व्यवहारिक देखिँदैन ।

- मु.ऐ.अ.व. ५९ नं. मा काबु बाहिरको परिस्थितिले गर्दा तारिख गुज्रेमा एकपटक वा तीनपटक सम्म गरि बढीमा ३० दिन सम्मको गुज्रेको तारिख थामिन सक्ने व्यवस्था छ । प्रथमतः यो व्यवस्था काबु बाहिरको परिस्थिति पर्दा अपवादात्मक स्थितिमा पाइने सुविधा हो तर व्यवहारमा काबु बाहिरको परिस्थिति परे नपरेको कारणको कुनै जाँचबुझ विना नै अधिकारको रुपमा तारिख थाम्ने प्रचलन बस्न गएको हुँदा मुद्दाको कारवाही लम्ब्याउन चाहने पक्षहरुले यो व्यवस्थाको दुरुपयोग गरेको प्रशस्त उदाहरण पाउन सकिन्छ । साथै तीनपटक सम्म ३० दिन सम्म भनी गरिएको व्यवस्थाले मुद्दाका पक्षहरुको इच्छामा तारिख लिने र गुजार्ने परिपाटी बसी मुद्दा पेशी चढाउने कार्यमा प्रतिकूल प्रभाव पारेको पाइन्छ ।

- मु.ऐ.अ.व. ९२ नं. मा कसैले कसैका नाममा अड्डामा नालिस दिएकोमा फैसला नहुँदै सो कुरा सावित गर्न सक्दिन भनी कागज लेखिदियो भने ५०० रुपियाँ जरिवाना गरि अड्डाले सो नालिस फिर्तादिन सक्ने व्यवस्था छ । मुद्दा मेलमिलापद्वारा समाधान गरेमा बक्सौनी समेत छुट हुने व्यवस्था गरिसकिएको सन्दर्भमा आफ्नो मुद्दा फिर्ता लिंदा जरिवाना हुने व्यवस्थाले यस्तो कार्यमा पक्षहरु निरुत्साहित बनेको देखिन्छ ।

- म्याद पुर्जीका म्याद सम्ममा हाजिर हुनुपर्ने मानिस हाजिर नहुँदा मुद्दा मुल्तवी रहेकोमा जगाउने सम्बन्धमा अ.व.९६ नं मा अंश रोक्का भएको छ वर्ष सम्म हाजिर हुन पाउने व्यवस्था रहेको तर अ.व. १९० नं मा अंश रोक्का भएको २ वर्ष सम्ममा हाजिर नभए मुद्दा खडा गरि फैसला गर्नु पर्ने व्यवस्था भएकाले यी व्यवस्थाहरु आपसमा विरोधाभासपूर्ण छन् ।

- थुनामा राखिएको अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले १ वर्ष भित्र मुद्दा किनारा नभएमा धरौट वा जमानत लिई थुनाबाट छोडि मुद्दाको कारवाही गर्नुपर्ने मु.ऐ.अ.व.१२३ नं. को व्यवस्था व्यवहारमा लागू गर्न नसकिनु एउटा समस्या छ भने यो व्यवस्था अ.वं. १४ नं को व्यवस्थासँग विरोधाभास देखिनु अर्को समस्या छ ।

---

[१२२] जिल्ला अदालत नियमावली, २०५२ नियम ३१

○ जिल्ला अदालत नियमावली २०५२ को नियम ३५ (२) मा मुद्दाको पक्ष वा कानून ब्यावसायीको निवेदन परेमा अदालतले बढीमा २ पटक सम्म मुद्दाको सुनुवाई स्थगित गर्न सक्ने व्यवस्था छ । तर यो व्यवस्था मुद्दाको प्रत्येक पक्षका लागि प्राप्त सुविधा हो वा मुद्दाका सबैपक्षका लागि जम्मा २ पटकको सुविधा हो स्पष्ट छैन ।

### ५.१.३ **नीतिगत समस्या**

मुद्दाको कारवाही र किनारा छिटो छरितो गर्न अवलम्बन गर्न सकिने विभिन्न उपायहरुका सम्बन्धमा आजकल नवीनतम मान्यताहरुको विकास भएको पाइन्छ । हामीकहाँ यस प्रकारको नवीनतम मान्यताहरु अवलम्बन गर्न नसकिनु पनि समस्याको रुपमा रहेको छ । नीतिगत तहमा रहेका यस्ता समस्याहरुलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ-

○ जिल्ला अदालत नियमावली २०५२ को नियम ८१ र ८२ मा उल्लेख भए अनुसार टिपोट किताव खडा गर्ने व्यवस्था लागु हुन नसक्नु एउटा गम्भीर समस्या बन्न आएको छ । यो व्यवस्था लागू गर्नु भन्नुको मतलब नेपाल राजपत्रमा सूचना प्रकाशित गर्ने काम मात्र नभएर सो बमोजिमको टिपोट किताव खडा गर्न सक्ने जनशक्ति, क्षमता र पूर्वाधारको व्यवस्था हुनुपर्ने स्थितिलाई पनि बुझ्नुपर्ने हुन्छ ।

○ पुनरावेदन र सर्वोच्च अदालतमा पर्ने रिटका सम्बन्धमा गरिए जस्तै जिल्ला अदालतमा दायर हुने मुद्दाहरुमा विवादको सार संक्षेप लिने व्यवस्था नहुँदा इजलासको लामो समय मिसिल अध्ययन गर्न र बुझ्न मै बित्ने गरेको छ । तर यस प्रकारको सारसंक्षेप औपचारिकताका लागि मात्र नभएर वास्तविक रुपमा प्रयोजनमूलक हुनु जरुरि छ ।

○ म्याद तारिख थाम्ने सम्बन्धी कानूनी समस्या माथि उल्लेख गरिसकिएको छ । म्याद तारिख थाम्ने सम्बन्धी व्यवस्थाको प्रयोग ज्यादै हल्का भएको कारण एउटै पक्षको एउटै अदालतमा धेरै मुद्दाहरु भएपनि उहि दिन एउटा मुद्दामा तारिख लिने तर उसको इच्छा नलागेको अर्को मुद्दामा गुजार्ने र पछि काबु बाहिरको परिस्थिति परेको भनेर निवेदन दिदाँ तारिख थामिने स्थिति छ । यस प्रकारको व्यवस्था र प्रचलनले मुद्दाको कारवाही अदालतको नियन्त्रणमा नभएर पक्षहरुको नियन्त्रणमा रहन जाने कुरामा बल पुग्ने स्थिति पैदा भएको छ ।

○ मुद्दामा विदेशमा रहे बसेको कोही व्यक्तिको नाउँमा म्याद तामेल गर्ने सम्बन्धमा अ.व. ३४ नं मा व्यवस्था भए बमोजिम नेपाल सरकारबाट नियम बन्न सकेको अवस्था छैन र पारस्परिक कानूनी सहायता सम्बन्धी सम्झौता वा सहमति पनि हुन सकेको छैन ।

○ मुद्दा प्रवाह व्यवस्थापनमा ढिलाइको एउटा प्रमुख कारण म्याद तामेलीको समस्या हो भन्ने कुरा विभिन्न सम्मेलन र अन्तरक्रिया कार्यक्रमहरुमा औंल्याइएको विषय हो । प्रस्तुत अध्ययनबाट पनि म्याद तामेलीको कार्य जति चाँडो सम्पन्न भएको छ अरु कारवाही त्यति नै छिटो सम्पन्न हुन सकेको पाइन्छ । त्यसैले म्याद तामेली सम्बन्धी हाल प्रचलित व्यवस्थाको विकल्पमा स्थानीय निकायका माध्यमबाट म्याद तामेली गराउने, निजी स्तरबाट म्याद तामेल गराउने अथवा पक्षहरु स्वयंबाट पूर्वम्याद तामेलीको प्रक्रिया अपनाउने जस्ता नयाँ नीतिगत सोचाई नालिइए सम्म मुद्दा प्रवाह व्यवस्थापनमा कमैमात्र सुधारको अपेक्षा गर्न सकिन्छ ।

- मुद्दामा पक्षहरु तारिखमा बस्नुपर्ने पद्धतिले गर्दा मुद्दाको कारवाही छिटे छरितो भएको निश्कर्षमा पुग्न सकिने स्थिति छैन तर यो प्रक्रियाले मुद्दाको लागत बढ्ने, कारवाहीमा अनियमितताको सम्भावना हुने आदि समस्याहरु ज्वलन्त देखिएका छन् । त्यसैले खास अवस्थामा मात्र उपस्थित हुनुपर्ने गरि अरु सामान्य मुद्दा र अवस्थामा तारिख मै रहनु नपर्ने वैकल्पिक व्यवस्था अवलम्बन गर्ने तर्फ सोचाई लिनु जरुरी छ ।

- हरेक मुद्दामा हारजीतको फैसला गर्ने परम्पराको विकल्पमा २०६० साल देखि जिल्ला अदालतमा मेलमिलाप प्रक्रियाद्वारा विवाद समाधान गराउने पद्धतिको सूत्रपात गरिएको कुरा स्वागतयोग्य छ । तर अझ पनि यो प्रक्रिया प्रति पर्याप्त सचेतता वृद्धि हुन नसकेको, मेल मिलापकर्ताहरुको सेवाले व्यावसायिक मान्यता पाउन नसकेको एवं मेलमिलाप पद्धतिबाट विवाद समाधान गर्न उचित प्रोत्साहनको वातावरण पनि बनि नसकेको अवस्था छ ।

- नेपालमा मुद्दा प्रवाहका लागि सामान्य, संक्षिप्त र विशेष गरेर ३ प्रकारका कार्यविधिहरुको व्यवस्था भए पनि मुद्दाको जटिलतालाई हेरेर अदालतले आवश्यक ठानेको कार्यविधि अवलम्बन गर्ने गरि निर्धारण गर्न पाउने पद्धति (Track system) को व्यवस्था हुन सकेको छैन । यसले गर्दा जतिसुकै सरल वा जटिल जस्तो भए पनि कानूनले तोकेको वर्गीकरण भित्रका मुद्दाहरुमा सोही वमोजिको कार्यविधि अवलम्बन गर्न अदालत बाध्य छ ।

- हालको कोर्ट फि प्रणाली मुद्दाको बिगोको आधारमा निर्धारण गर्ने व्यवस्था छ । तर कोर्ट फि भन्ने कुरा अमुक मुद्दाले अदालतको समय स्रोत र साधन कति लिन्छ सो आधारमा निर्धारण गरिने विषयवस्तु हो । यसो भएमा मात्र कोर्ट फिलाई मुद्दा प्रवाह व्यवस्थापनको विषयसँग सम्बन्धित गराउन सकिन्छ ।

- मुद्दा प्रवाह व्यवस्थापनको प्रभावकारीता सम्बन्धित न्यायाधीशको कार्य सम्पादन मापदण्डसँग पनि सम्बन्धित विषय हो । नेपालमा अमुक न्यायाधीशले वर्ष भरिमा कति मुद्दा फछ्र्यौट गर्नुपर्ने हो सो को कुनै निश्चित मापदण्ड निर्धारण भएको र वृत्ति विकासका अवसरसँग निजको कार्य सम्पादन स्तरको प्रत्यक्ष सम्बन्ध रहने गरेको पनि अनुभव गरिएको छैन ।

### ५.१.४ समन्वयात्मक समस्या

- तामेल भएका कतिपय म्यादहरु बदर हुने कारणमा लेखिएको वतनमा घरद्वार मानिस फेला नपरी टाँस गर्नुका अतिरिक्त स्थानीय भलादमी रोहवरमा नराखेको, स्थानीय निकायका सचिव रोहवरमा नराखेको आदि कारण पनि देखिन्छन् । वतन स्पष्ट खुलाएर लिन नसक्नु व्यवस्थापकीय समस्या भएपनि स्थानीय निकायका सचिव रोहवरमा नबस्ने, म्याद तामेलिमा सहयोग नगर्ने आदि विषयहरु समन्वयको समस्या हो ।

- समय समयमा हुने जिल्ला, नगरपालिका र गाउँ विकास समितिको सीमाना हेरफेरको कारणले मुद्दाका पक्षहरुलाई म्याद तामेल गर्न, पक्षहरुबाट सही वतन लेखाएर लिन ठूलो समस्या सृजना भएको देखिन्छ । सीमाना हेरफेर भएको जानकारी अदालतमा नआउने एवं परिसकेका मुद्दाहरुमा उल्लेखित वतनहरु अधावधिक नगरिने कारणले मुद्दाको कारवाही प्रभावित भएको पाइन्छ ।

- अझ पनि न्याय सम्पादनको कार्य अदालतको मात्र कार्य हो भन्ने मान्यता नेपाली जनमानसमा व्याप्त छ । तर न्याय सम्पादन नै यस्तो सामूहिक कार्य हो जुन न्यायका सरोकारवाला सबै पक्षहरुको सहयोग विना न त समयमा सम्पादन हुन सक्दछ न सही ढङ्गबाट सम्पादन हुन सक्दछ । विगत केही वर्ष देखि न्याय क्षेत्र समन्वय समितिको अवधारणा अगाडि सारिएको भए पनि यो अपेक्षा गरिए अनुसार प्रभावकारी हुन सकिरहेको छैन ।

### ५.२ समस्या समाधानका लागि सुझावहरु

मुद्दा प्रवाह व्यवस्थापनका सम्बन्धमा माथि औल्याइएका समस्याहरुको समाधानका लागि देहायका सुझावहरु प्रस्तुत गरिएको छ :

#### ५.२.१ नीतिगत तहमा गर्नुपर्ने सुधारहरु

- मुद्दाको जटिलता र प्रकृतिको आधारमा मुद्दालाई विभिन्न समुह (Track) मा वर्गीकरण गरि फरक व्यवस्थापन पद्धति (Differentiated case management system) सूत्रपात गर्ने

- विभिन्न समूहका मुद्दाहरु फछ्र्यौटका लागि समयगत मापदण्ड निर्धारण गरी समयबद्ध कार्यतालिका विकास गर्ने

- कार्यतालिका अनुरुप मुद्दाको प्रगति भए नभएको अनुगमनका लागि प्रभावकारी अनुगमन संयन्त्र तयार गर्ने,

- प्रत्येक अदालत र न्यायाधीशका लागि कार्यसम्पादन मापदण्ड बनाई लागू गर्ने र न्यायाधीशको कार्य सम्पादन स्तरलाई निजको वृत्ति विकासको अवसरसँग आबद्ध तुल्याउने,

- कोर्ट फी प्रणालीलाई मुद्दाको बिगोसँग मात्र आबद्ध नतुल्याई अमुक मुद्दाले लिएको अदालतको समय, स्रोत र साधनसँग आबद्ध तुल्याउने,

- अदालतमा मेलमिलाप लगायतका विवाद समाधानका वैकल्पिक उपायहरुको प्रवेश गराई तिनलाई संस्थागत तुल्याउने

- मुद्दामा तारेख प्रणाली हटाउने

- मुद्दाको टिपोट किताव खडा गराउने पद्धति लागु गरी मुद्दा पेशीको दिनमा कुनै तथ्यगत प्रश्नमा विवाद उठेकोमा बाहेक टिपोट किताव मात्र इजलास समक्ष पेश गर्ने व्यवस्था गर्ने,

- टिपोट किताव लागू नभए सम्म हरेक मुद्दामा विवादको सारसंक्षेप लिने व्यवस्था गर्ने र यसको लागि नियमावली मै ढाँचा तोकि प्रभावकारी बनाउने,

- ○ एउटा पक्ष वा वारिसले एकै दिनमा एउटै अदालतमा चलीरहेको मुद्दाहरु मध्ये एउटामा तारिख लिने र अर्कोमा गुजार्न पाउने अवस्थालाई नियन्त्रण गर्न उपयुक्त कानूनी व्यवस्था गर्ने,

- ○ विदेशीका हकमा म्याद तामेलगर्न सहजताका निम्ति नियम बनाउने र पारस्परिक कानूनी सहायता सम्बन्धी सम्झौता सम्पन्न गर्ने,

- ○ म्याद तामेलीको कार्यलाई सरल र प्रभावकारी बनाउन पूर्व म्याद तामेली वा निजी स्तरबाट म्याद तामेली गराउने वा स्थानीय निकायबाट म्याद तामेली गराउने मध्येको उपयुक्त विकल्प अपनाउने ।

५.२.२ **कानूनी तहमा गर्नुपर्ने सुधारहरु**

- ○ थुनामा राखिएको अभियुक्तको हकमा प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले १ वर्ष भित्र मुद्दा किनारा नभएमा धरौट वा जमानत लिई थुनाबाट छोडिदिने गरि मु.ऐ. अ.वं. १२३ नं. मा भएको व्यवस्थालाई सोही ऐनको अ.वं. १४ नं संग मिलाउने,

- ○ मुद्दाको सुनुवाइका लागि पेशी सूची प्रकाशन गर्दा मुद्दा दर्ताको क्रमले प्राथमिकता दिनुपर्ने जिल्ला अदालत नियमावली २०५२ को नियम ३१ को व्यवस्थालाई प्रतिवादी परेको वा पर्ने अवस्था पुगको मितिले प्राथमिकता पाउने गरि मु.ऐ.अ.वं १४ नं. को व्यवस्था अनुकूल मिलाउने,

- ○ सबै प्रतिवादीलाई समान म्याद दिइने अ.व. ९४ नं. को व्यवस्थालाई संशोधन गरि प्रतिवादी रहेको ठाउँको दुरी, त्यहाँ उपलब्ध यातायात र सञ्चारको सुविधा, मुद्दाको प्रकृति आदि कुरालाई विचार गरी आवश्यकता अनुसार मात्र को म्याद अदालतले पठाउन सक्ने व्यवस्था गर्ने,

- ○ अक्सर म्याद तारिख थाम्ने सुविधाको उपयोग अधिकारको रुपमा भइरहेको र म्याद जतिसुकै दिए पनि म्यादको अन्तिम अवस्थामा आएर मात्र कारवाही थाल्ने आम प्रवृत्तिलाई विचार गर्दा थाम्ने म्यादको अवधि घटाउन र ३ पटक सम्म ३० दिन सम्म थाम्न सकिने व्यवस्थालाई संशोधन गरि प्रत्येक पटक ७ दिनमा नबढाई बढीमा २ पटक सम्म थाम्न सकिने व्यवस्था गर्ने,

- ○ अंश मुद्दाको तायदाती दिने लगायतका विभिन्न मुद्दामा अपनाउनु पर्ने कार्यविधिहरु अ.व. १४ नं ले तोकेको अवधिभित्र फैसला गर्न भ्याउने गरि पूरागर्न सकिने तुल्याउने अथवा अ.व. १४ न. को म्यादलाई बढाउने,

- ○ मु.ऐ.अ.व. ९२ न. मा रहेको मुद्दा फिर्ता लिए वापत जरिवाना हुने व्यवस्थालाई संशोधन गरि सुनुवाई पूर्वको छलफल (Pretrial conference) पद्धतिलाई सूत्रपात गर्ने र सो अवस्थामा फैसला वा विवादको समाधान हुनसके कोर्ट फि छुट दिने लगायतका प्रोत्साहनमूलक व्यवस्था गर्ने,

- ○ फरारी प्रतिवादीका हकमा मुल्तवी राख्ने सम्बन्धमा अ.व. ९६ र १९० नं मा रहेको विरोधाभासपूर्ण व्यवस्थालाई मिलाउने,

○ मुद्दा स्थगित गराउन पाइने पटकका सम्बन्धमा जिल्ला अदालत नियमावली २०५२ को नियम ३५ (२) मा रहेको अस्पष्टतालाई हटाई मुद्दाका एउटा पक्षले एकपटक गरि मुद्दामा जम्मा २ पटक भन्दा बढी स्थगित गर्न नपाइने गरि स्पष्ट व्यवस्था गर्ने ।

### ५.२.३ व्यवस्थापकीय तहमा गर्नुपर्ने सुधारहरु

अहिले संसारभर मुद्दा प्रवाह व्यवस्थापन सम्बन्धी नविनतम् मान्यताहरुको विकास भैरहेको सन्दर्भमा हामीकहाँ पनि के कस्ता पद्धतिहरु सूत्रपात गर्न सकिन्छ सो का वारे अध्ययन गरि नीतिगत तहमा विचार हुनुपर्ने विषय छँदैछ । हाल भैरहेको कानूनी व्यवस्थाको अधीनमा रहेर गर्न सकिने र गर्नुपर्ने कुराहरु मात्र गर्ने प्रतिवद्धता जाहेर गऱ्यौं र मुद्दाको गतिलाई व्यवस्थापनको अवधारणाको आधारमा अगाडि बढाउन सक्यौं भने पनि मुद्दा प्रवाहका सम्बन्धमा हाल देखिएका अन्यौल र अनिश्चितता धेरै हदसम्म अन्त्य हुने विश्वास लिन सकिन्छ । त्यसैले प्रचलित कानूनी व्यवस्था अन्तर्गत रहेर व्यवस्थापकीय तह मै गर्न सकिने सुधारका विषयहरुलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छः-

५.२.३.१ व्यवस्थापन भन्नासाथ यसभित्र लक्ष्यको निर्धारण गर्ने र निर्धारित लक्ष्य प्राप्तिका लागि योजनाबद्ध र ब्यवस्थित कार्यप्रणाली अपनाउने विषय आउँछ । मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा भित्र पनि मुद्दा फछ्र्यौटको लक्ष्य निर्धारण गरि उक्त लक्ष्य प्राप्त गर्न मुद्दाको प्रवाहलाई योजनाबद्ध ढङ्गबाट अगाडि बढाउने कुरा समावेश हुनेगरि बुझ्नुपर्ने हुन्छ । यसै मान्यतालाई पृष्ठभूमिमा राखेर मुद्दा प्रवाहको व्यवस्थापनलाई प्रभावकारी बनाउने हो भने निम्नानुसार प्रक्रिया अवलम्बन गर्न सकिन्छः-

○ मुद्दा दर्ता हुनासाथ प्रचलित कानूनले तोकेको समयावधि भित्र फैसला गर्ने गरि मुद्दा फछ्र्यौटको लक्ष्य निर्धारण गर्ने,

○ निर्धारित समयमा फैसला गर्न मुद्दामा अवलम्बन गर्नुपर्ने कुन कुन कार्यविधि कति-कति समयमा पूरा गर्नुपर्ने हो सो को समयतालिका बनाउने

○ मुद्दाको सबै कार्यविधि समयतालिका अनुरुप पूरा गर्दै जाने

○ समय तालिका अनुरुप मुद्दाको कारवाहीमा प्रगती भएको छ छैन समय समयमा अनुगमन निरिक्षण गर्ने,

○ कुनै मुद्दाको कुनै कारवाही समयतालिका अनुसार हुन नसकेको पाइएमा तुरुन्त सो को कारण पहिचान गरि मुद्दाको कारवाहीलाई अगाडि बढाउने,

५.२.३.२. माथि उल्लेखित प्रक्रिया मुद्दा प्रवाह व्यवस्थापनको अवधारणा भित्र रहेर अपनाउन सकिने उपायहरुको सामान्य खाका मात्र हो । यहि प्रक्रियालाई प्रभावकारी तवरबाट कार्यान्वयन गर्न सकिएमा पनि धेरै राम्रो नतिजा हासिल गर्न सकिने अपेक्षा लिन सकिन्छ । प्रस्तुत अध्ययनबाट देखिएका धेरै समस्याहरु यिनै प्रक्रियाहरु अवलम्बन गर्न नसकिएको कारण सिर्जना भएको पाइन्छ । यसका अतिरिक्त प्रस्तुत अध्ययनबाट देखिएका व्यवस्थापकीय समस्याहरुको समाधानका लागि निम्न सुझावहरु प्रस्तुत गर्न सकिन्छ -

- मुद्दामा गनुपर्ने हरेक पत्राचार र कारवाहीका निम्ति कहिले सम्ममा गर्नुपर्ने हो सो को मापदण्ड तयार गरि प्रत्येक कर्मचारीलाई उपलब्ध गराउने (यस सम्बन्धी प्रस्तावित मापदण्ड अनुसूची १ मा दिइएको छ),

- कार्यसम्पादनका लागि यस्तो मापदण्ड तयार गर्दा विभिन्न कानून र नियममा रहेका प्रावधानहरुलाई आधार बनाउने

- मापदण्ड तयारीको अवस्थादेखि नै अदालतका कर्मचारीहरुको पनि सहभागिता सुनिश्चित गरि अपनत्वको भावना विकास गराउने,

- मापदण्ड वमोजिम कार्यहरु समयमा भए नभएको कुराको अनुगमन गर्न प्रभावकारी संयन्त्र स्थापना गर्ने,

- मापदण्ड वमोजिम कार्य गरे नगरेको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने,

- म्याद तामेली सम्बन्धी कार्यको अनुगमनका लागि नियमावलीले व्यवस्था गरे बमोजिमको म्याद तामेली अभिलेख राख्ने गर्ने ,

- फिरादपत्र, अभियोगपत्र तथा प्रतिउत्तरपत्र लिंदा म्याद तामेल हुन सक्ने गरि वतन स्पष्ट खुलाई लिने र अभियोगपत्रका हकमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९ क को व्यवस्था लाई कडाइका साथ लागु गर्ने,

- अध्ययनबाट प्रमाण बुझ्ने कार्य कै लागि पनि पटक-पटक पेशी चढाउनु परेको र पेशीमा पालो नआई फर्कनुपरेको स्थिति देखिंदा फैसलाका लागि पेशी चढ्ने मुद्दाहरुबाट छुट्याई प्रमाण बुझ्न बाँकि मुद्दाहरुलाई छुट्टै दिन पेशी चढाउने गर्ने,

- अङ्ग पुगेपछि पनि पेशी नचढाई साधारण तारेख दिने प्रवृत्तिलाई माथि उल्लिखित अनुगमन संयन्त्रको घेरा भित्र ल्याई नियन्त्रण गर्ने र कुनै मुद्दामा विशेष कारण परि साधारण तारिख दिनुपर्दा स्रेस्तेदारबाट अनुमति लिएर मात्र दिने परिपाटी बसाल्ने

- प्रमाण बुझ्ने लगायतका एकैपटक गर्न सकिने आदेशहरु एकैपटक गर्ने परिपाटी कायम गरि यथासंभव त्यस्तो आदेश कार्यान्वयन गर्ने समयावधि पनि आदेश मै तोकिदिने

- जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६क मा व्यवस्था भए अनुसार हदम्याद, हकदैया, क्षेत्राधिकार जस्ता प्रश्नमा प्रारम्भिक सुनवाई कै वखत टुङ्गयाई अन्तिम सुनुवाइका वखत मुद्दाको विषय वस्तुमा मात्र प्रवेशगरि इन्साफ गर्ने पद्धति बसाल्ने,

- साक्षि बुझ्ने सम्बन्धी अ.व.११५ नं को व्यवस्था खारेज गर्ने वा खोरज नगरे पनि आफ्नो साक्षी उपस्थित गराउन नसकेको मनासिव कारण देखाएको अवस्थामा मात्र बुझ्ने गरि उक्त व्यवस्थाको प्रयोगलाई सीमित गर्ने,

- पेशी व्यवस्थापनलाई पूर्वानुमान योग्य बनाउने,

- म्याद भित्र फैसला गर्न नसकिएका मुद्दाको हकमा माथिल्लो तहको अदालतमा जाहेर गर्नुपर्ने मु.ऐ.अ.व. १५ नं को व्यवस्थालाई कार्यान्वयनमा ल्याउने,

- वहसका लागि समय तोक्ने, पेशी स्थगित गराउने सम्बन्धी नियमावलीको व्यवस्थालाई कडाइका साथ लागु गर्ने ।

### ५.२.४ क्षमता विकास

- कतिपय म्याद बदर हुनुको कारण हेर्दा एउटा वडाको व्यक्ति साक्षी राख्नुपर्नेमा अर्कै वडाको व्यक्ति साक्षी राखेको, सम्बन्धित व्यक्तिको हातैमा बुझाएकोमा पनि व्यहोरा नमिलाई बुझाएको आदि देखिन्छ । यो स्थिति स्पष्टतः तामेल गर्ने कर्मचारीहरुले नबुझेको कारणले सिर्जना भएको हो । त्यसैले तामेलदारहरुलाई म्याद तामेली सम्बन्धी तालिम प्रदान गरिनु जरुरी छ ।

- जिल्ला अदालत नियमावली, २०५२ को नियम ८५ख मा मुद्दा दर्ता हुनासाथ समय तालिका बनाउनुपर्ने व्यवस्था त गरियो तर सो बनाउने तरिका र त्यसको महत्वका बारेमा न्यायाधीश वा कर्मचारी कसैलाई पनि प्रशिक्षण गरिएन न त त्यसको कुनै ढाँचा नै दिइयो । त्यसैले समय तालिकाको बारेमा मात्र नभएर समस्त मुद्दा व्यवस्थापनको बारेमा आमरुपमा तालिम सञ्चालन गर्नु जरुरी छ ।

- मुद्दा प्रवाह व्यवस्थापनलाई आधुनिक प्रविधिमा आबद्ध गर्न सूचना प्रविधिको विकास गरी सबै तहका न्यायाधीश र कर्मचारीहरुलाई कम्प्युटर सम्बन्धी तालिम प्रदान गर्ने

### ५.२.५ विविध

- न्याय सम्पादनको कार्य न्यायिक कार्यसँग सरोकार राख्ने सबै सरोकारवाला निकायहरुको सामूहिक कार्य हो भन्ने भावना जगाउन न्याय क्षेत्र समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाउने

- समय समयमा जिल्ला, नगरपालिका र गाउँ विकास समितिको सीमाना हेरफेर हुँदा गर्दा अदालतमा पर्ने प्रभावलाई समेत दृष्टिगत गरी साविकका वडा नं. र क्षेत्र हाल कुन क्षेत्र वा वडामा पर्ने हो सो को एक प्रति विवरण सर्वोच्च अदालतमा पनि पठाउने परिपाटी कायम गर्ने र अदालतमा सोही बमोजिम वतन अद्यावधिक गर्ने पद्धति बसाल्ने

- म्याद तामेली लगायत फिल्डमा गई गर्नुपर्ने नापजाँच, नक्शा मुचुल्का लगायतका लिखतहरु तयार गर्ने सिलसिलामा स्थानीय भद्रभलाद्मी र स्थानीय निकायका प्रतिनिधिहरुले सहयोग गर्ने वातावरण सिर्जना गर्न उपयुक्त कार्यक्रम सञ्चालन गर्ने

## ६
## परिच्छेद

# सुझाव कार्यान्वयन योजना

### ६.१ नीतिगत तहमा गर्नुपर्ने सुधारको कार्ययोजना

| क्र.सं. | कारवाहीको विवरण | नतिजा | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय/ अधिकारी |
|---|---|---|---|---|
| १. | मुद्दाको प्रकृतिको आधारमा फरक व्यवस्थापन पद्धतिको सूत्रपात गर्ने | फरक व्यवस्थापन पद्धति तयार | मुद्दाको जटिलता र प्रकृति अनुसार कारवाहीको प्रक्रियामा सुधार | सर्वोच्च अदालत/सम्बन्धित अदालत |
| २. | मुद्दाको कारवाहीको समयबद्ध कार्यतालिका लागू गर्ने | मुद्दाको समूह अनुसारको समयाबद्ध कार्यतालिका तयार | मुद्दाको कारवाहीको चरणको समय किटानी र सो अनुसारको कारवाहीमा नियमितता र सुधार | सर्वोच्च अदालत/ सम्बन्धित अदालत |
| ३. | प्रकृति अनुसार मुद्दा फछ्र्यौटको समयावधी निर्धारण गर्ने | मुद्दा फछ्र्यौटको पूर्वानुमान गर्न सकिने अवस्थाको सिर्जना | समयमै मुद्दाको फछ्र्यौट | सर्वोच्च अदालत/ सम्बन्धित अदालत |
| ४ | कार्यतालिका अनुसार प्रगति भए नभएको अनुगमन गर्ने | अनुगमन संयन्त्र क्रियाशील | कार्यतालिकाको प्रभावकारी कार्यान्वयन, त्रुटि कमजोरीको सुधार | सर्वोच्च अदालत/माथिल्लो तहको अदालत |
| ५ | हरेक अदालत र न्यायाधीशको कार्यसम्पादन मापदण्ड बनाई लागू गर्ने | कार्यसम्पादन मापदण्ड विकास | अदालतका कर्मचारी र न्यायाधीशको कार्यसम्पादनमा सुधार | सर्वोच्च अदालत/ सम्बन्धित अदालत |
| ६. | कोर्ट फी प्रणालीलाई बिगोसँग मात्रै नभई अदालतको समय, स्रोत र साधनसँग आबद्ध गर्ने | बिगो तथा अदालतको स्रोत साधन र समयको आधारमा कोर्ट फी लिने मापदण्डको विकास | कोर्ट फी लिने मापदण्डको तयारी/ ऐन नियममा संशोधन | फुलकोर्ट/ कानून मन्त्रालय/ व्यवस्थापिका संसद |
| ७. | अनिवार्य तारेख प्रणालीलाई हटाउने | मुद्दाको पक्ष विशेष अवस्थामा मात्र अदालतमा उपस्थित हुने पद्धतिको विकास | पक्षले तारेख गुजार्दा मुद्दाको कारवाहीमा पर्ने प्रभावमा कमी | फुलकोर्ट/कानून मन्त्रालय/ व्यवस्थापिका संसद |

| क्र.सं. | कारवाहीको विवरण | नतिजा | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय/ अधिकारी |
|---|---|---|---|---|
| ८. | टिपोट किताव लागू गर्न जनशक्ति, क्षमता र भौतिक पूर्वाधारको तयारी गर्ने | पूर्वाधारको तयारी | टिपोट कितावबाटै मुद्दाको अध्ययन हुनसक्ने अवस्थाको सिर्जना | सर्वोच्च अदालत/सम्बन्धित अदालत |
| ९. | टिपोट किताव पद्धति लागु गर्ने | टिपोट कितावको व्यवस्था | टिपोट कितावको उपयोगबाट इजलासको समयमा बचत भई कार्यसम्पादनमा बृद्धि | सर्वोच्च अदालत/सम्बन्धित अदालत |
| १० | टिपोट कितावको पद्धति लागू नभएसम्म विवादको सारसंक्षेप लिने | संक्षेपीकरण लिने व्यवस्था | संक्षेपीकरणको उपयोगबाट समय बचत हुने अवस्थाको सिर्जना | सर्वोच्च अदालत/ सम्बन्धित अदालत |
| ११ | एउटै व्यक्तिले एकै अदालतमा उही दिनमा कुनै मुद्दामा तारेख लिने र कुनैमा गुजार्ने व्यवस्थालाई नियन्त्रण गर्ने | उपयुक्त कानूनी व्यवस्था | तारेख गुजार्ने प्रवृत्तिमा न्यूनिकरण, मुद्दाको कारवाही पूर्णतः अदालती नियन्त्रणमा | फुलकोर्ट/ कानून मन्त्रालय/ व्यवस्थापिका संसद |
| १२ | विदेशीका नाममा म्याद जारी गर्ने नियमावली बनाई लागु गर्ने | नियमावलीको व्यवस्था | विदेशीलाई म्याद तामेल गर्ने कार्यमा सहजता | फुलकोर्ट/ नेपाल सरकार |
| १३ | म्याद तामेलीलाई प्रभावकारी बनाउन वैकल्पिक उपायको अवलम्बन गर्ने, निजी क्षेत्र वा स्थानीय निकाय समेतलाई दिने | विकल्पका माध्यमको छनौट | म्यादतामेलीमा सरलता र प्रभावकारीता, चाँडो म्याद तामेली भई कारवाहीमा सिघ्रता | फुलकोर्ट/ नेपाल सरकार |

## ६.२ कानूनी तहमा गर्नुपर्ने सुधारहरुको कार्ययोजना

| क्र.सं. | कारवाहीको विवरण | नतिजा | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय/अधिकारी |
|---|---|---|---|---|
| १. | प्रतिवादी चुक्ता भएको मितिले १ वर्षमा फैसला गर्नुपर्ने मु. ऐन अ.वं. १४ नं. को व्यवस्थालाई सोही ऐनको १२३ नं. मा भएको पुर्पक्षका लागि थुनामा भएको व्यक्तिको मुद्दा १ वर्षमा किनारा नभए धरौट वा जमानतमा छाड्नुपर्ने व्यवस्थासँग मिलाउने | अ.वं. १४ नं. र १२३ नं. को व्यवस्थामा सामञ्जस्यता | ऐनका सम्बन्धित व्यवस्थामा संशोधन, विरोधाभाषको अन्त्य | कानून मन्त्रालय/ व्यवस्थापिका संसद |
| २. | पेशी सूची प्रकाशनमा मुद्दा दर्ताको क्रमले प्राथमिकता दिनुपर्ने जि.अ. नियमावली २०५२ को नियम ३१ को व्यवस्थालाई प्रतिवादी परेको मितिले प्राथमिकता दिने गरी अ.वं. १४ नं. अनुकूल मिलाउने | मु.ऐन अ.वं. १४ नं. र जि.अ. नियमावलीको नियम ३१ को व्यवस्थामा सामाञ्जस्यता | सम्बन्धित व्यवस्थामा संशोधन, प्रतिवादी चुक्ता वा प्रतिउत्तर परेको मितिले प्राथमिकताक्रम निर्धारण | फुलकोर्ट/कानून मन्त्रालय/व्यवस्थापिका संसद |

| क्र.सं. | कारवाहीको विवरण | नतिजा | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय/अधिकारी |
|---|---|---|---|---|
| ३ | प्रतिवादी रहेको ठाउँ, सञ्चार र यातायातको सुविधा, मुद्दाको प्रकृति आदिलाई विचार गरी प्रतिवादीलाई आवश्यकता अनुसारको म्याद दिने गरी अ.वं. ९४ नं. मा संशोधन गर्ने | आवश्यकता हेरी प्रतिवादीलाई म्याद दिने व्यवस्थाको विकास | प्रतिउत्तर दिने/ चुक्ता हुने अवधिमा कमि भई मुद्दाको कारवाहीमा लाग्ने समयमा न्यूनिकरण | फुलकोर्ट/कानून मन्त्रालय/ व्यवस्थापिका संसद |
| ४. | ३ पटक सम्म गरी ३० दिनसम्म म्याद तारेख थमाउन पाउने मु. ऐन अ.वं. ५९ नं. को व्यवस्थामा संशोधन गरी ७ दिनमा नबढाई २ पटकसम्म थाम्न पाउने व्यवस्था गर्ने | अं.वं. ५९ नं. को व्यवस्थामा संशोधन | म्याद तारेख गुजार्ने प्रवृत्तिमा कमी आई चाँडो कारवाही हुनसक्ने अवस्थाको सिर्जना | फुलकोर्ट/कानून मन्त्रालय/ व्यवस्थापिका संसद |
| ५. | अंश मुद्दामा प्रतिवादीले वण्डा गर्नुपर्ने सम्पत्ति नदिएमा तायदाती दाखेल गराउन अपनाउने प्रक्रियाको अवलम्बन गर्दा अ.वं. १४ नं. अनुसारको १ वर्ष भित्र मुद्दा फैसला हुने नसक्ने अवस्था भएकाले सामञ्जस्यपूर्ण तवरले संशोधन हुनुपर्ने | मु.ऐ. अंशवण्डाको २१, २२, २३ र अ.वं. १४ को व्यवस्थामा सामाञ्जस्यता हुने गरी संशोधन | तायदाती फाँटवारी दाखेल गराउने प्रकृयामा सुधार | फुलकोर्ट/कानून मन्त्रालय/ व्यवस्थापिका संसद |
| ६ | मु. ऐन अं. वं. ९२ नं. अनुसार मुद्दा फिर्ता लिंदा लाग्ने जरिवानाको खारेजी गरी कोर्ट फी छुट दिने व्यवस्था गर्ने | जरिवाना नलाग्ने र कोर्ट फी छुटको व्यवस्था | मुद्दा फिर्तामा प्रोत्साहन | फुलकोर्ट/कानून मन्त्रालय/व्यवस्थापिका संसद |
| ७. | फरारी प्रतिवादीका हकमा मुल्तवी राख्ने सम्बन्धी अ.वं. ९६ र १९० नं. को व्यवस्थामा एकरुपता कायम गर्ने | एक रुपतापूर्ण कानूनी व्यवस्था | विरोधाभाषपूर्ण अवस्थाको अन्त्य भई कामकारवाहीमा सरलता र एकरुपता | फुलकोर्ट/कानून मन्त्रालय/व्यवस्थापिका संसद |
| ८ | जि.अ. नियमावली २०५२ को नियम ३५(२) को व्यवस्थालाई संशोधन गरी एक पक्षले एक पटक र दुई पक्षले जम्मा २ पटक सम्म मात्र स्थगित गर्न पाउने व्यवस्था गर्ने | सम्बन्धित नियममा संशोधन | पटक-पटक मुद्दा स्थगनमा न्यूनिकरण | फुलकोर्ट |

## ६.३ व्यवस्थापकीय तहमा गर्नुपर्ने सुधारहरुको कार्ययोजना

### ६.३.१ मुद्दा व्यवस्थापन प्रभावकारी बनाउने कार्ययोजना

| क्र.सं. | कारवाहीको विवरण | नतिजा | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय /अधिकारी |
|---|---|---|---|---|
| १ | मुद्दा दर्ता हुनासाथ अवलम्बन गर्नुपर्ने कार्यविधि र मुद्दा फछ्र्यौट लक्ष्यको निर्धारण | समयतालिका तयार, मुद्दाको कारवाहीको पूर्वानुमान | मुद्दाको कारवाहीमा नियमितता र सुधार, समयमै मुद्दाको फछ्र्यौट | जिल्ला न्यायाधीश/ श्रेस्तेदार |
| २ | सबै कारवाही समय तालिका अनुसार गर्दै जाने | समयतालिका क्रियाशील | मुद्दाको कारवाहीमा नियमितता | जिल्ला न्यायाधीश/ श्रेस्तेदार |
| ३. | समयतालिका अनुरुप प्रगति भए नभएको अनुगमन निरिक्षण गर्ने | अनुगमन प्रक्रिया क्रियाशील | मुद्दाको कारवाहीमा नियमितता | जिल्ला न्यायाधीश/श्रेष्तेदार |
| ४. | समयतालिका अनुसार कारवाही अगाडि बढ्न नसकेमा कारण पहिचान गरी सुधार गर्ने | त्रुटि कमजोरीको सुधार | समयतालिकाको प्रभावकारी कार्यान्वयन | जिल्ला न्यायाधीश/ श्रेस्तेदार |

### ६.३.२ मुद्दा व्यवस्थापनमा गर्नुपर्ने अन्य सुधारको कार्ययोजना

| क्र.सं. | कारवाहीको विवरण | नतिजा | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय /अधिकारी |
|---|---|---|---|---|
| १. | मुद्दामा गर्नुपर्ने पत्राचार र कारवाहीको समयावधि किटानगरी मापदण्ड तयार गर्ने, मापदण्ड तयार गर्दा कानून र नियमका व्यवस्थालाई आधार मान्ने | मापदण्डको तयारी **(यसको खाका अनुसूची १ मा दिइएको छ)** | तोकिएको समयमै पत्राचार लगायतका कारवाहीको उठान भई समयमै सम्पादन | जिल्ला न्यायाधीश/ श्रेस्तेदार |
| २ | मापदण्ड बमोजिम भए नभएको अनुगमन र सुपरिवेक्षण | अनुगमन संयन्त्रको विकास | मापदण्ड कार्यान्वयनको सुनिश्चितता, त्रुटि कमजोरीमा सुधार | जिल्ला न्यायाधीश/ श्रेस्तेदार |
| ३. | मापदण्ड कार्यान्वयन गरे नगरेको आधारमा दण्ड र पुरस्कार दिने प्रणाली अवलम्बन गर्ने | उचित दण्ड र पुरस्कार प्रणाली | कार्यवातावरणको सिर्जना, कर्मचारीमा उत्साहको संघार | जिल्ला न्यायाधीश/ श्रेस्तेदार |
| ४ | म्याद तामेलीको अनुगमनका लागि जिल्ला अदालत नियमावली, २०५२ को अनुसूची ११ बमोजिम त्यसको अभिलेख राख्ने | अभिलेख फारामको कार्यान्वयन | उचित तवरले म्याद तामेल गरे नगरेको कुरा पहिचान, त्रुटि कमजोरी सुधार | श्रेस्तेदार |
| ५. | फरारी प्रतिवादीको वतन अभियोगपत्रमा देखाइएकै हो भन्ने कुराको मनासिव आधार देखाइनुपर्ने | अभियोगपत्रमा प्रतिवादीको सही वतन उल्लेख | घरद्वार वतन फेला नपरेको कारण बेपत्ते म्याद तामेलीमा कमी | सम्बन्धित सरकारी वकिल |
| ६. | सही र स्पष्ट वतन नखुलाएको अभियोगपत्र दरपीठ गर्ने | प्रतिवादीको अस्पष्ट वतन भएको अभियोगपत्र दरपीठ | घरद्वार फेला नपर्ने प्रतिवादीको नाममा म्याद जारी गर्नुपर्ने स्थितिमा कमी | श्रेस्तेदार |

| क.सं. | कारवाहीको विवरण | नतिजा | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय /अधिकारी |
|---|---|---|---|---|
| ७ | घरद्वार फेलानपरी म्याद तामेल हुन नसकेको प्रतिवादीको हकमा मुद्दा तामेलीमा राख्ने | म्यादतामेल हुन नसकेको प्रतिवादीको हकमा मुद्दा तामेली | वतन खुलाउन पटक-पटक गरिने पत्राचारमा कमि, मुद्दाको कारवाहीमा शीघ्रता | जिल्ला न्यायाधीश |
| ८. | प्रमाण बुझ्नुपर्ने प्रकृतिका र फैसला हुने प्रकृतिका मुद्दाको छुट्टाछुट्टै दिन पेशी चढाउने | पेशी चढाउने मापदण्डको तयारी | तोकिएको काम सम्पन्न / प्रमाण बुझ्नुपर्ने मुद्दा इजलासबाट फर्किने अवस्थामा कमी | जिल्ला न्यायाधीश/ श्रेस्तेदार |
| ९ | मुद्दामा बुझ्नुपर्ने प्रमाण सबन्धमा एकै पटक आदेश गर्ने, आदेश सम्पन्न गर्ने समयावधि तोक्ने र कार्यान्वयनको अनुगमन गर्ने | एउटै आदेशमा सम्पूर्ण बुझ्नुपर्ने कुराको निर्देशन र सो को समयावधि किटान | प्रमाण बुझ्नका लागि पटक-पटक आदेश हुने अवस्थामा कमी, आदेशको कार्यान्वयन चाडो भै मुद्दा किनारा हुनमा सिघ्रता | इजलास |
| १० | हकदैया, हदम्याद र क्षेत्राधिकारको प्रश्नमा प्रारम्भिक सुनुवाईका बखत किनारा लगाउने | प्रारम्भिक सुनुवाई गर्ने परिपाटीको शुरुवात | प्रारम्भिक सुनुवाईबाट नै मुद्दा फछ्र्यौट हुने क्रममा बढोत्तरी, प्रमाण बुझ्नुपर्ने मुद्दामा मात्र प्रमाण बुझ्ने कार्य हुने अवस्था | इजलास |
| ११ | साक्षी उपस्थित गराउन नसक्ने मनासिव कारण देखाएमा मात्र अ.वं. ११५ नं. को प्रयोग गर्ने | साक्षी उपस्थित गराउनमा एकरुपता | दोहोरो आदेश र कारवाहीमा न्यूनिकरण | इजलास |
| १२ | पेशी व्यवस्थापनलाई पूर्वानुमान योग्य बनाउने | पेशी तोक्ने मापदण्डको निकास | मुद्दाको प्रकृति र जटिलता अनुसार समान प्रकृतिका मुद्दा एकै दिन सुनुवाई हुने प्रणालीको विकास, इजलासबाट हेर्न नभ्याई फर्किने प्रवृत्तिमा कमी, कारवाही पूर्वानुमानयोग्य हुने | जिल्ला न्यायाधीश/ श्रेस्तेदार |
| १३ | मुद्दाको विषय अनुसार बहसको समय तोक्ने | समयको मापदण्ड तयारी | बहसमा अनावश्यक समय खर्च हुने परिस्थितिको अन्त्य, इजलासको समय वचत | इजलास |

| क.सं. | कारवाहीको विवरण | नतिजा | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय /अधिकारी |
|---|---|---|---|---|
| १४ | मुद्दामा बहसको समय तोक्न नेपाल बार एशोसियसनसँग छलफल र सहमति गर्ने | समय निर्धारणमा छलफल र सहमति | बहसमा समय तोक्ने परिपाटीको कार्यान्वयन | सम्बन्धित अदालत/ नेपाल बार |
| १५ | पेशी स्थगित सम्बन्धी नियमको व्यवस्था कडाईका साथ लागु गर्ने | पेशीबाट २ पटक मात्र स्थगन | अनावश्यक रुपमा मुद्दा स्थगित हुने परिपाटीको अन्त्य | इजलास |

### ६.३.३ अन्य सुझावहरुको कार्ययोजना

| क.सं. | कारवाहीको विवरण | नतिजा | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय /अधिकारी |
|---|---|---|---|---|
| १ | न्याय सम्पादनमा सरोकारवालाको सम्बन्ध सुदृढ गर्न न्यायक्षेत्र समन्वय समितिलाई प्रंभावकारी बनाउने | सरोकारवालासँग को सम्बन्ध सुदृढ | न्याय सम्पादनमा सरोकारवालाको समन्वय र सहयोग प्राप्त भई मुद्दाको कारवाहीमा सुधार | सरोकारवाला/ न्याय क्षेत्र समन्वय समिति |
| २ | जिल्ला, नगरपालिका र गाविसको सीमाना हेरफेर गर्ने विवरण सर्वोच्च अदालतमा समेत प्राप्त हुने व्यवस्था गर्ने । सोही अनुसार मुद्दाका पक्षको वतन संशोधन गर्ने | सीमाना हेरफेर विवरण प्राप्त | मुद्दाका पक्षको वतन परिवर्तन हुँदा सोही अनुसार संशोधन भई यस सम्बन्धी अन्यौलको समाप्ती | नेपाल सरकार/ सम्बन्धित अदालत |
| ३. | तामेलदारहरुको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रमको सञ्चालन गर्ने | तालिमको व्यवस्था | तामेली म्याद बदर हुने प्रवृत्तिमा कमी | सर्वोच्च अदालत/ राष्ट्रिय न्यायिक प्रतिष्ठान |
| ४. | न्यायिक जनशक्तिलाई मुद्दा व्यवस्थापनको तालिम प्रदान गर्ने | तालिमको व्यवस्था | मुद्दा व्यवस्थापनमा सुधार | सर्वोच्च अदालत/राष्ट्रिय न्यायिक प्रतिष्ठान |

# मुद्दामा सम्पादन गर्नुपर्ने कार्यहरुको समयगत मापदण्ड

(जिल्ला अदालत नियमावली, २०५२ को नियम ८५ख, ९३ तथा नियम १०८ बमोजिम निर्धारण गर्न सकिने)

| क्र.सं. | सम्पादन गर्नुपर्ने कार्य | कार्य सम्पादन गर्नुपर्ने समयगत मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | म्याद जारीगर्ने | मुद्दा दर्ता भएको ३ दिनभित्र | |
| २ | म्याद तोमली | म्याद बुझि लिएपछि बाटाको म्याद बाहेक १५ दिनभित्र | |
| ३ | तामेली म्याद दाखेल गर्ने | म्याद तामेल गरी अड्डामा हाजिर भएको ३ दिनभित्र | |
| ४ | तामेली म्याद रित बेरित जाँच गर्ने | म्याद दाखेल गरेको भोलिपल्ट सम्म | |
| ५ | बदर भएको म्याद पुनः जारी गर्ने | १. रित नपुऱ्याई तामेल भएकोमा रित बेरित जाँची पुनः तामेल गर्नुपर्ने आदेश भएको भोलिपल्ट<br>२. वतन पत्ता नलागेको स्थितिमा पक्षको आगामी तारेखको ७ दिनभित्र वतन खुलाई जारी गर्ने | |
| ६ | पुनः म्याद तामेली | जारी भएको १० दिनभित्र | |
| ७ | दुबै पक्षको तारेख मिलान | प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको १५ दिन | |
| ८ | प्रमाण मुकरर (प्रथम) पेशी चढाउने | दुबै पक्षको तारेख मिलान भएको दिनबाट १५ दिनभित्र | |
| ९ | इजलाशबाट भएको आदेश कार्यान्वयन गर्न सुरु गर्ने | आदेश भएको ३ दिनभित्र | |
| १० | आदेश कार्यान्वयन सम्पन्न गर्ने | १. नाप नक्शा गर्ने लगायतका आदेश ३ महिना<br>२. तायदाती फाँटवारी लिने आदेश ३ महिना<br>३. साक्षी प्रमाण बुझ्ने आदेश एक महिना<br>४. मिसिल प्रमाण कागजात झिकाउनुपर्ने जस्ता प्रकृतिका आदेश २ महिना<br>५. लिखत एक अर्कालाई सुनाउने (सद्दे किर्तेमा बयान आदि) प्रकृतिका मुद्दामा एक महिना<br>६. लिखत परीक्षण २ महिना<br>७. अन्य आदेश भएकोमा अवस्था अनुसार डेढ महिना | एउटै मुद्दामा धेरै प्रकारका आदेश भएको अवस्थामा सम्भव भएसम्म सबै आदेश समानान्तर रुपमा गर्नुपर्ने। सो अवधि भित्र जवाफ प्राप्त नहुँदा तरताकेता समेत गर्ने |

| क्र.सं. | सम्पादन गर्नुपर्ने कार्य | कार्य सम्पादन गर्नुपर्ने समयगत मापदण्ड | कैफियत |
|---|---|---|---|
| ११ | आदेश कार्यान्वयनपछि पेशी तोक्ने | १. कार्यान्वयन सम्पन्न भएपछिको तारेखको दिनबाट एक महिनासम्म<br>२. तारेखमा नरहेको भए अङ्ग पुगेकै दिनबाट एक महिनासम्म | |
| १२ | मिसिलमा तायदाती फाराम चढाउने | लिखत कागजात प्राप्त हुनासाथ | |
| १३ | तारेख गुजारेको प्रमाणित गर्ने | तारेख गुजारेको भोलीपल्ट सम्म | |
| १४ | कारण जनाई तारेख तोक्ने | प्रत्येक पटक तारेख दिंदाका बखतमै तारेख भरपाई र पर्चामा कारण जनाई तोक्ने | |
| १५ | कैफियत प्रतिवेदन पेश गर्ने | आदेश प्राप्त भएको मितिले ७ दिनभित्र | |
| १६ | अन्य अड्डा अदालतको पत्रको जवाफ पठाउने | पत्र प्राप्त भएको ३ दिनभित्र | |
| १७ | सुपरिवेक्षकबाट मिसिल निरीक्षण गर्ने | कम्तिमा २ महिनामा एकपल्ट | |
| १८ | मिसिलको आन्तरिक निरीक्षण गर्ने | न्यायाधीश वा श्रेस्तेदार वा न्यायाधीशले तोकेको अधिकृतले वर्षमा कम्तिमा पनि २ पटकसम्म | |
| १९ | निरीक्षणबाट दिएको निर्देशनको कार्यान्वयन गर्ने | निर्देशन दिएको ३ दिनसम्म | |
| २० | फैसला तयार गर्ने | फैसला भएको ७ दिनभित्र | |
| २१ | पुनरावेदन सहितको मिसिल पुनरावेदन सुन्ने निकायमा पठाउने | पुनरावेदन परेको ७ दिनभित्र | |

# जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था

(दुनियावादी देवानी र फौज्दारी मुद्दाको लागि )

**प्रश्नावली फाराम**

१ वादीको नाम......................... २ प्रतिवादीको नाम ..................

३. मुद्दा नं.................. ४. मुद्दा.................

५ मुद्दा दर्ता मिति......................................

६. मुद्दा दायर गर्दा कोर्ट फी सुविधा : (क) माग गरे नगरेको: गरेको ☐ नगरेको ☐

(ख) माग गरेकोमा सुविधा पाए नपाएको: पाएको ☐ नपाएको ☐

७. प्रतिवादीको नाममा म्याद: (क) जारी मिति................(ख) तामेली मिति.............

८. तामेली म्याद रित वेरित जांच गरे नगरेको: जाँचेको ☐ नजाँचेको ☐

९. दफा ७ बमोजिम जारी/तामेल भएको म्याद बदर भएको भए सोको पटक ☐

१०. म्याद बदर हुनाको कारण :

(क) वतन नभेटिएको ☐ (ख) स्थानीय सचिव रोहवरमा नराखेको ☐

(ग) अर्कै वडाका व्यक्तिलाई रोहवरमा राखेको ☐

(घ) सम्बन्धित गा.वि.स. वा न.पा.मा नबुझाएको ☐

(ङ) अन्य कारण १..................................
२..................................
३..................................

११. म्याद बदर भएकोमा पुन: म्याद जारी भएको मिति: ..................................

१२. म्याद पुन: जारी भएकोमा पुन: तामेली मिति: ..................................

१३. प्रतिवादी चुक्ता मिति वा प्रतिवादी नपरेकोमा सो पर्ने अवस्था नाघेको मिति: .......

१४. प्रमाण मुकररको लागि पहिलो पेशी चढेको मिति: ..................................

१५. प्रतिवादी चुक्ता वा सो हुने अवस्था नाघेपछि प्रमाण मुकररका लागी पेशी चढ्नु भन्दा अगाडी साधारण तारेख दिएको भए सो को

(क) पटक ☐ (ख) व्यतित अवधि ☐

१६. प्रमाण मुकररको लागि पेशी चढेको पटक ☐

१७ प्रमाण बुझ्न ( साक्षी वा अन्य लिखत ) पहिलो आदेश भएको मितिः................

१८. प्रारभिक सुनुवाईको अवस्थामा (प्रमाण मुकरर पेशी) फैसला भएको भए सोको विवरण

(क) हो ☐ (ख) होइन ☐

१९. दफा १७ बमोजिमको आदेश कार्यान्वयनको लागि पहिलो पत्राचार वा अन्य कारवाही शुरु गरेको मितिः

२०. दफा १७ बमोजिमको आदेश कार्यान्वयनमा लागेको अवधिः...............................

२१. आदेश अनुसारको काम सम्पन्न भई सकेपछि पनि पेशी तारीख नदिई साधारण तारेख दिएको भए सो को (क) पटक ☐ (ख) व्यतित अवधि ☐

२२. कानून व्यवसायी राखे नराखेको (क) वादी पक्षबाटः राखेको ☐ नराखेको ☐

(ख) प्रतिवादी पक्षबाटः राखेको ☐ नराखेको ☐

२३. वैतनिक कानून व्यवसायीको प्रयोग भए नभएको

(क) वादी पक्षबाट ☐ (ख) प्रतिवादी पक्षबाट ☐

२४. कानून व्यवसायीबाट पेशी स्थगित गराइएको भए सोको पटकः

(क) वादी पक्षबाट (ख) प्रतिवादी पक्षबाट ☐ पटक

२५. दुबै तर्फका कानून व्यवसायीबाट पेशी स्थगित गराउदा व्यतित अवधि ☐

२६. प्रमाण मुकररको लागी आदेश भएको पटक ☐

२७. यस मुद्दामा फैसला हुनका लागी जम्मा पेशी चढेको पटकः ☐

२८. यस मुद्दामा जम्मा पेशी चढेको दिनमा भएको कारवाहीको विवरणः

(क) आदेश भएको पटक ☐

(ख) हेर्न नभ्याई फर्किएको पटक ☐

(ग) स्थगित गराइएको पटक ☐

२९. फैसला मिति ☐

३०. फैसलाको व्यहोरा (क) दावी पुग्ने ☐ (ख) दावी नपुग्ने ☐

३१. मिसिलको आन्तरिक निरीक्षण भएको (क) छ ☐ (ख) छैन ☐

३२. नियम ८५ख बमोजिमको कार्यतालिका वनाइएको (क) छ ☐ (ख) छैन ☐

३३. अ.वं. ११ नं. बमोजिम प्राथमिकता पाएको नपाएको

(क) पाएको ☐ (ख) नपाएको ☐

३४. मुल्तवी सम्बन्धी विवरण:

(क) मुल्तवी रहे नरहेको (क) रहेको ☐ (ख) नरहेको ☐

(ग) मुल्तवी रहेकोमा मिति ................... (घ) मुल्तवी रहेको कारण ..............

(ङ) मुल्तवी जागेको मिति .................. (च) मुल्तवी रहदा व्यतित अवधी.......

३५. अ.वं. १७ नं. बमोजिम निवेदन परे नपरेको: (क) परेको ☐ (ख) नपरेको ☐

३६. अ.वं. १७ नं. बमोजिम निवेदन परेकोमा सो कारणले व्यतित भएको अबधि.........

३७. तायदाती फाराम दुरुस्त छ छैन (क) छ ☐ (ख) छैन ☐

३८. तारेख तोक्दा अ.वं. ५३ नं. र नियम २३ख.(१) बमोजिम कारण जनाउने गरेको:

छ ☐ छैन ☐

३९. मुद्दा दर्ता भएको मितिबाट फैसला हुन लागेको अवधि:

| वर्ष | महिना | दिन |
|---|---|---|
| | | |

४०. प्रतिउत्तर परेको वा पर्ने अवस्था पुगेको मितिबाट फैसला हुन लागेको अवधि :

| वर्ष | महिना | दिन |
|---|---|---|
| | | |

४१. अ.वं. १४ नं.को म्याद भित्र फैसला गर्न नसकिएकोमा अ.वं. १५ नं. बमोजिम जाहेर गरे नगरेको:

(क) गरेको ☐ (ख) नगरेको ☐

४२. यस मुद्दाको व्यवस्थापनसँग सम्बन्धित अन्य उल्लेखनीय पक्ष:

क.........................................................

ख.........................................................

ग.........................................................

# जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था

(सरकारवादी फौजदारी मुद्दाको लागि)

**प्रश्नावली फाराम**

१ जाहेरवालाको नाम............................... २. प्रतिवादीको नाम

३. मुद्दा नं.................. ४. मुद्दां..................

५. मुद्दा दर्ता मिति.......................................

६ सबै अभियुक्तहरुलाई अभियोगपत्र साथ उपस्थित गराए नगराइएको

(क) गराएका ☐ (ख) नगराएका ☐

(ग) गराएको भए थुनामा रहेको ☐ (घ) तारेखमा रहेको ☐

७. फरार अभियुक्तका हकमा नियम १९क(२) बमोजिम उल्लेख भएकै वतन देखिने मनासिव आधार सहितको अभियोगपत्र

(क) ल्याएका ☐ (ख) नल्याएको ☐

(ग) नल्याएकोमा दरपीठ गर्ने गरे नगरेको: गरेको ☐ नगरेको ☐

८. प्रतिवादीको नाममा म्याद: (क) जारी मिति.......... (ख) तामेली मिति.............

९. तामेली म्याद रित वेरित जांच गरे नगरेको:

(क) जाँच गरेको ☐ (ख) जाँच नगरेको ☐

१०. दफा ८ बमोजिम जारी/तामेल भएको म्याद बदर भएको भए सोको पटक

११. म्याद बदर हुनाको कारण :

(क) वतन नभेटिएको ☐ (ख) स्थानीय सचिव रोहवरमा नराखेको ☐

(ग) अर्कै वडाका व्यक्तिलाई रोहवरमा राखेको ☐

(घ) सम्वन्धित गा.वि.स.वा न.पा.मा नबुझाएको ☐

(ङ) अन्य कारण १..................................
२..................................
३..................................

१२. म्याद बदर भएकोमा पुनः म्याद जारी भएको मितिः ..............................

१३. म्याद पुनः जारी भएकोमा पुनः तामेली मितिः ..............................

१४. प्रतिवादी चुक्ता मिति वा प्रतिवादी हाजिर नभई उपस्थित हुने अवस्था नाघेको मिति

१५. प्रमाण मुकररको लागि पहिलो पेशी चढेको मितिः

१६. प्रतिवादी चुक्ता वा सो हुने अवस्था नाघेपछि प्रमाण मुकररका लागी पेशी चढ्नु भन्दा अगाडी साधारण तारेख दिएको भए सो को (क) पटक...........(ख) व्यतित अवधिः....

१७ प्रमाण बुझ्न ( साक्षी वा अन्य लिखत ) पहिलो आदेश भएको मितिः.....................

१८. प्रारभिक सुनुवाईको अवस्थामा (प्रमाण मुकरर पेशी) फैसला भएको भए सोको विवरणः

(क) भएको ☐ (ख) नभएको ☐

१९. दफा १७ बमोजिमको आदेश कार्यान्वयनको लागि पहिलो पत्राचार वा अन्य कारवाही शुरु गरेको मितिः

२०. दफा १७ बमोजिमको आदेश कार्यान्वयनमा लागेको अवधिः ........................

२१. आदेश अनुसारको काम सम्पन्न भई सकेपछि पनि पेशी तारीख नदिई साधारण तारेख दिएको भए सो को (क) पटक...................... (ख) व्यतित अवधि ........................

२२. कानून व्यवसायी राखे नराखेकोः (क) वादी पक्षबाट ☐ (ख) प्रतिवादी पक्षबाट ☐

२३. वैतनिक कानून व्यवसायीको प्रयोग भए नभएको

(क) वादी पक्षबाट ☐ (ख) प्रतिवादी पक्षबाट ☐

२४. कानून व्यवसायीबाट पेशी स्थगित गराइएको भए सोको पटकः

(क) वादी पक्षबाट ☐ पटक (ख) प्रतिवादी पक्षबाट ☐ पटक

२५. दुबै तर्फका कानून व्यवसायीबाट पेशी स्थगित गराउदा व्यतित अवधि .....................

२६. प्रमाण मुकररको लागी आदेश भएको पटक ☐

२७. वादी पक्षका साक्षी (सरजमिन तथा अन्य मुचुल्का) का व्यक्ति उपस्थित गराउन अ.वं. ११५ नं. को प्रयोग भए नभएकोः (क) भएको ☐ (ख) नभएको ☐

२८. यस मुद्दामा फैसला हुनका लागि जम्मा पेशी चढेको पटकः .....................

२९. यस मुद्दामा जम्मा पेशी चढेको दिनमा भएको कारवाहीको विवरणः

(क) आदेश भएको पटक ☐

(ख) हेर्न नभ्याई फर्किएको पटक ☐

(ग) स्थगित गराइएको पटक ☐

३०. फैसला मिति .....................

३१. फैसलाको व्यहोरा (क) दावी पुग्ने ☐ (ख) दावी नपुग्ने ☐

३२. मिसिलको आन्तरिक निरीक्षण भएको (क) छ ☐ (ख) छैन ☐

३३. नियम ८५ख. बमोजिमको को कार्यतालिका बनाइएको

(क) छ ☐ (ख) छैन ☐

३४. अ.वं. ११ नं. बमोजिम प्राथमिकता पाएको नपाएको:

(क) पाएको ☐ (ख) नपाएको ☐

३५. मुल्तवी सम्बन्धी विवरण: (क) मुल्तवी रहे नरहेको

(क) रहेको ☐ (ख) नरहेको ☐

(ग) मुल्तवी रहेकोमा मिति.......... (घ) मुल्तवी रहेको कारण ..............

(ङ) मुल्तवी जागेको मिति.......... (च) मुल्तवी रहदा व्यतित अवधी.............

३६. अ.वं. १७ नं. बमोजिम निवेदन परे नपरेको: (क) परेको ☐ (ख) नपरेको ☐

३७. अ.वं. १७ नं. बमोजिम निवेदन परेकोमा सो कारणले व्यतित भएको अवधि.............

३८. तायदाती फाराम दुरुस्त छ छैन: (क) छ ☐ (ख) छैन ☐

३९. तारेख तोक्दा अ.वं. ५३ नं. र नियम २३ख.(१) बमोजिम कारण जनाउने गरेको छ छैन

(क) छ ☐ (ख) छैन ☐

४०. मुद्दा दर्ता भएको मितिबाट फैसला हुन लागेको अवधि:

| बर्ष | महिना | दिन |
|---|---|---|
| | | |

४१. प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट फैसला हुन लागेको अवधि :

| बर्ष | महिना | दिन |
|---|---|---|
| | | |

४२. अ.वं. १४ नं.को म्याद भित्र फैसला गर्न नसकिएकोमा अ.वं. १५ नं. बमोजिम जाहेर गरे नगरेको

(क) गरेको ☐ (ख) नगरेको ☐

४३. यस मुद्दाको अध्ययनबाट देखिएका अन्य उल्लेखनीय पक्ष :

क.........................................

ख.........................................

ग.........................................

# प्रश्नावली भर्ने निर्देशिका

(यो निर्देशिका दुनियाँवादी देवानी र फौजदारी मुद्दामा अपनाइने कारवाहीसँग सम्बन्धित प्रश्नावलीलाई केन्द्रित गरेर बनाइएको छ । सरकारवादी फौजदारी मुद्दाको विवरण भर्दासमेत सम्बन्धित विषयको स्पष्टताका लागि यो निर्देशिकालाई आधार मान्न सकिन्छ ।

१, २, ३, ४ र ५ को महलमा वादी प्रतिवादीको छोटकरी नाम सहित मुद्दाको विवरण उल्लेख गर्ने ।

६ वादीले कोर्ट फी दाखेल नगरी फिराद दर्ताको सुविधा माग गरे नगरेको र पाए नपाएको कुरालाइ बनाइएको कोष्ठमा ☑ वा ☒ चिन्हले जनाउने

७ म्याद जारी मितिमा खुलेको भए अधिकृतबाट दस्तखत भएको मिति उल्लेख गर्ने, तामेली मिति उल्लेख गर्दा धेरै जना प्रतिवादी भएमा पछिल्लो तामेली मिति जसको छ सोही मिति खुलाउने ।

८ तामेल भइ आएको म्याद रित वेरित जाच गरे नगरेको कुरा ☑ वा ☒ चिन्हले जनाउने

९. यहाँ एक पटक जारी भएको म्याद बदर भई पुनः जारी भएमा वा तामेल भई सकेपछि बदर भएको रहेछ भने सोको पटक संख्यामा खुलाउने ।

१०. यहाँ म्याद बदर भएको भए सोको कारण जुन हो सोही कोठामा ☑ चिन्हले जनाउने

११. पुनः म्याद जारी भएकोमा सो को मिति खुलाउने

१२. पुनः तामेल भएको मिति खुलाउने र धेरै जना प्रतिवादी रहेकोमा प्रतिवादी मध्ये पछिल्लो प्रतिवादीलाई तामेल भएको मिति खुलाउने

१३. धेरै प्रतिउत्तर परेकोमा पछिल्लो प्रतिउत्तर परेको मिति उल्लेख गर्ने, प्रतिउत्तर नपरेको भए प्रतिउत्तर पर्ने अवस्था नाघेको मिति खुलाउने ।

१४. यहाँ पहिलो पटक पेशीमा चढेको मिति उल्लेख गर्ने ।

१५. पेशी जानु पर्ने अवस्थामा पनि साधारण तारेख दिएको पाइए सो को पटक र त्यसोगर्दा बितेको अवधि उल्लेख गर्ने ।

१६. प्रमाण मुकरर हुन कतिपटक पेशी चढेको छ सो को संख्या उल्लेख गर्ने ।

१७. प्रमाण मुकरर सम्बन्धमा भएको पहिलो आदेश मिति खुलाई दिने ।

१८. पहिलो पेशीको दिन फैसला भएको भए हो र नभए होइनमा ( √) चिन्ह लगाई दिने

१९. प्रमाण मुकररको पहिलो आदेश कार्यान्वयन गर्न शुरु गरेको मिति खुलाई दिने ।

२० दफा १६ बमोजिमको आदेश कार्यान्वयन गर्न शुरु भएदेखि सबै काम कारवाही पूरा गरिसक्न लागेको समय (अवधि) खुलाई दिने ।

२१. आदेश अनुसारको सबै काम सकिएपछि पनि साधारण तारेख दिएको पाइए सो को पटक र त्यसोगर्दा बितेको अवधि उल्लेख गर्ने ।
२२. पक्षहरुले कानून व्यवसायी नियुक्त गरे नगरेको कुरा खुल्ने गरी चिन्ह लगाउने ।
२३. वैतनिक कानून व्यवसायी नियुक्ति भए नभएको कुरा खुल्ने गरी चिन्ह लगाउने ।
२४. कानून व्यवसायीले पेशी स्थगित गराएको पाईए हरेक पक्षका कानून व्यवसायीबाट स्थगित गराएको पटक खुलाई दिने ।
२५. दुबै तर्फका कानून व्यवसायीले पेशी हटाउदा मुद्दा कति अवधि लम्बिन पुगेको हो भन्ने समय खुलाई दिने, यसमा तारेख भर्पाइबाट अवधि निकाल्न सकिने ।
२६. लिखत, साक्षी र अन्य प्रमाण बुझ्ने सम्वन्धमा आदेश भएका जम्मा (दफा १६ को पटक समेत) पटक खुलाउने
२७. प्रमाण बुझ्ने लगायतका विभिन्न कार्यका लागि चढेको जम्मा पेशीको पटक संख्यामा उल्लेख गर्ने ।
२८. यस मुद्दामा चढेका जम्मा पेशी तारेख मध्ये फैसला भएको दिन बाहेक गरी अरु दिनको पेशीमा भएको कारवाही पटक जोडी हरेक कोठामा उल्लेख गर्ने,आदेशको पटक खुलाउदा दफा २६ को पटकनै उल्लेख गर्ने ।
२९. फैसला मिति खुलाउने
३०. पूरै वा आंशिक दावी पुग्ने ठहरेमा दावी पुग्ने महलमा र दावी नपुग्ने वा खारेज वा डिसमिस भएमा दावी नपुग्ने महलमा ☑ चिन्ह लगाउने
३१. नियमावलीले तोके अनुसार मुद्दाको आन्तरिक निरिक्षण गर्ने गरिएको छ छैन ? सोही बमोजिम कुनै एकमा ☑ चिन्ह लगाई दिने ।
३२. मुद्दामा गरीने कारवाइको वारेमा समयतालिका बनाइ राखेको छ छैन कुनै एकमा ☑ चिन्ह लगाई दिने ।
३३. मुद्दा हेर्ने क्रममा प्राथमिकता पाए नपाएको सम्बन्धमा ☑ वा ☒ चिन्हले जनाउने
३४. मुल्तवी रहेको पाइए सो सम्बन्धी विवरणहरु उल्लेख गर्ने
३५. अ.वं.१७ नं वमोजिमको निवेदन परे नपरेको व्यहोरा ☑ चिन्ह लगाई खुलाइ दिने
३६. अ.वं.१७ नं वमोजिमको निवेदन परेको भए सो कारणले बितेको समयलाई खुलाइ दिने
३७. तायदाती फारम दुरुस्त छ छैन हेरी ☑ वा ☒ चिन्हले जनाउने
३८. तारेख तोक्दा कारण जनाएको छ छैन सोही वमोजिम ☑ वा ☒ चिन्हले जनाउने
३९. मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधी लाइ देखाउने
४०. प्रतिवादी परेको/प्रतिवादी चुक्ता मितिले फैसला हुन लागेको अवधी देखाउने
४१. फैसला गर्नु पर्ने गरी अ.वं. १४ नं. ले तोकेको अवधी नाघेपछि माथिल्लो अदालतमा जाहेर गरिएकोमा ☑ र नगरिएकोमा ☒ चिन्हले जनाउने
४२. मुद्दाको अध्ययन गर्दा काम कारवाही छिटो छरितो भएको रहेछ अथवा अति ढिलाई भएको रहेछ वा माथिका प्रश्नावलीमा नसमेटिएका केही उल्लेखनीय विषयहरु देखिए ती विषयहरु उल्लेख गर्ने ।

## नेपाल कानून समाजका प्रवन्ध समितिका सदस्यहरु

| | |
|---|---|
| श्री कुसुम श्रेष्ठ | अध्यक्ष |
| श्री काशीराज दाहाल | उपाध्यक्ष |
| श्री अनिलकुमार सिन्हा | सचिव |
| श्री सजनराम भण्डारी | कोषाध्यक्ष |
| श्री पुष्पा भुषाल | सह-सचिव |
| श्री कोमल प्रकाश घिमिरे | सदस्य |
| श्री उदय नेपाली श्रेष्ठ | सदस्य |
| श्री तीर्थमान शाक्य | सदस्य |
| श्री कुसुम शाखः | सदस्य |
| श्री सुधीर श्रेष्ठ | सदस्य |
| श्री तुलसी भट्ट | सदस्य |
| श्री कृष्णमान प्रधान | कार्यकारी निर्देशक |

# नेपाल कानून समाजको संक्षिप्त परिचय

नेपाल कानून समाज कानूनी शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र सुशासनको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले कानून र न्याय क्षेत्रका विज्ञहरूद्वारा २०३८ सालमा स्थापना गरिएको संस्था हो । न्यायाधीश, कानून व्यवसायी, न्याय र कानूनका क्षेत्रमा कार्यरत व्यक्ति एवं कानूनका प्राध्यापक गरी करिब ३५० जना समाजका सदस्यको रूपमा सक्रिय छन्।

## प्रमुख कार्यक्षेत्रहरू

- स्वतन्त्र न्यायपालिका,
- संवैधानिक विकास,
- कानूनी शासन/सुशासन,
- मानव अधिकार,
- महिला र लैङ्गिक न्याय,
- सुशासन र विकास

## मुख्य उद्देश्यहरू

- कानूनी शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, सुशासनको विकास, संरक्षण र सम्बर्द्धन गर्ने,
- नीति निर्माण र क्षमता बृद्धि गर्नसहयोग पुऱ्याउने उद्देश्यले अनुसन्धान, तालिम, अन्तरक्रिया, गोष्ठी, सम्मेलनको आयोजना गर्ने,
- जनचेतनामूलक कार्यक्रम गरी सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने,
- विभिन्न पुस्तक, प्रतिवेदन, बुलेटिनको प्रकाशन गर्ने

## रणनीति

समाजले सरोकारवालाहरूको संलग्नतामा कानूनी शासन, सुशासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिकाको विकासमा सघाउ पुऱ्याउने रणनीति अवलम्बन गर्दछ ।

समाजले सरकारी, गैरसरकारी तथा स्थानीय तहमा रहेका विभिन्न क्षेत्रहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्दैआएको छ । विशेषगरी न्यायपालिकामा अर्धन्यायिक निकायहरू, स्थानीय निकायसँग समन्वय गरी क्षमता अभिबृद्धिको कार्यक्रम सञ्चालन गर्दै आएको छ । समाजले मुलुकका विभिन्न क्षेत्रमा अनुसन्धान, गोष्ठी, अन्तरक्रिया, तालिम गरी विभिन्न प्रतिवेदन र पुस्तकहरू प्रकाशित गरेको छ । समाजले मुलुकका सबैजिल्लाहरूमा कार्यक्रम सहज रूपमा सञ्चालन गर्न, समाजका सदस्यहरू, सम्पर्कव्यक्ति स्थानीय संघसंस्थाहरूसँग सम्बन्धन राखेको छ ।

नेपाल कानून समाज International Bar Association को सक्रिय सदस्य र International Commission of Jurists सँग आवद्ध भईसक्रिय रूपमा कार्य गर्दै आएको छ ।